२७७

# भक्तपुर

मासिक

Bhaktapur Monthly

पुस २०७६

ISSN 2705-4454




# नेमकिपाद्वारा भारतलाई विरोधपत्र

- नेपाल भ्रमण वर्ष २०२० शुभारम्भ
- भक्तपुर नपाको ७० औं स्थापना दिवस
- ङातापोॅल – आकाश छुने धरोहर
- एमसीसी – आइपीएसको बल्छी
- तेह्रौं साग सम्पन्न
- ऐतिहासिक अध्ययनमा नेपाल भाषाको महत्व
- लि–का–लि मा दुईतिहाइको कायरता
- भक्तपुर नपाका गतिविधिहरू

भक्तपुर नपाद्वारा भ्रमण वर्ष २०२० को पूर्वसन्ध्यामा आयोजित सन्ध्याकालीन सम्पदा यात्रामा सांस्कृतिक नाच, परम्परागत खेल, भजन र दीपावली (२०७६ पुस १५ गते)









# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ✯ अङ्क १ ✯ नेसं ११४० ✯ विसं २०७६ पुस ✯ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु

dNo ?- @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## 'इमानदार हुनु दस हजारमा एक हुनु हो ।'

\- शेक्सपियर

### यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) नेपाल भ्रमण वर्ष भक्तपुरमा प्रभातफेरीबाट शुभारम्भ | – | ३ |
| २) भक्तपुरको तःपुखुमा डुङ्गा सञ्चालन | – | ५ |
| ३) भव्य सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा | – | ६ |
| ४) भारतीय विस्तारवादविरुद्ध विशाल जनप्रदर्शन | – | ८ |
| ५) नेपाल भ्रमण वर्ष २०२० र भक्तपुर महोत्सव २०७६ सम्बन्धमा पत्रकार भेटघाट | – | ११ |
| ६) महारथी पूर्णचन्द्र थापाद्वारा रानीपोखरी अवलोकन | – | १४ |
| ७) २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस भक्तपुरमा हुने | – | १५ |
| ८) भक्तपुर नगरपालिकामा सांस्कृतिक गुरु भेला | – | १५ |
| ९) भक्तपुर नपाद्वारा ३२९ वर्ष पुरानो नगरा पुनःस्थापित | – | १७ |
| १०) ख्वप इन्जिनियरिङ कलेजमा छात्रवृत्ति विवरण | – | १९ |
| ११) भक्तपुर नपाद्वारा विद्यालयस्तरीय एथ्लेटिक्स प्रतियोगिता | – | २० |
| १२) तिब्बतको प्रतिनिधिमण्डलबाट भक्तपुर अवलोकन | – | २१ |
| १३) सफाइ मजदुरको मिहिनेतले नगर सफा | – | २२ |
| १४) भक्तपुर नगरपालिकाको ७० औं स्थापना दिवस | – | २४ |
| १५) 'भक्तपुर पूरै सम्पदा शहर'- प्रमुख सुनिल प्रजापति | – | २६ |
| १६) भक्तपुर नगरपालिकाको ७० औं वार्षिकोत्सवमा खेलकुद प्रतियोगिता | – | २९ |
| १७) अर्थतन्त्रमा स्वतन्त्र नभएको देश राजनीतिक रूपमा पनि स्वतन्त्र नहुने | – | ३३ |
| १८) 'ख्वपमा छोराछोरी भर्ना गर्न ताकेता गर्ने सांसद र मन्त्रीले कोटा थप्न मान्दैनन्' | – | ३५ |
| १९) वागीश्वरी कलेजको नयाँ भवनको शिलान्यास | – | ३६ |
| २०) विद्यार्थीहरूमा राजनीतिप्रतिको वितृष्णाले देश कमजोर हुने | – | ३७ |
| २१) पैसा र आश्वासन बाँड्ने बद्मास राजनीतिक दलबाट जनता सचेत बन्नुपर्ने–अध्यक्ष बिजुक्छेँ | – | ३८ |
| २२) भक्तपुर नपाको कार्यशैली फरक | – | ३९ |
| २३) भ्रमण वर्षको पहिलो औपचारिक कार्यक्रम | – | ४० |
| २४) नेपाली खेलाडीहरूको विश्व कीर्तिमानसहित तेह्रौं साग सम्पन्न | – | ४९ |
| २५) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ५१ |
| २६) ङातापोंल आकाश छुने धरोहर | ओम धौभडेल | ५९ |
| २७) एमसीसी–आइपीएसको गँड्यौंला उनेको बल्छी | एस. किजू | ६४ |
| २८ ऐतिहासिक स्रोतसामग्री अध्ययनमा नेपाल भाषाको महत्त्वःएक अध्ययन– | डा.बलराम कायस्थ | ६७ |
| २९) लि–का–लिमा दुईतिहाइको कायरता | डी.श्रेष्ठ | ७१ |
| ३०) रणजित मल्ल र पृथ्वीनारायण शाह | डा. वीरेन्द्रप्रसाद कायस्थ | ७३ |
| ३१) 'कुहिरोभित्र लुकेको घर'–एक चर्चा | रत्नसुन्दर शाक्य | ७५ |
| ३२) 'हामी ठेकेदार होइन, उपभोक्ता समितिमा विश्वास गर्छौं': सुनिल प्रजापति | – | ८१ |
| ३३) भक्तपुर (कविता) | विकल प्रजापति | ८३ |
| ३४) नेपाल भ्रमण वर्ष 'चाँदीको घेरा' (सम्पादकको पृष्ठ) | – | ९२ |


**साथमा :**


सैनिक आवासीय महाविद्यालयको ४२ औं वार्षिकोत्सव सम्पन्न–१४/ऐतिहासिक र सांस्कृतिक शहरहरूलाई आदर्श नगरको रूपमा विकास गर्नुपर्ने –१६/नेपाल भ्रमण वर्ष २०२० अभियान सफल पार्न तयारी बैठक–१८/कौसी खेती तालिम –१९/नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण–२०/सृजनानगरमा व्यायमशाला र व्याडमिन्टन खेल मैदानको उद्घाटन–२१/सहकारी व्यवस्थापक क्षमता अभिवृद्धि तालिम –२३/चार महिने पाक शिक्षा तालिमका प्रशिक्षार्थीहरूको नगरकोटमा भेटघाट कार्यक्रम–२५/विद्यार्थीलाई देशभक्त बनाउने विद्यालय सफल–३०/प्याब्सन भक्तपुर नगरको पहिलो अधिवेशन–३१/आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा शिविर–३२/राष्ट्रियसभा सदस्यको चुनाव–३२/समन्वय र सहकार्यले बढी बिरामीको सेवा गर्न सकिने–४१/हेपाटाइटिस बी रोगको निःशुल्क परीक्षण शिविर–४१/भक्तपुर नगरपालिकाद्वारा नयाँ प्रजिअलाई स्वागत–४२/भनपाद्वारा प्रजिअ नारायणप्रसाद भट्टको बिदाई–४३/बजार अनुगमन–४४/भक्तपुर नपामा धुलिखेल नपाको प्रतिनिधि मण्डल–४४/रंगिन पेज–४५–४८/माहेश्वरीमा पाक्षिक सरसफाइ–५०/बसिबियाँलो–७०/भक्तपुरमा मन्दिरजस्ता शौचालय, निःशुल्क जिमखाना–कृष्ण आचार्य–७७/भक्तपुरका वडापिच्छे जिमखाना–प्रविता श्रेष्ठ– ७८/भक्तपुरको रानीपोखरी : सेनाको कब्जाबाट मुक्त ३९० वर्ष पुरानो नासो– कृष्ण आचार्य–७९/जब सन्ध्या हुन्छ, सम्पदा सहर चम्किन्छ– सौरभ ढकाल–८२/भक्तपुरमा शौचालय क्रान्तिःमौलिक शैलीमा सबैका लागि– सहयोग रञ्जित –८४/बलियो बन्दै वत्सला– उपेन्द्र लामिछाने–८६/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (२) –८७/SKETCHES FROM NIPAL (44) Henry Ambrose Oldfield–८८/जाडोमा किन बढ्छ श्वास प्रणालीको समस्या ?–९०/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ मंसिर महिनाको प्रतिवेदन–९०/मंसिर महिनाको पर्यटक तथ्याङ्क– ९१ ।

# नेपाल भ्रमण वर्ष २०२०

# भक्तपुरमा प्रभातफेरीबाट शुभारम्भ

## पर्यटकलाई उपहारसहित स्वागत

भक्तपुर नगरपालिकाले नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भ जनवरी १ अर्थात पुस १६ गते बाँसुरी बाजा र लाखे प्याखंसहित प्रभातफेरीबाट गरेको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुरको दत्तात्रय क्षेत्रबाट सुरु भएको प्रभातफेरी ईनाचो – गोल्मढी – सुकुलढोका – टौमढी – नासमना – वंशगोपाल – भार्वाचो – ईनागा – नःपुखु – ईताछें – खौमा हुँदै दरबार क्षेत्रमा पुगी सभामा परिणत भएको थियो ।

प्रभातफेरीमा जनप्रतिनिधिहरू, पर्यटन व्यवसायसँग सम्वद्ध सङ्घ-संस्थाका पदाधिकारी, विभिन्न विद्यालयका शिक्षक र विद्यार्थी, सुरक्षाकर्मी, स्थानीय जनता, कर्मचारीहरूको व्यापक सहभागिता थियो ।

भक्तपुर दरबार क्षेत्रको मूल ढोकामा भक्तपुर नगर प्रवेश गर्ने विभिन्न देशका पहिलो १८ जना पर्यटकलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले फूलको गुच्छा, भादगाउँले कालो टोपी, थैली, भक्तपुर नगरपालिकाको प्रकाशन, उपहार र निःशुल्क नगर प्रवेश पास वितरण गरी स्वागत गर्नुभयो । सोही अवसरमा ३२९ वर्ष पुरानो ऐतिहासिक नगरा र लायकुस्थित घण्टा पनि बजाइएको थियो ।

दरबार क्षेत्रमा आयोजित स्वागत तथा सांस्कृतिक कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशैभरि भ्रमण वर्षको सफल सुरुवात भएको बताउनुभयो ।

देशको अर्थतन्त्र बलियो बनाउन नेपाल सरकारले भ्रमण वर्षमा २० लाख पर्यटक भित्र्याउने प्रतिबद्धता जनाइसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपालको अर्थतन्त्रको विकास गर्न पर्यटनले महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्नुभयो ।






भक्तपुर नगरपालिकाले भक्तपुरको मल्लकालीन सम्पदाहरू पुनःनिर्माण गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने अभियान चलाइरहेको बताउनुहुँदै उहाँले भक्तपुरलाई सुरक्षित र पर्यटकीय उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास गर्ने लक्ष्यस्वरूप अगाडि बढिरहेको बताउनुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भ्रमण वर्षलाई राष्ट्रिय पर्वको रूपमा मनाउने अभियानस्वरूप भक्तपुर नगरपालिकाले आगामी दिनहरूमा गर्ने गतिविधिहरूबारे जानकारी गराउनुभयो ।

पहिलो नगर प्रवेश गर्ने जर्मनी नागरिक भेरेना वास्टिकले भक्तपुर नपाले गरेको न्यानो स्वागतप्रति आभार प्रकट गर्नुभयो ।



प्रभातफेरी कार्यक्रममा वडाध्यक्ष एवं वातावरण तथा पर्यटन समितिका संयोजक रबिन्द्र ज्याख्वले शुभकामना मन्तव्य दिनुभएको थियो भने पर्यटक सेवा तथा सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पनि बोल्नुभएको थियो ।

## हार्दिक धन्यवाद !

नेपाल भ्रमण वर्ष २०२० को अवसरमा भक्तपुर नपाद्वारा पुस १५ र १६ गते आयोजित विविध कार्यक्रम सफल पार्न सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**भक्तपुर नगरपालिका**

## नेपाल भ्रमण वर्षको औपचारिक उद्घाटन

नेपाल भ्रमण वर्ष २०२० को औपचारिक शुभारम्भ काठमाडौंको दशरथ रङ्गशालामा राष्ट्रपति विद्यादेवी भण्डारीले एक समारोहबीच पुस १६ गते गर्नुभयो । समारोहमा संवैधानिक निकायका प्रमुखहरू, पूर्व प्रधानमन्त्रीहरू, मन्त्रीहरू, सांसदहरूलगायत विभिन्न देशबाट आएका पर्यटन मन्त्रीहरूको उपस्थिति थियो । समारोहमा विभिन्न सांस्कृतिकलगायत झांकीहरू प्रस्तुत गरिएको थियो ।

त्यस्तै सातवटै प्रदेशमा पनि कार्यक्रमहरू गरी पुस १६ गते नै भ्रमण वर्षको उद्घाटन गरियो भने विदेशस्थित नेपाली दूतावासमा पुस २२ गते (जनवरी ७) मा उद्घाटन गरिने र दूतावास नभएका मुलुकमा गैरआवासीय नेपाली मार्फत उद्घाटन गरिने जनाइएको छ ।

# भक्तपुरको तःपुखुमा डुङ्गा सञ्चालन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी भक्तपुर वडा नं. १ स्थित प्रसिद्ध तःपुखु (सिद्धपोखरी) मा डुङ्गा सञ्चालन (नौका विहार) को उद्घाटन एक कार्यक्रमबीच पुस १६ गते गर्नुभयो।

उद्घाटन कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले सिद्धपोखरी पुनःनिर्माण र जीर्णोद्धारको समयको स्मरण गर्नुहुँदै पोखरीलाई नयाँ जीवन दिन भक्तपुर नपाका जनप्रतिनिधि र स्थानीय जनताको उल्लेखनीय सहयोग प्राप्त भएको बताउनुभयो।

भ्रमण वर्षको अवसर पारी भक्तपुर नगरपालिकाले भक्तपुरको सिद्धपोखरीमा डुङ्गा सञ्चालन (नौका विहार) मा



ल्याएको बताउनुहुँदै उहाँले डुङ्गा सञ्चालनलाई व्यवस्थित बनाउन कार्यविधि नै बनाएर अगाडि बढ्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भन्नुभयो – 'भक्तपुरका पोखरीहरूलाई जीवन प्रदान गर्न पोखरीहरूमा डुङ्गा सञ्चालन गरिएको हो।'

भक्तपुर नपा वडा नं. १ का पूर्व वडाध्यक्ष लक्ष्मीनारायण राजलवटले सिद्धपोखरीमा धेरै वर्ष अगाडि पनि डुङ्गा सञ्चालन गरेको इतिहास रहेको बताउनुहुँदै पोखरीको चारै दिशामा हरियाली प्रवर्द्धन र सरसफाइ व्यवस्थापनमा नगरपालिकाको ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दीपक कोइराला, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र वडासदस्य सूर्यप्रसाद



k|lv k|hfklt pb3f6g ug{b}

श्रेष्ठले पनि बोल्नुभएको थियो।

नगरपालिकाले नःपुखुमा पनि डुङ्गा सञ्चालन गर्ने



कार्यक्रम रहेको जनाएको छ।

भक्तपुर नगरपालिकाले भ्रमण वर्ष २०२० को अवसरमा सोही दिन बेलुकी सिद्धपोखरी र कमलपोखरीमा दीपावली गरिएको थियो।

भक्तपुर नपाद्वारा

# भव्य सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा

नेपाल भ्रमण वर्ष सन् २०२० को पूर्वसन्ध्यामा भक्तपुर नगरपालिकाको अगुवाइमा पुस १५ गते **सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा** भव्यताकासाथ सम्पन्न भयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालले विश्व सम्पदा स्थल लायकु दरबार क्षेत्रमा आयोजित उक्त कार्यक्रमको समुद्घाटन गर्नुभयो उक्त अवसरमा लायकुस्थित घण्टा र हालै पुन:स्थापित नगरा बजाइएको थियो।

सांसद सुवालले नेपाल भ्रमण वर्षले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको विकासमा टेवा पुग्ने र आयआर्जनमा वृद्धि हुने विश्वास व्यक्त गर्नुहुँदै पर्यटक उद्योगीहरू सक्रियतापूर्वक लाग्नुपर्ने बताउनुभयो।

परनिर्भर या पराधीन मुलुकलाई आत्मनिर्भर बनाउन आन्तरिक उत्पादनमा जोड दिनुपर्ने विचार व्यक्त गर्नुहुँदै सांसद सुवालले भ्रमण वर्षमा वर्षभरि नै स्वागतका कार्यक्रमहरू गरिरहनुपर्ने खाँचो औँल्याउनुभयो।

सभामुखको भागबन्डा नमिलेको हुँदा प्रतिनिधिसभाको बैठक पटक-पटक स्थगित भएको कारण देश र जनताको हितमा काम गराउन सरकारको ध्यानाकर्षण गर्न नपाएको उहाँले बताउनुभयो।

सन्तुलित विकासको अवधारणा छोडेर काठमाडौँ उपत्यकामा फेरि चारवटा सहरको परिकल्पना ल्याएर खानेपानी, फोहोरमैला व्यवस्थापन गर्नमात्र समस्या निम्त्याउने होइन प्रदूषण बढ्ने, सवारी जाम हुने र अपराधीहरूको सङ्ख्या बढेर अमनचयनमा समस्या आउने विचार उहाँले व्यक्त गर्नुभयो।

प्रदेश सभाका सांसद सुरेन्द्रराज गोसाईंले भ्रमण वर्ष र भक्तपुर महोत्सव भक्तपुर विश्वसामु चिनाउने अवसर रहेको





उल्लेख गर्नुहुँदै भाषा, कला र संस्कृतिलाई जीवन्त बनाउने वर्षको रूपमा अघि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो।

कला, संस्कृतिबारे नयाँ पुस्तामाझ बोध गराएर सांस्कृतिक क्षेत्रमा पुनर्जागरण ल्याउन सके हाम्रो जिम्मेवारी र कर्तव्य पूरा हुने विश्वास व्यक्त गर्नुहुँदै उहाँले भक्तपुरलाई सभ्य



र सुसंस्कृत सहर बनाउने काममा सामूहिक प्रयास आवश्यक भएकोमा जोड दिनुभयो।

अर्का प्रदेश सांसद सृजना सैँजूले पुरातात्विक र नाचगानको सहर भक्तपुरमा पुरानो युगले नयाँ युगको सेवालाई सार्थक बनाउन सके पर्यटक व्यवसायी र स्थानीय जनता लाभान्वित हुने विचार व्यक्त गर्नुभयो।

पर्यटन उद्योगको विकासमा भनपाले अगुवाइ गरिरहेको उल्लेख गर्नुहुँदै सांसद सैँजूले सांस्कृतिक नगर भक्तपुर शिक्षा र संस्कृतिको केन्द्र हुने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कार्यक्रमका




सभापति सुनिल प्रजापतिले सांस्कृतिक र ऐतिहासिक नगरको पहिचान विश्वसामु पुऱ्याउन भक्तपुर नगरपालिकाले वर्षैंभरि भक्तपुर महोत्सवमय बनाउने तयारी गरिरहेको बताउनुभयो ।

भ्रमण वर्ष र भक्तपुर महोत्सव सफल पार्न सरसफाइ, स्तरीय शौचालय, पर्यटन सूचना केन्द्र, स्थानीय गाइड र भाषाको तालिम, जापानी र चिनियाँ भाषाको प्रशिक्षण, साँझ सांस्कृतिक प्रदर्शनी, हकर्स नियन्त्रण, पर्यावरण सुधार आदि गतिविधि गरिरहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा वातावरण तथा पर्यटन समितिका अध्यक्ष एवम् भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुरको जीवन्त सङ्ग्रहालयको संरक्षण गर्दै नयाँ पुस्तामा पुस्तान्तरण गर्ने कार्य गरिरहेको बताउनुभयो ।





कार्यक्रमको बीचबीचमा त्वचा गणेश समूहको माक प्याखं, पासापुचको लाखे प्याखं र भार्वाचो गणेश दाफा भजनको माक प्याखं (नाच) देखाइएको थियो ।

सांस्कृतिक सम्पदा पदयात्राको उद्घाटन समारोहपछि दरबार क्षेत्रबाट सुरु भएको ऱ्याली इच्छु, तालाक्व, टौमढी, सुकुलढोका, दत्तात्रय हुँदै सूर्यमढीमा पुगेर समापन भएको थियो ।

व्यापक सहभागिता रहेको सन्ध्याकालीन पदयात्रालाई टौमढीमा भैल प्याखं र धिमाय् बाजा, दत्तात्रयमा देवी प्याखं र विभिन्न भजन तथा तुछिमला, दबुचा, वाकुपतिनारायण र सूर्यमढीमा भजनले स्वागत गरेका थिए भने वाकुपति नारायणमा परम्परागत कसिमला पाँय खेलप्रदर्शन गरिएको थियो ।

# भारतीय विस्तारवादविरुद्ध विशाल जनप्रदर्शन




नेपाल मजदुर किसान पार्टीको आह्वानमा भारत सरकारले नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र आफ्नो देशमा गाभेर जारी गरेको नक्साको विरोधमा मंसिर २३ गते राजधानीमा हजारौँ जनताले विरोध प्रदर्शन गरे । प्रदर्शनकारीहरूले भारतीय विस्तारवादको मिचाहा र हेपाहा व्यवहारको चर्को विरोध गर्दै गगनभेदी नाराबाजी गरेका थिए । उनीहरूले भारतले एकतर्फीरूपमा जारी गरेको नक्सा खारेजीको माग गरेका थिए । प्रदर्शनकारीहरूले बोकेका प्लेकार्डहरूमा 'लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको हो', 'भारतीय विस्तारवाद मुर्दावाद', 'भारतको नयाँ नक्सा खारेज गर', 'भारतीय सेना कालापानी छोड', 'असमान सन्धि खारेज गर', 'भारत अतिक्रमित नेपाली भूमि फिर्ता गर', 'सीमा अतिक्रमण बन्द गर' आदि नारा लेखिएको थियो । उनीहरूले भारतबाट अतिक्रमित भूमिको नक्सा पनि बोकेका थिए ।

प्रदर्शनमा मजदुर, किसान, युवा, महिला, विद्यार्थी, कर्मचारी, शिक्षक, पत्रकार, इन्जिनियर, स्वास्थ्यकर्मी, व्यापारी आदिको बाक्लो सहभागिता थियो ।

जुलुस रत्नपार्कबाट जमल, नारायणहिटी सङ्ग्रहालय, नागपोखरी, उत्तरढोका हुँदै लैनचौरस्थित भारतीय दूतावासनेर धर्नामा परिणत भएको थियो । जुलुसलाई पैदलमार्गमा हिँडिरहेका बटुवा, सवारी साधनमा यात्रा गरिरहेका यात्रु र वरपरका विभिन्न कार्यालयका कर्मचारीहरूले हात उठाएर ऐक्यबद्धता थिए ।

भारतीय दूतावास जाने बाटोमा दसौँ हजार प्रदर्शनकारीले धर्ना दिएका थिए । त्यहाँ देशभक्ति भावनाले ओतप्रोत युवा विद्यार्थीहरूले लगातार नाराबाजी गरेका थिए ।

राजदूतावासअघि धर्ना चल्दै गर्दा नेपाल मजदुर किसान पार्टीको प्रतिनिधिमण्डल भारतीय दूतावास पुगेर विरोध पत्र बुझाएको थियो । नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यहरू डिल्लीप्रसाद काफ्ले, नारायण महर्जन र सुरेन्द्रराज गोसाईसहितको प्रतिनिधिमण्डलले भारतीय दूतावासका द्वितीय सचिवलाई विरोध पत्र बुझाएको थियो ।

बाहिर आयोजित धर्नामा नेमकिपाका सचिव एवम् प्रतिनिधिसभाका सदस्य प्रेम सुवालले इतिहासजत्तिकै पुरानो नेपाल–भारत सम्बन्धलाई अझ प्रगाढ बढाउन भारत सरकारले बेलायती उपनिवेशवादको धङधङी त्याग्नु आवश्यक भएको बताउनुभयो । उहाँले नेपाल–भारत खुला सिमानामा रहेका ८५२३ सीमा स्तम्भमध्ये ३७१६ हराउनुमा भारत सरकारले पनि चासो राख्नुपर्ने र नेपाल–भारत सीमा रातारात नेपालतर्फ सार्ने बदिनयतपूर्ण काम भारत सरकारले रोक्नुपर्नेमा जोड दिनुभयो ।

'सन् १८१६ को सन्धिअघि नेपालको भूभाग पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म फैलिएको थियो । सो सन्धिअनुसार महाकाली नदी पश्चिमतर्फ भारतको भूमि हो । लिम्पियाधुरा, कालापानी र लिपुलेकसम्म नेपालको भूमि हो । यसकारण भारतले गएको कार्तिक १५ गते जारी गरेको आफ्नो नयाँ नक्सा खारेज गर्नुपर्दछ', विरोध सभामा सुवालले भन्नुभयो ।

उहाँले भारतीय दूतावासका दोस्रो सचिवले हाम्रो पार्टीको पत्र बुझ्ने क्रममा नेपाल र भारत दुवै प्रजातान्त्रिक देश

भएको उल्लेख गर्दै उक्त पत्र भारतीय प्रधानमन्त्री मोदीसम्म पुऱ्याउने वाचा गरेको जानकारी दिनुभयो ।

सुवालले भन्नुभयो, 'नेमकिपाको तर्फबाट भारतीय प्रधानमन्त्रीलाई लेखिएको पत्रमा नेपालको भूभाग लिम्पियाधुरा, कालापानी, लिपुलेकसमेत भारतको नयाँ नक्सामा गाभेको फिर्ता गर्न आग्रह गरिएको छ ।'

उहाँले भन्नुभयो, 'हाम्रो पार्टीको पत्रमा नेपाली भूमि डुबानमा पर्ने गरी भारतले बनाएका बाँधहरू महाकाली नदीमा टनकपुर, बाँकेमा लक्ष्मणपुर, रुपन्देहीमा खुर्दलोटन, कपिलवस्तुमा महलीसागर, रौतहटमा वैरगनिया रिङ ड्याम बनाएको हटाउनुपर्ने माग गरिएको छ ।'

सभामा नेमकिपाका केन्द्रीय सदस्य एवं प्रदेश नं ३ का सांसद सुरेन्द्रराज गोसाईले नेपाल र भारतबीचको इतिहासजत्तिकै पुरानो मित्रता जोगाउने पक्षमा नेमकिपा रहेको चर्चा गर्दै एउटा छिमेकीलाई अर्को छिमेकीले पिरोल्ने काम हुँदा मित्रताको कुनै अर्थ नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'ठूलो देशले सानो देशलाई दबाउने कुचेष्टा हुन्छ, त्यहाँ मित्रताको केही अर्थ रहँदैन ।'

उहाँले भारतीय विस्तारवादको मिचाहा प्रवृत्तिविरूद्ध पुस्तौँ पुस्ता नेपाली जनता लडिसकेको र आवश्यक पर्दा अझ धेरै पुस्ता भारतीय विस्तारवादविरूद्ध लडिरहने बताउनुभयो ।

उहाँले देशलाई धोखा दिने नेपाली विभीषणहरूविरूद्ध नयाँ पुस्ता अझ सशक्तरूपमा लड्न जरूरी भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं प्रदेश नं ३ का सांसद सृजना सैंजूले लिम्पियाधुरा, लिपुलेक र कालापानी भारतले हडपेको स्वीकार्य नभए नेपाली जनता सङ्घर्षमा आउनुपर्ने बताउनुभयो ।

नेमकिपाले भारतले बडा राष्ट्र अहङ्कारविरूद्ध लगातार सङ्घर्ष गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले नेपालले आफ्नो एक इन्च भूमि पनि भारतलाई छोड्न नहुने बताउनुभयो ।

उहाँले भारतले जारी गरेको नक्सा खारेज गर्नुपर्ने र नेपाल सरकारले कूटनीतिक पहल गर्ने भनेर नेपाली जनतालाई झुक्याइरहेको प्रस्ट पार्नुभयो ।

'आफ्नो भूमिलाई आफ्नो भन्न नसक्ने सरकारको कूटनीतिक छल हो', उहाँले भन्नुभयो ।

नेपाली भूमि एकतर्फी आफ्नो नक्सामा गाभेको घटनालाई अन्तर्राष्ट्रियकरण गर्न नहुने नेकपा अध्यक्ष पुष्पकमल दाहालको भनाइमा लेन्डुप दोर्जेको गन्ध रहेको उहाँले बताउनुभयो ।

जुलुस सुरू हुनुअघि रत्नपार्कमा आयोजित सभामा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले कालापानीमा भारतले नक्कली काली नदीको मुहान बनाएर नेपाली भूमि जबरजस्ती हडप्न खोजेको बताउनुभयो ।

उहाँले बेलायती उपनिवेशवादी शासकहरूको चिन्तन आजका भारतीय शासकले पनि बोकेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले भारतीय विस्तारवादविरूद्धको नेपाली जनताको भावनालाई बेलैमा नेपाल सरकारले बुझ्नु बुद्धिमानी हुने धारणा राख्नुभयो ।

सभामा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवाल र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष सविन ख्याजूले पनि बोल्नुभएको थियो ।



# भूमि अतिक्रमणविरुद्ध भारतीय प्रमलाई विरोधपत्र

सम्माननीय भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीज्यू,
नयाँ दिल्ली, भारत ।
मार्फत भारतीय दूतावास,
लैनचौर, काठमाडौँ, नेपाल ।

सम्माननीय प्रधानमन्त्री मोदीज्यू,

नेपाल र भारतका जनताको सम्बन्ध इतिहासजत्तिकै पुरानो छ । यो सम्बन्ध चिरकालसम्म रहनु आवश्यक छ । तर, भारत सरकारको नेपालप्रतिको व्यवहार सकारात्मक नहुँदा दुई देशबीचको सम्बन्धमा गतिरोध भइरहेको छ । भारत सरकारले नेपाली भू-भाग लिम्पियाधुरा, कालापानी, लिपुलेकसमेत आफ्नो नक्सामा गाभेर विसं २०७६ कार्तिक १५ गते तद्नुसार सन् २०१९ नोभेम्बर १ मा जारी गरेको नयाँ नक्साप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको सार्वभौमिकतामाथिको यो ठाडो हस्तक्षेप तथा थिचोमिचोको हामी विरोध एवम् भर्त्सना गर्दछौँ । स्वाभिमानी नेपाली जनता पनि निरन्तर यसको विरोधमा आवाज उठाउँदै छन् । नेपाल र भारतबीच कायम रहेको खुला सीमाको कारण ठाउँ-ठाउँमा भारतबाट नेपाली भूमि अतिक्रमण भइरहेको छ भने सिमानामा नेपाली लुटिने र कुटिनेजस्ता घटनाबाट नेपाल-भारतबीचको जनस्तरको सम्बन्धमा समेत बाधा पुगेको छ ।

नेपालको भूमि कालापानीमा सन् १९५० मा तैनाथ भारतीय सेना हालसम्म फिर्ता गरिएको छैन । नेपाल र बेलायती-भारतबीच सन् १८१६ मार्च ४ मा भएको सुगौली सन्धिअनुसार महाकाली नदीको पश्चिम भारतको भू-भाग हो । बेलायत सरकारले सन् १८१६ जनवरी, सन् १८२७ फेब्रुअरी, सन् १८३५, सन् १८३७, सन् १८४१, सन् १८४६, सन् १८५० र बेलायती-भारत सरकारले सन् १८५६ मा प्रकाशन गरेका नक्सामा महाकाली नदीको उद्गमस्थल लिम्पियाधुरा भएको स्पष्ट उल्लेख छ । यसकारण महाकाली नदीको पूर्वमा रहेको लिम्पियाधुरा निर्विवाद रूपमा नेपालको भू-भाग हो । यो भू-भागमा रहेका नेपाली बस्तीहरूमा नेपाल सरकारले विसं २०११ र विसं २०१८ मा जनगणनासमेत गरेको हो । यहाँको नेपाली बस्तीका जनताले नेपाल सरकारलाई तिरो तिरेको प्रमाण पनि छ ।

तर, भारत सरकारले नेपाली भूमि नमिचेको बताएको नेपालविरुद्ध बलमिचाइ हो । सन् १८१७ फेब्रुअरी ४ मा इस्ट इन्डिया कम्पनीका कार्यवाहक मुख्य सचिव जे. आदमले महाकाली नदी पूर्वमा पर्ने लिम्पियाधुराको ब्यास प्रगन्ना भू-भाग नेपालको नै भएको पत्रसमेत लेखेका थिए । सुगौली सन्धिअगाडि नेपालको क्षेत्र पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म फैलिएको थियो । सन् १९४७ मा बेलायती उपनिवेशबाट भारत मुक्त भयो तर सुगौली सन्धिमा गुमेको नेपाली भूमि नेपाललाई भारतबाट फिर्ता गरिएन ।

नेपाली भूमि लिम्पियाधुरा, कालापानी, लिपुलेकसमेत भारतमा गाभेर तयार गरिएको नयाँ नक्सा अविलम्ब खारेज गर्न नेपाली जनताको तर्फबाट हामी भारत सरकारलाई हार्दिक आग्रह गर्दछौँ । साथसाथै, नेपाली भूमि कालापानीमा रहेको भारतीय सेना अविलम्ब फिर्ता गर्न हामी भारत सरकारसँग अनुरोध गर्दछौँ । नेपालको सुस्तालगायत ७२ भन्दा बढी ठाउँमा भारतद्वारा अतिक्रमित ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि फिर्ता गर्न पनि हामी माग गर्दछौँ । भारत सरकारले महाकाली नदीमा एकतर्फी बनाएको टनकपुर बाँधमा परेको नेपाली भूमि १४.५७ हेक्टर भू-भाग हालसम्म नेपाललाई सट्टाभर्ना गरेको छैन भने अन्तर्राष्ट्रिय कानुनविपरीत नेपालको सिमानामा बाँध र तटबन्ध बनाएको हुँदा बर्सेनि नेपाली भूमि डुबान र जनधनको क्षति भइरहेको छ । नेपाल-भारत खुला सीमाको कारण सीमा तस्कर, अपराधी एक-अर्को देशमा लुक्नेलगायत अन्य अवाञ्छित गतिविधि बढ्दो छ । दुई देशको हितको लागि खुला सीमा बन्द गर्नु आवश्यक छ । नेपाल र भारतबीचको सम्बन्ध थप घनिष्ट बनाउन सन् १९४७ नोभेम्वर ९ मा भएको गोर्खा भर्ती सन्धि खारेज गर्न पनि त्यत्तिकै जरुरी छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूले छिमेकी मित्र देश नेपालका जनताको यो भावनाअनुसार अतिक्रमित नेपाली भूमि फिर्ता गरी नेपाल-भारतबीच सुमधुर सम्बन्ध विकास गर्न टेवा पुऱ्याउनुहुने अपेक्षासहित यो पत्र पेश गर्दछौँ ।

२०७६।०८।२३

**प्रेम सुवाल**
सचिव, नेपाल मजदुर किसान पार्टी, केन्द्रीय समिति

# नेपाल भ्रमण वर्ष २०२० र भक्तपुर महोत्सव २०७६ सम्बन्धमा पत्रकार भेटघाट

नेपाल भ्रमण वर्ष २०२० र भक्तपुर महोत्वस २०७६ सम्बन्धमा भक्तपुर नगरपालिकाको सभाकक्षमा पुस १४ गते पत्रकार भेटघाट कार्यक्रम भयो।

भेटघाट कार्यक्रममा बोल्नुहुँदै भनपा प्रमुख सुनिल प्रजापतिले नेपाल भ्रमण वर्ष २०२० बारे भनपाका महत्त्वपूर्ण कार्यक्रमहरूबारे अवगत गराउनुहुँदै भक्तपुर नगरलाई आदर्श नगरको रूपमा विकास गर्ने लक्ष्यअनुरुप नगरपालिका अगाडि बढिरहेको बताउनुभयो। मौलिक वस्तु र संस्कृति संरक्षण गर्न भनपाले नगरवासीहरूलाई उत्साहित गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नगरलाई सफा र सुन्दर बनाउने परिकल्पना गरेको बताउनुभयो।

प्रमुख प्रजापतिले नगरपालिकाले ख्वप अस्पताल, छात्ती पुन:स्थापना केन्द्र स्थापना गरेको, पर्यटकहरूलाई सामान किन्न सहज गराउनको लागि कोसेली घर निर्माणको लागि नक्सा डिजाइन गरेको, नगरको मुख्य मुख्य क्षेत्रमा गाडी निषेध गरी ढुङ्गा छपाइ गरेको, सांस्कृतिक नगरको मौलिक संस्कृतिलाई जीवन्तता प्रदान गर्ने लगायत सांस्कृतिक गुरुहरूको सम्मान र नयाँ पुस्तालाई सांस्कृतिक सीप हस्तान्तरण गर्न प्रशिक्षणहरूको आयोजना गरिरहेको जानकारी दिनुभयो।

पत्रकारहरूको जिज्ञासामा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सार्वजनिक शौचालयहरू आन्तरिक पर्यटकका साथसाथै स्थानीयवासीको प्रयोगका लागि बनाएको तर विदेशीहरूलाई पनि सहज होस् भन्ने हिसाबले स्तरीय शौचालय निर्माण गरिएको बताउनुहुँदै स्तरीय पुस्तकालयको व्यवस्थान गर्न जनज्योति पुस्तकालयलाई ई–लाइब्रेरीको रूपमा स्तरोन्नति गर्ने सोच रहेको उहाँले बताउनुभयो।




उहाँले नेपाल भ्रमण वर्ष २०२० भित्र २० लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्य चुनौतीपूर्ण भएको बताउनुहुँदै भक्तपुर नपाले वर्षौंदेखि जीर्ण अवस्थामा रहेको पोखरीहरूको पुन:निर्माण कार्य गरिरहेको बताउनुभयो।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले नेपाल भ्रमण वर्ष २०२० सफल पार्न आयोजित कार्यक्रममा स्वागत गर्नुहुँदै पुष १५ गते हुने सन्ध्याकालीन पदयात्रा र पुष १६ गते प्रभातफेरी कार्यक्रममा सहभागिताको लागि आव्हान गर्नुभयो र नयाँ वर्ष जनवरी १ का दिन नगर प्रवेश गर्ने पहिलो पर्यटक टोलीलाई स्वागत गर्ने कार्यक्रम रहेको बताउनुभयो।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष एवं वातावरण तथा पर्यटन समितिका संयोजक रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

पत्रकार भेटघाट कार्यक्रममा प्रेस विज्ञप्ति वितरन गरिएको छ।

## नेपाल भ्रमण वर्ष २०२० र भक्तपुर महोत्सव २०७६ बारे

# भक्तपुर नपाको प्रेस विज्ञप्ति

**पत्रकार मित्रहरू,**

नेपाल पर्यटकीय दृष्टिले संसारको उत्कृष्ट गन्तव्यस्थलमध्ये एक हो । विश्व सम्पदा सूचीमा सूचिकृत अद्वितीय र अनुपम सम्पदाहरू नै पर्यटकीय आकर्षण हुन् । काठमाडौं उपत्यकाभित्र थोरै दूरीमा सातवटा विश्व सम्पदाहरू छन् । त्यसमध्येको एक हो भक्तपुर दरबार क्षेत्र ।

भक्तपुर कला र संस्कृतिले सम्पन्न नगर हो । दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र भक्तपुरका विशेष आकर्षणका केन्द्रहरू हुन् । हाम्रा थुप्रै सम्पदाहरू लोप भइसके भने कयौं लोपोन्मुख अवस्थामा छन् । कुनै पनि सम्पदा लोप हुनु देशकै लागि अपुरणीय क्षति हो ।

**'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति'** नारा दिएर भक्तपुर नगरपालिकाले कला र संस्कृतिको संरक्षणमा जोड दिइआएको छ । हाम्रा पुर्खाहरूले सयौं वर्ष अगाडि निर्माण गरेका ५५ झ्याले दरबार, ङातापोल मन्दिर, सुनढोका, भैरवनाथको मन्दिरलगायत पाटी-पौवा, ढुंगेधारा, पोखरी, सत्तल, विहारजस्ता थुप्रै सम्पदाहरू अझै पनि जीवन्त छन् । हाम्रा पुर्खाले सिर्जेका ती सम्पदाहरूको दृश्यावलोकन गर्न वार्षिक संसारभरका लाखौं पर्यटकहरूले भक्तपुर भ्रमण गर्ने गर्छन् ।

भक्तपुर नगरपालिका भक्तपुरलाई शिक्षा, स्वास्थ्यमा उत्कृष्ट, सरसफाइमा नमुना, कला संस्कृति संरक्षित एक आदर्श नगर र पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न जोड दिँदैछ । २०७२ सालको विनासकारी भूकम्पले भक्तपुरका ८ हजार घर र ११५ भन्दा बढी सम्पदाहरूमा क्षति पुऱ्यायो । ती सम्पदाहरू विदेशीको सहयोगविना भक्तपुर नगरपालिकाले पुनःनिर्माण वा जीर्णोद्धार गर्दैछ । सम्पदाहरूको पुनःनिर्माण वा जीर्णोद्धार गर्दा प्राचीन प्रविधिबाट जनताको सहयोगमा मौलिक स्वरूपमा निर्माण गर्नु भक्तपुर नगरपालिका उत्तम विकल्प ठान्छ । हालसम्म नगरपालिकाले क्षतिग्रस्त सम्पदाहरूमध्ये ९१ वटा पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसक्यो भने डेढ दर्जन निर्माणाधीन अवस्थामा छन् । हामी छिट्टै नै क्षतिग्रस्त सम्पदाहरू पुनःनिर्माण वा जीर्णोद्धार गर्न चाहन्छौं तर आर्थिक र प्राविधिक कारणले अत्यन्तै महत्त्वपूर्ण सम्पदाहरू दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय रहेको भवन, पहिले नगरपालिका रहेको थंथु दरबार, दत्तात्रयस्थित पुजारी मठलगायतका सम्पदाहरू पुनःनिर्माण गर्न सकिरहेका छैनौं । यसबारे केन्द्र सरकारको ध्यानाकर्षण गर्दैछौं ।

**पत्रकार मित्रहरू,**

आर्थिक वर्ष २०७५/७६ साउनदेखि पुससम्ममा गैरसार्क पर्यटक ६९,२७८ जना र चिनियाँ/सार्क पर्यटक ४५,८६७ जना पर्यटक गरी जम्मा १,१५,१४५ जना पर्यटकहरूले भक्तपुर नगर अवलोकन गरेका थिए भने आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा गैरसार्क पर्यटक ६६,८६० जना र चिनियाँ/सार्क पर्यटक ४७,२८० जना गरी जम्मा १,१४,१४० जना पर्यटकहरूले अवलोकन गरेका छन् । यस अवधिमा गत आ.व.को तुलनामा १००५ जना पर्यटक न्यून देखिएको छ । आर्थिक वर्षको प्रारम्भमै डेंगु रोगको महामारी फैलिनु, भारत र पाकिस्तानबीच काश्मिर विवाद चर्किनु, कोटेश्वरमा घण्टौं जामको बाध्यता आदि भक्तपुरमा गत वर्षको तुलनामा पर्यटकहरू अपेक्षित रूपमा पर्यटक आगमन बृद्धि नहुनुका मुख्य कारणहरू भएको हाम्रो मूल्यांकन छ ।

नेपाल सरकारले सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने योजनासहित नेपाल भ्रमण वर्ष घोषणा गऱ्यो । यो निकै चुनौतीपूर्ण छ । सबैको प्रयास भयो भने त्यो असम्भव छैन । नेपाल भ्रमण वर्षलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले भ्रमण वर्षलाई लक्षित गरी पर्यटन केन्द्रित विभिन्न गतिविधिहरू गर्दैछ ।

भक्तपुर भ्रमणमा आउने पर्यटकहरूको बसाइ लम्ब्याउन नगरपालिकाले सम्पदा क्षेत्रहरूमा सन्ध्याकालीन बत्तीको व्यवस्था गर्दैछ । भक्तपुरमा बास बस्ने

पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्न सन्ध्याकालीन समयमा पाटी-पौवाहरूमा भजन गाउने, चोक-चोकमा सांस्कृतिक प्रदर्शन गर्ने तयारी पनि गरिरहेको छ।

पर्यटकहरूले कुनै किसिमको असहजता महसुस गर्न नपरुन् भन्ने उद्देश्यले ठाउँ-ठाउँमा पर्यटक सूचना केन्द्रको व्यवस्था, स्तरीय शौचालय निर्माण तथा महत्त्वपूर्ण सम्पदास्थलहरूमा गाडी निषेध गर्ने कार्य पनि गर्दैछ। स्थानीय पथप्रदर्शकहरूलाई तालिम दिएर अझ बढी व्यवस्थित, मर्यादित र आधिकारिक सूचना प्रदान गर्न सक्ने गरी क्षमता अभिवृद्धि तालिम सञ्चालन, चिनियाँ र जापानी भाषाको कक्षा सञ्चालन गर्दै आएको छ।

नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिजम विषयको पठनपाठन तथा नगरभित्रका सबै विद्यालयहमा स्थानीय पाठ्यक्रमको व्यवस्था गरी पर्यटन विषय अध्यापन गर्दै आएको छ।

आन्तरिक र बाह्य पर्यटकहरूको लागि विश्व प्रसिद्ध ५५ झ्याले दरबार हरेक मंगलबार र शुक्रबार कार्यालय समयमा खुला गर्ने व्यवस्था मिलाइएको छ भने पर्यटकहरूको सुविधा होस् भनी हकर्स व्यवस्थापनतर्फ पनि नगरपालिकाले ध्यान दिएको छ।

पर्यटकहरूको लागि सुरक्षित भक्तपुर भन्ने सन्देश दिन आपराधिक घटनाहरू हुन नदिन प्रमुख पर्यटकीय स्थानहरूमा सीसी क्यामेराको बन्दोबस्त, प्रहरीसँग समन्वय गरी स्थानीय प्रहरी साझेदारी कार्यक्रमअनुसार अपराधको न्युनीकरण गर्ने काम गरिरहेको छ।

## भक्तपुर महोत्सवको आयोजना हुने

नेपाल भ्रमण वर्ष २०२० को अवसर पारी भक्तपुर नगरपालिकाले २०७६ चैत ४ गतेदेखि ८ गतेसम्म ४ दिन भक्तपुर महोत्सव गर्ने निर्णय गरेको छ। महोत्सव व्यवस्थित गर्न नगर प्रमुखको संयोजकत्वमा १६१ सदस्यीय महोत्सव मूल समारोह समिति गठन गरिसकेको छ। सन् २०२० पूरै वर्ष भक्तपुरलाई महोत्सवमय बनाउने सोचका साथ कार्यक्रम तयारी गर्दैछौं। माघ २ गते राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा भक्तपुरमा मूल समारोह हुनेछ भने फागुन महिनामा जिल्लास्तरीय धिमे बाजा प्रतियोगिता हुनेछ।

भक्तपुर महोत्सवमा हस्तकलाको जीवन्त प्रदर्शनी, दही उत्सव, व्यापार मेला, नौका विहार, शैक्षिक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, परम्परागत वाद्यवादन प्रतियोगितालगायतका कार्यक्रमहरू गर्ने तयारी गर्दैछौं।

त्यसैगरी नेवारी पम्परागत जीवनशैली प्रदर्शनी, कृषि उत्पादन प्रदर्शनी, माटाका भाँडा बनाउने सीप प्रदर्शनीलगायतका गतिविधिहरू गरी महोत्सवलाई भव्य रूपमा सम्पन्न गर्ने योजना तयारी गर्दैछौं।

सन् २०२० मा वर्षैंभरि कुनै न कुनै पर्यटक केन्द्रित गतिविधि गरिरहने योजना बनाउँदैछौं।

नयाँ वर्ष तथा नेपाल भ्रमण वर्ष (Visit Nepal 2020) को पूर्वसन्ध्यामा पुस १५ गते **सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा** (Evening Walk with Cultural Heritages) भक्तपुर दरबार क्षेत्रबाट शुरु गरी तालाक्व, तौमढी, सुकुलढोका, गोलमढी, दत्तात्रय हुँदै सूर्यमढीमा समापन हुनेछ। त्यसक्रममा बाँसुरी बाजा र लाखे प्याखं, ३२९ बर्ष पुरानो ऐतिहासिक नगरा र ठूलो घण्टा बजाउने, माक प्याखं,भैल प्याखं, नौ बाजा प्रस्तुत गरिनुका साथै दीपावली गरिने छ।

त्यस्तै सन् २०२० को पहिलो दिन जनवरी १ (पुस १६ गते) **प्रभातफेरी, स्वागत तथा साँस्कृतिक कार्यक्रम** (Welcome, Procession and Cultural Programme) दत्तात्रयबाट ईनाचो, गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, वंशगोपाल, भार्वाचो, नःपुखु, ईताछें, खौमा हुँदै दरबार क्षेत्र पुगी सभा हुनेछ।

भक्तपुर दरबार क्षेत्रको मूल ढोकामा भक्तपुर नगर प्रवेश गर्ने पर्यटकहरूको पहिलो समूहलाई प्रमुख अतिथिबाट स्वागत तथा निःशुल्क पास प्रदान गरिने छ। सोही दिन तःपुखु (सिद्ध पोखरी) मा नेपाल भ्रमण वर्ष २०२० को अवसरमा नौका विहार उद्घाटन र नःपुखुमा (गुह्य पोखरी) मा हरियाली प्रवर्द्धन गरिने छ।

**पत्रकार मित्रहरू,**

वर्षभरिकै कार्यक्रमहरूमा यहाँहरूको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं।

सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका
२०७६ पुस १४ गते, सोमबार

# महारथी पूर्णचन्द्र थापाद्वारा रानीपोखरी अवलोकन

नेपाली सेनाका प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाले पुस १४ गते भक्तपुर नपा वडा नं. १ स्थित भक्तपुरको रानीपोखरीको स्थलगत अवलोकन गर्नुभयो । सैनिक आवासीय महाविद्यालयको वार्षिकोत्सव कार्यक्रममा सहभागी हुनुभएका महारथी थापाले रानीपोखरीको स्थलगत अवलोकनपश्चात लोपोन्मुख अवस्थामा रहेको भक्तपुरको ऐतिहासिक एवम् पुरातात्त्विक महत्व बोकेको रानी पोखरी जीर्णोद्धार कार्यमा भक्तपुर नगरपालिको भूमिका र सक्रियता प्रशंसनीय भएको बताउनुभयो ।



k|wfg;]gfklt yfkf/fgL kf]v/Lsf]:ynut cjnf]sg ug{xb}

# सैनिक आवासीय महाविद्यालयको ४२ औं वार्षिकोत्सव सम्पन्न

नेपाली सेनाका प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. १ स्थित सैनिक आवासीय महाविद्यालयको ४२ औं वार्षिकोत्सव कार्यक्रम तथा



अभिभावक दिवस पुस १४ गते कलेज प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि महारथी थापाले विद्यालयद्वारा प्रकाशित 'सल्लाघारी २०७६' स्मारिका लोकार्पण गर्नुका साथै एसईईमा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीलाई गोल्ड मेडल र प्रमाणपत्र, विभिन्न संकायका उत्कृष्ट विद्यार्थी र २५ वर्ष अनवरत विद्यालयमा सेवारत शिक्षक–कर्मचारीलाई ताम्रपत्र र दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

कार्यक्रमका अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सैनिक आवासीय महाविद्यालयको वार्षिकोत्सवको अवसरमा आयोजित अतिरिक्त क्रियाकलापका विजयीहरुलाई मेडल र प्रमाणपत्र वितरण गर्नुभयो ।

वार्षिकोत्सव कार्यक्रममा विद्यार्थीहरुद्वारा सांस्कृतिक नाच, जिम्नास्टिक, टेक्वान्डोलगायतका प्रदर्शन गरेका थिए ।

# २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस भक्तपुरमा हुने

राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ मूल समारोह समितिको २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस भव्यताका साथ मनाउन गृहमन्त्रालयमा पुस १३ गते बैठक बस्यो ।

गृहमन्त्री रामबहादुर थापाको अध्यक्षतामा सम्पन्न मूल समारोह समितिले २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस माघ २ गते भक्तपुर नपाको दरबार क्षेत्रमा गर्ने र सो कार्यक्रमको जिम्मा भक्तपुर नगरपालिकालाई दिने तय गरेको छ ।



बैठकमा बोल्नुहुँदै गृहमन्त्री रामबहादुर थापाले भूकम्पलगायतका विपद्बाट जनतालाई सुरक्षित पार्ने प्रमुख दायित्व राज्यको भएको बताउनुभयो ।

उहाँले भूकम्प गएको पाँच वर्ष बितिसक्दा पनि भूकम्पबाट क्षति पुगेका सम्पदा र भग्नावशेषहरू अझ पुन:निर्माण नहुनु चिन्ताको विषय भएको र भूकम्पबाट सुरक्षित हुन जनसमुदायलाई नै सचेत बनाई जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू बनाउनुपर्ने बताउनुभयो ।

२२ औं भूकम्प दिवसलाई सफल र प्रभावकारी बनाउन आफ्नो सुझाव प्रस्तुत गर्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगर २०७२ सालको भूकम्पले बढी क्षति पुगेको ठाउँ भएको बताउनुहुँदै ११६ वटाभन्दा बढी क्षतिग्रस्त सम्पदाहरूमध्ये हाल भक्तपुर नगरपालिकाले ९१ वटा सम्पदा पुन:निर्माणको काम सम्पन्न गरिसकेको बताउनुभयो ।

भक्तपुरलाई सांस्कृतिक नगरी कायम गर्न नगरपालिकाले विभिन्न कार्ययोजना व्यवस्थित रूपमा अगाडि बढाइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले सम्पदा बस्तीका घर पुरानै शैलीमा निर्माण गराउने नीति बनाउँदै अनुदानको व्यवस्था गरिरहेको बताउनुभयो । भक्तपुर नगरको मूल सडकमा ढुंगा छपाइको कार्य अगाडि बढिरहेको छ भन्नुहुँदै उहाँले भक्तपुर नपाद्वारा सञ्चालित कलेजमार्फत प्रत्येक वर्ष भूकम्प दिवस मनाइरहेको अवगत गराउनुभयो ।

भक्तपुरमा आयोजना हुने २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस भव्यरुपमा सम्पन्न गर्न गृहमन्त्रालयसँग प्राविधिक व्यवस्थापन गर्न भक्तपुर नपा प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौं उपत्यकामा टेको लागेको घर अझ पनि धेरै भएको बताउनुहुँदै घर बनाउन नसकेका पीडितहरूलाई राहत पुऱ्याउने किसिमका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा विभिन्न सरोकारवालाहरूले आ–आफ्नो सुझाव प्रस्तुत गरेका थिए ।

# भक्तपुर नगरपालिकामा सांस्कृतिक गुरु भेला

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सांस्कृतिक उत्थानको निम्ति सांस्कृतिक गुरुहरूको भूमिका उल्लेखनीय रहेको बताउनुहुँदै नगरपालिकाले प्रत्येक वर्ष कुनै न कुनै बाजा प्रतियोगिता गर्ने नपाको घोषणापत्रमै उल्लेख भएको बताउनुभयो ।

नगरपालिकाको आयोजनामा शुक्रबार भएको सांस्कृतिक गुरु भेला कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले २०७४ को स्थानीय तहको निर्वाचनमा निर्वाचित भएर आइसकेपछि बाँसुरी बाजा र धाँ बाजा प्रतियोगिता गरिसकेको र यस वर्ष धिमे प्रतियोगिता आयोजना गर्ने हुँदा सांस्कृतिक गुरुहरूको राय–सुझावलाई प्राथमिकता दिएर भेलाको आयोजना गरेको बताउनुभयो ।

नेपाल भ्रमण वर्षको पूर्वसन्ध्यामा ३२९ वर्ष पुरानो ऐतिहासिक र सांस्कृतिक नगरा पुन:स्थापना गरिसकेको ➲➲

नेपाल भ्रमण वर्ष २०२० को अवसरमा पर्यटन व्यवसायी भेला

# ऐतिहासिक र सांस्कृतिक शहरहरूलाई आदर्श नगरको रूपमा विकास गर्नुपर्ने

नेपाल भ्रमण वर्ष २०२० को अवसरमा भक्तपुर नगरपालिकाले पुस १३ गते भक्तपुरका पर्यटन व्यवसायीको भेला आयोजना गऱ्यो ।

भेलामा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उपत्यकाका ऐतिहासिक र सांस्कृतिक सहरहरूलाई आदर्श नगरको रूपमा विकास गर्नुपर्ने बताउनुहुँदै साझा सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य भएको बताउनुभयो ।

भक्तपुरको अर्थतन्त्रको महत्त्वपूर्ण पाटो पर्यटन क्षेत्र भएको बताउनुहुँदै प्रमुख प्रजापतिले पर्यटन व्यवसायीहरूलाई पेटीमा सामान नराख्न र पर्यटकहरूसँग राम्रो व्यवहार गर्न अनुरोध गर्नुभयो ।

विदेशी संस्कृतिको प्रभाव नेपाली समाजमा पनि बढ्दै गएको छ भन्नुहुँदै भक्तपुर नगरपालिकाले यहाँको मौलिक वस्तु, संस्कृतिबारे नयाँ पुस्तालाई जानकारी दिन स्थानीय पाठ्यक्रम लागू गरिसकेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर पर्यटकहरूको लागि उपयुक्त र सुरक्षित गन्तव्यस्थल हो भन्ने सन्देश दिन र भक्तपुरको पर्यटन प्रवर्द्धनको लागि भक्तपुर महोत्सवको आयोजना गरेको बताउनुभयो ।



भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दीपक कोइरालाले निजी र सरकारी क्षेत्रलाई समेटेर पर्यटन व्यवसायलाई सफल बनाउन नेपाल भ्रमण वर्ष २०२० आयोजना भएको बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका महासचिव दिपेशराज शर्माले पर्यटन बोर्ड नेपालले भ्रमण वर्ष २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको हुँदा पर्यटन सेवा गुणस्तरीय हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा पर्यटक सेवा तथा सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पनि बोल्नु भएको थियो ।

---

उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले युवा पुस्तालाई परम्परागत बाजाको महत्त्व र सीप हस्तान्तरणको निम्ति आवश्यक पहल गरिरहेको बताउनुभयो ।

भक्तपुरको चाडपर्वहरू, मौलिक जीवनशैली, संस्कार, दाफाभजन, गुठी, परम्परागत बाजागाजा संरक्षणमा भक्तपुर नपाले खेलिरहेको भूमिकाबारे प्रस्ट पार्दै उहाँले एक पुस्ताबाट अर्को पुस्तामा नटुट्ने गरी सीप हस्तान्तरण गर्नु नपाको उद्देश्य रहेको बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई नाचगानको राजधानी र बाजागाजाको सहर बनाउन सांस्कृतिक गुरुहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दिपक कोइराला र भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा उपस्थित सांस्कृतिक गुरुहरूद्वारा नपाको आयोजनामा हुने धिमे बाजा प्रतियोगिता भक्तपुर महोत्सवको समयमा गर्नु उचित हुने, प्रतियोगिताबारे व्यापक प्रचारप्रसार आवश्यक, नौ बाजालगायत लोपोन्मुख बाजाको प्रशिक्षण र संरक्षण, महिलाहरूलाई पनि वाद्यवादनमा समावेश गर्दै लानुपर्ने र वडामार्फत बाजाको प्रशिक्षण चलाउनुपर्नेलगायतका राय-सुझाव प्रस्तुत गर्नुभयो ।

# भक्तपुर नपाद्वारा ३२९ वर्ष पुरानो नगरा पुनःस्थापित

भक्तपुर नगरपालिकाले नेपाल भ्रमण वर्ष २०२० को अवसरमा भक्तपुर दरबार क्षेत्रस्थित तलेजु मन्दिर परिसरमा रहेको ३२९ वर्ष पुरानो दुईवटा ठूलो ऐतिहासिक नगराहरूलाई सिद्धिलक्ष्मी मन्दिर अगाडिको ताहा सत्तल (तबा सत्तल) मा




बिहीबार पुनःस्थापना गरियो। भक्तपुर नगरपालिकाको तर्फबाट मर्मत सम्भार गरिएको ती नगराहरूलाई पुस १० गते दरबार क्षेत्रमा आयोजित एक कार्यक्रमबीच ताहा सत्तल (तबा सत्तल) को पहिलो तल्लाको पश्चिमी भागमा सुरक्षित रूपमा पुनःस्थापना गरिएको हो।

नगरा पुनःस्थापना कार्यक्रममा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ३२९ वर्ष पुरानो नगराको विषयमा नयाँ पुस्तालाई थाहा दिन पहिलेकै ठाउँमा पुनःस्थापना गरिएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले राजा जितामित्रको पालामा तलेजु भवानीलाई चढाइएको नगरा पुनःस्थापना गर्नुका साथै सुरक्षित राखी नगरा बजाउने व्यवस्था गरी यसलाई जीवन्तता प्रदान गर्ने सोच रहेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले पुर्खाले छोडेको सम्पत्ति नयाँ पुस्तालाई हस्तान्तरण गर्नुको औचित्यबारे प्रस्ट पार्नुहुँदै ऐतिहासिक नगराहरूको उचित उपयोगको आवश्यकता औंल्याउनुभयो।

दरबार हेरचाह तथा संरक्षण कार्यालयका प्रमुख सरस्वती सिंहले लामो समयदेखि तलेजु परिसरमा रहेका नगराहरू विगतमा ताहा सत्तलमा राखिएको इतिहास भएको उल्लेख गर्दै आन्तरिक र बाह्य पर्यटकहरूको लागि नगराको विषयमा जानकारी दिनु आवश्यक भएको बताउनुभयो।

संस्कृतिकविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले धार्मिक र सांस्कृतिक जीवनको झलक दिने ऐतिहासिक नगराको महत्वबारे प्रस्ट पार्नुहुँदै भक्तपुरको मूर्त–अमूर्त सम्पदा संरक्षणमा नगरपालिकाले अग्रणी भूमिका खेलेको चर्चा गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले लामो इतिहास बोकेका नगराहरूलाई भक्तपुर नपाले पुनःस्थापित गर्ने कार्य गरिरहेको बताउनुहुँदै भ्रमण वर्षको अवसरमा भक्तपुर नगरपालिकाले पुस १५ गते गते सन्ध्याकालीन पदयात्रा र पुस १६ (जनवरी १) मा प्रभातफेरी कार्यक्रम गर्ने योजना रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, गुठी संस्थान भक्तपुरका प्रमुख आनन्द कर्माचार्य, पुरातत्व विभागका पुरातत्व अधिकृत मोहनसिंह लामा, प्रहरी उपरीक्षक सबिन प्रधान, वीरदल गणका लेनिन रोक्कामगर, इतिहासविद् प्रा. विश्वमोहन जोशी, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दीपक कोइरालालगायतको



उपस्थिति रहेको थियो। नेपाली सेनाको सहयोगमा नगरालाई ताहा फल्चामा पुनःस्थापित गरिएको थियो।

**सच्याउनुहोस्**

'भक्तपुर' को मंसिर महिना (सङ्ख्या २७६) को पृष्ठ ३३ का तस्बिरको केप्शनको चौथो नाम **'प्रा.डा.जगन्नाथ श्रेष्ठ'** र पृष्ठ ३४ का तस्बिरको केप्शनको दोश्रो नाम **'प्रा.डा. राजेन्द्र श्रेष्ठ'** तथा **प्रप्रअ दीपक** हुनुपर्नेमा अन्यथा भएकोले क्षमायाचनासहित सच्याउनु हुन, पृष्ठ ६१ को पहिलो कोलमको हरफ १४ मा **'सन् १८१६'** र पृष्ठ ६३ को दोश्रो कोलमको हरफ ५ मा **'यो पार्टी कहिल्यै पछि परेको छैन'** हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनुहुन अनुरोध छ।– 'भक्तपुर' मासिक

# नेपाल भ्रमण वर्ष २०२० अभियान सफल पार्न तयारी बैठक

नेपाल सरकारले कम्तीमा बीस लाख पर्यटक भित्र्याउने लक्ष्यसहित नेपाल भ्रमण वर्ष २०२० अभियान सफल र प्रभावकारी कार्यान्वयनको लागि तथा सन् २०२० जनवरी १ मा हुने समुद्घाटन कार्यक्रमको तयारीस्वरूप संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पुस ९ गते छलफल तथा अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा सम्बोधन गर्नुहुँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवम् नेपाल भ्रमण वर्ष २०२० मूल आयोजक समितिका अध्यक्ष योगेश भट्टराईले पर्यटन वर्ष नेपाल सरकारको मात्रै नभएर सबै नेपालीको हो भन्ने अनुभूति गराउन विभिन्न संघ संगठनहरूसँग छलफल थालेको बताउनुहुँदै जनवरी १ मा हुने मार्चपासमा प्रत्येक संघ संगठनबाट एक सय जनालाई सहभागी गराउन पनि आग्रह गर्नुभयो ।

पर्यटन क्षेत्रलाई एक ठाउँमा मात्र सीमित नराखी देशैभरि फैलाउन आवश्यक रहेको बताउनुहुँदै मन्त्री भट्टराईले उपत्यकाका सडक मर्मत, सरसफाइलगायतका कार्यमा उल्लेख्य प्रगति गर्न आवश्यक भएको र नेपाल सरकारले नयाँ पुर्वाधार विकासमा जोड दिई अन्तर्राष्ट्रिय स्तरको विमानस्थलहरू निर्माणको क्रममा रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी भक्तपुर नपाले सम्पन्न गरेका र चालु योजनाहरू प्रस्तुत गर्नुभयो । उहाँले २०२० जनवरी १ मा भक्तपुर नगर प्रवेश गर्ने पर्यटकलाई स्वागत गर्ने तयारी रहेको बताउनुभयो ।

भूकम्पले क्षति पुऱ्याएका ११६ वटा सम्पदामध्ये ९३ वटा सम्पदा पुन:निर्माण सम्पन्न भइसकेको तथ्याङ्क पेश गर्नुहुँदै प्रमुख प्रजापतिले लोपोन्मुख सम्पदाहरूको पुन:निर्माण र संरक्षण कार्यलाई प्राथमिकता, सम्पदा क्षेत्रहरूमा नियमित सरसफाइ, मर्मत सम्भार र झल्लरहरू राख्ने व्यवस्था र निजी आवासीय घरहरूलाई परम्परागत शैलीमा निर्माण गर्न अनुदानको व्यवस्था भक्तपुर नपाले गरिरहेको बताउनुभयो ।

नेपाल भ्रमण वर्ष २०२० विना तयारी हतारमा घोषणा गरेको आभास भएको बताउनुहुँदै उहाँले नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी चैत ४–८ गतेसम्म भक्तपुर महोत्सव २०७६ को घोषणा गरी आवश्यक तयारीमा जुटिरहेको बताउनुभयो । रात्रीकालीन पर्यटन विकास गर्न पर्यटकीय क्षेत्र तथा सम्पदा स्थलमा सोलार र बिजुली बत्तीको व्यवस्था, पर्यटक बसपार्क, पर्यटक सूचना केन्द्र, पर्यटकहरूको निमित स्तरीय शौचालय निर्माण गरिसकेको उहाँले बताउनुभयो ।

स्थानीय पथ प्रदर्शकहरूलाई नगरपालिकाले तालिम प्रदान गरी अझ व्यवस्थित, मर्यादित र आधिकारिक सूचना प्रदान गर्न स्थानीय पथप्रदर्शक परिचालन समितिमार्फत व्यवस्थापन गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले हकर्स नियन्त्रणको व्यवस्था गरी नगरको सरसफाइ र हरियाली प्रवर्द्धनलाई विशेष महत्त्व दिइरहेको बताउनुभयो ।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले भ्रमण वर्ष २०२० को उद्घाटन सत्र सभ्य र भव्य हुनेमा विश्वास प्रकट गर्नुहुँदै भ्रमण वर्षको महत्त्वबारे विदेशमा व्यापक प्रचारप्रसार आवश्यक भएको बताउनुभयो । काठमाडौंलाई हेर्न लायक र बस्न लायक बनाउन विज्ञ टोली गठन गरी आवश्यक छलफललाई अगाडि बढाएको बताउनुहुँदै मेयर शाक्यले पर्यटकहरूलाई फरक किसिमको सेवा सुविधा दिनुपर्नेमा जोड दिनुभयो ।

ललितपुर महानपाका प्रमुख चिरिबाबु महर्जनले २०२० लाई व्यवस्थित रूपमा वर्षैभरि सञ्चालन गर्न योजनाहरू तयार



गरिरहेको बताउनुहुँदै आन्तरिक पर्यटक अभिवृद्धि गर्न ऐतिहासिक पोखरीहरूको पुन:निर्माण गरिरहेको बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवम् नेपाल भ्रमण वर्ष २०२० मूल आयोजक समितिका अध्यक्ष योगेश भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त छलफल कार्यक्रममा उपत्यकाका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूले नेपाल भ्रमण वर्षको तयारीमा आफ्नो नगरपालिकाले तयार गरेका योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा उपस्थित स्थानीय तहहरूले भ्रमण वर्ष सफल बनाउन महोत्सवको तयारी, सरसफाइ, सार्वजनिक शौचालय निर्माण, महत्त्वपूर्ण स्थानहरूमा सीसी क्यामेरा जडान, पर्यटकीय पार्कहरू निर्माणलगायतका कार्यहरू गरिरहेको बताउनुभयो ।

# ख्वप इन्जिनियरिङ कलेजमा छात्रवृत्ति वितरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययरत गरिब तथा जेहेनदार विद्यार्थीहरुलाई नगर प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको उपस्थितिमा पुस ९ गते एक कार्यक्रम गरी छात्रवृत्ति वितरण गरियो ।




कार्यक्रममा प्रमुख प्रजापतिले कलेज व्यवस्थापन समितिले नीति निर्माण गर्ने र त्यसको कार्यान्वयन कलेज प्रशासनले गर्ने जनकारी दिनुभयो ।

विद्यार्थीहरुले हासिल गरेको शिक्षा देश र जनताको इमादारीपूर्वक सेवामा लगाउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले भनपाद्वारा सञ्चालित कलेजहरुले सस्तो र गुणस्तरीय शिक्षा दिइरहेको बताउनुभयो ।

नेमकिपाको चुनावी घोषणापत्रअनुसार नगरपालिकाका जनप्रतिनिधिहरुले कार्य गरिरहेको बताउनुहुँदै प्रमुख प्रजातिले भन्नुभयो, 'नगरपालिकाले सरसफाइ, सम्पदा संरक्षण र शिक्षा विकासको लागि धेरै खर्च गरिरहेको छ । घर-घरमा नर्सिङ सेवा दिनुका साथै आफ्नै स्रोत र साधनमा ख्वप अस्पतालको भवन निर्माण भइरहेको छ ।'

मौलिकता नरहे पहिचान नहुने स्पष्ट पार्नुहुँदै उहाँले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन भनपा लागिपरेको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष एवम् कलेज सञ्चालक समितिका सदस्य रबिन्द्र ज्याख्वले भनपाले आर्थिक पारदर्शितामा जोड दिई कार्य गरिरहेको बताउनुभयो ।

छात्रवृत्ति पाउन सफल विद्यार्थीहरुले अझ मिहिनेतपूर्वक अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले कलेजको हितमा सधैं सहयोग गर्न विद्यार्थीहरुलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र खवप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले कलेजले हासिल गरेका सफलता र चुनौतीहरुबारे बोल्नुभएको थियो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका ५८ जना विद्यार्थीहरुको लागि रु. ४१ लाख, २ हजार ७९५ रुपैयाँ र ख्वप कलेज अफ इन्जिनियरिङका ४० जना विद्यार्थीहरुका लागि २७ लाख २५ हजार २ सय ८३ रुपैयाँ छात्रवृत्ति उपलब्ध गराइएको थियो ।

# कौसी खेती तालिम

भक्तपुर नगरपालिका ६ नं वडा कार्यालयको आयोजनामा नेपाल क्रन्तिकारी किसान संघका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालको प्रमुख आतिथ्यमा कौसी खेती तालिम पुस ९ गते उद्घाटन भयो ।

कार्यक्रमका प्रमुख अतिथि दुवालले भक्तपुर नगर क्षेत्रमा तरकारी लगाउने जग्गा जमिन नभएको तथा भएको जग्गा जमिन घरदेखि टाढा भएकोले तरकारी किनेर खान वाध्य भएको, किनेको तरकारी सफा र स्वच्छ नहुनुका साथै विषादीयुक्त हुनाले हाम्रो स्वास्थमा नराम्रो असर परिरहेको बताउनु हुँदै कौसी खेती तालिमले आफुलाई चाहिने तरकारी उत्पादन गर्न सकेमा स्वच्छ र विषादीरहित तरकारी उपभोगगरी स्वस्थ र निरोगी बन्न सकिन्छ भन्नुभयो ।

कार्यक्रमका अर्का अतिथि भ.न.पा.कृषि समितिका संयोजक राजकृष्ण गोराले विषादीयुक्त तरकारीबाट जोगिनको लागी कौसी खेती तालिमको आवश्यकता आंलयाउनुहुँदै तरकारीमा समेत हामी परनिर्भर हुन थालेकोले भ.न.पा. ले आत्मनिर्भर हुनको लागी विभिन्न तालिमहरू दिनुका साथै छात्रवृत्ति, शैक्षिक ऋणको समेत व्यवस्था गरिरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं ६ नं वडाअध्यक्ष श्री हरिराम सुवालले विदेशमा विभिन्न प्रविधिबाट तरकारी खेती गरिरहेको चर्चा गर्नुहुँदै क्युबा र सोभियत संघको सम्बन्ध चिसिएपछि क्युबाले कौसी खेतीमार्फत् कृषि क्रान्ति गरेर आत्मनिर्भर भएको कुरा बताउनुभयो ।

कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल, वडा सदस्य श्री सिद्धिराम अवालले पनि बोल्नु भएको कार्यक्रममा प्रशिक्षक मिना सुवालले तालिमको महत्त्वबारे प्रकाश पार्नु भएको थियो ।

# नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण

भक्तपुर नगरपालिका शिक्षा शाखाको आयोजनामा शिक्षक सेवा आयोगको सिफारिसमा भक्तपुर नगरपालिकामा पदस्थापना हुनुभएका नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रम पुस ८ गते भयो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षकहरू स्थायी भएपछि अल्छी हुने धारणा जनमानसमा रहेकोले त्यसलाई हटाएर सक्रिय रुपमा काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले निजी र सामुदायिक विद्यालयमा विभेद नगर्न भक्तपुर नगरपालिका लागिपरेको विचार व्यक्त गर्नुहुँदै निजी र सामुदायिक विद्यालयमा शिक्षकहरूले काम गर्ने फरक शैलीलाई हटाउनुपर्ने बताउनुभयो ।

विद्यार्थीमार्फत शिक्षकको मूल्यांकन अभिभावकले गर्ने भएकोले शिक्षकले विज्ञको रुपमा कक्षाकोठामा प्रस्तुत हुनुपर्ने विचार प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपक कोइरालाले नवप्रवेशी शिक्षकले विद्यार्थीको मनोबल वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष एवम् विद्यालय अनुगमन समितिका अध्यक्ष उकेश कवांले धार्मिकस्थल र पाटीबाट सुरु भएको भक्तपुरको शिक्षा अहिले शिक्षा आर्जन गर्ने उत्कृष्ट गन्तव्य भएको बताउनुभयो ।

प्राध्यापक तथा स्थानीय पाठ्यक्रम निर्माण समितिका सदस्य सिद्धिरत्न शाक्यले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने कार्यमा नवप्रवेशी शिक्षकहरूले अझ महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

शिक्षा शाखा भक्तपुर नगरपालिकाका उपसचिव हरिप्रसाद निरौलाले शिक्षकले विद्यार्थीको भाषा र व्यवहार नबुझेसम्म राम्रोसँग शिक्षण सिकाइ गर्न नसक्ने बताउनुहुँदै विद्यार्थीलाई कुटपिट गरेर अध्यापन गराउन नहुनेमा जोड दिनुभयो ।

नवप्रवेशी शिक्षकहरूको परिचयबाट सुरु भएको कार्यक्रममा शिक्षा शाखा भक्तपुर नगरपालिकाका स्रोत व्यक्ति कृष्णप्रसाद कर्माचार्यले शिक्षक आचारसंहिताको विषयमा जानकारी गराउनुभयो ।

**अन्तरनगर प्रतियोगिताको तयारी**

# भक्तपुर नपाद्वारा विद्यालयस्तरीय एथ्लेटिक्स प्रतियोगिता

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी तयार गर्ने हेतुले विभिन्न खेलहरूको प्रशिक्षण तथा प्रतियोगिताहरूमा जोड दिँदै आइरहेको बताउनु भएको छ ।

भक्तपुर नगरपालिकाले फागुन ८ गतेदेखि सञ्चालन गर्ने अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताको तयारीस्वरूप पुस ६ गते सिद्धपोखरीको उत्तरतर्फको खेलमैदानमा भएको विद्यालयस्तरीय एथ्लेटिक्स प्रतियोगिता कार्यक्रममा बोल्नुहुँदै उहाँले विभिन्न खेलका खेलाडी तथा प्रशिक्षकहरूलाई प्रोत्साहित गर्नेउद्देश्यले भक्तपुर जिल्लाबाट वर्षको उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी, रेफ्री र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी मेडल जित्न सफल खेलाडीहरूको सम्मान पनि गर्दै आइरहेको बताउनुभयो ।

विद्यालय र खेलकुद जीवनमा प्राप्त अनुशासनले असल नागरिक र जीवनलाई सफल बनाउन मद्दत पुग्ने बताउनुहुँदै उहाँले खेलकुदमा जीत र हारभन्दा पनि असल नियतले देशको प्रतिष्ठाको निम्ति खेल्नु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो ।



प्रतियोगितामा भक्तपुर नगरका १० वटा विद्यालय सहभागी रहेको थियो भने १२३ जना विद्यार्थीहरूले भाग लिएका थिए ।

# तिब्बतको प्रतिनिधिमण्डलबाट भक्तपुर अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल र चीनको तिब्बतबीच संयुक्त पर्यटन समन्वय समितिको ११ औं बैठकमा भाग लिन नेपाल आएको चीनको स्वशासित क्षेत्र तिब्बतका प्रतिनिधिमण्डलको टोलीलाई पुस ७ गते भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो ।

टोलीलाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुरको आर्थिक विकासमा पर्यटन उद्योगले ठूलो योगदान गरिरहेको बताउनुभयो । भक्तपुरको पर्यटन विकास लागि भक्तपुरको कला संस्कृति र सम्पदा संरक्षण गरिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै भक्तपुर नगरपालिका २०७६ चैत ४–८ गतेसम्म गरिने भक्तपुर महोत्सवको तयारीमा जुटिरहेको बताउनुभयो ।

स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीले जारी गरेको घोषणापत्रअनुरूप शिक्षा, स्वास्थ्य, कला–संस्कृति, पर्यटनलगायतका क्षेत्रमा अगाडि बढिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरमा पर्यटक आकर्षण गर्न नगरपालिकाले पर्यटकलक्षित गतिविधि गरिरहेको बताउनुभयो ।

कार्यक्रममा चीनको स्वशासित क्षेत्र तिब्बतका सामान्य प्रशासन उपमहासचिव तानपा याङ्फेइ (Danba yangpei) ले भक्तपुर नगरमा स्वागत गर्नुभएकोमा धन्यवाद दिनुभयो ।

प्रतिनिधिमण्डलमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्यटन विकास विभागका उपमहानिर्देशक चीयुए् (Jiyue), परराष्ट्र मामिला कार्यालयका उपमहानिर्देशक ल्यु सुसन (Liu shusen), तिब्बत क्षेत्रीय नागरिक उड्डयनका उपमहानिर्देशक युआन चुओ छिङ (Yuan zhuo qing), वाणिज्य विभागका उपनिर्देशक वाङ फिङ (Wang ping), होटल व्यवसायी संघका सभापति तान याङ (Dan yang), पर्यटन विभाग पदोन्नति शाखाका उपनिर्देशक चुओ (Zhuoyu), पर्यटन विभागका कर्मचारी पासाङ तुन्चु (Bashang dunzhu) र दोभाषे तावा युचेन (Dawa yuzhen) सहभागी हुनुहुन्थ्यो ।

उक्त टोलीले भक्तपुरको सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका सम्पदाहरूको स्थलगत अवलोकन गरेको थियो ।

# सृजनानगरमा व्यायमशाला र व्याडमिन्टन खेल मैदानको उद्घाटन

भक्तपुर वडा नं. १ सृजनानगरमा व्यायमशाला र व्याडमिन्टन खेल मैदानको उद्घाटन पुस ५ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगर प्रमुख सुनिल प्रजापतिले व्यायमशालाको पूर्ण सदुपयोग होस् भन्ने कामना गर्नुहुँदै आर्थिक अनुशासन र पारदर्शिताले जनताको विश्वास र सहयोग प्राप्त हुने बताउनुभयो ।



उहाँले न्यातापोल जीर्णोद्धारमा जनताबाट पनि सहयोग मागेको बताउनुहुँदै जनताको सहयोगबाटै नगरपालिका अगाडि बढेको स्पष्ट पार्नुभयो ।

अतिथि प्रजापतिले घरदैलो नर्सिङ सेवा दिने भनपा पहिलो स्थानीय तह भएको बताउनुहुँदै सन्तुलित विकासलाई ध्यानमा राखी सृजनागरमा स्वास्थ्य चौकी स्थापना गर्न लागेको बताउनुभयो ।

'नगरपालिका सामुहिक हितलाई प्राथमिकता दिएर विकास निर्माण कार्यलाई अगाडि बढाइरहेको बताउनुहुँदै १०८ रोपनी जग्गालाई संरक्षण गर्ने हिसाबले पर्खाल लगाएको हो', उहाँले भन्नुभयो ।

भक्तपुरका विकासविरोधीहरूले १०८ रोपनी जग्गाबारे भ्रम सिर्जना गर्ने काम गरिरहेको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालयको लागि सो जग्गा माग गरिरहेको

**भक्तपुर श्रमिक बचतको साधारणसभा**

# सफाइ मजदुरको मिहिनेतले नगर सफा

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्थाको बाह्रौ साधारणसभा पुस ४ गते सम्पन्न भयो ।




कार्यक्रममा अतिथि बिजुक्छेँले नगरको चौतर्फि विकासको निम्ति सबै कर्मचारीहरूले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निभाउनुपर्छ भन्नुभयो ।

सफाइ मजदुरहरूको मिहिनेतले नै सरसफाइमा भनपा सुपरिचित नगरको रूपमा अगाडि बढिरहेको उहाँले बताउनुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो,'व्यक्तिमा रहेको खराब आचरण र व्यवहारलाई सुधार्न र कमी-कमजोरी सच्याउन आलोचना र आत्मालोचना गर्नु आवश्यक छ ।'

नक्सा पासको प्रक्रियामा भनपाबारे आलोचना बढिरहेको जानकारी गराउनुहुँदै अध्यक्ष रोहितले भन्नुभयो, 'नगर/वडा निरीक्षककै कमजोरीको कारण धेरै गुनासो आइरहेको छ । नगरवासीको गुनासोलाई नगरपालिकाले समयमै निवारण गर्नुपर्छ ।'

नगरपालिकामा कार्यरत कर्मचारीहरूले नगरको निजी घरको नक्सा लेख्न नहुने चर्चा गर्नुहुँदै उहाँले नक्सा पासको महत्त्वबारे जनतालाई बुझ्ने ढङ्गले सम्झाउनुपर्ने र पास भएको नक्साअनुसारमात्र घर बनाउनुपर्छ भनी जानकारी दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भनपाका प्रमुख सुनिल प्रजापतिले सहकारीबाट लिएको ऋणलाई सही ढङ्गमा उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै सहकारीमा कार्यरत कर्मचारीहरूले इमानदारीपूर्वक सेवाभावले काम गर्नुपर्छ भन्नुभयो ।

केही कर्मचारीहरूमा रहेको गलत अनुशासन र व्यवहारको कारण समुच्च नगरपालिकाप्रति नकारात्मक भावना फैलनसक्नेप्रति सचेत गराउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'कर्मचारीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति र घट्नाक्रमबारे जानकारी राख्नुपर्छ । कर्मचारीहरूमा देशभक्तिको भावना हुनैपर्छ ।'

नेपालमा भारतीय विस्तारवाद र एकाधिकार पूँजीको हस्तक्षेप बढिरहेको चर्चा गर्नुहुँदै उहाँले नेपाली भूमि र सीमा अतिक्रमण गरेकोबारे स्पष्ट गर्नुभयो ।

कार्यक्रममा भनपा आर्थिक समितिका संयोजक एवम् वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकला, भनपा कर्मचारी एसोसियसनका अध्यक्ष गौतमप्रसाद लासिवा र संस्थाका सदस्य दिलकृष्ण माकले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा संस्थाका कार्यवाहक अध्यक्ष साहिला वैद्य र व्यवस्थापक रामसुन्दर सुजखूले संस्थाको प्रगति प्रतिवेदन पेश गर्नुभएको थियो ।

---

बताउनुभयो । नपाले पर्यटक लक्षित गरी स्तरीय शौचालय निर्माण गरिरहेको बताउनुहुँदै सरसफाइ अरुको निम्ति नभई आफ्नै निम्ति गर्नुपर्ने र नक्सा पास गरी मौलिक शैलीमा घर निर्माण गर्न उहाँले अनुरोध गर्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का अध्यक्ष युवा तथा खेलकुद समिति संयोजक श्यामकृष्ण खत्रीले घरदैलो नर्सिङ सेवाबाट तथ्याङ्क संकलनमा नसर्ने रोगको जोखिम बढेकोले शारीरिक व्यायमशाला जडान सबै वडामा स्थापना गरी नगरवासीलाई स्वस्थ बनाउने नपाको उदेश्य रहेको बताउनुहुँदै महिलाहरूलाई आत्मनिर्भरताको तालिममा पनि जोड दिइरहेको बताउनुभयो ।

नपली सृजना सेवा समाजका अध्यक्ष राममणि पोखेलले ट्रिप्पर आतंकले स्थानीयलाई समस्या भइरहेको बताउनुहुँदै सृजनानगर क्षेत्रलाई सुन्दर बनाउन नपाको भूमिका रहेको बताउनु भयो ।

आयोजक समितिका सचिव कृष्णप्रसाद दाहालले समाजको आर्थिक प्रतिवेदन प्रस्तु गर्नुभएको थियो ।

कार्यक्रममा नपली सृजनानगर टोल सुधार समितिका सदस्य बिकुलाल बासु, वडा सदस्य सूर्यप्रसाद श्रेष्ठलगायतले पनि बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापतिले ब्याडमिन्टन कोर्टको सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

# सहकारी व्यवस्थापक क्षमता अभिवृद्धि तालिम

भक्तपुर नगरपालिकाको आयोजनामा पुस ४ गते देखि दुई दिने सहकारी व्यवस्थापक क्षमता अभिवृद्धि तालिम सुरु भयो। तालिमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो।

सहकारी व्यवस्थापक क्षमता अभिवृद्धि तालिम उपलब्धीपूर्ण होस् भन्ने शुभेच्छा व्यक्त गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सहकारी संस्थाहरू बैंक तथा वित्तीय संस्थाभन्दा फरक ढंगले अगाडि बढ्नुपर्ने बताउनुभयो। उहाँले जनता र समुदायमा आधारित रहेर संस्थाका सदस्यहरूको हितमा काम गर्न प्रेरित गर्नुहुँदै सिद्धान्तबाट चिप्लिएका संस्थाहरूबाट विकास सम्भव नभएको बताउनुभयो।

विदेशी संघ-संस्थाहरूले तालिमको नाममा करोडौं पैसा खर्चिरहेको तर उपलब्धीपूर्ण नभएको बताउनुहुँदै उहाँले सहकारी संस्थाहरूबीच सिद्धान्त र कामको तालमेल हुनु आवश्यक छ भन्नुभयो।

पैसाको कारोबार हुने संस्थामा भ्रष्टाचार तथा आर्थिक अनियमितता पनि हुनेतर्फ सजग हुनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले आर्थिक पारदर्शिता कायम राखी देशकै नमुना सहकारीको रूपमा विकास गर्नु आवश्यक भएको बताउनुभयो।

आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलाले नगरभित्र रहेका १५६ वटा सहकारी संस्थाहरू अनुगमन गर्ने जिम्मा भक्तपुर नगरपालिकाको रहेको बताउनुहुँदै भक्तपुर नपाभित्रका सहकारी संस्थाहरूलाई व्यवस्थित रूपमा अगाडि बढाउन र व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गर्न नपाले तालिम सञ्चालन गरेको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दीपक कोइरालाले बैंक तथा वित्तीय संस्थाहरूले देशको आर्थिक र गरिबी न्यूनिकरणको क्षेत्रमा खेलिरहेको भूमिकाबारे प्रस्ट पार्नुहुँदै सहकारी संस्थाहरूले जनतालाई बचत गर्ने बानीको विकास गर्न सिकाएको छ भन्नुभयो।

तालिमका प्रशिक्षक तुल्सीहरि प्रजापतिले सहकारी संस्थालाई निश्चित दिशामा सरल ढंगले अगाडि बढाउन र व्यवस्थापकलाई सबलीकरण गर्न तालिमको महत्त्व रहेको बताउनुभयो।

कार्यक्रममा नगरपालिकाका कार्यपालिका सदस्य छोरीमैयाँ सुजखुले पनि बोल्नुभएको थियो। तालिममा भक्तपुर नपाभित्रका २९ वटा सहकारीका व्यवस्थापकहरूले सहभागिता जनाएका थिए।

भक्तपुर नगरपालिकाद्वारा आयोजित सहकारी व्यवस्थापक क्षमता अभिवृद्धि तालिमको समापन पुस ५ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तालिममा सिकेको ज्ञान सही तरिकाले प्रयोग गरी उपलब्धिमूलक बनाउनुपर्ने बताउनुभयो।

उहाँले अहिलेको दुईतिहाइ सरकारले सार्वजनिकभन्दा पनि निजी क्षेत्रलाई बढी जोड दिएका कारण देशमा व्यापार घाटा दिनानुदिन बढिरहेको चर्चा गर्नुहुँदै सहकारीमा सफल व्यवस्थापक बन्न अध्ययनशील हुनुपर्ने बताउनुभयो।

भक्तपुर नपाका आर्थिक समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले सहकारीको मूल्य र मान्यतामा रहेर काम गरेमा सहकारी व्यवस्थित हुने बताउनुभयो। उहाँले सहकारी संस्थाले नाफामात्र होइन गैरसदस्यलाई पनि सामाजिक सेवा दिनुपर्ने बताउनुभयो।




त्यस्तै वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले सहकारीलाई व्यवस्थित गर्न यसअघि पनि विभिन्न तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको दोहोऱ्याउनुभयो।

प्रशिक्षक तुल्सीहरि प्रजापतिले भक्तपुर नपाले सहकारीकर्मीलाई दिएको त्यस किसिमको तालिम प्रशंसनीय रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो। कार्यक्रममा प्रशिक्षार्थीतर्फ शारदा प्रजापति र नारायणप्रसाद त्वानाबासुले आ-आफ्नो तालिमको अनुभव व्यक्त गनुभएको थियो।

# भक्तपुर नगरपालिकाको ७० औं स्थापना दिवस




भक्तपुर नगरपालिकाको स्थापना दिवसको उपलक्ष्यमा मार्गनिर्देशन कार्यक्रम तथा स्थापना दिवसको अवसरमा आयोजित विविध खेलकुद प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम पुस २ गते नगरपालिकाको सभाकक्षमा सम्पन्न भयो । पुस २ गते भक्तपुर नपा ७० औं वर्षमा प्रवेश गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले पुरानो शैलीमा घर निर्माण गर्न नगरवासीहरूलाई उत्साहित गर्नुपर्ने र भवन निर्माण आचारसंहिता विपरीत नक्सा डिजाइन गर्ने इन्जिनियरिहरूलाई कानुनको दायरामा ल्याउनु आवश्यक भएको बताउनुभयो ।

अध्यक्ष रोहितले घर निर्माण र नक्सा पासबारे स्थानीयको गुनासोहरू सम्बोधनको निम्ति भक्तपुर नगरपालिकाले नेपालभाषामै नक्सा पासको महत्त्वबारे जनतालाई सचेत बनाउन आवश्यक भएको बताउनुभयो ।

लामो समयसम्म स्थानीय तहमा जनप्रतिनिधिको अभाव हुँदा सबै काम लथालिंग भएको बताउनुहुँदै अध्यक्ष रोहितले नगरपालिकाले पुरानो मौलिक शैलीको नमुना घर बनाएर जनतालाई त्यसको महत्त्वबारे सुसूचित गर्नु आवश्यक भएको बताउनुभयो ।

मेडिकल काउन्सिल र इन्जिनियरिङ काउन्सिलले निजी कलेज सञ्चालकहरूलाई पक्षपोषण गरिरहेको बताउनुहुँदै उहाँले नगरभित्र टिपर आतङ्क न्यून गर्न नगरको पुरानो क्षेत्रभित्र, विद्यालय क्षेत्र र आवास क्षेत्रहरूमा भारी खालको सवारीसाधन चलाउन नपाइने व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका सचिव एवम् संघीय सांसद प्रेम सुवालले स्थानीय तह स्वायत्त र विकेन्द्रित संस्था भएको बताउनुहुँदै प्रदेश सरकारले स्थानीय तहमा हस्तक्षेप गर्न नहुने बताउनुभयो ।

सांसद सुवालले देशको सन्तुलित विकास नभएकै कारण गुथि जग्गा, खोला, पोखरी र सार्वजनिक जग्गाहरू अतिक्रमणको चपेटामा परेको हो भन्नुभयो । उहाँले प्रदूषण, फोहोर, दुर्घटना, खानेपानी समस्यालगायतका बेथिति पनि सन्तुलित विकास नहुँदा निम्तिएको बताउनुभयो ।

ख्वप विश्वविद्यालयको विधेयक पेश भएको चार वर्ष बित्दा पनि संसदमा अगाडि नबढ्नु आपत्तिको विषय भएको बताउनुहुँदै सांसद सुवालले भक्तपुर नगरको पुरानो क्षेत्र र आवास क्षेत्रमा नगरपालिकाले भारी सवारीसाधन सञ्चालनमा रोक लगाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा १ मा भाज्या पोखरी र सोही वडास्थित दशकौं समयसम्म नेपाली सेनाको नियन्त्रणमा

# चार महिने पाक शिक्षा तालिमका प्रशिक्षार्थीहरूको नगरकोटमा भेटघाट कार्यक्रम

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित चार महिने पाक शिक्षा तालिमका प्रशिक्षार्थीहरूको नगरकोटमा भेटघाट कार्यक्रम तथा होटल प्रयोगात्मक कार्यक्रम पुस ५ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले होटल व्यवसाय संचालनको लागि सामान्य ज्ञानको अभावले पनि व्यवसाय संचालनमा समस्या आउने हुँदा तालिम लिएर व्यवस्थित रूपमा होटल संचालन गर्नु आवश्यक भएको बताउनुभयो ।

उहाँले ठाँउअनुसारको व्यवहार गर्न व्यवहारिक ज्ञानको खाँचो औंल्याउनुहुँदै फरक विशेषताले व्यक्तिको पहिचान बनाउन र आकर्षक बनाउन मद्दत पुऱ्याउने बताउनुभयो ।

प्रमाणपत्रको ज्ञानलाई निखार्न प्रयोगात्मक ज्ञानमै वढी जोड दिनुपर्ने बताउनुहुँदै उहाँले आफ्नो ज्ञानलाई सही प्रयोग गरी असफलताबाट सिकेर सफलता प्राप्त हुने स्पष्ट पार्नुभयो ।

'भक्तपुरको प्रमुख आकर्षण पर्यटन भएको हुँदा संसारकै उत्कृष्ट सम्पदाहरू अवस्थित भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने र भक्तपुरलाई सुरक्षित गन्तव्यस्थान बनाउने प्रयास भनपाले गरिरहेको छ ।' उहाँले भन्नुभयो ।

वडा नं. ३ का अध्यक्ष तथा तालिम समितिका सदस्य राजकृष्ण गोराले नपाले विभिन्न क्षेत्रको तालिम संचालन गरी नगरवासी युवाहरूलाई सीप दिएर आत्मनिर्भर बनाउने र आर्थिक रूपमा सक्षम र सबल बनाउने प्रयास गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुरलाई पर्यटकिय गन्तव्यस्थल बनाउन होटल व्यवसायलाई व्यवस्थित संचालन गरी पर्यटकलाई स्तरीय सेवासुविधा दिन आवश्यक भएको बताउनुहुँदै नयाँ नयाँ ज्ञान र सीप सिक्न प्रेरित गर्नुभयो ।



होटल संचालक बद्री माकले होटल व्यवसाय गर्न हौसला प्रदान गर्नुहुँदै होटल संचालनमा सरसफाइमा ध्यान दिन जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा प्रशिक्षकद्वय श्रीराम विरवल र सुनिल ग्वाछाले प्रशिक्षार्थीहरूले प्रयोगात्मकमा बढी ध्यान दिई आफ्नै व्यवसाय संचालन गर्न उत्प्रेरित गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य तथा तालिमका संयोजक रोशनीमैया सुवालले पनि बोल्नुभएको थियो ।

---

➲➲ रहेको रानीपोखरी निर्माण तीव्रगतिमा भइरहेको अवगत गराउनुहुँदै सिद्धपोखरीको उत्तरतर्फको खेलमैदान पनि सेनासँगको सहमति पछि तारबार लगाई नगरवासीहरूले उपभोग गर्न सुरु भइसकेको बताउनुभयो ।

नगरवासीहरूको खानेपानीको समस्यालाई ध्यानमा राखेर काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग समन्वय गरी नगरका विभिन्न ठाउँमा डीप बोरिङको काम अगाडि बढिरहेको र आकासे पानी संकलन गरी वितरणको तयारी पनि भइरहेको छ - उहाँले भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले समय सापेक्ष ढंगले नगरका हरेक वर्गलक्षित कार्यक्रम/अर्थोपार्जन गर्न सकिने सचेतनाका कार्यक्रमहरूको आवश्यकता औंल्याउनुहुँदै कला र संस्कृतिको नगरलाई ज्ञान र प्रविधि विज्ञानको केन्द्रसहित सुसंस्कृत नगरमा रूपान्तरण गरी सभ्य समाज निर्माण गरी हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले भक्तपुर नपा अन्य स्थानीय तहको लागि मार्गनिर्देशकको रूपमा अगाडि बढिरहेको बताउनुहुँदै नमुना स्थानीय तहको रूपमा विकास भइरहेको बताउनुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानले उपत्यकामा आत्महत्या, चोरी, आर्थिक ठगी, सडक दुर्घटना, यौन हिंसा, लागु औषध दुर्व्यसनीलगायतका घटनाहरू संख्यात्मक रूपमा बढिरहेको जानकारी दिनुहुँदै भक्तपुरमा सम्भावित घटना न्युनीकरणको लागि नगरपालिकाको सीसीटीभी जडान कार्यले गलत प्रवृत्तिमा कमी आएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दीपक कोइराला र नेपाल कर्मचारी एशोसिएसन ईकाइ समिति भक्तपुरका अध्यक्ष गौतमप्रसाद लासिवाले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले नपाको स्थापना दिवसको अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयी जनप्रतिनिधि र विशेष अतिथि प्रेम सुवालले विजयी कर्मचारी खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

**मन्तव्य**

# 'भक्तपुर पूरै सम्पदा शहर'– प्रमुख सुनिल प्रजापति

भक्तपुर नगरपालिकाको ७० औं स्थापना दिवस यहाँहरूको बीच मनाउन पाउँदा हामी अत्यन्त खुशी छौं । स्थापना दिवसको अवसरमा आयोजित विभिन्न खेलकुद कार्यक्रमहरूमा विजयी सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक बधाई तथा खेलमा सहभागी सबैलाई धन्यवाद दिन चाहन्छु ।

## सम्पदा शहर

सांस्कृतिक र ऐतिहासिक नगर भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्रको रूपमा विकास गर्ने उद्देश्यले हामी जनप्रतिनिधिहरू जनताबीच काम गर्दैछौं । मूर्त र अमूर्त सम्पदाहरूले भरिएको यस नगरको महत्त्व दिन प्रतिदिन बढ्दैछ । विश्व सम्पदा सूचीमा सूचीकृत दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्र मात्रै होइन प्राचीन शहर भक्तपुर पूरै सम्पदा शहर हो । यसको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ । हाम्रा हरेक गतिविधि खुला पुस्तकसरह सार्वजनिक गर्दै आएका छौं ।




eQmk/ gu/kflnsf k|d'V ;lgn kh|fklt

## कानुनको पालना

भक्तपुर नगरपालिकामा हामी निर्वाचित भएको २ वर्ष ६ महिना पूरा भयो । समयको हिसाबले पदावधिको ५० प्रतिशत व्यतित भइसकेको छ । १५ वर्षसम्म जनप्रतिनिधिविहीन अवस्थापछि निर्वाचित भएर आउँदा जनताले धेरै आशा गर्नु स्वाभाविक थियो । निर्वाचनको बेला जनताबीच घोषणापत्रको माध्यमबाट प्रतिबद्धता व्यक्त गरेका कार्यहरू पूरा गर्न निरन्तर जनतालाई केन्द्रविन्दुमा राखेर काम गर्दैछौं । ऐन–नियमको परिधिभित्रै बसेर काम गर्नुपर्ने बाध्यता हामीसँग छ । कानुन परिपालनाको सिलसिलामा जनभावनाअनुसार छिटो छरिटो काम सम्पन्न गर्न नसक्दा कहिलेकाहीं आलोचनाको भागी बन्नुपरेको तीतो अनुभव पनि ताजै छ ।

संविधान र कानुनले स्थानीय तहलाई कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको अधिकार दिएको छ । संविधानले निर्दिष्ट गरेका विषयहरूमा ऐन–नियम बनाई कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्राप्त छ । भक्तपुर नगरपालिकाले आवश्यकताअनुसार ऐन, नियमावली, विनियम र कार्यविधिहरू बनाइ लागु गर्दै आएको छ । ऐन–कानुनले समाजलाई व्यवस्थित रूपमा अगाडि बढाउन मद्दत पुऱ्याउँछ । तर कतिपय विद्यालय, सहकारी र संघ–संस्थाहरू नगरपालिकाको ऐनभित्र बसेर काम गर्न आनाकानी गर्दैछन् । कानुनको पालना बाध्यकारी हुन्छ । हामी नगरभित्र नगरपालिकाको ऐन, कानुनहरू अक्षरशः पालना गर्न गराउन दृढताका साथ लाग्दैछौं ।

## आर्थिक

आ.व. २०७६/७७ को लागि पाँचौं नगरसभाले रु. २ अर्ब १३ करोड १० लाखको बजेट पारित गरेको थियो । त्यस बजेटको सीमाभित्र रहेर नगरपालिकाले विभिन्न कामहरू गर्दै आएको छ ।

आर्थिक वर्ष २०७६/७७ को मंसिर मसान्तसम्म चालु रु. ३०,२४,००,०००।– र पूँजीगत रु. ८,३०,००,०००।– गरी जम्मा रु. ३८,५४,००,०००।– मात्र खर्च भइसकेको छ ।

यस आर्थिक वर्ष २०७६/७७ को साउनदेखि मंसिर मसान्तसम्ममा कूल आन्तरिक आय रु. १७,४१,२९,८०७।– जम्मा हुन आएको छ । गत आर्थिक वर्ष २०७५/७६ मा सोही अवधिमा रु. १७,५४,४९,५१३।– आन्तरिक आय असुल भएको थियो । गत आ.व. को तुलनामा यस आ.व. मा आन्तरिक आयमा रु. १३,१९,७०६।– ले कमी भएकोमा पर्यटक आवागमनमा केही कमी भएका कारण पर्यटन शुल्कमा रु. २०,७१,२८५।– ले कमी आए पनि गैरपर्यटन राजश्वमा यस अवधिमा रु. ७,५१,५७९।– ले वृद्धि भएको छ ।

## पर्यटक

आर्थिक वर्ष २०७५/७६ साउनदेखि पुससम्ममा गैरसार्क पर्यटक ६९, २७८ जना र सार्क/चिनियाँ पर्यटक ४५,८६७ जना गरी जम्मा १, १५,१४५ जना पर्यटकहरूले भक्तपुर नगर अवलोकन गरेका थिए भने आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा गैर सार्क पर्यटक ६६, ८६० जना र सार्क/चिनियाँ

पर्यटक ४७,२८० जना गरी जम्मा १,१४,१४० जना पर्यटकहरूले अवलोकन गरेका छन् । यस अवधिमा गत आ.व. को तुलनामा १००५ जना पर्यटकहरू न्यून देखिएको छ ।

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गर्दै २० लाख पर्यटक भित्र्याउने योजना सार्वजनिक गरेकोछ । भक्तपुर नगरपालिकाले भ्रमण वर्षलाई नै ध्यानमा राखेर चैत ४ देखि ८ गतेसम्म भक्तपुर महोत्सव गर्ने निर्णय गऱ्यो भने पर्यटकहरूको सुविधाको लागि नगरका महत्त्वपूर्ण स्थानहरूमा शौचालय निर्माण, सूचना केन्द्र, नगरको मूल सडकमा ढुंगा छपाइ, सम्पदास्थलहरूमा बत्तीको व्यवस्था, सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण जस्ता कामहरू गर्दैछ ।

## शिक्षा-स्वास्थ्य

६ वटा शिशुस्याहार, ६ वटा कलेज र १ वटा मावि सञ्चालन गर्दै आएको भक्तपुर नगरपालिकाले भविष्यमा आइपर्ने जनशक्तिको आवश्यकतालाई ध्यानमा राखेर इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा र संस्कृति पढ्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । यस वर्षदेखि कानुन र चित्रकला विषयको अध्यापन सुरु भएको छ । गरिबीको कारण उच्च शिक्षा हासिल गर्नबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले रु. ५ लाखसम्म शैक्षिक ऋण दिने व्यवस्था पनि गरेको छ । यो आर्थिक वर्षमा १०० जनाभन्दा बढीले उच्च शिक्षा पढ्न ऋण लिन निवेदन दर्ता गरेका छन् ।

जनताको स्वास्थ्यलाई ध्यानमा राख्दै नगरपालिकाले समय-समयमा पाठेघर, आँखा, आयुर्वेदिक वा वैकल्पिक चिकित्साको स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको छ । क्यान्सर, मृगौला रोग, मस्तिष्कघात, मुटु रोगजस्ता नसर्ने प्राणघातक रोगहरू नगरवासीहरूमा बढ्न थालेको पाइन्छ । नगरपालिकाले त्यस्ता रोग लागेका व्यक्तिलाई दश हजार (रु. १०,०००।-) का दरले आर्थिक सहयोग दिँदै आएको छ । यो आर्थिक वर्षको ५ महिनाको अवधिमा ८० जनाले आर्थिक सहयोग प्राप्त गरिसकेका छन् । घरदैलो नर्सिङ सेवालाई निरन्तरता दिँदै जनताको बढी सेवा गर्ने उद्देश्यले ख्वप अस्पताल निर्माणको थालनी गरेको छ । नेपालमै पहिलोपटक दम खोकीका बिरामीका लागि थेरापीबाट निको पार्ने छाती पुनःस्थापना केन्द्र भक्तपुरमा स्थापना गर्दैछौं । हाल चिकित्सकहरूको तालिम चलिरहेको छ ।

## पुनःनिर्माण-जीर्णोद्धार

२०७२ सालको भूकम्पले ११५ भन्दा बढी सम्पदामा क्षति पुऱ्याएकोमा हालसम्म ९१ वटा सम्पदा पुनःनिर्माण सम्पन्न भइसकेको छ भने डेढ दर्जनभन्दा बढी सम्पदाहरू निर्माणाधीन अवस्थामा छन् । हामीले विदेशीको सहयोगविना मौलिक शैलीमा उपभोक्ता समितिमार्फत सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार गर्दै आएका छौं । मौलिक शैलीमा सम्पदा पुनःनिर्माणको निम्ति आवश्यक जनशक्ति तयार गर्न डकर्मी, सिकर्मीलगायतको तालिम पनि दिँदैछौं ।

भक्तपुर नगरपालिका वडा नं. ५ टौमढीस्थित भैरवनाथ मन्दिर जीर्णोद्धारको लागि रु. १ करोड ४६ लाख लगत इस्टिमेट भएकोमा उपभोक्ता समितिमार्फत काम गराउँदा करिब ५५ लाखमै सम्पन्न भयो । ५ लाखभन्दा बढी आर्थिक सहयोग संकलन भयो भने अब प्रसिद्ध ५ तले मन्दिर जीर्णोद्धार गर्दैछौं ।

आर्थिक र प्राविधिक कारणले अझै पनि केही महत्त्वपूर्ण सम्पदाहरूको पुनःनिर्माण अगाडि बढ्न सकेको छैन । दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय भवन र लाल बैठकसहितको न्हयकं झ्य दरबार पुनःनिर्माणको काम बाँकी नै छ । पुरातत्त्व विभागले त्यो दरबार मल्लकालीन र राणाकालीन गरी फरक फरक डिजाइनमा निर्माण गर्न खोजेकोमा नगरपालिकाले पुराना ऐतिहासिक दस्तावेजहरूको प्रमाणको आधारमा मल्लकालीन शैलीमै निर्माण गर्नुपर्नेमा जोड दियो र मिति २०७५/४/८ गते भक्तपुर नपा, संस्कृति मन्त्रालय र पुरातत्त्व विभागको संयुक्त बैठकले उक्त दरबार भनपाको अगुवाईमा मल्लकालीन शैलीमै उपभोक्ता समितिमार्फत बनाउने निर्णय गऱ्यो । तर हालसम्म त्यो कार्यान्वयनमा आउन सकेको छैन । पहिले नगरपालिका रहेको भवन, भूमिसुधार रहेको भवन यो आर्थिक वर्षमा निर्माणको तयारी गर्दैछौं भने दत्तात्रयस्थित पुजारी मठ निर्माण गर्न बाँकी नै छ ।

नगर प्रवेश गर्ने हनुमन्ते खोलामा पुल निर्माण कार्यलाई पनि जोड दिँदै छौं । पुरानो पुल जीर्ण भएको हुँदा भनपा ५ र ७ को सिमानामा रहेको गय् भिंद्यो पुल निर्माण अन्तिम चरणमा पुगेको छ भने भनपा ७ हनुमन्ते स्थित हनुमन्ते पुल (छिपा ताँ) निर्माण कार्य प्रारम्भ भएको छ ।

भनपा १ मा भाज्या पोखरी र सोही वडास्थित दशकौं समयसम्म नेपाली सेनाको नियन्त्रणमा रहेको रानीपोखरी निर्माण तीव्रगतिमा भइरहेको छ । सिद्धपोखरीको उत्तरतर्फको खेलमैदान पनि सेनासँगको सहमति पछि तारबार लगाई नगरवासीहरूले उपभोग गर्न सुरु गरेको छ ।

## सीपमूलक तालिम

युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्न चिनियाँ भाषा, जापानी भाषा, पाक शिक्षा, फोटोग्राफी, रेडियो प्रस्तोता, पथ प्रदर्शकलगायत विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएका छौं भने किसानहरूलाई लक्षित गरी माटो परीक्षण, किटनाषक औषधिको प्रयोग, बेमौसमी तरकारी खेती, पाँच महिने कृषि प्राविधिक तालिम पनि सम्पन्न गऱ्यौं । यसबाट

महिला, युवा र किसानहरू लाभान्वित भए।

## खेलकुद

युवा र विद्यार्थीहरूलाई खेलकुदमा सक्रिय बनाउन समय-समयमा अन्तरविद्यालय खेलकुद प्रतियोगिता, अन्तरनगर खेलकुद प्रतियोगितालगायतका गतिविधिहरू सञ्चालन गर्दैछौं। २०७६ कार्तिक १७-२३ गतेसम्म भएको अन्तरविद्यालय खेलकुद प्रतियोगितामा ७२ विद्यालयका २१०० खेलाडीहरूले प्रतियोगितामा सहभागिता जनाए। यही वर्ष फागुनको पहिलो हप्ता अन्तरनगर एथ्लेटिक्स प्रतियोगिताको तयारी गर्दैछौं। नगरभित्र कुनै संघ-संस्थाले कुनै पनि खेल प्रतियोगिता गरेमा खेलकुद नीतिअनुसार आर्थिक सहयोगको व्यवस्था मिलाएका छौं।

सबै उमेर समूहको लागि प्रत्येक वडामा शारीरिक व्यायाम गर्न व्यायामशालाको बन्दोबस्त गर्दैछौं र कलेजहरूमा पनि राख्ने तयारी गर्दैछौं।

## क्यान्सर अस्पताल

भक्तपुर क्यान्सर अस्पतालभित्र व्यवस्थापन समितिका सदस्यहरूले अस्पताल हाताभित्र निजी एक्सरे, औषधि पसल, प्रयोगशाला राख्न दिइ मासिक रूपमा लाखौं आर्थिक अनियमितता गरिरहेको, र कर्मचारीहरूलाई श्रम शोषण गरिरहेको व्यापक प्रचारमा आएको तथा अस्पतालका चिकित्सक, नर्स र कर्मचारीहरूले आर्थिक अनियमितताको छानबिन गरी नगरपालिकाले व्यवस्थापन हेर्न आग्रह गरेपछि २०७६ साउन ३० गते नगर प्रमुखको अध्यक्षतामा क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन गरी अगाडि बढेको छ। पुरानो व्यवस्थापन समितिका सदस्यहरूले सर्वोच्च अदालतमा रित दायर गरेको हुँदा हाल मुद्दा अदालतमा विचाराधीन छ।

## अनुदान

भक्तपुर नगरपालिकाले नगरको मौलिक स्वरूपलाई कायमै राख्न पुरानो शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई काठ, ईंटा र झिँगटीमा लाग्ने खर्चको ३५ प्रतिशत अनुदानलाई चालु राखेको छ।

## कला-संस्कृति

कला र संस्कृति क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्दै आएको छ। परम्परागत संस्कृति नयाँ पुस्तालाई हस्तान्तरण गर्न भक्तपुर नपाले प्रशिक्षणलाई जोड दिँदैछ। यसक्रममा संस्कृति संरक्षणका लागि निरन्तर लाग्नुभएका सांस्कृतिक गुरुहरूको पनि प्रत्येक वर्ष सम्मान गर्दै आएका छौं।

## आवास योजना

नयाँ बस्ती विकासको अवधारणाअनुसार नगरको उत्तरी क्षेत्रमा देको-मिवा-इटापाके आवास योजना १६५३ रोपनीमा सञ्चालनमा छ भने तुमचो दुगुरे चोखा आवास योजना अन्तिम चरणमा पुगेको छ।

## सफाइ र अनुगमन

नगरको सफाइको निम्ति १५९ जना कर्मचारीहरू खटिरहेका छन् भने फरक-फरक दिनमा कुहिने र नकुहिने फोहर ट्राइसाइकलबाट संकलनको व्यवस्था मिलाएका छौं।

जनताको स्वास्थ्यलाई ध्यानमा राखेर बजारमा बिक्री गर्ने खाद्य र अखाद्य वस्तु, मासु पसल, औषधि पसल जस्ता संवेदनशील ठाउँहरूमा बराबर अनुगमन गर्दैछौं।

## छुट

भूकम्प पीडितहरूको घर निर्माणको लागि नगरपालिकाले माटो जोडाइमा १०० प्रतिशत र सिमेन्ट जोडाइमा ५० प्रतिशत छुटलाई निरन्तरता दिँदै आएको छ। भूकम्पबाट ८००० भन्दा बढी निजी घरहरू भत्केकोमा ६८८८ लाभग्राही सूचीमा दर्ता भएको थियो भने हालसम्म ५६३७ पहिलो किस्ता लिने र दोस्रो किस्ता लिने १६५१ र तेस्रो किस्ता लिनेको सङ्ख्या १५७२ रहेका छन्। पुन:निर्माण प्राधिकरणले दोस्रो किस्ता २०७७ साल वैशाख मसान्तभित्र र तेस्रो किस्ता असार मसान्तसम्म लिइ सक्नुपर्ने सूचना दिएको छ। भूकम्प पीडितहरूको लागि दोस्रो र तेस्रो किस्ता एकमुष्ट दिनुपर्ने र अनुदान रकम वृद्धि गर्नुपर्नेमा जोड दिँदै आएका छौं।

## खानेपानी र हरियाली

नगरवासीहरूको खानेपानीको समस्यालाई ध्यानमा राखेर काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग समन्वय गरी नगरका विभिन्न ठाउँमा डीप बोरिङको काम हुँदैछ। आकासे पानी संकलनलाई पनि जोड दिँदैछौं।

नगरमा हरियाली प्रवर्द्धनको लागि सडक किनारामा रुखहरू रोप्ने, दरबार क्षेत्र र टौमढी क्षेत्रजस्ता सम्पदास्थलहरूमा विभिन्न जातको फूलहरूसहितको गमला राख्ने तथा ठाउँ ठाउँमा स्तरीय शौचालय निर्माणको क्रम चालु छ।

भक्तपुरको जनजीवन र संस्कृति झल्किने सङ्ग्रहालय निर्माणमा पनि नगरपालिका जुटिरहेको छ।

**आदरणीय मित्रहरू,**

भक्तपुर शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खेलकुदलगायतको क्षेत्रमा नमुना बन्दै गइरहेको छ। हामीले गरेका हरेक काम देशभरका जनताले हेरिरहेका छन्। यस्तो अवस्थामा हामीले अझै जिम्मेवार भएर काम गर्नुपर्ने आवश्यकता छ। जनता, जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त प्रयासले थप सफलताहरू हासिल हुँदै जाने हाम्रो विश्वास छ।

*(भक्तपुर नपाको ७० औं स्थापना दिवसमा पुस २ गते आयोजित कार्यक्रममा प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य, उपशीर्षक हामीले दिएको छौं-'भक्तपुर')*

# भक्तपुर नगरपालिकाको ७० औं वार्षिकोत्सवमा खेलकुद प्रतियोगिता

भक्तपुर नगरपालिकाको ७० औं स्थापना दिवस (पुस २ गते) को असवरमा जनप्रतिनिधि र कर्मचारीबीच आयोजित विभिन्न (कसिमला पाँय, टेबलटेनिस, टग अफ वार, एथ्लेटिक्स) खेलकुद प्रतियोगिताको पुस १ गते प्रमुख सुनिल प्रजापतिले उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले खेलकुदलाई हारजितभन्दा पनि मित्रता र अनुशासनको आधारमा खेलिनु पर्ने बताउनुभयो ।

प्रत्येक वर्ष नगरपालिका स्थापना दिवसको अवसरमा जनप्रतिनिधि र कर्मचारीबीच बेग्लाबेग्लै खेल प्रतियोगिता आयोजना गरिएको स्मरण गर्नुहुँदै प्रमुख प्रजापतिले नगरवासी नयाँ पुस्तालाई विभिन्न खेलको नियमित प्रशिक्षण दिँदै आएको र वडा–वडामा व्यवस्थित व्यायामस्थल स्थापना गरी सबै उमेर समूहका जनतालाई शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउने प्रयासहरू भइरहेको छ भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले खेल जीवनको अभिन्न अङ्ग भएको र खेलले मावन जीवनलाई फूर्तिलो बनाइराख्न मद्दत पुऱ्याउने हुँदा खेलकुदमा सक्रियता



आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले सार्वजनिक सेवा प्रवाहमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरू शारीरिक रूपमा पनि स्वस्थ र तन्दुरुस्त हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले पनि बोल्नुभएको थियो ।









संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको भेला

# विद्यार्थीलाई देशभक्त बनाउने विद्यालय सफल

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाभित्रका संस्थागत विद्यालयहरूका प्रधानाध्यापकहरूको भेला नगरपालिकाको सभाकक्षमा मंसिर २९ गते सम्पन्न भयो ।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षाको गुणस्तरले देशको विकास पनि तीव्रगतिमा अगाडि बढ्ने बताउनुहुँदै कुनै पनि ऐन–नियमहरू



समाजकेन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल सरकारले शिक्षा क्षेत्रमा छुट्याएको बजेट अपुग भएको बताउनुहुँदै प्रमुख प्रजापतिले शिक्षा क्षेत्रमा भइरहेको व्यापारीकरणका कारण गरिब जनतालाई शिक्षा आर्जन गर्न बाधा पुगिरहेको छ भन्नुभयो ।

सामुदायिक विद्यालयको स्तर राम्रो भए निजी विद्यालयमा स्वतः विद्यार्थीको चाप कम हुँदै जाने बताउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो – 'विद्यार्थीहरूलाई देशभक्त बनाउन सके विद्यालय सफल रहेको ठहर्छ ।'

वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले माध्यमिक विद्यालय तहका विद्यार्थीहरूमा नैतिक शिक्षाको खाँचो औंल्याउनुहुँदै विद्यालयहरूले सामाजिक दायित्व बहन गरी सामाजिक सूचनाहरू टाँस गर्न आह्वान गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा शिक्षा शाखाका उपसचिव हरिप्रसाद निरौलाले नगरपालिकाको शिक्षा भनेको सामुदायिक र संस्थागत विद्यालयहरूको प्रतिबिम्ब भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाको शिक्षाबारे राष्ट्रियस्तरबाटै चर्चा हुन थाल्नु सकारात्मक भएको बताउनुभयो ।

कार्यक्रममा प्याब्सनका तर्फबाट रमेशचन्द्र श्रेष्ठ, एनप्याब्सनका तर्फबाट पुण्यराम कवां, इसानका तर्फबाट पुरुषोत्तम ग्वाछाले पनि आ–आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगर शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्यले शैक्षिक वर्ष २०७६ मा नगर शिक्षा शाखाबाट सम्पन्न कार्य विवरण, भावी योजना, सूचनाहरू र विद्यालयले बुझाउनुपर्ने प्रतिवेदनहरू प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नवनियुक्त उपसचिव हरिप्रसाद निरौलालाई संस्थागत विद्यालयहरूको तर्फबाट स्वागत गरियो ।

# प्याब्सन भक्तपुर नगरको पहिलो अधिवेशन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पासनमा दीप प्रज्ज्वलन गरी निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (PABSON) भक्तपुर नगरको पहिलो ऐतिहासिक नगर अधिवेशनको मंसिर २८ गते उद्घाटन गर्नुभयो ।

उहाँले भक्तपुरको शैक्षिक विकासमा प्याब्सनको महत्त्वपूर्ण भूमिका रहेको बताउनुहुँदै सामुदायिक विद्यालय राम्रो नभएसम्म संस्थागत विद्यालयको औचित्य रहिरहने बताउनुभयो ।

उहाँले सरकारले शिक्षामा बजेट बढाउनुको साटो घटाउँदै लगेकोमा विरोध गर्नुहुँदै भक्तपुर नपाले स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेर सामुदायिक र संस्थागत विद्यालयबीचको भेद हटाउन संयुक्त रूपमा खेलकुद, साहित्य वाचन प्रतियोगिताको आयोजना र सबै विद्यालयमा स्थानीय पाठ्यक्रम लागु गरिसकेको बताउनुभयो । उहाँले देशमा संघियता भए पनि केन्द्रको हस्तक्षेप बढेको बताउनुहुँदै जिल्ला शिक्षा समन्वय एकाई बनाई केन्द्रले शिक्षक करारमा नियुक्त गर्न खोजेकोमा आपत्ति जनाउनुभयो ।

प्रमुख प्रजापतिले नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतमा गाभ्दै नयाँ नक्सा निकालेकोबारे कूटनैतिक पहलभन्दा अन्तर्राष्ट्रिय अदालतमा लानुपर्नेमा जोड दिनुहुँदै विद्यार्थीहरूमा देशभक्ति भावनाको विकास गर्नुपर्ने बताउनुभयो । उहाँले सरकारले स्वीकृति दिएको खण्डमा मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय स्थापना गर्ने नगरपालिकाको योजना रहेको बताउनुभयो ।




प्याब्सन नगर समितिको आयोजनामा सम्पन्न प्रचलित लिपी र रञ्जना लिपीमा सहभागी शिक्षिकाहरूलाई प्रमाणपत्र सम्बन्धित विद्यालयक प्रधानाध्यापकलाई प्रदान गर्नुभयो ।

प्याब्सन भक्तपुर जिल्ला समितिका अध्यक्ष चन्द्र अधिकारीले देशको शिक्षा नीति स्पष्ट हुनुपर्ने बताउनुभयो ।

एन प्याब्सनका अध्यक्ष पुण्यराम कवांले नगरपालिकाको हरेक गतिविधिमा संस्थागत विद्यालयहरूसँग समन्वय गर्दै अगाडि बढिरहेको बताउनुभयो । प्याब्सन भक्तपुरका सल्लाहकार भक्त राजभण्डारीले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न भनपाको अगुवाई आवश्यक भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रमेशचन्द्र श्रेष्ठको सभापतित्वमा भएको सो कार्यक्रममा सचिव विजय कर्माचार्यले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने चण्डिका कायस्थलगायतले पनि बोल्नुभएको थियो ।

## स्वयम सेविका दिवसमा आयोजित भेला



# आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा शिविर

जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र तथा समन्वयकर्ता भनपा ४ वडा स्वास्थ्य समितिको आयोजनामा मंसिर २८ गते आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा शिविर सम्पन्न भयो।




स्थानीय तारा मा.वि.मा भएको उक्त शिविरमा प्रमुख अतिथि एवं भनपाका प्रमुख मेयर सुनिल प्रजापतिले समय समयमा सञ्चालन हुँदै आइरहेको स्वास्थ्य शिविरबाट जनतालाई विभिन्न रोगबारे चेतना प्रदान गर्नुका साथै स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

उहाँले नगरवासीहरूको सुस्वास्थ्यका लागि भनपाले चोक चोकमा व्यायामशालाहरूको व्यवस्था गरेको बताउनुहुँदै सुसंस्कृत समाजको निम्ति स्वस्थ नागरिकले मात्र महत्त्वपूर्ण योगदान दिन सक्ने विचार राख्नुभयो।

विशिष्ट अतिथि एवं नरदेवी चिकित्सालयका प्रमुख प्रदिप केसीले आयुर्वेदिक औषधीको उपयोगिताबारे बताउनुहुँदै स्वास्थ्यबारे बेलैमा सचेत नहुँदा सामान्य रोगबाट पनि मानिसको ज्यान जाने हुनाले स्वास्थ्य जाँचलाई निरन्तरता दिनुपर्छ भन्नुभयो।

भनपा ४ नं वडाका वडाध्यक्ष कुमार चवालले नियमित स्वास्थ्य परीक्षण र औषधी सेवनले स्वस्थ र दीर्घायु जीवन बाँच्न सकिने बताउनुहुँदै खानपिनमा विशेष ध्यान दिनुपर्ने आवश्यकताबारे प्रकाश पार्नुभयो।

जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र भक्तपुरका डा. नदन कँडेलको सभापतित्वमा भएको शिविर उद्घाटन कार्यक्रममा केन्द्रका रामकुमार रायमाझी, रुमाकुमारी झा, स्वास्थ्य समिति संयोजक कृष्णलक्ष्मी दुवाल, सल्लाहकार उपेन्द्र सुवाललगायतले शिविरको सञ्चालनको महत्त्व र आवश्यकताबारे बोल्नुभयो।



नि:शुल्क औषधि वितरणसमेत गरिएको उक्त स्वास्थ्य शिविरमा ४ सय ३३ जना वडावासीले स्वास्थ्य परीक्षण गराएका थिए।

# राष्ट्रियसभा सदस्यको चुनाव

राष्ट्रियसभाका फागुन २० गते रिक्त हुने १८ सदस्य पदको लागि माघ ९ गते निर्वाचन गर्ने मिति तोकिएको छ। त्यसको लागि निर्वाचन आयोगले पुस ६ गते सम्ममा दल दर्ता गर्न आह्वान गरेको थियो।

संवैधानिक व्यवस्थाअनुसार राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि हरेक दुई वर्षमा समाप्त हुन्छ। पद रिक्त हुनु ३५ दिन अगावै निर्वाचन गरिसक्नु पर्ने संवैधानिक व्यवस्था छ।

आगामी फागुनमा नेकपाका आठ जना, नेकाका सात जना, राजपाका दुईजना, समाजवादीका एकजना र राष्ट्रपतिबाट मनोनितएक जना (अर्थमन्त्री डा.युवराज खतिवडा) को पदावधि सकिन्दैछ।

निर्वाचन आयोगकाअनुसार हरेक प्रदेशबाट एक-एक गरी सात जना महिला, अन्यतर्फ सात जना, दलितबाट दुईजना, अल्पसङ्ख्यक र अपाङ्गता भएकाहरूबाट दुई जना गरी १८ जना प्रत्यक्ष निर्वाचनबाट र एक जना राष्ट्रपतिबाट मनोनित भई रिक्त सदस्य पूर्ति हुनेछन्।

इन्जिनियरिङ कलेजहरूको वार्षिकोत्सव

# अर्थतन्त्रमा स्वतन्त्र नभएको देश राजनीतिक रूपमा पनि स्वतन्त्र नहुने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले मंसिर २० गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको १८ औं र ख्वप कलेज अफ इन्जिनियरिङको ११ औं वार्षिकोत्सव एवम् शैक्षिक प्रदर्शनीको उद्घाटन गर्नुभयो ।

प्रमुख अतिथि बिजुक्छैँले जनताको राजनीतिक चेतनास्तर खस्किँदै गएकोमा चिन्ता व्यक्त गर्नुहुँदै चुनावको समयमा राजनैतिक शिक्षा बाँड्नुको सट्टा झुटो आश्वासन र पैसाको लोभ देखाएर मतदाताहरूलाई झुक्याउने काम शासक दलहरूबाटै भइरहेको बताउनुभयो ।

अर्थतन्त्रमा स्वतन्त्र नभएको देश राजनीतिक रूपमा पनि स्वतन्त्र नहुने विचार राख्नुहुँदै नेता बिजुक्छैँले पैसा खर्च गरी चुनाव जित्नुको कुनै औचित्य नहुने बताउनुभयो ।

लिम्पियाधुरा, लिपुलेक र कालापानीको विवाद नेपाल र भारतबीचको कुटनीतिक संवादबाट मात्र समाधान हुन नसक्ने भन्नुहुँदै अध्यक्ष बिजुक्छैँले नेपाली भूमि अतिक्रमणको मुद्दालाई अब नेपाल सरकारले अन्तर्राष्ट्रिय अदालतमा उठाउनुपर्ने धारणा राख्नुभयो ।

समाजवादी देश क्युवाको शिक्षा र स्वास्थ्य क्षेत्रबाट नेपालले सिक्न सक्ने धेरै कुराहरूको भएको औंल्याउनुहुँदै अध्यक्ष बिजुक्छैँले देशको हितविपरीतका ऐन–कानुनहरू नबदलेसम्म देशको विकास सम्भव नभएको बताउनुभयो ।

इतिहास र भूगोल पढ्ने विद्यार्थीको अभावलाई पूर्ति गर्न सरकारले ती विषयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति




gd]lskf cWolf lahS5}+flif{sf];j/zl{fs kbz{gLsf]pb\3f6g ug{b}



k|d'v cltlynufot z}lIfs kbz{gLsf] cjnf]sg ug{b}

आधारित शिक्षामा जोड दिइरहनुका साथै भक्तपुरको शैक्षिक उन्नति र विकासको निम्ति सकारात्मक भूमिका निर्वाह गरिरहेको बताउनुभयो ।

नेपाल इन्जिनियरिङ परिषद्का उपाध्यक्ष अर्नराज सिलवालले इन्जिनियरिङ पेशालाई मर्यादित बनाउन इन्जिनियरिङ कलेजहरूको व्यवस्थापन, भौतिक पूर्वाधार र शिक्षा नीतिले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले इन्जिनियरिङ शिक्षा दिने पद्धतिमा परिवर्तनको खाँचो औंल्याउनुहुँदै इन्जिनियरहरू आफ्नो कार्यक्षेत्र आफै बनाउन सक्षम हुने बताउनुभयो ।

इन्जिनियरिङ अध्ययन संस्थान, प्रदान गरी सहज अध्ययन गर्ने व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमका सभापति कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित कलेजहरू अनुसन्धानको केन्द्रको रूपमा विकास गरी कलेजहरूलाई विश्वविद्यालयको रूपमा अगाडि बढाउन प्राध्यापकहरूलाई उत्साहित गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरवासी जनताले तिरेको कर र आन्तरिक स्रोतबाट स्थापना भएको ख्वप इन्जिनियरिङ कलेजले देशभरका विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्रदान गरिरहेको छ – प्रमुख प्रजापतिले भन्नुभयो ।

प्रदेश नं. ३ प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू स्थापनाको समयमा नेमकिपाका अग्रज कार्यकर्ताहरूले खेलेको भूमिकाबारे प्रस्ट पार्नुहुँदै राजनीतिप्रति बौद्धिक व्यक्तिको उदासिनताकै कारण आज खराब र कलंकित व्यक्तिहरू निर्वाचित हुँदै आएको बताउनुभयो ।

पक्षपात, भागबण्डा र स्वार्थ मनोवृत्तिका कारण समाज अगाडि बढ्न बाधा पुगेको छ भन्नुहुँदै सांसद गोसाईले युवा पुस्तालाई देश र विश्वको मानचित्र बुझ्ने ढंगले शिक्षा प्रदान गर्नु आजको आवश्यकता भएको औंल्याउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले ख्वप सर्कलअन्तर्गतका कलेजहरूले गुणस्तरीय र अनुसन्धानमा

परीक्षा सहायक डीन प्रा.डा. ज्ञानबहादुर थापाले विद्यार्थीसँग भएको अनुशासन र लगनशीलताले प्राप्त गरेको शैक्षिक योग्यता प्रदर्शन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै इन्जिनियरिङ अध्ययन संस्थानले विद्यार्थीहरूको हकहितको लागि सधैं सहयोगी भूमिका खेलिरहेको छ भन्नुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानले कुनै पनि कुरा सिकेर त्यसलाई सकारात्मक सदुपयोग गर्नेतर्फ विद्यार्थीहरू अग्रसर हुनुपर्ने र आफ्नो शैक्षिक योग्यतालाई अनुशासित ढंगले प्रदर्शन गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै स्थानीय तहबाट स्थापना भएको देशको पहिलो इन्जिनियरिङ कलेजले सस्तोमा उत्कृष्ट इन्जिनियरिङ शिक्षा प्रदान गर्दै आएको छ भन्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले कलेजको वार्षिकोत्सव समारोहमा आयोजित रोबोटिक, ओराटोरी र फुटबल प्रतियोगिताका विजयी खेलाडी तथा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा १० वर्ष अवधि पूरा गरेका शिक्षक तथा कर्मचारीलाई मेडल तथा सम्मानपत्र प्रदान गर्नुभयो ।

वार्षिकोत्सवकै अवसरमा कलेजले 'नेशनल ग्राजुएट कन्फरेन्स अन आर्किटेक्चर' विषयमा सम्मेलन गरेको छ भने अतिथि बिजुक्छेँले विभिन्न विषयको शैक्षिक प्रदर्शनीको उद्घाटन गर्नुभयो । उक्त प्रदर्शनी दुई दिन चलेको थियो ।

# ‘ख्वपमा छोराछोरी भर्ना गर्न ताकेता गर्ने सांसद र मन्त्रीले कोटा थप्न मान्दैनन्’




ख्वप इन्जिनियरिङ कलेजको अठारौँ र ख्वप कलेज अफ इन्जिनियरिङको एघारौँ वार्षिक कार्यक्रम तथा शैक्षिक प्रदर्शनी मंसिर २१ गते सम्पन्न भयो । समापन कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले कलेजबाट उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभयो ।

कार्यक्रममा सांसद सुवालले नेपालको मौलिक भवन निर्माण प्रविधि र नेपाली वास्तुकलाको प्रवर्द्धन गर्न, सर्वसाधारण जनताका छोराछोरीलाई निजीभन्दा कम शुल्कमा पठनपाठनको अवसर प्रदान गराउन, आधुनिक इन्जिनियरिङ विद्याबाट नेपाली विद्यार्थीलाई शिक्षित गर्न/गराउन भक्तपुर नपाले इन्जिनियरिङ कलेजहरू स्थापना गर्नुपरेको बताउनुभयो ।

विभिन्न जिल्लाका सांसद र मन्त्रीहरूले कलेजमा भर्नाको लागि भनसुन गर्ने गरेको तर भर्ना कोटा थपको लागि उनीहरूसँग अनुरोध गर्दा सहयोग नगरेको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, ‘कलेजलाई थप कोटा प्राप्त भए थप केही विद्यार्थीहरूले कम शुल्कमा अध्ययन गर्न पाउने छन् । ख्वप कलेजले भनसुनको आधारमा नभई प्रवेश परीक्षाको मेरिटका आधारमा भर्ना लिने गरेको छ ।’

भक्तपुर नपालाई ख्वप विश्वविद्यालय सञ्चालनको अनुमति नदिने पार्टीहरूको समृद्धिको नारा हावामा महल बनाउने हावादारी कुरामात्र भएको सांसद सुवालले स्पष्ट पार्नुभयो ।

‘देशको सन्तुलित विकास गर्न जिल्ला–जिल्लामा काठमाडौँमा जस्तै राम्रा विद्यालय, कलेज, अस्पताल बनाउनु पर्दछ’, उहाँले भन्नुभयो ।

भक्तपुर नपाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले हाम्रा विद्यालय र कलेजहरू साम्राज्यवादीहरूको लागि चाहिने सस्तो ज्यामी उत्पादन गर्ने कारखाना हुन नहुने उल्लेख गर्नुहुँदै विद्यार्थीहरू देशभक्त हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । ➲➲

# वागीश्वरी कलेजको नयाँ भवनको शिलान्यास

'नयाँ अवास क्षेत्रमा नमुना पुस्तकालय, सङ्ग्रहालयहरू निर्माण गर्नुपर्ने र ठूल-ठूला गाडीहरू आवास क्षेत्रमा गुड्न रोक लगाउनुपर्छ ।'

उक्त कुरा मंसिर २१ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले वागीश्वरी कलेजको नयाँ भवनको शिलान्यास कार्यक्रममा बताउनु भएको हो । नागरिकहरूलाई सामुदायिक, सामुहिक र सामाजिक चेतनाबारे सुसुचित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विश्वविद्यालयको मानक भवन मात्र होइन गुणस्तरीय शैक्षिक संस्था हुन विज्ञ शिक्षकहरूको सङ्ख्या बढ्नुपर्छ भन्नुभयो ।

बढ्दो यातायातको साधनलाई ध्यानमा राख्दै उहाँले नयाँ आवास क्षेत्रमा नक्सा पास गर्न अनिवार्य ग्यारेजको बन्दोबस्त हुनुपर्ने प्रावधान राख्न नगरपालिकालाई सुझाव दिनुभयो ।

विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले व्यक्तिगत स्वार्थविनाको कामले प्रगति हुने बताउनुहुँदै सामाजिक भावनाको एकताको परिणाम नै वागीश्वरी आजको अवस्थामा आएको हो भन्नुभयो ।

भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा विकास गर्ने नेमकिपाको लक्ष्यअनुसार नगरपालिकाले काम गर्दै आएको जानकारी दिनुहुँदै उहाँले नगरपालिकाले स्वास्थ्य क्षेत्रमा पनि उल्लेखनीय प्रगति गरिरहेको जानकारी दिनुभयो ।

वागीश्वरी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्वले नेपालका कुनै पनि कलेजले उत्पादित जनशक्ति गुणस्तरयुक्त छन् भन्ने प्रमाणित गराउन विश्वविद्यालय अनुदान आयोगबाट प्रमाणित गराउनुपर्ने आवश्यकताअनुसार यस कलेजले पनि गुणस्तर सुनिश्चितता प्रत्यायन समितिको कार्यक्रममा अगाडि बढ्नु प्रशंसनीय भएको बताउनुहुँदै कलेजको प्रगतिमा योगदान गर्नुहुने सम्पूर्ण व्यवस्थापन समितिका




पदाधिकारी, शिक्षक, कर्मचारीहरूमा शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले प्रदेश नं. ३ को सरकारले हाल वागीश्वरी माविलाई नमूना विद्यालयको रूपमा छनोट गरेको जानकारी दिनुभयो ।

प्राध्यापक डा. सिद्धिवीर कर्माचार्यले शिक्षकहरूले अध्ययनलाई थप व्यापक बनाउँदै कलेजको गुणस्तर वृद्धिको लागि थप योगदान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कलेजको भवन निर्माण समितिका अध्यक्ष तथा व्यवस्थापन समितिका सदस्य चन्द्रबहादुर उलकको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद धन्छा, शिक्षक राजन चौगुठीलगायतले बोल्नुभएको थियो ।

---

'विद्यार्थीहरूले पाठ्यक्रमका अतिरिक्त देशको भूगोल, इतिहास र राजनीतिशास्त्र विषयमा जानकारी हासिल गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिप्रति चासो लिई सचेत भई अगाडि बढ्नुपर्छ ।' प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई सुझाव दिनुभयो ।

प्रदेशसभाका सदस्य सृजना सैंजूले भनपाद्वारा सञ्चालित कलेजहरूले देश र जनतामा समर्पित नागरिक तयार गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र बनाउने उद्देश्यका साथ भक्तपुर नपाले कलेजहरू सञ्चालन गरिरहेको जानकारी दिनुहुँदै विद्यार्थीहरूले आफूले हासिल गरेको शिक्षा देश र जनताको सेवामा उपयोग गर्नुपर्छ भन्नुभयो ।

प्राध्यापक जगन्नाथ श्रेष्ठले इन्जिनियरिङ पेशालाई मर्यादित ढङ्गले अपाउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै विद्यार्थीहरूमा स्वयम्सेवकको भावना हुनुपर्छ भन्नुभयो ।

वरिष्ठ इन्जिनियर राजदास श्रेष्ठले शिक्षा हासिल गर्नुको मुख्य उद्देश्य पैसा कमाउनु हुन नहुने स्पष्ट पार्नुहुँदै विद्यार्थीहरू रचनात्मक क्रियाकलापमा पनि लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य रवीन्द्र फोंजु, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य रत्नशोभा प्रजापति र शिक्षक नवराज बुढाथोकीले पनि बोल्नुभएको थियो ।

समापन कार्यक्रममा कलेका विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

**वागीश्वरीको वार्षिकोत्सव**

# विद्यार्थीहरूमा राजनीतिप्रतिको वितृष्णाले देश कमजोर हुने

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले वागीश्वरी माध्यमिक विद्यालयको ६१ औं र वागीश्वरी कलेजको १२ औं वार्षिकोत्सव कार्यक्रमको मंसिर ३० गते एक समारोहबीच विद्यालय प्राङ्गणमा उद्घाटन गर्नुभयो ।

उद्घाटन मन्तव्य प्रस्तुत गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले नयाँ पुस्ताका विद्यार्थीहरूमा राजनीतिप्रति वितृष्णा पैदा हुँदा देश कमजोर हुने बताउनुभयो । निर्वाचनको समयमा पैसा दिएर मतदान गर्नु देश हार्नु वा कमजोर बन्नु नै हो भन्नुहुँदै उहाँले शासक दलका पार्टीहरूको पैसाको माध्यमबाट चुनाव जित्ने कार्य र गलत निन्दनीय भएको बताउनुभयो ।

विरोधी पक्षसँग संघर्ष र प्रतिरक्षाको निम्ति खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले विद्यालयहरूले विद्यार्थीको शैक्षिक क्षेत्र र खेलकुद गतिविधिलाई सँगसँगै अगाडि बढाउन आवश्यक भएको बताउनुभयो ।

प्रजग कोरियाविरुद्ध नेपाल सरकार जानु भनेको अहिलेको सरकारमा अमेरिकी प्रतिनिधि (एजेन्ट) को घुसपैठ हुनसक्ने आशंका व्यक्त गर्नुहुँदै नेता बिजुक्छेँले सरकारको उक्त कार्य निन्दनीय र गलत भएको बताउनुभयो । फासीवादको विषयमा विद्यार्थीहरूलाई सचेत गर्नु आवश्यक छ–उहाँले भन्नुभयो ।

नेमकिपाका संघीय सांसद प्रेम सुवालले सरकार निजी विद्यालय सञ्चालकको प्रभावमा परेको र शैक्षिक माफियाको चंगुलमा फस्दै गइरहेको आरोप लगाउनुभयो ।

नेपालको संविधानमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने प्रावधान हुँदा पनि सरकारले यसतर्फ ध्यान नपुऱ्याएको बताउनुहुँदै सांसद सुवालले वागीश्वरी प्रदेश नं. ३ को नमुना विद्यालय बन्न सफल भएकोमा बधाई दिनुहुँदै भन्नुभयो – 'सरकारले सामुदायिक शिक्षा नीतिमा रुचि देखाइरहेको छैन, निजीकरण र व्यापारीकरणकै पक्ष लिएको देखिन्छ ।'

भक्तपुर नपाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले कलेज व्यवस्थापन समितिले कलेजको आर्थिक, भौतिक र शैक्षिक गुणस्तर वृद्धि गर्न निरन्तर लागि परेको बताउनुहुँदै खोज र अनुसन्धानमा आधारित शिक्षामा जोड दिनु आजको आवश्यकता भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको लागि शैक्षिक ऋण प्रदान गर्दै आइरहेको र भूगोल, इतिहास, संस्कृतिलगायतका विषयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था पनि गर्दै आएको बताउनुभयो ।

नेमकिपाका तर्फबाट प्रदेश नं. ३ का सभासद सुरेन्द्रराज गोसाईले विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकबीचको समन्वय र सहकार्यमा यथोचित ध्यान पुऱ्याउन आवश्यक भएको बताउनुहुँदै राजनीतिक रूपमा असचेत जनशक्ति देशको लागि घातक हुने बताउनुभयो ।

अर्का प्रदेश सांसद सृजना सैंजुले सरकारले सामुदायिक शिक्षा नीतिमा रुचि नदेखाउँदा निजी विद्यालय तथा कलेज सञ्चालकहरूलाई फाइदा पुगिरहेको बताउनुहुँदै समुदायमा आधारित वागीश्वरी माविले युग सुहाउँदो शिक्षा प्रदान गर्दै आइरहेको चर्चा गर्नुभयो ।

वागीश्वरी मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले समुदायमा आधारित विद्यालयले देशभरिका विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै वागीश्वरीलाई देशकै नमुना सामुदायिक विद्यालय बन्न सहयोगी भूमिका खेल्ने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।




कार्यक्रममा प्रधानाध्यापक कृष्णप्रसाद धन्छा र प्राचार्य धनकुमार श्रेष्ठले वागीश्वरी मावि र वागीश्वरी कलेजको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

प्रमुख अतिथि बिजुक्छेँले दीर्घसेवारत शिक्षकहरू कृष्णमान मलेपति, सुन्दर बासिजु, शिक्षिकाहरू मिना प्रजापति, शोभालक्ष्मी गोसाई र प्रमिला ढुंगानालाई स्वर्ण पदक र दोसल्ला ओढाई सम्मान प्रदान गर्नुभयो ।

कार्यक्रममा संयुक्त परीक्षा समिति तथा बासु माविका प्रअ अम्बिका न्याइच्याइ, सिद्धिबीर कर्माचार्य, विद्यालयका सहप्राचार्य ज्ञानसागर प्रजापति, विद्यार्थीको तर्फबाट निशा कोजु, कलेजको तर्फबाट विद्यार्थी राकेश साखकर्मी, पूर्व विद्यार्थी समाजका तर्फबाट सचिव विकल प्रजापतिले शुभकामना मन्तव्य प्रस्तुत गर्नुभयो । सोही समारोहमा विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथिहरूले कलेजका उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी र वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न खेल तथा अतिरिक्त क्रियाकलापका विजयीहरूलाई पुरस्कार, मेडल तथा सम्मान पत्र प्रदान गर्नुभयो । औपचारिक कार्यक्रमपश्चात विद्यार्थीहरूद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

# पैसा र आश्वासन बाँड्ने बद्मास राजनीतिक दलबाट जनता सचेत बन्नुपर्ने – अध्यक्ष बिजुक्छेँ

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले चुनावको बेलामा पैसा र आश्वासन बाँड्ने बद्मास राजनीतिक दलबाट जनता सचेत बन्नुपर्ने बताउनुभएको छ ।

मंसिर २८ गते ३९ औं नेपालभाषा साहित्य त:मुँज्या र सांस्कृतिक कार्यक्रमको पुरस्कार वितरण तथा सम्हेबजी कार्यक्रममा बोल्नुहुँदै उहाँले चुनावमा पैसा लिएर मत दिँदा पछि जनताले दु:ख पाउने बताउनुभयो ।

'भारतीय कम्पनीबाट ल्याएको पैसा चुनावमा बाँडिन्छ । पछि चुनावमा जितेपछि तिनै कम्पनीबाट वस्तुको मूल्य बढाइन्छ अनि जनताले दु:ख पाउँछन्', उहाँले भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले चुनावमा हार्ने पार्टीलाई मत दिनुहुन्न भन्ने गलत प्रचारबाजी गरेर शासक दलहरूले जालझेलको राजनीति गरेको बताउनुभयो ।

'हार्ने दललाई मत हाल्नुहुन्न भन्ने प्रचार गर्नु एक दिन तिमी मर्छौ, त्यसकारण किन बाँच्ने भन्ने तर्क जस्तै हो । यस्ता प्रचारबाजीबाट जनता सचेत हुनुपर्छ', उहाँले भन्नुभयो ।

नयाँ पुस्तालाई भाषा, साहित्य र संस्कृतिबारे बुझाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले काठमाडौँ उपत्यकाका जनता गम्भीरतापूर्वक नलागे मौलिक संस्कृति जोगाउन मुस्किल हुने बताउनुभयो ।

नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले नेपालभाषा साहित्य त:मुंज्याको दबुले नयाँ पुस्तालाई सुसंस्कृत बनाउन मद्दत पुऱ्याएको बताउनुभयो ।

देशको सन्तुलित विकास नगरिएकैले काठमाडौँ उपत्यकालगायत सहरमा खानेपानी, फोहरमैला, प्रदूषण, अपराधको समस्या बढेको छ, उहाँले भन्नुभयो ।

'सुगौली सन्धि, जनगणना, तिरो र सन् १८५६ का नक्साहरूबाट लिम्पियाधुरा, कालापानी, लिपुलेकसमेत नेपालको हो । नेपालको भूमि भारतले आफ्नो नक्सामा गाभेको विरोधमा नेमकिपा सडक र सदनमा सङ्घर्षरत छ । कार्तिक २३ गते हाम्रो पार्टीले भारतीय दूतावासमा दिएको विरोधपत्र र विरोधपत्रबारे नेपालका आमसञ्चारमा समाचार नबनेको अर्थपूर्ण रहेको छ', सांसद सुवालले भन्नुभयो ।

नेपालको परराष्ट्र मन्त्रालयले लिम्पियाधुरा दाबी नगरी कालापानीसम्ममात्र दाबी गरेको पनि देशघाती नै भएको उहाँले बताउनुभयो ।

भारतले नेपालको भूमि आफ्नो नक्सामा गाभेको होइन भनेको हुँदा अब वार्ताबाट समाधान सम्भव नभएकोले अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दर्ता गरेमात्र समस्या समाधान हुने सांसद सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'प्रमले मन्त्री र सचिवहरूको बैठकमा आफ्नो नाम जोडेर कमिशन खाएको सुनेको बताएबाट भ्रष्टाचार संस्थागत भएको पुष्टि हुन्छ ।'

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाजलाई कुलतबाट जोगाएर आदर्श समाज निर्माण गर्न जनताबीच हातेमालोको आवश्यकता भएकोमा जोड दिनुभयो ।




'विभिन्न कुलतमा फसाउने समूह सक्रिय छन् । उनीहरूबाट सावधान रही आफ्नो वरपरका केटाकेटीलाई कुलतबाट जोगाउन जरुरी छ', उहाँले भन्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्यहरू डिल्लीप्रसाद काफ्ले, सुरेन्द्रराज गोसाई र सृजना सैंजूले पनि बोल्नुभएको थियो ।

नेपालभाषा साहित्य त:मुँज्याका संस्थापक अध्यक्ष कान्छा बासुकलाको सभापतित्वमा भएको कार्यक्रममा ३९ औं नेपालभाषा साहित्य त:मुँज्या आयोजक समितिका अध्यक्ष श्यामसुन्दर मातां र सचिव राजन जतीले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा ३९ औं त:मुँज्याको सांस्कृतिक कार्यक्रमका विजेता सांस्कृतिक टोली र कलाकारहरूलाई पुरस्कार तथा प्रतियोगिताका निर्णायकहरूलाई कदर पत्र, नयाँ वर्ष ११४० को शुभकामना ज्यालीमा सहभागी बाजा खल:लाई प्रशंसा पत्र वितरण गरिएको थियो ।

**छिपा ताँ पुन:निर्माणको शिलान्यास**

# भक्तपुर नपाको कार्यशैली फरक

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिका वडा नं. ७ स्थित छिपा ताँ (हनुमन्ते खोलाको) पुल पुन:निर्माणको शिलान्यास एक कार्यक्रम बीच मंसिर २५ गते गर्नुभयो ।

शिलान्यास कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेँले अन्य नगरपालिका र भक्तपुर नगरपालिकाको कार्य गर्ने शैली फरक भएको उल्लेख गर्नुहुँदै नगरपालिकाले पहिलेदेखि जनताको सहयोग र सहभागितामा कार्य गरिरहेको बताउनुभयो ।

कला सङ्ग्रहालय रहेको न्ह्याकं झ्या दरबारको पुन:निर्माण छिट्टै अगाडि बढाइने जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले सम्पदा पुन:निर्माणलगायत अन्य निर्माण कार्यहरूमा उपभोक्ता समितिलाई जिम्मेवारी दिई कार्य गर्दा निर्माण कार्य दीगो तथा स्थानीय जनताको अपनत्व रहेको बताउनुहुँदै उहाँले शिलान्यास भएको पुल निर्माणमा स्थानीय जनताले अपनत्व लिई निर्माण कार्यमा सहयोग गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।




उहाँले सरकारले ठेक्कापट्टालाई प्रोत्साहन दिई देशका विभिन्न ठाउँमा पुल निर्माणलगायतका कार्य गरिरहेकाले विकास निर्माण कार्य अस्तव्यस्त भएको उल्लेख गर्नुहुँदै जनतालाई प्रत्यक्ष सहभागिता गराउँदै लानसके कुनै पनि विकास निर्माण दीगो र प्रभावकारी हुने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले देशकै उदाहरणीय स्थानीय तहको रूपमा कार्य गरिरहेको छ भन्नुहुँदै प्रमुख अतिथि बिजुक्छेँले निर्माणाधीन पुल बलियो र आधुनिक किसिमको हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपाका प्रमुख सुनिल प्रजापतिले आधुनिक पुल निर्माणको अनुभव हासिल गर्दै दुई करोड लागत ईष्टिमेट रहेको उक्त पुल उपभोक्ता समितिमार्फत पुन:निर्माण गर्न लागेको बताउनुहुँदै भक्तपुर नगरपालिकाको पुरानो नपा भवन र राष्ट्रिय

कार्यक्रममा भनपा–७ का वडाध्यक्ष उकेश कवांले नगरपालिकाको बजेटमा सम्पन्न हुने पुल २०११ सालमा पहिलो पटक पुन:निर्माण भएको जानकारी दिनुहुँदै सिमेन्टको सट्टा पुरानो प्रविधिलाई वैज्ञानिकीकरण गर्दै बज्र प्रयोग गरी निर्माण गनुपर्नेमा जोड दिनुभयो ।

पूर्व वडाध्यक्ष कृष्णगोविन्द खाइजुले सांस्कृतिक महत्त्व बोकेको छिपा ताँ लामो समयदेखि जीर्ण रहेको हुँदा नगरपालिकाको अगुवाईमा बन्न लागेकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् पुल निर्माण समितिका अध्यक्ष रामेश्वर प्रजापतिले पनि बोल्नुभएको थियो ।

उक्त छिपा ताँ रु. दुई करोड अठाइस लाख तीन सय त्रियानब्बे रूपैंया लागतमा पुन:निर्माण हुन लागेको हो ।

# भ्रमण वर्षको पहिलो औपचारिक कार्यक्रममा

## सन्ध्याकालीन सम्पदा क्षेत्र पदयात्रा

नेपाल भ्रमण वर्ष २०२० भव्य रूपमा सफल पार्न नेपाल पर्यटन बोर्ड र भक्तपुर पर्यटन विकास समितिको आयोजनामा भ्रमण वर्षको पहिलो औपचारिक कार्यक्रम भक्तपुर




नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा मंसिर २६ गते शुभारम्भ भयो ।

सन्ध्याकालीन सम्पदा क्षेत्र पदयात्रा कार्यक्रमका साथ भएको उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले नेपाल भ्रमण वर्ष २०२० लाई टेवा पुऱ्याउन भक्तपुर नगरपालिकाले चैत ४ देखि ८ गतेसम्म भक्तपुर महोत्सव आयोजना गर्ने जानकारी दिनुहुँदै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन यहाँको कला, संस्कृति र सम्पदा संरक्षण एवम् सरसफाइले सहयोग गर्ने आशा व्यक्त गर्नुभयो ।

नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक दीपकराज जोशीले भक्तपुर नगरको गतिविधिले पर्यटकहरूको आगमनमा वृद्धि हुने र भ्रमण वर्ष २०२० लाई सहयोग पुग्ने आशा व्यक्त गर्नुहुँदै रात्रीकालीन पर्यटकीय गतिविधि बढाउन सांस्कृतिक कार्यक्रम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष राम सुन्दर भेलेको सभापतित्वमा सम्पन्न कार्यक्रममा भक्तपुर नगरपालिका पर्यटक सेवा तथा सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवा, नेपाल भ्रमण वर्ष २०२० का सदस्य सचिव बच्चुनारायण श्रेष्ठ र भक्तपुर पर्यटन विकास समितिका महासचिव दिपेशराज शर्माले सन्ध्याकालीन सम्पदा पदयात्रा कार्यक्रम र नेपाल भ्रमण वर्ष २०२० बारे बोल्नुभएको थियो ।

देवी प्याखं, माक प्याखं, लाखे प्याखं र धिमाय बाजासहित भएको सन्ध्याकालीन पदयात्रा कार्यक्रम दरबार स्क्वायर, टौमढी, दत्तात्रय हुँदै च्याम्हासिंहमा समापन भएको थियो ।




**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।**

# समन्वय र सहकार्यले बढी बिरामीको सेवा गर्न सकिने

'तीलगंगा आँखा प्रतिष्ठान र स्थानीय तहबीचको समन्वय र सहकार्यले बढीभन्दा बढी आँखाका बिरामीहरूको सेवा गर्न सकिने छ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख एवम् सामुदायिक आँखा केन्द्र भक्तपुर व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले नेपाल आँखा कार्यक्रम तीलगंगा इन्स्टीच्युट अफ अप्थालमोलोजीको मंसिर २७ गते धुलिखेलमा भएको समीक्षा तथा सन् २०२० को कार्ययोजनासम्बन्धी बैठकमा बताउनु भएको हो। उहाँले आँखाको रोगबारे जनतालाई सचेत गर्नुपर्ने र गरिब जनतालक्षित उपचार सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न सके बढी जनताको सेवा हुनेमा विश्वास व्यक्त गर्नुभयो।

स्वास्थ्य सेवा जनतालाई सेवा दिने उद्देश्यबाट अभिप्रेरित हुनुपर्ने बताउनुहुँदै उहाँले सामुदायिक आँखा केन्द्रलाई आँखा अस्पतालको रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने ख्वप अस्पताल निर्माणाधीन अवस्थामा रहेको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले जनस्वास्थ्य केन्द्र भक्तपुरमा सञ्चालित आँखा



केन्द्रलाई आँखा अस्पतालको रूपमा विकास गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो।

कार्यक्रममा विभिन्न जिल्लाका सामुदायिक आँखा केन्द्रका व्यवस्थापन समितिका अध्यक्षहरूले आ–आफ्नो धारणा व्यक्त गर्नुभयो।

सामुदायिक आँखा केन्द्र भक्तपुरका तर्फबाट भोजराज पोखरेलले प्रस्तुतीकरण गर्नुभएको कार्यक्रममा १६ वटा जिल्लाका सामुदायिक आँखा केन्द्रका प्रमुखबाट २०१९ सालसम्मको कार्यक्रमबारे प्रस्तुतीकरण गर्नुभएको थियो।

# हेपाटाइटिस बी रोगको निः शुल्क परीक्षण शिविर

भक्तपुर नगरपालिकाको आयोजनामा हेपाटाइटिस बी रोगको निःशुल्क परीक्षण शिविर मंसिर २२ गते भ्कौर बहीमा भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा कुनै बेला हेपाटाइटिसको महामारी भएको चर्चा गर्नुहुँदै त्यस बखत जनताको स्वास्थ्यको लागि विदेशबाट समेत औषधि ल्याइएको स्मरण गर्नुभयो। उहाँले कर्मचारी, जनप्रतिनिधि तथा




नगरवासीले पनि समय-समयमा आफ्नो स्वास्थ्य जाँच गर्नुपर्ने बताउनुभयो।

भनपा वडा नं ९ का वडा अध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले नियमितरूपमा स्वास्थ्य शिविर सञ्चालनमा सहभागी हुँदा नगरवासी स्वस्थ हुनुका साथै उत्पादकत्व वृद्धि हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रका इन्चार्ज डा.रत्नसुन्दर लासिवाले सरसफाइको क्षेत्रमा काम गर्ने कर्मचारी तथा बिरामीको स्याहार सुसार गर्दा सावधानी अपनाएर काम गर्नुपर्ने जानकारी दिनुभयो।

कार्यक्रममा प्राविधिक सहयोग गर्नुहुने एपेक्स पोलिक्लिनिक एन्ड डायग्नोस्टिक सेन्टर प्रा.लि.का प्रबन्ध निर्देशक कमला थापाले हेपाटाइटिस बी र सी को कार्यक्रम सरकारको नजरमा प्राथमिकतामा नपरेको रोग भएको बताउनुहुँदै यो रोग एक व्यक्तिमा लाग्दा परिवारका सबै व्यक्तिमा सरेको दृष्टान्त दिनुभयो।

कार्यक्रममा वडा नं ७ का वडा अध्यक्ष उकेश कवांले हेपाटाइटिस बीको अवस्थाबारे बोल्नुभयो।

# भक्तपुर नगरपालिकाद्वारा नयाँ प्रजिअलाई स्वागत

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर जिल्लाका नयाँ प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको स्वागत तथा परिचयात्मक कार्यक्रम मंसिर २७ गते गरियो। नपा प्रमुख प्रजापतिले नवनियुक्त प्रजिअ पाण्डेलाई ढाकाको सल र पुष्प गुच्छाले स्वागत गर्नुहुँदै उहाँको कार्यकाल सफलताको लागि शुभकामना दिनुभयो ।



जनप्रतिनिधि बहालीपश्चातको साढे दुई वर्षको अवधिमा दुई जना प्रजिअहरूसँग काम गर्ने अवसर प्राप्त भएको बताउनुहुँदै प्रमुख प्रजापतिले प्रशासक र जनप्रतिनिधिबीचको समन्वयले समाजलाई अगाडि बढाउन मद्दत पुग्ने बताउनुभयो ।

काम गर्ने सिलसिलामा आइपर्ने बाधा अड्चन र अप्ठ्यारा परिस्थितिमा प्रशासनको सहजीकरणको भूमिका आवश्यक भएको बताउनुहुँदै भक्तपुर जिल्लाको शान्ति-सुरक्षा कायम गर्न प्रशासनको सकारात्मक सहयोग रहनेमा विश्वास व्यक्त गर्नुभयो ।

कुनै पनि ठाउँको शान्ति-सुरक्षा त्यस ठाउँ विकासको पहिलो सूचक भएको बताउनुहुँदै प्रमुख प्रजापतिले स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रहेर प्रशासनको सहयोगमा आफ्ना कार्यहरू अगाडि बढाइरहेको र विकास निर्माणमा उपभोक्ता समितिलाई नै जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले सांस्कृतिक र पर्यटकीय नगरको शान्ति सुरक्षा कायम गर्न जिल्ला प्रशासन कार्यालयले सहयोगी भूमिका निर्वाह गर्नेमा विश्वास प्रकट गर्नुहुँदै सामाजिक समस्याहरूबारे सचेतना कार्यक्रममा सहजीकरण भूमिका आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्लाका नवनियुक्त प्रजिअ हुमकला पाण्डेले ऐतिहासिक एवम् सांस्कृतिक नगरमा प्रजिअको रूपमा काम गर्न पाएकोमा उत्साहित भएको बताउनुहुँदै भक्तपुर नपाले गरेको न्यानो स्वागतको लागि आभार प्रकट गर्नुभयो । उहाँले विभिन्न संघ-संस्थामा आफ्नो कार्य अनुभव पनि सुनाउनुभयो ।

स्थानीय सरकार र प्रशासन जति नजिक भएर काम गर्छ, जनताको समस्या समाधान गर्न र विकास निर्माणको गति त्यहीअनुरूप अगाडि बढ्ने बताउनुहुँदै प्रजिअ पाण्डेले भक्तपुर जिल्ला प्रशासन कार्यालय भक्तपुर नपासँग समन्वय र सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाको तर्फबाट नपाका प्रमुख प्रशासकीय अधिकृत दिपक कोइराला र जनप्रतिनिधिका तर्फबाट वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले स्वागत मन्तव्य राख्नुभयो । कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याखवले पनि बोल्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले प्रजिअ पाण्डेलाई भक्तपुरको प्रसिद्ध मयूरको झ्याल र भक्तपुर नगरपालिकाको प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

### देशमा महिला प्रजिअहरू

- चन्द्रकला ओली-तेह्रथुम
- लीलाकुमारी केसी पाण्डे-रामेछाप
- गोमादेवी चेम्जोङ-सिन्धुपाल्चोक
- विनिता भट्टराई-हुम्ला
- दुर्गा बन्जाडे- जुम्ला
- कल्पना धिमिरे नेपाल-पर्वत
- हुमकला पाण्डे -भक्तपुर
- उषा नेपाल- नेपालको पहिलो (भक्तपुरमा)
- अम्बिका केसी- नेपालको दोश्रो (भक्तपुरमा)

### पूर्व महिला प्रजिअहरू

- हीरादेवी पौडेल
- मुनाका न्यौपाने
- इन्दु घिमिरे

*श्रोत-गोरखापत्र, मंसिर २८*

# भनपाद्वारा प्रजिअ नारायणप्रसाद भट्टको बिदाई

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरबाट सरुवा भइ जानुहुने प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टको विदाई कार्यक्रम मंसिर २० गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाकाको विकास निर्माण, सम्पदा पुन:निर्माण र सरसफाइलगायतका काम सहज रूपमा सम्पन्न गर्न प्रजिअ भट्टले गर्नुभएको सहजीकरणको लागि आभार व्यक्त गर्नुभयो ।

२०७२ सालको विनाशकारी भूकम्पपश्चातको विषम परिस्थितिमा तत्कालीन प्रशासनबाट सहयोग नभएको स्मरण गर्नुहुँदै उहाँले १९ महिना भक्तपुर जिल्लालाई कर्मथलो बनाई प्रजिअ भट्टले नितान्त जिम्मेवारीपूर्वक काम गर्दै नपाको सकारात्मक विकास निर्माणका प्रयासमा सहयोग गर्नुभएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले सरुवा भई जान लाग्नुभएका प्रजिअ भट्ट सकारात्मक सोच, सहज र सरल तरिकाले सहयोग र काम गर्ने कुशल प्रशासक भई फरक पहिचान बनाउन सफल व्यक्तित्व भएको जानकारी दिनुहुँदै भनपाका विविध कार्यक्रमहरूमा सहभागिता जनाउनु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले मौलिक सहर, विविधतायुक्त संस्कृति, पेशा धर्म र छुट्टै पहिचान बोकेको भक्तपुरमा सरुवा भएर आउँदा निकै चुनौती अनुभूति गरेको बताउनुहुँदै काम गर्ने सिलसिलामा भक्तपुरबाट ठूलो सिकाइ भोगाई प्राप्त भएको बताउनुभयो ।

नगरपालिकाको नीति तथा योजनाहरू समाजवादी राज्य व्यवस्थाको झल्को दिने खालको भएको बताउनुहुँदै प्रजिअ भट्टले भक्तपुर नगरपालिका पर्यटन, शिक्षा, स्वास्थ्य, वातावरण, सरसफाइ, विकास निर्माण, मौलिकता कायम गर्नेदेखि सबै क्षेत्रमा व्यवस्थित ढंगले अगाडि बढेको छ भन्नुभयो ।

कार्यक्रममममा वडाध्यक्ष उकेश कवांले प्रजिअ भट्टको



कार्यकालमा भक्तपुरका पुराना सम्पदालगायत निजी आवास पुन:निर्माणमा भएको समन्वयात्मक सहयोगको लागि आभार व्यक्त गर्नुहुँदै जनप्रतिनिधिहरू र कर्मचारीसँग प्रशासनको राम्रो समन्वय भएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा–९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र प्रशासन प्रमुख दामोदर सुवालले पनि बोल्नुभएको थियो ।

प्रमुख प्रजापतिले विदाइमा प्रजिअ भट्टलाई भादगाउँले कालो टोपी र मायाको चिनो भक्तपुरको प्रसिद्ध मयूरको झ्याल प्रदान गर्नुभयो ।

## स्वासप्रश्वाससम्बन्धी पुन:स्थापना तालिम



भक्तपुर नगरपालिका र जापानी अन्तर्राष्ट्रिय चिकित्सा प्राविधिक संस्था (जिम्टेफ) को प्राविधिक सहयोगमा स्वासप्रश्वाससम्बन्धी पुन:स्थापना तालिमको मंसिर ३० गते उद्घाटनमा

बजार अनुगमन

# औषधि पसलहरूको अनुगमन

भक्तपुर नपाको अनुगमन समितिले गरेको बजार अनुगमनमा एक औषधिपसल सिलबन्दी गर्नुका साथै पसल दर्ता र विभिन्न सुझावहरू दिएको छ ।

भक्तपुर नगरपालिका अनुगमन समितिले संयोजक राजकृष्ण गोराको नेतृत्वमा दूधपाटीका औषधि पसलहरूको पुस ३ गते अनुगमन गर्‍यो ।

अनुगमनमा भनपा वडा नं १ दुधपाटीस्थित भैरव फार्मेसीको नाममा दर्ता भएको औषधि पसल व्यवसायी अनुपस्थित रहेको, साथै औषधिहरू उपयुक्त तापक्रममा संचय नगरिएको, केही औषधिहरू रेफ्रिजेटर बाहिर कोठाको तापक्रममा राखिएको, लागु औषधि बाहेकका अन्य औषधिहरूको खाली बट्टाहरू मात्रै राखिएको पाइएकोले उक्त पसल सिलबन्दी गरी औषधि विभागका फार्मेसी अधिकृत मुकेन्द्र पंजियार, फार्मेसी अधिकृत उमंग त्रिपाठी, फार्मेसी अधिकृत सुरेन्द्र बोहरा, फार्मेसी सुपरभाईजर भिष्म सापकोटाले काम तामेली गरेको छ ।

त्यस्तै अनुगमन कै क्रममा अन्य औषधि पसलहरूलाई नवीकरण गर्न, म्याद नाघेको औषधिहरू छुट्टै राख्न, औषधि पसलमा औषधि विभागको अनुमतिपत्र सहित बस्न, प्यानसहितको बिलबाट बिक्री गर्न, सरसफाइमा ध्यान दिन, औजार उपकरण निर्मलीकरण गरी राख्न सुझाब दियो । त्यस्तै दर्ता नभएको पसललाई त्यही दर्ता गरियो ।

अनुगमनमा समितिका हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी हवल्दार नानु लामा, अंगराज परिया, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, जिल्ला जनस्थास्थ्य भक्तपुरका धनञ्जय आचार्य सहभागी थिए ।

त्यस्तै पुस ४ गते कमलविनायक र च्याम्हासिं क्षेत्रमा गरिएको अनुगमनमा दर्ता नविकरण गर्न, सरसफाइमा ध्यान दिन, म्याद नाघेको औषधिहरू छुट्टै स्थानमा भण्डारण गर्न, साइनबोर्डको नाम र दर्ता अनुसार नभएकोले दर्ता गरेको नाम अनुसार साईनबोर्ड राख्न, औषधि व्यवस्था विभागको पनि दर्ता नवीकरण नभएकोले नवीकरण गर्न, औषधि विभागको अनुमति प्राप्त व्यक्तिले मात्र औषधि बेच विखन गर्न, क्लिनिक पनि संचालन गर्न छुट्टै दर्ता गर्न सुझाब दिएको छ ।

अनुगमनमा भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी हवल्दार लालबहादुर राना, भोजबहादुर मगर, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, जिल्ला जनस्थास्थ्य भक्तपुरका धनञ्जय आचार्य सहभागी थिए ।

# भक्तपुर नपामा धुलिखेल नपाको प्रतिनिधि मण्डल

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग धुलिखेल नपाको एक प्रतिनिधि मण्डलले मंसिर १९ गते भेट गर्‍यो ।

भेटमा प्रतिनिधि मण्डलले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन र समग्र विकास निर्माणका गतिविधिबारे जानकारी लियो । भेटमा भक्तपुर नपा–२ का वडाध्यक्ष हरिप्रसाद बासुकला, धुलिखेल न.पा. वडा नं. ७ का वडाध्यक्ष रोमी प्रसाद ब्यान्जु, वडासदस्यद्वय सन्जय कोजु र मनिष माकजु तथा समाजसेवी पूर्णगोपाल यगोलको उपस्थिति रहेको थियो ।



## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें छिपा ताँको शिलान्यास गर्नुहुँदै ।(२०७६ मंसिर २५ गते)



प्रमुख सुनिल प्रजापति तिब्बती प्रतिनिधिमण्डलका नेतालाई उपहार प्रदान गर्नुहुँदै ।(२०७६ पुस ७ गते)



भक्तपुर नपाद्वारा ३२९ वर्ष पुरानो नगरा पुन:स्थापना गर्न आयोजित कार्यक्रम ।(२०७६ पुस १० गते)



भक्तपुर नपाद्वारा ओयोजित सांस्कृतिक गुरुहरूको भेला । (२०७६ पुस ११ गते)

## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



भक्तपुर नपाको ७० औं स्थापना दिवसको कार्यक्रममा उपस्थित जनप्रतिनिधि र कर्मचारीहरू ।(२०७६ पुस २ गते)



भक्तपुर नगरका पर्यटन व्यवसायीहरूको भेला (२०७६ पुस १३ गते)



भक्तपुर नपाद्वारा आयोजित हेपाटाइटिसको नि:शुल्क रगत परीक्षण कार्यक्रम ।(२०७६ मंसिर २२ गते)



वडा नं २ को बाल मनोरञ्जन पार्क

## भक्तपुर नपाका केही गतिविधि तस्विरमा





भक्तपुर नपाद्वारा नियमित पाक्षिक सरसफाइ कार्यक्रम पुस १ गते महेश्वरीमा (माथि) र
नेपाल भ्रमण वर्ष २०२० को अवसरमा पुस १५ गते दरबार क्षेत्र र टौमढीमा अवस्थित सम्पदा क्षेत्रहरूमा
सरसफाइ कार्यक्रम सम्पन्न गऱ्यो । (तल)





## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



भक्तपुर नपाद्वारा निर्माणाधिन बहुउद्देश्यीय भवन अन्तिम चरणमा पुगेको छ ।



भक्तपुर नपाको पहलमा सिद्धपोखरीको उत्तरको खेलमैदान सर्वसाधारणकोलागि खुला भएको छ ।





भक्तपुर नपाद्वारा भाज्या पुखु (माथि) र च्याम्हासिंह ढोका (दायाँ) को पुन:निर्माण कार्य जारी छ ।

# नेपाली खेलाडीहरूको विश्व कीर्तिमानसहित तेह्रौं साग सम्पन्न

नेपालले आयोजना गरेको दक्षिण एसियाली खेलकुद (South Asian Games-SAG) को १३ औं संस्करण (मंसिर १५ गतेदेखि २४ गते) सम्पन्न भयो। यस अघि नेपालले पहिलो साग सन् १९८४ मा र दोश्रो संस्करण १९९९ मा आयोजना गरेको थियो। २० वर्षपछि नेपालमा आयोजित यस प्रतियोगिताका सबै सदस्य राष्ट्र नेपाल, भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, माल्दिभ्स र भुटान सहभागी भए।

मंसिर २४ गते समापन कार्यक्रममा ३४ औं सागको आयोजक राष्ट्र पाकिस्तानलाई झण्डा हस्तान्तरण गरिएको थियो।

यस संस्करणमा २६ खेलमा प्रतिस्पर्धा भएको थियो। सम्पन्न प्रतियोगितामा नेपाली खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरेकोमा सर्वत्र हर्ष व्यक्त गरियो र बधाइ दिए। नेपाली खेलाडीहरूले अन्तर्राष्ट्रिय कीर्तिमान बनाउनुका साथै केही खेलमा नयाँ कीर्तिमान बनाएका छन्।

सागको आयोजनामा झन्डै पौने चार अर्ब रूपैयाँ बजेट छुट्याएको थियो। खेल सामग्री टेण्डरबाट खरिद नगरी कोटेशनबाट लिएको, मन्त्रीहरू र पदाधिकारीहरूलाई पोशाक वितरण गरेकोमा प्रश्न उठेको छ। उता एसियाको ओलम्पिक भनिने प्रतियोगितामा सुटिङका नेपाली खेलाडीको हतियार नपड्केर लज्जित हुनु परेको र ट्रायथलनका खेलाडीले मागेको साइकल चलाएर देशलाई स्वर्ण दिलाएका थिए। काठमाडौं, पोखरा र जनकपुरमा खेल आयोजना गरिएकोमा दशरथ रङ्गशाला पूर्ण तयारी नभएको अवस्था थियो भने फुटबलको फाइनल खेल हुनु अघि सांसद र संसदका कर्मचारीबीच 'रमाइलो खेल'

13th
SOUTH ASIAN GAMES - 2019
KATHMANDU-POKHARA
1-10 December, 2019

खेलाएर अन्तर्राष्ट्रिय मान्यता विपरीत कार्य गरेको थियो। आयोजकले क्षमता भन्दा बढी टिकट बिक्री गरेको र टिकट लिएका दर्शकहरूमाथि समेत दशरथ रङ्गशाला बाहिर प्रहरीले लाठी चार्ज गरेको थियो।

### यस संस्करणका केही कीर्तिमान

#### विश्व कीर्तिमान

महिला क्रिकेटमा अञ्जली चन्दले माल्दिभ्सविरुद्धको खेलमा २.१ ओभरमा एक रन पनि नदिई ६ ब्याट्सम्यानलाई मैदान बाहिर पठाई विश्व कीर्तिमान राखिन्।

#### चार स्वर्ण

- पौडीमा गौरिका सिंह

#### दुई स्वर्ण

- तेक्वान्दोमा आयशा शाक्य
- करातेमा मन्डेकाजी श्रेष्ठ
- गल्फमा सुवास तामाङ



!#cf;fusf]d:s6

#### नेपाललाई पहिलो स्वर्ण

- साइक्लिङमा पुरुषतर्फ – राजेश मगर र महिला तर्फ निश्मा श्रेष्ठ
- महिला बक्सिङमा मिनु गुरुङ
- महिला भारोत्तोलनमा सञ्जु चौधरी
- महिला कुस्तीमा संगीता धामी
- ट्रायथलन (महिला) मा सोनी गुरुङ (यसपटक समावेश खेल)
- दुबाथलोन (पुरुष) मा हिमाल टमाटा (यसपटक समावेश खेल)
- एथ्लेटिक्स (महिला) मा सन्तोषी श्रेष्ठ

#### नेपालका स्वर्ण विजेताहरू

**महिला**

१. गौरिका सिंह – पौडी
२. आयशा शाक्य – तेक्वान्दो
३. सञ्जु चौधरी – भारोत्तोलन
४. सोनी गुरुङ – ट्रायथलन
५. संगीता धामी – कुस्ती
६. सन्तोषी श्रेष्ठ – दौड
७. निश्मा श्रेष्ठ – साइक्लिङ
८. पार्वती गुरुङ – तेक्वान्दो
९. अनु अधिकारी – कराते
१०. मिनु गुरुङ – बक्सिङ
११. देविका खड्का – जुडो
१२. संगीता बस्याल – तेक्वान्दो
१३. पुनम श्रेष्ठ – जुडो
१४. निमा घर्तीमगर – उसु
१५. लक्ष्मी मगर – साइक्लिङ
१६. सिना लिम्बु मादेन – तेक्वान्दो
१७. कुसुम खड्का – कराते
१८. सुनिता महर्जन – कराते
१९. अनुपमा मगर – कराते
२०. काजल श्रेष्ठ – तेक्वान्दो
२१. जुनी राई – उसु
२२. सुस्मीता तामाङ – उसु

**पुरुष**

१. मण्डेकाजी श्रेष्ठ – कराते
२. सुवास तामाङ – गल्फ
३. किरण सिं बोगटी – म्याराथन

४. गोपीचन्द पार्की – दौड
५. हिमाल टमाटा – ट्रायथलन
६. भुपेन्द्र थापामगर – बक्सिङ
७. बुद्धिबहादुर तामाङ – साइक्लिङ
८. विकास थापा – भारोत्तोलन
९. राजेश मगर – साइक्लिङ
१०. विप्लवलाल श्रेष्ठ – कराते
११. भुपेन्द्र श्रेष्ठ – तेक्वान्दो
१२. लक्ष्मण तामाङ – कराते
१३. दीपक हमाल – उसु
१४. कमल श्रेष्ठ – तेक्वान्दो
१५. विजय सिंजाली – उसु
१६. वीरबहादुर महरा– तेक्वान्दो
१७. नवीन रसाइली – कराते
१८. सक्षम कार्की – तेक्वान्दो
१९. सनिल शाही – बक्सिङ

**टीम**

१. फुटबल टीम (पुरुष)
२. गल्फ टीम
३. तेक्वान्दो टीम (मिक्स)
४. कराते टीम (महिला)
५. कराते टीम (पुरुष)
६. तेक्वान्दो टीम (महिला)
७. तेक्वान्दो टीम (पुरुष)

प्रम ओलीले पदक विजेता सबै खेलाडीहरूलाई रकम दिने घोषणा गरेका छन् । उक्त घोषणाअनुसार प्रति स्वर्ण पदक रु. ९ लाख, रजत पदक रु. ६ लाख र कास्य पदक रु. ३ लाख पुरस्कार दिइने छ । त्यस्तै स्वर्ण पदक प्राप्त गर्ने विजयी टीमका खेलाडीलाई जनही रु. ५ लाख दिने भएको छ ।

**अन्तिम पदक तालिका**

| देश | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|
| भारत | १७४ | ९३ | ४५ | ३१२ |
| नेपाल | ५१ | ६० | ९५ | २०६ |
| श्रीलङ्का ४० | ८३ | १२८ | २५१ | |
| पाकिस्तान ३१ | ४१ | ५९ | १३१ | |
| बङ्गलादेश | १९ | ३२ | ८७ | १३८ |
| माल्दिभ्स १ | ० | ४ | ५ | |
| भुटान | ० | ७ | १३ | २० |

*(तालिका श्रोत– गोरखापत्र, मंसिर २८)*

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**

# माहेश्वरीमा पाक्षिक सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा माहेश्वरी पीठ परिसर सरसफाइ कार्यक्रम पुस १ गते सम्पन्न भयो । कार्यक्रममा वातावरण समितिका संयोजक तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले सरसफाइलाई नगरपालिकाले दायित्वको रूपमा लिंदै नियमित रूपमा सरसफाइ कार्यक्रम गर्दै आएको बताउनुभयो ।




'आफ्नो ठाउँ आफै सफा गरौं' भन्ने मूल उद्देश्यका साथ यस कार्यक्रममार्फत जनमानसमा पुगेको चर्चा गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले नेपालमै पहिलो छाती रोग पुनःस्थापना केन्द्र भक्तपुरमा निर्माण भइरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले नेमकिपाको घोषणापत्रअनुसार सरसफाइ कार्य अगाडि बढिरहेको बताउनुहुँदै प्लास्टिकजन्य फोहोर व्यवस्थापनमा चुनौती थपिएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमली र वडा सचिव राजेश दिस्तीले पनि बोल्नुभएको थियो ।

**आफू बस्ने घर, चोक, टोल र नगर हाम्रो लागि हामी आफै सफा गरौं । सफाइ गर्दा इज्जत घट्दैन बरु सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।**

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ मंसिर ३० गते सोमबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री दिपक कोइराला | ऐ |

## निर्णयहरू

### भक्तपुर महोत्सव मूल समिति

क) यही २०७६ चैत्र ४ गतेदेखि ८ गतेसम्म हुने भक्तपुर महोत्सव भव्यताका साथ सम्पन्न गर्न नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिकाका कार्यपालिकाका सदस्यहरू, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका शाखा प्रमुखहरू, भक्तपुर जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरू, जिल्लाका क्रियाशील विभिन्न संघ-संस्थाका प्रमुखहरू सदस्य रहने गरी १६१ सदस्यीय **'भक्तपुर महोत्सव मूल समारोह समिति'** गठन गर्ने निर्णय गरियो ।

ख) भक्तपुर महोत्सव भव्यताका साथ सम्पन्न गर्न भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिका सबै कार्यपालिका सदस्यहरू, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका शाखा प्रमुखहरू र सचिवालय संयोजक सदस्य रहने गरी तपसिल बमोजिमका २५ सदस्यीय **भक्तपुर महोत्सव कार्यकारी समिति** (Exceutive Committe) गठन गर्ने निर्णय गरियो :-

**तपसिल**

१. प्रमुख श्री सुनिल प्रजापति - अध्यक्ष
२. उप-प्रमुख श्री रजनी जोशी- सदस्य
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री - सदस्य
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला - सदस्य
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा- सदस्य
६. वडाध्यक्ष श्री कुमार चवाल - सदस्य
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य - सदस्य
८. वडाध्यक्ष श्री हरिराम सुवाल - सदस्य
९. वडाध्यक्ष श्री उकेश कवां - सदस्य
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली - सदस्य
११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व - सदस्य
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा- सदस्य
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल- सदस्य
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)- सदस्य
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)- सदस्य
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला- सदस्य
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल- सदस्य
१८. सदस्य सचिव श्री दीपक कोइराला- सदस्य
१९. भनपा प्रशासन शाखा प्रमुख - सदस्य
२०. भनपा लेखा शाखा प्रमुख - सदस्य
२१. भनपा योजना शाखा प्रमुख - सदस्य
२२. भनपा श्यानिटेशन शाखा प्रमुख - सदस्य
२३. भनपा जिन्सी शाखा प्रमुख - सदस्य
२४. भनपा पर्यटन सेवा केन्द्र तथा सूचना केन्द्रका शाखा प्रमुख - सदस्य
२५. सचिवालय संयोजक - सदस्य सचिव

ग. भक्तपुर महोत्सव सफलतापूर्वक सम्पन्न गर्न भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य माननीय प्रेम सुवालको संयोजकत्वमा तपसिल बमोजिमका तीन सदस्यीय सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

- माननीय श्री प्रेम सुवाल - भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य - संयोजक
- माननीय श्री सुरेन्द्रराज गोसाई, ३ नं. प्रदेश सभासद - सदस्य
- माननीय श्री सृजना सैंजु, ३ नं. प्रदेश सभासद - सदस्य

घ. भक्तपुर महोत्सवको व्यवस्थापनको लागि भक्तपुर नगरपालिका पर्यटक सेवा केन्द्र तथा पर्यटक सूचना केन्द्र शाखा प्रमुख श्री गौतमप्रसाद लासिवाको संयोजकत्वमा एक सचिवालय

समिति गठन गर्ने निर्णय गरियो। सचिवालयको कार्य गर्न हाललाई तपसिल बमोजिमका कर्मचारीहरूलाई जिम्मेवारी दिने निर्णय गरियो :

**तपसिल**

१. श्री गौतमप्रसाद लासिवा – भ.न.पा. पर्यटक सेवा केन्द्र तथा सूचना केन्द्र प्रमुख – संयोजक
२. श्री दामोदर सुवाल – भनपा प्रशासन शाखा प्रमुख – सदस्य
३. श्री ओमप्रसाद धौभडेल – भनपा पर्यटक सेवा केन्द्र – सदस्य
४. श्री मुरज दिदिया – भनपा पर्यटक सूचना केन्द्र – सदस्य
५. श्री श्रीलक्ष्मी ह्यौंगो – भनपा योजना शाखा – सदस्य

## जग्गा सट्टापट्टा तथा खरिद

भक्तपुर नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका क्षेत्रहरूमध्ये भनपा ५ स्थित साफुकोठा क्षेत्र र जगनाथ क्षेत्र, भनपा ४ स्थित तालाक्व दोम्फो क्षेत्रमा निजी आवासको जग्गा धनी प्रमाण पुर्जा भएका स्थानीय जनतालाई भनपा ८ लिवाली आवास क्षेत्रमा नगरपालिकाको स्वामित्वमा रहेका उपयुक्त जग्गा सट्टापट्टा तथा खरिद बिक्री गर्न तथा भनपा ८ नं. वडा लिवाली क्षेत्रमा नपाले निर्माण गरिरहेको खेलकुद कभर्ड हलका लागि थप जग्गा प्राप्तिका लागि नजिकैको जग्गावालासँग वार्ता गरी लिवाली आवास क्षेत्रभित्र नै नपाको स्वामित्वमा रहेको उपयुक्त जग्गा सट्टापट्टा र खरिद बिक्री गर्न सिफारिसका लागि भनपा ७ का वडाअध्यक्ष श्री उकेश कवांको संयोजकत्वमा गठित वार्ता समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

## स्थानान्तरण र हस्तान्तरण

भक्तपुर नगरपालिका वडा नं. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रलाई आ.व. २०७२/०७३ को नेपाल सरकारको बजेट मन्तव्यमा अन्य स्थानमा स्थानान्तरण गर्ने उल्लेख भए तापनि हालसम्म स्थानान्तरण नगरिएको र उक्त जग्गा सरकारले अधिग्रहण गर्दा कुटीर व्यवसाय र हस्तकलामा आधारित क्षेत्र विकास गरिने उद्देश्य राखिएको हुँदा उक्त क्षेत्रको सम्पूर्ण जग्गा नगरपालिकालाई हक हस्तान्तरण गरिलिन नेपाल सरकार उद्योग मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो।

## निर्णय अनुमोदन

विभिन्न समितिको निम्न निर्णयहरू अनुमोदन गरियोः

**आर्थिक समिति**

**मिति २०७६।८।५ गते**

भक्तपुर नगरपालिकाभित्र कार्य क्षेत्र भएका सहकारी संस्थाका व्यवस्थापकहरूको क्षमता अभिवृद्धिको लागि मिति २०७६।९।४ र ५ गते दुई दिने क्षमता अभिवृद्धि तालिम भ.न.पा. सभा कक्षमा सहजकर्ता श्री तुल्सीहरि प्रजापतिज्यूबाट सञ्चालन गर्ने र सो तालिमको लागि आवश्यक पर्ने अनुमानित बजेट रु.७१,९००/- (अक्षरूपी एकहत्तर हजार नौ सय) रूपैया पारित गर्ने निर्णय गरियो।

# मिति २०७६ पुस १ गते मंगलबार

## निर्णयहरू

## समितिको निर्णय अनुमोदन

विभिन्न समितिको निम्न निर्णयहरू अनुमोदन गरियोः

**आर्थिक समिति**

**मिति २०७६।८।१ गते**

आस्था बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुरको विनियम संशोधन स्वीकृतको लागि दिएको निवेदनअनुसार संस्थाको विनियमको परिच्छेद १ को दफा २ को उपदफा १ मा संस्थाको नाम अंग्रेजी, नेपाल भाषा, छोटकरी आस्था साकोस हुने; परिच्छेदको दफा २ को उपदफा २ को वडा नं. ४; परिच्छेद १ को दफा ३ मा कार्य क्षेत्र भ.न.पा. भरि; परिच्छेद ३ को दफा ८ उपदफा २ मा दफा २३ को दफा ३० गर्ने; परिच्छेद ३, दफा ८ उपदफा २(क), २(ख) थप गर्ने; परिच्छेद ८ उपदफा ३(क) थप्ने; परिच्छेद ३, दफा ८(ख) संशोधन गर्ने; परिच्छेद ३ दफा ११ उपदफा ८; परिच्छेद ३ दफा १२ उपदफा ७(क); परिच्छेद ३ दफा १५ उपदफा ८ थप गर्ने; परिच्छेद ४, दफा १७ उपदफा र संशोधन गर्ने; परिच्छेद ४, दफा १७(क) उपदफा १ मा रु.१,५०,०००/- को सट्टा २ करोड गर्ने; परिच्छेद ४, दफा १७(क) उपदफा ३, परिच्छेद ६, दफा २२(ख) थप्ने; परिच्छेद ६, दफा २३ उपदफा १; परिच्छेद ७, दफा २९, उपदफा ३; परिच्छेद ७, दफा १९ उपदफा ४; परिच्छेद ७, दफा ३० को उपदफा १, दफा ३० उपदफा ४ संशोधन गर्ने; परिच्छेद ७, दफा ३१ को उपदफा १ खण्ड ख; परिच्छेद ७, दफा ३१ उपदफा १ खण्ड घ; परिच्छेद ८, दफा ३२ उपदफा २; परिच्छेद ८, दफा ३३; परिच्छेद ८, दफा ३२ उपदफा ६; परिच्छेद ८, दफा ४०; परिच्छेद ९, दफा ४४ तथा ४७; परिच्छेद १०, दफा ५५ उपदफा २ खण्ड (क) र परिच्छेद १२, दफा ६४ संशोधनको लागि स्वीकृति दिने।

**मिति २०७६।८।५ गते**

सप्ततारा बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको विनियम संशोधन गर्ने सम्बन्धमा पेश भएको निवेदनअनुसार संस्थाको विनियमको परिच्छेद १(ख) ठेगाना भ.न.पा.वडा नं. ४ गर्ने; परिच्छेद १ नियम (२)(क) कार्य क्षेत्र भक्तपुर नगरपालिका भरि गर्ने; परिच्छेद २ को नियम ४ मा बचतका किसिमहरू थप गर्ने; परिच्छेद ४ नियम १७ को कूल शेयर पूँजी रु.१,००,००,०००/- (रु. एक करोड) गर्ने; परिच्छेद ८ नियम ३७ मा सञ्चालक समिति ९ जना गर्ने सम्बन्धी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो।

## निर्माण समिति

**मिति २०७६।७।२९, २०७६।८।८, ८।२४ र २०७६।९।१ गते**

| मिति : २०७६/०७/२९ गतेको निर्माण समिति बैठक | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| **ल. ई. सम्बन्धमा** | | | | | | | | | | |
| १ | च्याम्हासिंहस्थित ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्य (लिफ्ट, कोटा स्टोन र मार्वल राख्ने कार्य) | ९ | ९,०३०,४४८।१९ | | | | | | नपा | |
| २ | छिपा तां हनुमन्ते खोला पुल निर्माण कार्य | ७ | ९,८९९,४६८।९० | | | | | | नपा | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्य (फिनिसिङ्ग गर्ने) | ९ | ए.वि.आर. हार्डवेयर प्रा., विश्वमोहन लालुवा | | ४५८,१६६।७० | | | १४१,९९१।१० | | |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यको फिनिसिङ्ग गर्ने कार्य (Basement floor water proofing & Grouting) | ९ | टेकनिक वाटर प्रुफिङ्ग एण्ड कन्स्ट्रक्सन सेवा | | १८७,१२६।२९ | | | १४९,६०६।३५ | | |
| ३ | सडक बत्ती मर्मत तथा नयाँ जडान कार्य | ८ | ओभरल ईन्जिनियरिङ प्रा.लि. | | २९८,८६३।९३ | | | २२३,९५२।८३ | | वडा बजेटबाट व्यहोर्ने |
| उपभोक्ता समिति अनुमोदन सम्बन्धमा | | | | | | | | | | |
| १ | बाराही पुलदेखि बाराही पीठ हुँदै अरनिको राजमार्गसम्म बाटो मर्मत कार्य | ३ | १,००६,९९०।०५ | उपभोक्ता समिति अध्यक्ष | नुतनदेवी श्रेष्ठ | उपभोक्ता अ. समिति संयोजक | सुनिता अवाल | | | |
| २ | यालाछें उकालोदेखि बालाखु गणेश मन्दिरसम्म ढुङ्गा छपाइ कार्य | २ | ५,४४४,५३३।१५ | | लक्ष्मीप्रसाद सुवाल | | रत्नकाजी नायभारी | | | |
| ३ | इखालाछी मठ पुन:निर्माण कार्य | ४ | १९,०५४,३००।७६ | | पुरूषोत्तम तमखु | | पशुपति प्रजापति | | | |
| ४ | नरसिंह मन्दिर पुन:निर्माण कार्य | ४ | ३७,१२७,५१५।३८ | | न्हुछेंराम भेले | | कुमार चवाल | | | |
| ५ | राम मन्दिरको पुलदेखि बोलाछेंसम्मको बाटो मर्मत कार्य | ४ | १,०६८,४४१।८८ | | **उद्धव** प्रजापति | | कुमार चवाल | | | |
| म्याद थप सम्बन्धमा | | | | | | | | | | |
| १ | ख्वप बहुउद्देश्यीय भवनमा सेनेटरी तथा ट्वाइलेट निर्माण कार्य | ९ | २०७६ माघ मसान्तसम्म म्याद थप | | | | | | | |
| २ | ख्वप बहुउद्देश्यीय भवनमा विद्युतीय सामान सप्लाई तथा फिटिङ्ग कार्य | ९ | २०७६ माघ मसान्तसम्म म्याद थप | | | | | | | |
| मिति : २०७६/०८/०८ गतेको निर्माण समिति बैठक | | | | | | | | | | |
| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | |
| १ | ३ नं. वडा कार्यालय भवन निर्माण कार्य | ३ | २७,३११,९१४।०० | | १०,८२१,५५५।८४ | ६,८९८,८३८।०० | ५,०००,०००।०० | १,८९८,८३८।०० | नपा | ३१,००,०००। थप पेश्की माग |
| २ | जगाती थुसाचा बाटोमा ब्लक छाप्ने कार्य | ८ | १,८२५,६४८।९१ | | ८७१,६७०।४८ | ५८८,०८७।३२ | ६००,०००।०० | | नपा | २२,५८०।६८ फिर्ता |
| ३ | न:पुखु उत्तर पूर्व क्षेत्र सुधार कार्य | २ | १,०६०,४९५।९० | | १,१८७,४०२।६८ | १,०५४,५९४।०० | ३५०,०००।०० | ७०४,५९४।०० | सडक बोर्ड नेपाल | सम्पन्न (पे.फ.) |
| ४ | वत्सला दुर्गा भवानी मन्दिर पुन:निर्माण कार्य | ३ | १२,८६२,२१३।८३ | | ७,५०१,४२९।१७ | ६,१६५,७४५।६६ | ५,९००,०००।०० | २६५,७४५।६६ | | थप पेश्की माग २० लाख |
| ५ | १०० KVA Transformer जडान कार्य | २ | ९६४,६४९।०६ | | ९६०,६२१।३९ | ८६७,४४४।५० | ३००,०००।०० | ५६७,४४४।५० | नपा | पे.फ. |
| ल. ई. सम्बन्धमा | | | | | | | | | | |
| १ | सूर्यविनायक वासिकचादेखि जगातीसम्म भ.न.पा अन्तर्गत बाटो विस्तार ट्र्याक खोल्ने कार्य | ८४६,४०६।७३ | | | | | | | सडक डिभिजन र नपा | |
| २ | महालक्ष्मी (कतिफल्चा) पाटी निर्माण कार्य | १० | ३,२१८,३१७।०० | ३,९१३,७१७।५१ | | | | | नपा | |
| ३ | CCTV, Projector लगायत जडान कार्य | २ | ४९७,९९२।५० | | | | | | नपा | |
| ४ | HT cable underground गर्ने कार्य | २ | ३९६,०८८।३४ | | | | | | | |
| ५ | भार्वाचो टोलमा बसपार्कको आकाशे पानी भाज्या पोखरीमा लाने र ईँटा छाप्ने कार्य | १ | ६९७,२८६।९५ | | | | | | खानेपानी व्यवस्था | |
| ६ | नगरामा छालाको डोरी फेर्ने कार्य | ३ | ७,९०२।०० | | | | | | शिक्षा तथा संस्कृति | |
| मिति : २०७६/०८/२४ गतेको निर्माण समिति बैठक | | | | | | | | | | |
| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | |
| १ | म्यूनिसिपल विपद व्यवस्थापन लर्निङ्ग सेन्टरमा इक्युपमेन्ट जडान कार्य | १ | ५३१,७७६।०० | | | | | | रेडक्रस | |
| २ | ५० sq.mm HT underground cable जडान कार्य | ९ | ३७८,१७०।६६ | | | | | | नपा | |
| ३ | विद्यार्थी निकेतन माविको सिमाना पर्खाल निर्माण कार्य | ५ | १८५,५४८।११ | | | | | | रेडक्रस | |
| ४ | शारदा माविमा भऱ्याङ्ग मर्मत कार्य | ६ | १२१,४३४।९८ | | | | | | रेडक्रस | |
| ५ | जोखिम न्यूनीकरण गर्न सडक बत्ती | २ | २५०,५०४।०० | | | | | | रेडक्रस | |
| ६ | जोखिम न्यूनीकरण गर्न सडक बत्ती | ७ | २५०,५०४।०० | | | | | | रेडक्रस | |
| ७ | जोखिम न्यूनीकरण गर्न सडक बत्ती | ५ | २५०,५०४।०० | | | | | | रेडक्रस | |

-

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | जोखिम न्यूनीकरण गर्न सडक बत्ती | ५ | २५६,८७५।६५ | | | | | | रेडक्रस | |
| ९ | दत्तात्रय–च्याम्हासिंह–वाकुपति क्षेत्रमा CCTV जडान कार्य | ९ | ३७८,७८९।०३ | | | | | | सी.सी.टी.भी. इन्टरकम | |
| १० | महेश्वरी खेल मैदानमा माटो परीक्षण कार्य | ७ | ४४०,०२२।०० | | | | | | महेश्वरी खेल मैदान शीर्षक | |
| ११ | बाराही पुल निर्माणको लागि माटो परीक्षण कार्य | ३ | ३८७,३६४।०० | | | | | | महेश्वरी खेल मैदान तथा बाराही पुल शीर्षक | |
| १२ | गय:भिन्थो पुल परिसर बाटोमा पीच तथा रिटेनिङ्ग वाल निर्माण कार्य | ७ | १९९९८४६५।४३ | | | | | | प्रदेश नं. ३ सरकार समपूरक बजेट | |
| १३ | बाराही पुल निर्माण कार्य | ३ | १९९९७८०७ | | | | | | प्रदेश नं. ३ सरकार समपूरक बजेट | |
| १४ | राम मन्दिरदेखि अरनिको राजमार्गसम्म (Package I) को बाटो मर्मत कार्य (राम मन्दिरदेखि भुलाँचासम्म र राम मन्दिरदेखि सूर्यविनायक चोकसम्म) | ३ | ४९९,७७२।३२ | | | | | | पीच | |
| १५ | राम मन्दिरदेखि अरनिको राजमार्गसम्म (Package II) राम मन्दिरको ग:हिटीदेखि बाराही पुलसम्म), लिवाली क्षेत्रमा र जगातीदेखि वासिकचासम्मको बाटो मर्मत कार्य | ३, ७ र ८ | ३६०,०८५।९५ | | | | | | पीच | |
| पेश्की फछ्यौट सम्बन्धमा | | | | | | | | | | |
| १ | चोफल गणेश मन्दिर क्षेत्रमा पुन:ईटा छपाइ कार्य | ९ | १,१९६,८४८।३७ | | १,००९,९२७।०० | ७५९,५५४।११ | ८५०,०००।०० | | नपा | ११५०३७।९६ बैंक दाखिला |
| २ | इन्द्रायणी मन्दिर पछाडि वाल उद्यान निर्माण कार्य ( पहिलो पेश्की ३,००,०००।०० पे.फ. गरी दोस्रो पेश्की रू. ५,००,०००।०० पेश फाँटवारी ५,००,३५५।०० | २ | १,४२७,८९६।७८ | | १,२३६,३१७।७७ | १,१८३,३५०।४७ | ८००,०००।०० | ३५४।४७ | नपा | कार्य सम्पन्न |
| ३ | अंचा पोखरी पश्चिम सत्तल पुन:निर्माण कार्य | ६ | ५,३८४,९०१।३९ | | ३,३२८,६१७।७९ | २,५५०,४१०।४८ | २,०००,०००।०० | ५५०४१०४८।०० | | थप १४,००,०००।०० पेश्की माग |
| ४ | रानी पाखेरी पुन:निर्माण कार्य | १ | २७,३१३,७३६।०२ | | ९,१५४,५०७।४७ | ८,७०९,५१६।०० | ७,५००,०००।०० | १,२०९,५१६।०० | | थप १२,९०,०००।०० पेश्की माग |
| ५ | भ.न.पा. ७ शिशुस्याहार सुधार कार्य | ७ | ७३२,६२७।२६ | | ७०४,३७५।३१ | ५२०,९५१।०० | २००,०००।०० | ३२०,९५१।०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | |
| १ | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन निर्माण कार्य | ९ | सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रालि. लाई | | | | | ३८८,६९७।४० | | ४२० बोरा सिमेन्ट उपलब्ध गराएबापत |
| २ | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवनमा पाले (पहरा) | ९ | | | | | | ७३,०००।०० | | |
| ३ | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि बुट्टा चौकोस र खापा बनाउने कार्य | ९ | श्री एल.पी.आर. कन्स्ट्रक्सन चासुखेललाई | | | | | ९८०,१९०।२५ | | २६.६९ वर्ग मिटर |
| ४ | पर्यटक सूचना केन्द्र भवनमा विद्युतीकरण नेटवर्किङ्ग, ईन्टरकम CCTV, Back up system, Tv projector लगायत कार्य | २ | श्री थर्ड आई इन्टर प्राइजेजलाई ६३२०११।९९ | | | | | ४८८,७३६।०० | | कार्य सम्पन्न तथा भुक्तानी |
| उपभोक्ता समिति अनुमोदन | | | | | | | | | | |
| १ | बासी तँदेखि लालाछेंसम्मको बाटोमा ढुंगा छपाइ कार्य | ६ | उ.स.अ. : श्री रमेश श्रेष्ठ | | उ.अ.स. : श्री सितादेवी नेपाली | | | | | |
| अन्य सम्बन्धमा | | | | | | | | | | |
| १ | महेश्वरी खेलमैदान (पुल) र बाराही पुलको माटो परीक्षण (Soil Test) सिलबन्दी दरभाउ पत्र वा कोटेशन आह्वान गर्न सूचना प्रकाशित गर्ने निर्णय भयो । | | | | | | | | | महेश्वरी खेलमैदान (पुल) र बाराही पुल |
| २ | भक्तपुर नगरपालिका वडा नं. १० स्थित कि.न. ८५४, ८५५, ७१ लगायतको जग्गामा कम्पनी रेजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१०८२८/०७५/०७६ मा दर्ता भएको श्री ख्वप इन्भाइरोमेन्टल कन्जरभेसन एण्ड रिसर्च सेन्टर प्रा.लि. नामक कम्पनी सञ्चालन गर्न पेश वातावरण व्यवस्थापन योजना स्वीकृत माग गरिएको स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | |
| | भ.न.पा. भित्रको तपसिलबमोजिम पीच बाटोहरूको मर्मत (Patch Work) कार्य गर्नुपर्ने भएकोले सिलबन्दी दरभाउ पत्र वा कोटेशन आह्वान गर्न सूचना प्रकाशित गर्न निर्णय गरियो । | | | | | | | | | |
| १ | राम मन्दिरदेखि अरनिको राजमार्गसम्म (Package I) को बाटो मर्मत कार्य (राम मन्दिरदेखि भुलान्चासम्म र राम मन्दिरदेखि सूर्यविनायक चोकसम्म) | ३ | ४९९,७७२।३२ | | | | | | पीच | |
| २ | राम मन्दिरदेखि अरनिको राजमार्गसम्म (Package II) (राम मन्दिरको ग:हिटीदेखि बाराही पुलसम्म), लिबाली क्षेत्रमा र जगातीदेखि वासिकचासम्मको बाटो मर्मत कार्य | ३, ७ र ८ | ३६०,०८५।९५ | | | | | | पीच | |

मिति : २०७६/०९/०१ गतेको निर्माण समिति बैठक

| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| समपुरक र विशेष अनुदान बजेट सम्बन्धी | | | | | | | | | | |
| १ | आ.व. २०७६/७७ को समपुरक अनुदान बजेट र विशेष अनुदान बजेटको लागि प्रस्तावित योजनाहरू राष्ट्रिय योजना आयोगमा २२ वटा योजनाहरूको ल.ई. रू.७६,३६,९४,३६२।०० र प्रदेश नं. ३ सरकारमा ६ वटा योजनाहरूको ल.ई. रू.९,२४,१०,२४४।४० बजेटका लागि सम्बन्धित मन्त्रालयमा बोर्ड बैठकबाट स्वीकृत योजनाहरू पठाएकोमा सो मन्त्रालयबाट अनुदान बजेट प्राप्त नभएसम्मका लागि नपाबाट समपुरक र विशेष अनुदानका लागि विनियोजित रू. १० करोड बजेटबाट पूर्ति गरी नपाले व्यहोर्ने र पछि शोधभर्ना गर्ने गरी काम कारवाही अगाडि बढाउने निर्णय गरियो । | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | |
| १ | विभिन्न मर्मत कार्य (निर्माण सम्बन्धी) | १।१० | १,४३८,९२७।८७ | | | | | | मर्मत | |
| २ | तेखा पुखु भजन पाटी पुन:निर्माणका बाँकी कार्यहरू गर्न | ३ | २,०१५,२०५।८८ | | | | | | नपा | |
| ३ | भूकम्पबाट पूर्ण क्षति भएको साविक भक्तपुर नगरपालिका रहेको थंथु दरबार पुन: निर्माण कार्य | ३ | ९९,७९१,५३२।८१ | | | | | | नपा | |
| ३ | भार्वाचो बसपार्कको आकाशे पानी भाज्या पोखरीमा लाने र इँटा छाप्ने कार्य | १ | ६९७,२८६।९५ | | | | | | खानेपानी | |
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | |
| १ | भ.न.पा. सभाकक्षको लागि टेबुल मेचहरू बनाउने कार्य | २ | ३५८,८३१।०० | | ३५६,८९५।१३ | ३४१,९९९।९८ | | ३४१,९९९।९८ | | श्री शिल्पकार ट्रेडिङ्गलाई भुक्तानी |
| उपभोक्ता समिति गठन सम्बन्धमा | | | | | | | | | | |
| १ | मेतँदेखि समाज सुधार विद्यालयसम्मको बाटो मर्मत कार्य | ८ | उ.स.अ. : श्री सत्यप्रसाद प्रजापति | | उ.अ.स. : श्री राम प्रजापति | | | | सडक बोर्ड नेपाल | |
| २ | महेन्द्र आधारभूत विद्यालयको स्तरोन्नती गर्ने कार्य | ८ | उ.स.अ. : श्री कृष्णसागर बासी | | उ.अ.स. : श्री जुजुलाल गाईजू | | | | शिक्षा | |
| ३ | भार्वाचो बसपार्कको आकाशे पानी भाज्या पोखरीमा लग्ने र इँटा छाप्ने कार्य | १ | उ.स.अ. : श्री लक्ष्मीश्वरी शिल्पकार | | उ.अ.स. : श्री गंगालक्ष्मी वमनु | | | | खानेपानी | |

## विविध

क. भक्तपुर नगरपालिकाको **७० औं स्थापना दिवस** मितिः २०७६ पुस २ गते, बुधबा, नगरपालिकाको सभाकक्षमा मार्गनिर्देशन तथा पुरस्कार वितरण कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

ख. श्री चन्द्रबहादुर राउत र मान कुमारी महर्जनले भक्तपुर नगरपालिका साविक वडा नं. १७(घ) बाट हाल कायम वडा नं. १ कि.नं.. ४४७, ८५६, ८५७ र ८५८ क्षे.फ. ०-१४-०-०, ०-७-०-१, ०-१४-२-० र ०-११-१-३ गरी जम्मा २-१५-०-० भएको जग्गामा भक्तपुर नगरपालिकाको निजी क्षेत्रबाट गरिने "जग्गा विकास सम्बन्धी निर्देशिका-२०७१ को पहिलो संशोधन २०७३" अनुसार **जग्गा विकास योजना** तर्जुमा र कार्यान्वयन गर्न स्वीकृतिका लागि दरखास्त साथ पेश गरिएको नक्सा, अन्य कागजपत्र र संलग्न प्राविधिक प्रतिवेदनको जाँच गर्दा सम्पूर्ण प्राविधिक पक्षहरू निजी क्षेत्रबाट गरिने "जग्गा विकास सम्बन्धी निर्देशिका-२०७१ को पहिलो संशोधन २०७३" र प्रचलित मापदण्डअनुसार भएकोले सो दरखास्त साथ पेश भएको नक्सा र अन्य कागजातहरू बमोजिम विकास गर्न योजना स्वीकृति दिने निर्णय गरियो ।

ग. भनपाद्वारा सञ्चालित टि्पर गाडी नं ३५५९ मर्मत गर्दाको रु. १६७००।-, गाडी न बा १ ग २९४१ मर्मतको रु. १९०००।- र गाडी नं बा १ क ९०२५ मर्मत गर्दाको रु. १२०६०।-, गाडी नं बा १ क ३५५८ मर्मत गर्दाको रु. २६०५०।- र गाडी नं २९४१ मर्मत गर्दाको रु १७७००।- गरी कुल ९१५१०।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. भनपाद्वारा सञ्चालित गाडी नं २२६२ मर्मत गर्दाको रु.९९७७९।-, गाडी नं ४५५४ मर्मत गर्दाको रु. २८६५६।८० गाडी नं २२६२ मर्मत गर्दाको रु. ८५७६७।- गरी कुल रु. २१४२०२।८० सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापत रु. २५५९०।- ब्रदर्श क्याफेलाई **भुक्तानी** गर्ने निर्णय गरियो ।

च. भनपाद्वारा सञ्चालित गाडी नं ८७७ मर्मत गर्दाको रु.२५२८९।- र एम्बुलेन्स ७१४९ मर्मत गर्दाको रु. १९२१०।- गरी कुल रु. ४४४९९।४० अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. भक्तपुर नपाद्वारा बंगलादेशका महामहिम राष्ट्पति पाल्नुभएको अवसरमा आयोजित कार्यक्रममा आवश्यक मेच वापत रु. ३७२५।- र मिति २०७६ कार्तिक १७ देखि २३ सम्म आयोजित अन्तर नगर विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक मेच वापत रु. १८१५०।- गरी कुल रु. २१८७५।-

भक्तपुर टेन्ट हाउसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. नपाबाट २८ औं विश्व अपाङ्ग दिवसको उपलक्ष्यमा आयोजित विशेष खेलकुद प्रतियोगितामा आवश्यक सामान वापत रु. ३८१०९।२५ तलेजू वैक्वेटलाई **भुक्तानी** दिने निर्णय गरियो ।

झ. मिति २०७६।०७।१७ गते नपाद्वारा आयोजित खेलकुद प्रतियोगिता उद्घाटन कार्यक्रममा पाल्नुभएका अतिथी तथा जनप्रतिनिधीहरूलाई खाजा वापत रु. ४४०७०।-, २०७६।०७।२३ गते आयोजित खेलकुद प्रतियोगिताको खाजा खर्च वापत रु. १०,१७०।- र मिति २०७६।०७।२१ गते को नपाको बोर्ड बैठकमा खाजा वापत रु. ९४९२।- गरी कुल रु. ६३,७३२।- सूर्यविनायक भेनुलाई भुक्तानी **भुक्तानी** दिने निर्णय गरियो ।

ञ. वडा नं १ का वडा अध्यक्ष श्री श्यामकृष्ण खत्रीले मिति २०७६ कार्तिक १७ देखि २३ सम्म भएको भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहभागी भएका विद्यालयहरूलाई खेल सामग्री खरिद वापतको रु. ४७३९८२।- स्पोर्टस प्वाइन्टलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ट. नपाका स्यानिटेसन शाखा प्रमुख श्री दिलीपकुमार सुवालले २०७६ सालको विजया दशमीको अवसरमा सरसफाइ कार्यमा संलग्न कर्मचारीबीच शुभकामना कार्यक्रम तथा यस नपाद्वारा सञ्चालित सवारी साधन र मेशिनरी साधनको पूजा कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाउन रु. १,५०,०००।- पेश्की लिएकोमा रु. १३३५१७।- खर्च गरी बाँकी रकम रु. १६४८३।- बैंक दाखिला गरी नजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ठ. नपाद्वारा आयोजित सास्कृतिक गुरु सम्मान कार्यक्रम तथा २४ औं विश्व अपाङ्गता दिवसको अवसरमा आयोजित विशेष खेलकुद कार्यक्रमको दृष्य छायाँकन वापत रु. ३६१६०।- ख्वप मल्टिपर्पोज प्रा.लि.लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ड. भनपाद्वारा सञ्चालित गाडी नं ८१५६ मर्मत गर्दाको रु. ३९६५११।३५ न्यौपाने इन्जिनियरिङ्ग प्रा.लि.लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ढ. नपाद्वारा सञ्चालित गाडी नं ३५५८ को ट्रिपर गाडी मर्मत गर्दाको रु. १४००।- दयाराम गोसाईलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ण. नपाद्वारा सञ्चालित फोहोर संकलन गर्ने गाडी नं ८७५० मर्मत गर्दाको रु. १३५०।- दयाराम गोसाईलाई **भुक्तानी** दिने निर्णय गरियो ।

त. नपाका विभिन्न समयमा खाजा उपलब्ध गराएवापत भ्रःछे खाजा घरलाई रु. २६५४०।- **भुक्तानी** दिने निर्णय गरियो ।

थ. भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको मिति २०७६।०७।२७ च.नं. ४६ बाट यस नपाको भक्तपुर क्राफ्ट पेपर लि. लाई प्राप्त पत्रबाट माग गर्नु भएको विद्युत र घर जग्गा बहालबाट रु. १८०९३६९।०८ मध्ये जरिवाना बाहेकको रकम निकासा गर्ने र जरिवाना मिनाहाको पत्र लेख्ने निर्णय भएअनुसार भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई रु. १४७९८३८।४० सार्वजनिक उपयोगिताको सेवा खर्च शिर्षकबाट **भुक्तानी** गरिएको अनुमोदन गरियो ।

द. नपाका विभिन्न समयमा खाजा उपलब्ध गराएवापत बालकृष्ण खाजा घरलाई रु. १७१४०।- **भुक्तानी** दिने निर्णय गरियो ।

ध. नपाका विभिन्न समयमा फलफूल उपलब्ध गराएवापत हरिशरण पुडासैनीलाई रु. १४३३०।- **भुक्तानी** दिने निर्णय गरियो ।

न. ट्रेनि आर्किटेक्ट जीवन तुईतुईको निवेदनमाथि छलफल हुँदा निजलाई मासिक रु.१०,०००।- खाजा **खर्च उपलब्ध गराउने** निर्णय गरियो ।





भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं

भक्तपुर नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम गरिरहेको छ ।

यस पुनित कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ ।

# ङातापोंल
## आकाश छुने धरोहर



ओम धौभडेल

आजभन्दा तीन सय अठार वर्ष अगाडि बनेको एउटा मन्दिर आज पनि आफ्नै मौलिक वास्तुकला एवम् स्वरूपको कारण विश्वप्रसिद्ध बनिरहेको छ । भक्तपुरको टौमढी क्षेत्रमा तीन शताब्दी अगाडिदेखि स्थापित विश्वप्रसिद्ध ङातापोंल मन्दिर आज पनि उदाहरणीय बनिरहेको छ । वि.सं. १७५९ मा तत्कालीन कलाप्रेमी राजा भूपतिन्द्र मल्लले बनाउन लगाएको यो मन्दिर मात्र ६ महिनामा बनेको भन्दा अर्को आश्चर्य मान्नुपर्ने हुन्छ । मल्लकालमा काठमाण्डौं उपत्यकाका तीन मल्लराजाहरू बीच हरेक क्षेत्रमा प्रतिस्पर्धाको भावना रहँदाको एक ज्वलन्त नमुना बनेको यो मन्दिरमार्फत् भक्तपुरले गर्व गर्न पाएको छ । विशेषगरि कान्तिपुरसँग मनमुटाव रहेको अवस्थामा यो मन्दिरको प्रसिद्धि र चर्चाबाट कान्तिपुर चिढिएको थियो । मन्दिर सम्पन्न भएको अवसरमा गरिएको भव्य सिद्धाग्नी कोत्याहुती यज्ञमा कान्तिपुरबाहेक उपत्यका र वरिपरिका सबैको उपस्थिती रहेकोबाट भक्तपुरसँग कान्तिपुर चिढिएको प्रष्ट हुन्छ । त्यस समयमा भक्तपुरको ललितपुरसँग घनिष्ट सम्बन्ध रहेको तथ्य तत्कालीन समयका ललितपुरका राजाले कयौं पटक हात्ती चढी मन्दिरको निरीक्षण अवलोकन गरेबाट पनि स्पष्ट हुन्छ । स्मरणीय छ, तत्कालीन समयमा कान्तिपुरमा भूपालेन्द्र मल्ल र ललितपुरमा योगनरेन्द्र मल्लले राज्य गरिरहेका थिए ।

### मन्दिर बारेका केही किंवदन्तीहरू

नेपालमा बनेका विभिन्न सम्पदाहरू मध्ये आजसम्म जीवन्त मन्दिरमा **सबैभन्दा अग्लो भक्तपुरको यही ङातापोंल मन्दिर** हुन आउँछ । यति अग्लो मन्दिर बनाउन तत्कालीन राजा भुपतिन्द्र मल्ललाई के ले प्रेरणा दियो ? यो आजसम्म प्रकाशमा आउन सकेको छैन । तर एउटा किंवदन्ती के सुन्न पाइन्छ भने ङातापोंल मन्दिर बन्नु पूर्व त्यहाँ नजिकै एक जना डुइँ (डोय) रानीको आवास थियो । राजनैतिक प्रतिशोध लिने हेतुले डुइँहरूलाई अति निम्नस्तरको दलितमा परिणत गरिदिए पछि लायकु दरबारबाट उक्त डोय रानीको आवास देख्न नपाओस् भनी यति अग्लो मन्दिर बनाउन लगाएको थियो ।

त्यस्तै यति अग्लो मन्दिर बनाउनुको पछाडि अर्को एक किंवदन्ती पनि सुन्न पाइन्छ । टौमढी टोलस्थित भैरवनाथले यहाँ उत्पात मचाउन थालेपछि भैरवलाई शान्त पार्न ज्योतिषहरूको सल्लाह बमोजिम यति अग्लो मन्दिर बनेको भनिन्छ । त्यसबेला पूर्वबाट भक्तपुर बसाइँ सरेका बलिपाध्य नामका एक प्रसिद्ध ज्योतिषको सल्लाहमा भैरवलाई शान्त पार्न यति धेरै अग्लो मन्दिर बनाउन सल्लाह दिएको थियो । उनै ज्योतिषका शाखासन्तान हाल दुवाकोटमा रहेका न्यौपानेहरू हुन् । त्यसो त ङातापोंल मन्दिर बन्नु पूर्व यस ठाउँमा ङातापुलु नाम गरेको सानो देवलसहित केही निजी घरहरू समेत थियो भन्ने कहावत पाइन्छ । त्यसमा एक दुखी भारोको पनि घर थियो । ङातापोंल बनेको अवसरमा सबै खुशी रहेको अवस्थामा आफ्नो घर गुमाउनु परेकोमा दुखी भारोले रामायण लेखी त्यसको अन्तमा आफ्नो दुखेसो पोखेका थिए । त्यसो त मन्दिर बनाउन उक्त घरजग्गा अधिग्रहण गरिसकेपछि त्यसको सट्टा उनलाई भोलाछें टोलको शिवननीको एक घर दिएको थियो । यसरी सट्टामा दिए पनि आफू सारै दुःखी भएको उनले लेखेको रामायणको अन्तमा लेखेको ब्यहोराबाट थाहा हुन्छ ।

ङातापोंल मन्दिरको उचाइको आधार लायकुको सबैभन्दा अग्लो सम्पदा गोसाईकुण्ड महादेवको मन्दिरलाई लिएको मानिन्छ । हाल थथु लायकुको थंथु दरबार (भक्तपुर नगरपालिका कार्यालयको पुरानो भवन) अगाडिको विशाल गोसाईकुण्ड महादेवको मन्दिरको उचाइलाई नाघ्ने गरी ङातापोंल मन्दिर बनाएको मानिन्छ । गोसाईकुण्ड महादेवको उक्त मन्दिर शिखर शैलीको थियो भने ङातापोंल मन्दिर छाने शैलीको थियो । एकदम अग्लो शिखर शैलीको यो मन्दिर बढि उचाइ कै कारण ताहा देःगः (अग्लो मन्दिर) नाम पाएको थियो । बुढापाकाहरूका अनुसार नगरपालिका बसेको पुरानो भवनको मूलद्वारबाट उक्त



मन्दिरको गजूर हेर्ने बेलामा आफूले लगाएको टोपीसमेत खस्थ्यो रे । तर वि.सं. १९९० मा आएको महाभूकम्पमा उक्त मन्दिर भत्केपछि राणा प्रधानमन्त्री जुद्ध शम्सेरले गुम्बज शैलीमा मन्दिरको जीर्णोद्धार गराए । जीर्णोद्धारपछि फर्सिको आकार आउने भएर पछि मन्दिरको नामाकरण नै फसि दे:ग: (फर्सि जस्तो देवल) हुन पुग्यो । तर ङातापोंल मन्दिरले भने उक्त भूकम्पमा सामान्य क्षतिमात्र व्यहोर्नु पर्‍यो । वि.सं. २०७२ सालकै भूकम्पमा पनि फसि देग पूर्णक्षति भयो । तर ङातापोंल ज्यूँका त्यूँ ठडिएकैछ ।

जे होस् तत्कालीन समयमा काठमाण्डौं उपत्यका भित्रका राजाहरू बीच एकसे एक राम्रा, आकर्षक भव्य सम्पदाहरू बनाउने क्रममा नेपाल जस्तो भूकम्पबाट अति प्रभावित क्षेत्रमा पनि ङातापोंल जस्तो अग्ला सम्पदाहरू बनेका छन् । यति अग्लो सम्पदा भएर होला, मन्दिरको गजूर राख्ने विषयमा यहाँको जनजीवनमा एउटा अर्को किंवन्दती लोकप्रिय छ । सँधै काम नगरी चुपचाप बस्ने एउटा सानो केटो गजूर राख्ने दिनमा एक्लैले गजूर बोकी स्थापना गरेको थियो भनिन्छ । उक्त केटो अरु कोही नभएर वीर वेताल रहेको भन्ने कहावत छ । यस्तै अनेकौं किंवदन्तीहरूले ङातापोंललाई यहाँ अत्यधिक रहस्यमय एवम् रोचक सम्पदाको रूपमा हेर्ने गरिन्छ ।

## पैगोडा होइन छाने शैली

भक्तपुरस्थित विश्वप्रसिद्ध ङातापोंल मन्दिर नेपालमा भएको छाने शैलीको सबैभन्दा अग्लो एकमात्र मन्दिर हो । तर यहाँ छाना शैलीलाई पैगोडा शैली भनी दिंदा शुद्ध मौलिक नेपाली शैलीमाथि अन्याय भएको छ । चीन र जापानबाट आयातित पैगोडा शब्दले नेपाली कला संस्कृतिमाथि ठेस पुऱ्याएको छ । परापूर्व कालदेखि नै नेपालमा लोकप्रिय भैसकेको छाने शैली कतैबाट आयातित वा उपहार आएको शैली होइन । तसर्थ **ङातापोंल मन्दिरलाई शुद्ध नेपाली छाने शैलीको सबैभन्दा अग्लो मन्दिर मान्नु पर्दछ ।** जुन मन्दिर पाँचतले भनिए पनि यसमा पाँचवटा तह पेटी र पाँच तला छाना गरी जमिनबाट दश तला देखिन्छ । तर पाँचवटा छानालाई मात्र मध्ये नजर गरी नेपाल भाषामा ङातापोंल भनिने यो मन्दिर वाह्य भौतिक स्वरूपले नै आजसम्म चर्चित रहँदै आएको छ । साथै मन्दिरभित्र कुन देवता स्थापना गरिएको छ त्यो विषयसमेत गौण बन्न पुगेको छ । यो देवलको आफ्नोपन हो । वास्तवमा दक्षिणाभिमुख यो मन्दिरका पाँचै तलाका छानाहरू समानुपातिक एवम् स्थिर देखिन्छ । छानालाई सुहाउने तरिकाले यसमा पाँच वटा पेटीहरू छन् । यसले मन्दिरलाई आकर्षक बनाएको छ । अर्थात मन्दिरको छाना र पेटीहरूको सन्तुलनले नै ङातापोंल मन्दिर यतिविधि आकर्षक भएको हो ।

## तान्त्रिक युगको प्रतिनिधित्व

ङातापोंल बाहिरबाट हेर्दा एउटा मन्दिरमात्र देखिए पनि यस भित्र तान्त्रिक शक्तिकी देवी सिद्धिलक्ष्मी स्थापना गरिएको तथ्य महत्त्वपूर्ण छ । सिद्धिलक्ष्मीलाई तन्त्र शास्त्रले पश्चिमाम्नाय मतकी देवीको रूपमा लिए पनि तन्त्रले यस देवीलाई सर्वम्नायी रूपमा लिने गरेको छ । सबै देव देवीकी आराध्य देवी सिद्धिलक्ष्मीको स्थापनाताका भक्तपुर शहर चरम तान्त्रिक युगमा थियो भन्ने स्पष्ट हुन्छ । यसकारण ङातापोंलको सिध्दीलक्ष्मीलाई मध्य भागमा पारी दशमहाविद्याका देवीहरू यही मन्दिर वरपर स्थापना गरिएको छ । यसमा भेलुखेल योसीं खेलको दोपाटमा काली-भैरवी स्थापना भएको छ । योसीं खेलको दोबपाटमा भैरबी रहेको छ । त्यस्तै दशमहाविद्याकी देवी तारा भेलुखेल खोला पारी सरस्वती मन्दिरको भित्तामा छ । मातंगी भक्तपुर दरबार क्षेत्र नजिक लशकुश ढोका नेर छ । वगलामुखी भक्तपुर इन्द्रायणी पीठनेर छ । त्यस्तै ङातापोंलको समिप बहत्वाबाट आउने बाटोको मुखैमा भूवनेश्वरी र छिन्नमस्ता देवी छ । यता त्रिपुरासुन्दरी पीठनेर षोडषि स्थापित छ । टिबुक्छँको मध्यभागमा धुमावती छ । भोलाछेँ दुगुमलानेर कमला स्थापित छ । यी सम्पूर्ण दशमहाविद्याका देवीहरूको मध्य भागमा ङातापोंल बनेको छ । यस मन्दिरभित्र स्थापना गरिएको मुख्य देवी र अन्य अनेकौं प्रतिकात्मक मूर्तिहरू, तोरण, टुँडाल, झ्याल, छाना, पेटी, विभिन्न जीवजन्तु तथा पशुपन्छीहरू, गजूर, खुड्किला, दलिनलगायत हरेक वस्तु तन्त्रसँग सम्बन्धित देखिन्छ । यस मन्दिरमा पाँच छाना, पाँच पेटी, पाँच गणेश, पाँच सुरक्षा रूपी वाहनहरू, तेत्तिस वटा खुड्किलाहरू, एक सय आठ वटा टुँडालहरू, तीन सय साठी वटा दलिनहरू जस्ता यस मन्दिरमा प्रयोग गरिएका विभिन्न सङ्ख्याहरूको पछाडि तान्त्रिक मत लुकेको छ । त्यस्तै मानिसभन्दा क्रमश: दश दश गुणाले शक्तिवान पहलमान, हात्ती, सिंह, शार्दुल, देवीको मूर्ति पछि मात्र सिद्धिलक्ष्मी देवी रहनुको पछाडि यस देवीको शक्ति प्रष्ट हुन आउँछ । मन्दिरको गर्भगृहमा स्थापित उक्त देवी हेर्दैमा भयानक आकृतिका छन् । दायाँ बायाँ महाकाल भैरव र मसान भैरव राखी बीचमा बसेकी देवीको नौ मुख र अठार हात छन् । बेतालमाथि आसन गरिबसेको भैरवको काँधमा खुट्टा राखी उभिएको देवी तान्त्रिक मतअनुसार स्थापना गरिएको हुँदा सर्व-साधारणलाई दर्शनको लागि खुल्ला छैन । बरु **मन्दिरको मूल ढोकामाथि राखिएको कलात्मक तोरणमा कुँदिएको अठार हाते महिषमर्दिनी भगवती नै गर्भगृहमा राखिएको सिद्धिलक्ष्मीको प्रतिमूर्तिको रूपमा लिने गर्दछ ।** त्यसबाहेक मन्दिरको पाँचौ तलासम्म ठाउँ-ठाउँमा कुँदिएका विभिन्न हातहतियार समेतका भैरवका गणहरू, अनेकौं देवदेवीहरू,

अस्वाभाविक आकृतिका जनावर तथा पशुपन्छीहरूका कलात्मक मूर्तिहरू पछाडि तान्त्रिक युगको प्रभाव परेको स्पष्ट हुन्छ ।

## गुथि तथा जात्राविनाको मन्दिर

प्राचीन समयमा यहाँ कुनै पनि सांस्कृतिक सम्पदा स्थापना गर्दा तत्कालीन राजा, रजौटा, भारदारहरूले आफ्नो कृति भविष्यसम्म रहिरहोस् भनी सम्पदा स्थापना गर्दा नै त्यससँग सम्बन्धित गुथि आयस्तासहित शिलालेख राख्ने चलन थियो । अनि त्यससँग सम्बन्धित देव देवीको जात्रा वर्षको एक पटक धुमधामसँग गर्ने चलन थियो । तर यो चलन ङातापोंल मन्दिरमा लागु भएको देखिन्दैन । यत्रो विशाल कलात्मक वास्तुकलाले भरिएको मन्दिर बनाउन सक्ने भुपतिन्द्र मल्ल जस्तो कलासंस्कृति प्रेमी राजाले मन्दिरसँग सम्बन्धित पूजापर्व र जात्राको लागि एक गेडा अन्नको आयस्ताको व्यवस्था गरिएको छैन भन्दा पत्यार नलाग्न सक्छ । त्यतिमात्र होइन मन्दिर कहिले स्थापना गरिएको हो स्पष्ट तिथीमितिसहितको शिलालेख समेत वरिपरि कतै स्थापना गरिएको छैन । **मन्दिरसित सम्बन्धित एक महत्त्वपूर्ण अभिलेख रहेको ढुङ्गा भक्तपुर तलेजुभित्र रहेको इनारमा पानी लिन खुड्किलाको रूपमा उपयोग हुँदैछ ।** सम्भवत त्यो रहस्य मन्दिर भित्रको देवी तान्त्रिक मतकी भई आफ्नो इष्ट देवीको रूपमा स्थापना गरेको हुनाले यस्ता कुराहरूलाई प्रकाशमा नल्याएको हुनुपर्छ । त्यसो भएर यस मन्दिरभित्र दीक्षाधारी व्यक्तिहरू बाहेक अरुलाई प्रवेश निषेध छ । दीक्षाधारी व्यक्तिहरूको हकमा पनि यस मन्दिरभित्र राखिएको कालो पर्दामा रहेको देवीको चित्र (पौभा) हेरेर मात्र आफ्नो योग्यता, अनुष्ठान तथा उपासना भएमा मात्र प्रवेश गर्ने परम्परा छ । यस अर्थमा ङातापोंल मन्दिर आगमको रूपमा बनेको हुनाले नै सर्वसाधारणलाई यो देवीको दर्शन गर्नबाट बन्चित हुनु परेको देखिन्छ । **त्यस्तै यो देवीलाई दैनिक नित्यपूजा बाहेक ज्येष्ठ शुक्ल प्रतिपदाको दिन वर्ष बन्धन पूजाबाहेक अन्य कुनै जात्रा पर्व चलेको देखिन्दैन ।**

हाल यी सबै पूजा पर्व भक्तपुर तलेजुमार्फत चल्दै आइरहेको छ । यस देवीलाई दैनिक नित्य पूजा तलेजुकै कर्माचार्यहरूले गर्दै आएका छन् । भनिन्छ, यस मन्दिर प्रतिस्थामा भाग लिएका तलेजुका मूल नाईके जोशी, राजोपाध्याय र कर्माचार्यलाई तत्कालीन राजा भूपतिन्द्र मल्लले सुनको मुकुट उपहार दिएका थिए । त्यसमध्ये कर्माचार्यहरूलाई दिएको मुकुटको तस्बिर र त्यसमा उल्लेखित अभिलेख प्रकाश पार्ने काम डा. पुरुषोत्तमलोचन श्रेष्ठले गरिसक्नु भएको छ । यता ब्राम्हणहरूलाई मुकुट दिएको तथ्य तौमढी टोलको दाफा भजनको एक श्लोकमा लेखिएको “विल पुरोहितयात लुँया मुकुटी” भन्ने वाक्यबाट प्रष्ट भएपनि त्यो मुकुटबारे हालसम्म तथ्य जानकारी प्रकाशमा आएको छैन । इतिहासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने यस्ता राष्ट्रिय सम्पतिबारे सत्य तथ्य अगाडि ल्याउन विद्वानहरू अध्ययन अनुसन्धानमा लाग्नुपर्ने देखिन्छ ।



aftfk|f]+agfpg'cl3 g]kfnefiffdf ul/Psf]8OË . tl:a/-nj]ys

त्यस्तै बुढापाकाहरूका मुखबाट यस मन्दिरको लागि कुनै गुथि आयस्ता नभएको सन्दर्भमा एउटा किंबन्दती पाइन्छ । यो मन्दिर बनाउँदा बनाउँदै राजा भुपतिन्द्र मल्लको मृत्यु भएको हुनाले गुथि जग्गा आयस्ता जोड्न पाएनन् । मन्दिर बनाउँदै गर्दा दरबारको छानामा बसेको काग कराएको आवाज सुनी कागको भाषा जान्ने राजाले अब आफूलाई यमराजले लिन पठाएको बताई मन्दिर पूरा गर्न नपाउँदै मृत्यु वरण गऱ्यो भन्ने सुन्न पाइन्छ । तर यो किंबन्दती इतिहाससँग मेल खाँदैन । भूपतिन्द्र मल्लले यो मन्दिर ने.सं. ८२२–८२३ (वि.सं. १७५९) तिर बनाएको हो भन्ने तथ्य इतिहासबाट प्रष्ट भइसकेको छ । यसको एक प्रमाण त्यही दाफा भजनमा गाउने गीतमा लेखिएको "नसेच्याया दथुई नसेताङा" बाट प्रस्ट हुन्छ । तर राजाको मृत्यु ने.सं. ८४२ मा मात्र भएको देखिन्छ । यसरी मन्दिर बनाउँदा बनाउँदै नभई मन्दिर बनाएको १९ वर्षपछि मात्र भुपतिन्द्र मल्लको मृत्यु भएको हो । तसर्थ मन्दिर बनाउँदा बनाउँदै राजाको मृत्यु भएको भन्ने तथ्यमा दम छैन । बरु यत्रो मन्दिर बनाउन सक्नेले किन गुथि आयस्ताको व्यवस्था गरिएन ? यो नै रहस्यमय तथ्य बनेको छ ।

## इतिहास बोकेको मन्दिर

काठमाण्डौं उपत्यका अझ नेपालमै बनेका सम्पदाहरू मध्ये ङातापोंल मन्दिरमात्र त्यस्तो उदाहरणीय सम्पदा बनेको छ जुन मन्दिर स्थापनादेखि सम्पन्नसम्मका एक एक घटनाहरू लिखित रूपमा उतारिएको छ । भूपतिन्द्र मल्ल त्यस्तो इतिहासप्रति सचेत राजाको रूपमा देखा परे जसले ङातापोंल मन्दिरलगायत आफ्ना छोरा रणजित मल्लको विवाह सम्बन्धी सम्पूर्ण विवरण धरपौमा सुरक्षित राख्न लगाए । यता मन्दिरको निर्माण पूर्व आवश्यक सामग्रीहरू कसरी कहाँबाट जुटाएको, **मन्दिरको जगदेखि गजूर स्थापनासम्मका सम्पूर्ण गतिविधिहरू लेखिएको धरपौलाई प्रकाशमा ल्याउने काम डा. जनकलाल बैद्यले गर्नु भएको हो ।** राष्ट्रिय अभिलेखालय भित्र ढुसी परी कुहिन लागेको पाण्डुलिपीहरू बीच अनेकौं समस्याको बावजुद सङ्ग्रह गरिएको उक्त धरपौले नेपालको इतिहासमा ङातापोंल एउटा कोसे ढुङ्गा बनेको छ ।

उक्त पाण्डुलिपीअनुसार सर्वप्रथम ने. सं. ८२२ कार्तिक सुदि तृतीयाको दिन रुख ढाल्न पठाइयो । त्यसपछि पौष कृष्ण द्वादसीको दिन भूमि सोधन पूजा गरिएको थियो । त्यसको ५४ दिन मै पाँच वटा विशाल पेटीहरू तयार भइसकेको थियो । त्यसपछि फाल्गुण कृष्ण षष्ठिको दिन मूल द्वार स्थापना गरिएको र त्यसको पाँच दिन मै निदाल (विम) राखेको थियो । त्यसको बाइसौं दिनमा पहिलो तला सकी दोश्रो तलाको लागि झ्याल राखियो । त्यसपछि क्रमशः चार चार दिनको फरकमा पाँचौ तला बनाउने काम सकेपछि चैत्र कृष्ण औंसीको दिन गजूर राख्न काठको चुली राखीयो । त्यसपछि पाँचौ तलादेखि झींगटी छाउने काम सुरु भयो र पाँच तला झिँगटी छाउन दश दिन लाग्यो । यसरी युद्ध स्तरमा तयार भएको यो मन्दिरले नेपालको वास्तुकला, काष्ठकला, मूर्तिकला जस्ता हरेक क्षेत्रमा अमिट छाप पार्न सफल भएको देखिन्छ । भनिन्छ, भूमि सोधन कार्यमा तत्कालीन राजा भूपतिन्द्र मल्ल आफैले तीन वटा इँटा बोकी शुरु गरेको कार्यमा भक्तपुर, पाटन, सात गाउँ (बनेपा, पनौती, धुलिखेल, श्रीखण्डपुर, साङ्गा, नाला र चौकोट) लगायत नगदेश, थिमी, बोडे, र भक्तपुर अन्तर्गत पर्ने अरु गाउँहरूबाट थुप्रै व्यक्तिहरूले समेत भाग लिएको तथ्य मन्दिर समापन कार्यमा बनेपाका १२५७, नालाका ६२२, पनौतीका ७६६, धुलिखेलका ३७४, साङ्गाका ४३९, नगदेशका २६१, थिमीका २१२७, खस गाउँका २८४ गरी भक्तपुरकै ४००१, सिपाही १०९०, ज्यामी ३८०१, ब्राम्हण पुजारी ५०० गरी करिव २०,००० व्यक्तिहरूले भोज खाएको तथ्यबाट पनि स्पष्ट हुन्छ ।

## भूकम्पसँग जुध्दा जुध्दै

नेपालजस्तो भूकम्पको जोखिमपूर्ण क्षेत्रमा यत्रो अग्लो मन्दिर बनाउँदा सम्भवत तत्कालीन शासक एवम् कामदार प्राविधिकहरूले सोचेका थिएनन् होला यदि यो मन्दिर नै भत्किनेगरि भूकम्प आएमा कुन दिशातर्फ भत्किन्छ ? तर मन्दिर बनेको ३१८ वर्ष पछि केही व्यक्तिहरू यसतर्फ चिन्तित भएको देखियो । केही समय अगाडि पुल्चोक इन्जीनियरिङ्ग क्याम्पसका केही विद्यार्थीहरू, भक्तपुर नगरपालिकाका ई. राम गोविन्द श्रेष्ठ, चीनमा भूकम्प सम्बन्धी पि.एच.डी. गर्दै रहनु भएका विजय जोशी र वहाँका दुईजना चिनियाँ सहपाठीहरूले यस सम्बन्धमा अध्ययन गर्नुभएको थियो । त्यसको लागि मन्दिरको सबै तलामा सेन्सर जडान गरी त्यसको सिधा सम्पर्क कम्प्युटरमार्फत् अध्ययन गर्दै रहेका उक्त टोलीका एक सदस्य इ. रामगोविन्द श्रेष्ठकाअनुसार स्थिरजस्तो देखिएको भएता पनि दैनिक रूपमा हावासँगको घर्षणबाट ङातापोंल मन्दिर हलिरहेको हुन्छ । उक्त हल्लाइको मात्रा कम्प्युटरमा देखिएको तरङ्गबाट निकाल्न सकिन्छ । त्यस्तै नेपालजस्तो भूकम्पीय क्षेत्रमा रहेको विश्वप्रसिद्ध ङातापोंल मन्दिर कति रेक्टर स्केलको भूकम्प आएसम्म केही हुँदैन भनी पनि पत्ता लगाउन यो अध्ययन गरेको हो ।

विश्वप्रसिद्ध ङातापोंल मन्दिर बनिसके यता कयौं ठूलठूला भूकम्पहरू गइसकेको छ । वि.सं. १८९१ सालको भूकम्पले ङातापोंललाई खासै असर गरेन । त्यतिबेला यो मन्दिर १३१ वर्ष उमेरको थियो । वि.सं. १९९० सालको महाभूकम्पमा यो मन्दिरको सबैभन्दा माथिल्लो एक तला भत्केको थियो र सँगैको भैरवनाथको मन्दिर पुरै भत्केको थियो । यसैलाई आधार मानेर

अझ पनि "ङातापोंल छता मरु, भैलदेःगः पत्ता मरु" भन्ने उखान चलेको छ । २३० वर्ष पुरानो त्यत्रो अग्लो मन्दिरको एक तलामात्र भत्कनु प्राविधिक हिसावले मन्दिर अत्यन्त बलियो भएको प्रमाण हो । मन्दिर यतिविधि बलियो हुनुको पछाडि एउटा रोचक किंवन्दती छ । मन्दिर स्थापनाताका रोपाइँको लागि एक जना किसानले रोपेको विउ हातले उखेल्न नसकेर कोदालोको प्रयोग गर्नुपरेको थियो । त्यस्तै धेरै कसिएको माटो भएको जमिनमा यो मन्दिर बनेको हुनाले भूकम्पले केही नभएको मानिन्छ । त्यसो त मन्दिर बनाउँदा बलियो होस् भनी मास, चाकुजस्ता वस्तुहरूसमेत माटोमा मिसाउन लगाएको भनिन्छ । राष्ट्रिय अभिलेखालयमा रहेको उक्त विवरणअनुसार मन्दिर बनाउँदा थुप्रै प्रकारका माटोहरूको प्रयोग गरेको देखिन्छ । जस्तै विष्णु क्षेत्रको माटो, गंगाको माटो, अग्नि होत्रको माटो, पर्वतको माटो, मूसाले दूलो पार्दा निस्केको माटो, खपाङ्गीले खोस्रेको माटो, गाईको सिंङमा अड्केको माटो आदिबाट ङातापोंल बनेको मानिन्छ । यसैबीच २०४५ भदौ ५ गतेको भूकम्पबाट भक्तपुर नराम्रोसित प्रभावित भएको थियो । धेरै धनजनको नोक्सान भएको थियो । यता २०७२ साल वैशाख १२, १३ र २९ गतेको भूकम्पबाट पनि भक्तपुर अत्यधिक प्रभावित भयो । तर दुवै भूकम्पबाट ङातापोंलमा खासै असर गरेन । माथिल्लो एक तलामा पुगेको क्षति र अन्य सानातिना क्षतिहरूलाई लिएर अहिले भक्तपुर नगरपालिकाबाट लागत रु ६,५१,३३५ मा यो मन्दिरको **जीर्णोद्धार कार्य** थालेको छ । यसअघि भक्तपुर नगरपालिकाबाट नै २०५४ सालमा पनि जीर्णोद्धार गरेको थियो । यसरी समय समयमा जीर्णोद्धार गरे ङातापोंल मन्दिरमात्र होइन, कुनै पनि सम्पदा सयौं वर्षसम्म पनि जीवन्त रहन्छ । यसको उदाहरण ङातापोंल देवल बनेको छ । त्यसैले ङातापोंल सदैव आकाश छुने धरोहरको रूपमा रहिरहन्छ ।

## ङातापोंलका केही रोचक तथ्य

१. मन्दिर बनाउनु पहिले नै ५२९ वटा फय् गाँ (हावाबाट बज्ने घण्टाहरू) बनाउन लगाएको थियो । त्यसमध्ये माथिदेखि पहिलो तलामा ४८, दोश्रो तलामा ८०, तेश्रो तलामा १०४, चौथो तलामा १२८ र पाँचौ तलामा १६८ राखे पछि एउटा घण्टा बढी हुन गएको थियो । त्यस घण्टालाई अभागी घण्टा भनिन्थ्यो । तर त्यो घण्टा कहाँ राखियो आजसम्म रहस्यमय नै छ ।

२. मन्दिरको लागि आवश्यक इँटाहरू मन्दिर बन्नु पूर्व नै विभिन्न ठाउँमा इँटा पोल्ने भट्टाहरू बनाउन लगाई तयार पार्न लगाएको थियो । मन्दिरको लागि जम्मा जम्मी ११ लाख ३५ हजार तीन सय पचास वटा इँटाहरू प्रयोग भएको थियो । त्यस्तै १ लाख २ हजार ३ सय ४ वटा तेलीया इँटा समेत लागेको देखिन्छ ।

३. मन्दिरको गजुरको लागि ४० धार्नी तामा लागेको थियो । जस्मा सुन पोल्न ३७ तोला सुन लागेको थियो । त्यसताका गजूरको मूल्य २०५५ परेको थियो र हालको बजार भाउअनुसार गजूरको मूल्य २५-२६ लाखभन्दा बढी पर्न आउँछ ।

४. पाँचतले मन्दिर निर्माण सम्पन्न भएको अवसरमा एकातिर भक्तपुरका राजासँग सम्पूर्ण जनता हर्षोलासले समापन पर्वमा भाग लिइरहेका थिए भने अर्कोतिर सम्पत्ति सबै हनन भएका दुखी भारो र उनका सन्तानहरू राजाप्रति आलाप विलाप गरिरहेका थिए र आफूहरू माथि परेको दुःखलाई भुल्न रामायण नाटक खेलाएका थिए ।

५. ङातापोंल निर्माणमा लागेको खर्च
- राजा भुपतिन्द्र मल्लको कोषबाट ४०७५ मोट १० दाम
- तलेजु भवानीको कोषबाट १०७ मोट २ दाम
- मुख्यमन्त्री वंशीधरबाट २३० मोट
- सेवा कुबाट २७१० मोट गरी

जम्मा ७१२२ मोट १२ दाम हुन आउँछ ।

६. मन्दिर निमार्णामा दैनिक लागेका कामदारहरूको विवरण

लोहँ कर्मी ३१ जना भक्तपुर, ४४ पाटनबाट, अवाल ३९ जना ३३ जना, बाला १५ जना, पामी १२ जना, न्याकमी ४४ जना, ताःम्हे ४७ जना, जवाल ४ जना, लुँकमी १२ जना, चेतकल १६ जना, साल्मी २१२ जना, गाथा ४८ जना, निवा १२ जना

**७. सात गाउँबाट प्राप्त काठको विवरण**

| ठाउँ | काठको विवरण | कामदार | मूल्य |
|---|---|---|---|
| बनेपा | १८१ थान, | ७५२ ज्यामी, | ४ मोट १६ दाम |
| पनौती | १०१ थान, | ५३३ ज्यामी | ४ मोट २७ दाम |
| साँङ्गा | ८३ थान, | १८८ ज्यामी | १ मोट ९ दाम |
| धुलिखेल | २०० थान, | १०६७ ज्यामी | ९ मोट ११ दाम |
| चौकोट | ७ थान, | १४ ज्यामी | १४ दाम |
| खम्पु | २१ थान, | १०३ ज्यामी | ३ सुकी २२ दाम |
| नाला | ३२ थान, | २०६६ ज्यामी | २ मोट |

**सहयोग सामग्री**

१. वैद्य, डा.जनकलाल, सिध्दाग्नि कोट्याहुति देवल प्रतिष्ठा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०६१

२. धौभारी, ओम, विश्वप्रसिद्ध ङातापोंल मन्दिर यसरी बन्यो, 'भक्तपुर' मासिक अङ्क १४१

३. बर्नहाड, कोल्भर, कन्स्ट्रक्टिङ प्यागोडाज् अर्कोडिङ टु ट्रेडिशनल नेपलिज् ड्ईङ्गस्

४. श्रेष्ठ, डा. पुरुषोत्तमलोचन, ताम्रमुकुटको अप्रकाशित अभिलेख, रोलम्वा २

५. मानन्धर, ठाकुरलाल, पुंलागु मे

६. भारो, दुखी, रामायण, राष्ट्रिय अभिलेखालय,

७. श्रेष्ठ, शुक्रसागर, न्यातपोलल् मर्मत कार्य, 'भक्तपुर' अङ्क ११६

८. न्यौपाने वंशावली

# एमसीसी–आइपीएसको गँड्यौंला उनेको बल्छी

एस. किजू

जसरी मानव समाजका सदस्यहरूको स्वभाव, प्रवृत्ति, चरित्र फरक हुन्छ त्यसरी नै अन्तर्राष्ट्रिय जगतमा सरकारहरूको स्वभाव चरित्र र प्रवृत्ति फरक हुन्छ। सबै देशले आफ्नो स्वतन्त्रता, स्वाधिनता, सार्वभौमिकताको रक्षा गर्दै विकास र समृद्धि चाहन्छन्। तर मानव समाजमा अरुको खुट्टा तान्ने, अरुको प्रगतिमा इर्ष्या र डाहा गर्दै जाली–फट्याइँ गर्ने, विपत्तिमा सम्पति जोड्ने भए झैं अन्तर्राष्ट्रिय जगतमा अर्को देशलाई कज्याउन स्रोत–साधन नियन्त्रणमा लिन, आन्तरिक मामिलामा हस्तक्षेप गर्ने चरित्र र प्रवृत्ति देखिन्छ। इतिहासमा आफ्नो राज्य विस्तार र उपनिवेश कायम गर्न प्रत्यक्ष हमला गरेका षडयन्त्र गरेका घटना प्रशस्त पढ्न पाइन्छ। सभ्यताको विकास, प्रजातन्त्रको बहाली, मानव अधिकारको संरक्षण, विश्व शान्तिको रक्षाजस्ता निहुँमा साम्राज्यवादी र तिन्का मतियारहरूले विश्वका धेरै भागमा रगतको खोलो बगाएर आफ्नो स्वार्थ साधेका छन्। तर अचेल त्यस्ता हमला र षडयन्त्र प्रत्यक्ष भन्दा परोक्ष बढी देखिन्छ। आर्थिक, सांस्कृतिक, कुटनीतिक, माध्यमबाट सफल नहुँदा भने प्रत्यक्ष हमला गरेका घटनाहरू पनि नभएका होइनन्। यसरी साम्राज्यवादी र विस्तारवादीहरूले आफ्नो हिंस्रक प्रवृत्ति र चरित्रलाई नयाँ नयाँ आवरणमा निरन्तरता दिँदै आएका छन्। यस्तोमा 'गुलियो पोतिएको विष' चिन्न नसक्ने देशहरू ढिलो–चाँडो प्रत्यक्ष–परोक्ष नवउपनिवेशको जाँतोमा पिसिन्छन्, आफ्नो स्वाधिनता, स्वतन्त्रता र सार्वभौमिकता गुमाउँछन्। त्यस्तै स्थितिबाट देशलाई जोगाउन खबरदारी गर्दै एमसीसीको सहयोग लिनु हुँदैन भनी सरकारलाई जनताले भनिरहेका छन्।

एमसीसी अर्थात मिलिनियम च्यालेन्ज कर्पोरेशन आज देशमा व्यापक चर्चाको विषय भएको छ। यो संयुक्त राज्य अमेरिकामा स्थापना भएको संस्था हो। सन् २००२ मा तत्कालीन संरा अमेरिकी राष्ट्रपति जर्ज बुशले घोषणा गरेको र सन् २००४ जनवरी २३ मा अमेरिकी कंग्रेस (व्यवस्थापिका) ले स्थापना गरेको हो। संरा अमेरिकी सरकारले वैदेशिक सहायता दिन नयाँ अवधारणासहित स्वायत्त संस्थाको रूपमा स्थापना गरेको हो। अमेरिकी सरकारका त्यस्ता संस्था अरु पनि छन् तर ती संस्थाबाट सहायता र अनुदान लिनेहरू साम्राज्यवादी अमेरिकाको माकुरोको जालोमा फस्दै गएपछि कतिपय देश सतर्क हुन थाले, सहयोग र अनुदानलाई अस्वीकार गर्न थाले, कतिपय देशमा ती सहयोगको दुष्परिणामबाट चेतेर जनताको विरोध भयो। त्यसैको परिणाम पुरानो सीसीमा नयाँ लेबल टाँसियो–एमसीसी।

एमसीसी मार्फत् नेपाललाई ५० करोड अमेरिकी डलर सहयोग दिने सम्झौतामा नेका र माओवादीको गठनबन्धनको सरकारको पालामा सन् २०१७ सेप्टेम्बर १४ मा अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले हस्ताक्षर गरेका थिए। त्यसमा नेपालको १३ करोड अमेरिकी डलर थपेर पूर्वाधार विकास गर्ने भनिएको छ। त्यस रकमबाट काठमाडौंको लप्सीफेदीदेखि बुटवल हुँदै भारतको सिमानासम्मको ३०० किमि ४०० केभी क्षमताको प्रसारण लाइन, तीन वटा सवस्टेशन निर्माण, रणनीतिक राजमार्गका ३०५ किमि सडक मर्मत गर्ने बताइन्छ। सोझो हिसाबले एक धनी देशले 'एसियाका एक अति गरिब देश नेपाल' (एमसीसीको वेबसाइट) लाई दिएको सहयोग–अनुदानमा विवाद गर्नु आवश्यक थिएन। सधन्यवाद र आभारसहित स्वीकार गर्न पाए देशको हित नै हुन्थ्यो। तर गँड्यौंला मात्र देख्ने माछाले बल्छी नदेख्दा जुन हविगत हुन्छ त्यही दुर्दशा भोलि स्वतन्त्र, स्वाधीन, सार्वभौम र असंलग्न राष्ट्र नेपालको हुने निश्चित थियो।

एउटा सत्य के हो भने कुनै पनि देशले अर्को देशलाई दिने ऋण सहयोग र अनुदान निस्वार्थ हुन्छ भन्ने ठान्नु मूर्खता बाहेक केही हुनेछैन। कुनै देशले मित्रतालाई दीगो बनाउन आत्मनिर्भरताले स्वतन्त्रता र स्वाधीनताको जगेर्ना गर्न सकोस् भनेर सहयोग गर्छन् भने कुनै देशले बल्छी लुकाउन गँड्यौंला उनेर दिन्छन्– दुवैको स्वार्थ छ तर फरक छ। एउटाको स्वार्थ सदाशयपूर्ण छ भने अर्कोको दूराशयपूर्ण। यो भिन्नताको पूर्व ज्ञान र यकिनविना सहयोग लिनु घातक हुन्छ ।

## देशविरोधी प्रावधान

पूर्वाधार विकासको नाममा दिने सहयोग दुराशयपूर्ण रहेको तथ्य एमसीसीको सम्झौतापत्र देखि सं.रा. अमेरिकी मन्त्रीहरूको कथनले चिच्याएर बोलिरहेको छ। विभिन्न पत्रपत्रिकामा आएका केही बुँदा हेरौं–

१. सम्झौताको धारा ३ को दफा ३.८ (क) मा एमसीसी परियोजनाको लेखापरीक्षण अमेरिकाको लेखा परीक्षण कम्पनीले मात्र गर्न पाउने व्यवस्था छ। यसले नेपालको १३ करोड डलर लगानीबाटसमेत हाम्रो हक गुम्नेछ।

२. सम्झौताको धारा ५ को दफा ५.१ (क) मा

सम्झौतालाई अमेरिकी सरकारले चाहेमा जुनसुकैबेला लिखित पूर्वसूचना दिई भंग गर्न सक्ने तर नेपालले केही गर्न सक्ने प्रावधान छैन। यसबाट परियोजना चलिरहँदा एकपछि अर्को निहुँ वा शर्त थोपरेर नेपाललाई अमेरिकाले कठपुतली झैं नचाउन सक्छ।

३. त्यस्तै धारा ७ को दफा ७ को उपदफा १ मा 'प्रस्तुत सम्झौता लागू भएपश्चात सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएमा सम्झौता लागू हुन्छ' भनिएको छ। सम्झौता देशको कानुन अनुरूप गरिन्छ, कानुन नै खारेज या निष्प्रभावी बनाउने यो कस्तो पूर्वाधार विकासको सम्झौता हो ? यसबाट अमेरिकाको ५० करोड डलरको अगाडि हाम्रो कानुन कागजको खोस्टामा परिणत हुनेछ अर्थात हाम्रो सार्वभौमिकता कै अवमूल्यन हुन्छ।

४. सम्झौतामा विद्युत प्रसारणलाइन निर्माण गर्दा भारत सरकारको सहमति हुनुपर्ने या लिनुपर्ने प्रावधान छ। अमेरिकासँग सम्झौता गर्ने, नेपालमा परियोजना सञ्चालन हुने तर भारतको सहमति लिनुपर्ने प्रावधान किन ? के यो 'नेपाललाई अमेरिकाले भारतको आँखाले हेर्ने' दृष्टिकोणको सिलसिला र निरन्तरता होइन ?

यदि भारतले सहमति दिएन भने सम्झौताको अर्थ र औचित्य नरहने देखिन्छ। यसबाट ५० करोड डलरमा न्याल चुहाउनेहरूले अमेरिकाको आदेश मान्नुका साथै भारतको तावेदारी गर्न पनि बाध्य हुनेछन्। यहाँ के पनि स्मरणीय छ भने विगतमा ग्लोबल टेण्डरबाट आएको चिनियाँ कम्पनीलाई भारतले सीमा क्षेत्रमा काम गर्न नदिएको र नेपालले हर्जाना तिरेर टेण्डर रद्द गरेको थियो।

५. सम्झौतामा विद्युत प्रसारणलाइनको निर्माण अमेरिकी कम्पनीबाहेक अरुले बनाउन नपाउने प्रावधान पनि छ। ग्लोबल टेण्डर गरेपनि अरु कम्पनीले गर्न पाउँदैन भने त्यस्तो टेण्डरको अर्थ नै के रह्यो ? यस्को अर्को अर्थ एक हातले ५० करोड डलर दिएर अर्को हातले त्यसको ठूलो हिस्सा अमेरिकी कम्पनीले नै लाने निश्चित छ। नेपालमा यस्तै प्रकृतिका परियोजना बग्रेल्ती छन्। त्यसमा सत्ताधारीहरूको भागमा कति पर्ने हो ? त्यो अज्ञात छ।

यसरी एमसीसीमा नेपाल र नेपालीको दीर्घकालीन अहित गर्ने प्रावधानहरू रहेका छन्। त्योभन्दा अझ खतरनाक पक्ष अमेरिकी मन्त्री र पदाधिकारीहरूको अभिव्यक्तिबाट स्पष्ट हुन्छ।

नेपाल कुनै पनि शक्ति राष्ट्रको खेताला नहुने असंलग्न राष्ट्र हो। तर 'विश्वको एक नम्बरको आतंकवादी', 'विश्व शान्तिका एक प्रमुख वाधक साम्राज्यवादी संरा अमेरिका' गरिब र कमजोर देशहरूमा आफ्नो प्रभाव बढाउन र कठपुतली झैं नचाउन निरन्तर लागिरहेको छ। विश्व शक्तिका उदीयमान जनवादी गणतन्त्र चीनलाई अल्मल्याउन र घेर्न उसले विभिन्न रणनीति सञ्चालन गरिरहेको छ। यसैको लागि हिन्द प्रशान्त रणनीति (इन्डो प्यासिफिक स्ट्राटेजी–आइपीएस) अगाडि सारेको छ। यो नाटो, सिएटो जस्तै हिन्द प्रशान्त क्षेत्रमा गतिविधि र परिचालन हुने एक सैनिक गठबन्धन हो। यसलाई परिचालन गरी अमेरिकाले यस क्षेत्रमा सैनिक उपस्थिति, हतियार भण्डार गर्दै आफ्नो हैकम लाद्ने र प्रभुत्व जमाउनु नै यसको उद्देश्य र लक्ष्य हो। यसबाट उसले चीनलाई उठ्न नदिने र अँठ्याउने सपना देखेको छ। अमेरिकाको त्यो साम्राज्यवादी सपनालाई साथ दिन नहुने चेतबाट सचेत नेपाल मजदुर किसान पार्टीलगायतका दलहरू र नेताहरूले आइपीएसमा नलाग्न सत्ताधारीहरूलाई सदनदेखि सडकसम्म खबरदारी गरेका छन्। परिणाम सरकारले आइपीएसमा संलग्न नहुने सर्वाजनिक रूपमा बताएको छ।

परन्तु 'नेपाललाई भारतको आँखाले हेर्ने' सं.रा.अमेरिकाले भारतको सिको गरेर एमसीसीलाई ज्यावल बनाएको छ। नेपालको तत्कालीन कांग्रेसी गिरिजा सरकारले टनकपुर 'समझदारी' भनेर सन्धि गरेको थियो। त्यसको विरोध देशैभर भयो, तत्कालीन एमालेले पनि विरोध गरेको थियो। तर पछि कांग्रेसी देउवा सरकारले टनकपुर सन्धिसमेत गाभेर महाकाली सन्धि गऱ्यो जसको व्यापक विरोध भएपनि एमालेले समर्थन गऱ्यो र संसदबाट पारित गरायो। यसबाट राष्ट्रघाती टनकपुर सन्धिमा एमालेको विरोध महाकाली सन्धिमा तुहियो र परोक्ष रूपमा टनकपुर सन्धिको समर्थन गर्न पुग्यो।

नेपाल आइपीएसमा संलग्न नहुने भनिरहेको बेला अमेरिकाले एमसीसीमार्फत् घुमाउरो वा चोर बाटोबाट नेपाललाई आइपीएसमा फसाउने जाल बुनेको छ। विश्वलाई थाहा छ साम्राज्यवादी अमेरिकाले विश्व बैंक, एसियाली विकास बैंकजस्ता वित्तीय संस्था र आइएइएजस्ता संरासंघीय संस्थालाई मात्र होइन संयुक्त राष्ट्रसंघलाईसमेत ज्यावल बनाएको धरातलीय यथार्थमा आफ्नै एमसीसीलाई आर्थिक र कुटनीतिक ज्यावल बनाउनु निक्कै सजिलो काम हो।

संरा संघलाई साम्राज्यवादी अमेरिकाले ज्यावल बनाएको इतिहास र विवरण लामो छ। यसको एउटा उदाहरण, प्रजग कोरियामाथिको अमानवीय र आतंककारी नाकाबन्दी हो। साम्राज्यवादी अमेरिकाको तावेदारी गर्दै नेपाल सरकारले त्यस नाकाबन्दीलाई सहयोग पुऱ्याएको छ। हालै नेपालमा प्रजग कोरियाको लगानीमा सञ्चालित अस्पताललगायतका व्यवसाय बन्द गराई तिन्मा कार्यरत कोरियालीहरूलाई स्वदेश

फर्काएको छ। कम्युनिस्ट सरकारको साइनबोर्ड झुन्ड्याएर साम्राज्यवादका कट्टर विरोधी एउटा कम्युनिस्ट देशको लगानी बन्द गराएर यो सरकारले आफ्नो धरातल स्पष्ट गरेको छ। साम्राज्यवादी अमेरिकाको स्वार्थसिद्धि गर्ने नेकपाको सरकारले एमसीसीको ५० करोड डलरको निम्ति गुणतिरेको हो कि ?

हिजो एमालेले टनकपुर सन्धिको विरोध गर्दै महाकाली सन्धिमा लम्पसार परे झैं आज आइपीएसमा सहभागी नहुने भन्दै एमसीसीमा लम्पसार पर्न कम्सेर लागेको छ।

नेपालका मन्त्रीहरू एमसीसी पुरानो हो, आइपीएस नयाँ हो त्यसैले ती दुईबीच साइनो नभएको भनी घाँटी सुकाइरहेका छन्। ज्यावल नयाँ होस् वा पुरानो काम लिनेको नियत र प्रवृत्तिमा भर पर्छ। भोलि पुरानो सीआइए (अमेरिकी गुप्तचर संस्था) लाई पनि नयाँ आइपीएसले परिचालन गर्ने निश्चित छ। दुवै संस्था अमेरिकाको भएकोले नयाँ र पुरानो भएर अमेरिकालाई केही फरक पर्दैन, केवल काम दिन्छ कि दिँदैन- मुख्य कुरा हुन्छ। नेपालको पुरानो सरकारले गरेको सम्झौता वर्तमान नयाँ सरकारले संसदबाट पारित गराउन मरिहत्ते गरेबाट पनि नयाँ र पुरानो हुँदैमा साइनो नहुने कहाँ हुन्छ र ?

देशका परराष्ट्रमन्त्री प्रदिप ज्ञवालीले एमसीसीसँगको सम्झौताबाट हात झिक्न नसकिने, चालु संसदका अधिवेशनबाट सम्झौता पारित गर्नै पर्ने, सूक्ष्म अध्ययनबाट एमसीसी आइपीएससँग नजोडिएको भन्दै 'एमसीसी आइपीएसको अङ्ग हुँदै होइन' भनी दाबी गरेका छन्। त्यस्तै प्रम ओली एमसीसीलाई कार्यान्वयनमा लैजाने अडान लिइरहेका छन्।

सत्ताधारी दलका एक अध्यक्ष पुष्पकमल दाहालले भने एमसीसी आइपीएस अन्तरगत भए सहयोग नलिने भनेर बोलेका छन्। संरा संघ, विश्व बैंक, एडीबी सं.रा अमेरिका अन्तरगतका होइनन् तर पनि तिनीहरूलाई साम्राज्यवादी अमेरिकाद्वारा ज्यावल बनाइएका थिए र बनेका छन्।

## अमेरिकी मन्त्रीहरू झुटा ?

एमसीसी आइपीएसअन्तरगतको होइन भनी दिउँसै रातपार्ने र काइते कुरा गर्ने साम्राज्यवादका भक्तहरूले आफ्नै मालिकहरूको अभिव्यक्ति स्मरण गर्नुपर्ने हो। यहाँ जिम्मेवार अमेरिकी पदाधिकारीहरूकै कथन उद्धृत गर्नु सान्दर्भिक हुनेछ-

हिन्द प्रशान्त मामिला हेर्ने अमेरिकी रक्षा सहायक मन्त्री रेन्डल जी स्काइभरले नेपाल भ्रमणमा छँदा मंसिर २० गते पत्रकार सम्मेलनमा भनेका थिए- अमेरिकाले आइपीएस अन्तरगत नै एमसीसीका लागि नेपाललाई ५० करोड अमेरिकी डलर सहयोग दिन लागेको हो। उनले थपेका थिए- यो हिन्द प्रशान्त रणनीतिमा आधारित कार्यक्रम हो। स्काइभरले अमेरिकाले नेपालसँग प्रतिरक्षा साझेदारी बढाउन खोजेको प्रस्ट पार्दै नेपाली सेनासँग सहकार्य उसको विशेष रुचि हो भनेका थिए। यस कथनबाट 'एमसीसीमा सैनिक सहकार्यको कुनै सम्बन्ध छैन' भन्नेहरूको मुखमा बुजो लाग्नुपर्छ।

त्यस्तै वैशाख ३१ गते दक्षिण एसियाली मामिला हेर्ने अमेरिकी निमित्त उपसहायक विदेशमन्त्री डेभिड जे रान्जले नेपालका लागि एमसीसी कार्यक्रम हिन्द प्रशान्त रणनीतिको अत्यन्त महत्त्वपूर्ण थालनी भनेका थिए। गतवर्ष भियतनाम भ्रमणको क्रममा अमेरिकी विदेश सहायक राज्यमन्त्री एलिस वेल्सले पनि एमसीसी अन्तर्गत नेपाललाई प्रदान गरिने ५० करोड डलरको अनुदान आइपीएस अन्तर्गत भएको बताएका थिए।

एमसीसी हिन्द-प्रशान्त रणनीतिकै एक अङ्ग भएको पुष्टि नेपालस्थित अमेरिकी राजदूतावासले पनि गरेको छ। दूतावासका अधिकारी कार्ल रोजर्सको एमसीसी नेपालकै अनुरोधमा अघि बढेको आइपीएसको एक अङ्ग भएको र अमेरिकी सबै कार्यक्रमहरू यही रणनीति अन्तरगत सञ्चालन भइरहेको प्रस्ट भनाइ नेपाली पत्रपत्रिकामा आएको छ। उनले भनेका छन्- 'हिन्द-प्रशान्त रणनीति अमेरिकी नीति हो र यो यस क्षेत्रमा गर्ने हरेक कामका लागि दिइएको नाम हो।'

यसरी अमेरिकी मन्त्रीहरूले बोलेका कुरा सत्ताधारी दलका अध्यक्षहरूलगायतका नेताहरूको कानमा नपरेको पक्कै होइन। तब तिनीहरूलाई अमेरिकी दलाल भन्न के साइत हेर्नुपर्छ ?

सत्तारुढ पार्टीभित्र एमसीसीको अनुदानबारे लामै बहस भयो, लिन हुँदैन भन्नेहरूले एमसीसी आइपीएस अन्तरगत कै हो भनी चुनौती पनि दिए। अन्ततः यसको टुंगो लगाउने जिम्मा सचिवालयलाई दिएर बहसलाई रोकेका छन्। तर कसैले पनि अमेरिकी मन्त्रीहरूले झुटो बोलेको भन्न सकेका छैनन्।

हिजो महाकाली सन्धिको विरोध गर्ने एमाले भित्र ठूलै समूह थियो परन्तु 'राष्ट्रघाती सन्धि' सामु अन्ततः त्वम शरण गरेको विगत भएकोले एमसीसीमा पनि नेकपाका नेता-कार्यकर्ताहरूले दरो अडान लिने कुरा आकाशको फलमात्र हुनेछ। दुईतिहाइको 'कम्युनिस्ट' नामधारी सरकारले देश र जनताको लागि 'समाजवाद उन्मुख' संविधानको भावना अनुरूप केही गर्ला कि भन्ने आशा समय बितेसँगै मृगतृष्णा सावित हुँदै आएको छ। यिनीहरू सैद्धान्तिक, आचरण र नैतिकताबाट नांगिदै अब त देशकै प्रतिष्ठा र अस्तित्व नै संकटमा पार्ने दुःसाहस गर्न उद्यत देखिन थालेका छन्। यसतर्फ देशभक्त नेपालीहरू जुर्मुराउन विलम्व गर्न नहुने देखिन्छ। साथै यस्ता नक्कली कम्युनिस्ट र दलालहरूलाई मत दिने मतदाताहरूले मतको सदुपयोग गरे कि दुरूपयोग ? सबैलाई सोच्न बाध्य पारेको छ।

# ऐतिहासिक स्रोतसामग्री अध्ययनमा नेपाल भाषाको महत्त्व : एक अध्ययन



डा. बलराम कायस्थ


## सार

वर्तमान चार भञ्ज्याङभित्रको काठमाडौं उपत्यकालाई ऐतिहासिक दस्तावेजहरूमा नेपाल वा नेपाल उपत्यका, यहाँका बासिन्दालाई नेपालवासी, यहाँ प्रचलित संवत्लाई नेपाल संवत् भनिए झैं यहाँ बोलिने स्थानीय भाषालाई नेपालभाषा भन्ने गरिएको छ। यसलाई नेवारहरूको भाषा भएकाले नेवारी भाषा भन्ने पनि प्रचलन छ । तर नेवारी भाषा भन्नु व्याकरणगत दृष्टिले अलि मिल्दैन, यसैले नेवार भाषा भन्नुपर्छ। किनकि मगरले बोल्ने भाषा मगरी, गुरुङलेबोल्ने भाषा गुरुङी हुन नसके जस्तै नेवारहरूले बोल्ने भाषा नेवारी हुन सक्तैन। यो नेपाल भाषाले नेपालको इतिहास, धर्म, संस्कृति, कला, साहित्य आदि विविध पक्षको ठूलो प्रतिनिधित्व गरिरहेको छ । यसैले नेपालको वास्तविक इतिहास थाहा पाउन यो भाषा जान्नु जरुरी देखिन्छ । किनकि नेपालभाषाको अध्ययनविना नेपालको सही इतिहास पत्ता लाग्न सक्दैन ।[1] यो भाषा शुरुदेखि नै राजधानीमै प्रचलित भाषा रहेकोले यसको महत्त्व केवल स्थानीयवासी नेवारहरू अर्थात् नेपालभाषा हाम्रो मातृभाषा हो भन्नेहरूका लागि मात्र नभएर समस्त विश्वका मानिसहरू, जसले नेपालको धर्म, संस्कृति र इतिहास अध्ययन गर्न चाहन्छ भने तिनकालागि समेत सर्वप्रथम यहाँको भाषा जान्नु आवश्यक पर्दछ । यसो हुनसक्यो भने मात्र नेपालको इतिहासका नयाँ नयाँ तथ्यहरू उसका सामु खुल्दै जानेछ ।



## मुख्य शब्दावली

रञ्जना लिपि, भुजिंमोल लिपि, संस्कृत, तिब्बतोबर्मन, मैथिली, गोपालराज वंशावली, अमरकोश, स्वरोदयदशा, दुखीभारो, थ्यासफू, शिलालेख, ताम्रपत्र, ताडपत्र ।


## पृष्ठभूमी

यो भाषा कति पुरानो छ अथवा यसको प्रचलन कहिलेदेखि प्रारम्भ भएको थियो भन्ने सम्बन्धमा निश्चितरूपले केही भन्न त सकिंदैन तथापि के अनुमान गर्न सकिन्छ भने जबदेखि यहाँ (नेपाल उपत्यकामा) मानववस्तीको विकास भयो, सोहीसमयदेखि नै यो भाषा प्रचलनमा आएको देखिन्छ । यद्यपि प्रारम्भमा यो भाषा आजको जस्तो परिष्कृत र स्तरीय थिएन होला तर पनि समयको अन्तरालमा बाहिरबाट आएका विविध जातजातिका आप्रवासीहरूले बोल्ने भाषाका शब्दहरू यसमा मिसिनुका अतिरिक्त संस्कृत भाषासँगको सन्निकटताले गर्दा यो भाषा कर्णप्रिय, सुन्दर र स्तरीय हुँदै गएको निश्चित्‌रूपले थाहा हुन्छ । नेपालभाषा तिब्बतोबर्मन समूहको भाषा हो । यस समूहका भाषापरिवारभित्रका भाषाहरूमध्ये साहित्य श्रृजनाका दृष्टिले सबभन्दा उत्कृष्ट र स्तरीय भाषानेपाल भाषा नै भएको कुरा दृष्टिगत हुन्छ । साथै साहित्यिक श्रृजनाका दृष्टिले यो भाषा इण्डोआर्यन समूहका भाषाहरू जस्तो नेपाली, हिन्दी, बङ्गाली, मराठी, गुजराती भाषाहरूको स्थानभन्दा कम रहेको देखिंदैन ।

वर्तमान नेवार समुदायका पुर्खा मानिने गोपाल र महिषपालवंशीहरूले बोल्ने आभीर भाषा नै संभवतः वर्तमान नेवारहरूले बोल्ने नेवार भाषा (नेपाल भाषा) को प्रारम्भिक रूप भएको अनुमान गर्न सकिन्छ। पछि यसमा किरातीहरूले राज्यसत्ता आफ्नो हातमा लिएपछि किरात भाषाको पनि प्रभाव पर्न गयो । किरातीहरूबाट शासनसत्ता हात पार्न सफल भएका लिच्छविहरूको राज्यकालमा संस्कृत भाषा नै आधिकारिक रूपमा राजकीय भाषाको रूपमा अगाडि आयो । किनकि लिच्छविहरू भारतको वैशालीबाट आएका सभ्य, सुशिक्षित र सभ्य जाति थिए । यसैले उनीहरूले देव भाषा मानिने संस्कृत भाषालाई राजभाषाको रूपमा प्रश्रय दिए । यसबाट स्थानीय लोकव्यवहारमा प्रचलित नेपालभाषामा संस्कृत भाषाको पनि प्रभाव पर्न गएको देखिन्छ । अर्को कुरा, लिच्छविकालमै विशेषगरेर अंशुवर्माको शासनकालमा (वि.सं. ६१८ मा) आएर कुटी र केरुङ घाटीको मार्गबाट नेपाल उपत्यकाको तिब्बतसँग ब्यापारिक सम्पर्क कायम हुन थाल्यो । यसपछि व्यापारको सिलसिलामा यताका मानिसहरू उता र उताका मानिसहरू यता आउन–जान थालेपछि स्वभाविक रूपमा यस भाषामा तिब्बती भाषाको पनि प्रभाव पर्न गयो । यसैगरेर इतिहासका विभिन्न कालखण्डमा यहाँ प्रवेश गरेका विविध जातजातिले बोल्ने भाषाका शब्दहरू पनि यसमा समाहित भएको अनुमान गर्न सकिन्छ । यसैकारण नेवारहरूले बोल्ने यो भाषा मूलरूपमा तिब्बतोबर्मन भाषिक समूहको भाषा जस्तो देखिएता पनि यसमा धेरै हदसम्म इण्डो–आर्यन समूहको संस्कृत भाषाको पनि प्रभाव परेको पाइन्छ ।[2] अलि–अलि नेपाली भाषाबाट पनि प्रभावित रहेको देखिन्छ । नेवारी भाषामा रञ्जना लिपि, भुजिंमोल लिपि, प्रचलित नेपाल भाषा लिपि छन् । तर आज

आएर ती लिपि पढ्न जो कोही नेवारले सक्दैन, सम्बन्धित लिपि विशेषज्ञ नै आवश्यक पर्ने गरेको छ । यसैकारण व्यावहारिक रूपले वर्तमानमा देवनागरी लिपिको नै बढी चलन छ ।

## समुन्नत र परिष्कृत भाषा

नेपालउपत्यका प्रवेश गरेका लिच्छवि, विदेह, बर्मन, वैश्यठकुरी, मल्ल, शाक्य, कोली, बृजि, आदि आर्यहरूले विस्तारै आफ्नो भाषा छोड्दै स्थानीय नेपाल भाषालाई राष्ट्रभाषाको रूपमा स्वीकार गरी यसमा आफ्नो आर्य भाषिक समूहका शब्दहरू मिसाउन थाले, जसबाट यो भाषा अझ समृद्ध बन्नपुग्यो ।[३] तर त्यसोभए पनि प्राचीनकालदेखि पूर्वमध्यकालसम्म आउँदा पनि यसमा साहित्यको विकास भने हुन सकेको थिएन । लिच्छविकालमा यो भाषालाई बोलीचालीको भाषामा मात्र सीमित गरी संस्कृत भाषालाई नै राजकीय एवं सम्पर्क भाषाको रूपमा प्रयोग गरिएको थियो भन्ने तथ्य तत्कालीन शिलालेख, मुद्रा आदि सामग्रीहरूको अध्ययनबाट थाहा हुन्छ । (तर संस्कृत भाषामा कुँडिएका ती सामग्रीहरूमा गैरसंस्कृत शब्दहरू पनि प्रशस्त भेट्टिन्छन्, विशेषगरेर तिनमा गाउँ, ठाउँ, अड्डा, नदी, कर इत्यादि प्रशस्त मात्रामा नेपालभाषाका शब्द प्रयोग भएका पाइन्छन् ।) यस परिस्थितिमा स्थानीयवासी नेवारहरू संस्कृत भाषाको समेत अध्ययन गर्न बाध्य भए । जसकोफलस्वरूप नेपाल भाषामा संस्कृत भाषाको प्रभाव अझ वृद्धि भयो । (जस्तो– संस्कृत भाषाको 'स्त्रीपुरुष' शब्द 'तिरिपुरुष' हुँदै 'तिपू' 'तेपू' भइरहेको पाइन्छ । जस्तो– निम्हतिपू, त्यस्तै 'कोण' संस्कृत शब्द हो, जसको अर्थ हुन्छ–कुना । नेपालभाषाको कुं (कुना) त्यही 'कोण' शब्दको अपभ्रंशित रूप हो ।) तर यसबाट एउटा सकारात्मक प्रभाव के पर्‍यो भने तिब्बतोबर्मन समूहका अन्य भाषाहरूको तुलनामा यो नेपालभाषा समुन्नत र परिस्कृत देखियो ।[४]

मध्यकालीन प्रसिद्ध राजा जयस्थितिमल्लको शासनकालमा नेवार भाषामा अनुवाद गरिएको अमरकोश ग्रन्थ (ने.सं.५०१) मा पहिलोपल्ट यस भाषालाई नेपालभाषा भनिएको पाईन्छ ।[५] संस्कृतलाई छोडेर सर्वप्रथम स्थानीय नेवार भाषामा नै अध्ययन अध्यापन गर्ने कार्यको थालनी पनि सोहीबेलादेखि भएको मानिन्छ ।[६] त्यसबेला दक्षिणभारतबाट बसाई सरेर आएका भट्ट ब्राम्हणहरूले समेत संस्कृतका साथै स्थानीय नेपालभाषालाई अंगिकार गरेका थिए । परिणामतः संस्कृत मिसिएका नेपालभाषाका शिलालेखहरू, स्वर्णपत्र, ताम्रपत्र, हस्तलिखित ग्रन्थहरू, वंशावली, थ्यासफूहरू प्रचलनमा आउन थाले । जस्तो राजा यक्षमल्लको ने.सं. ५६१ को भक्तपुर टौमढीटोलको विश्वयात्रा उद्धृत् ४५ हरफको अभिलेखमा ३४ हरफ संस्कृतमा छ भने बाँकीमा नेपालभाषा प्रयोग गरिएको छ । त्यस्तै राजधानी भक्तपुरलाई सामरिक गढको रूपमा परिणत गर्नको निम्ति राजा यक्षमल्लले राखेको ने.सं. ५७३ को भक्तपुर राजदरबार बाहिर भित्ताको ३७ हरफको अभिलेखमा शुरुको २१ हरफ संस्कृतमा छ भने बाँकी नेपाल भाषामा लेखिएको छ ।[७] राजा ज्योतिर्मल्लको पालामा ने.सं. ५४३ मा स्थापना गरिएको काष्ठमण्डप मन्दिरको ताम्रपत्रको आधा भाग नेपाल भाषामा लेखिएको छ । पाटन राजदरबारको ने.सं. ५४७ को भण्डारखाल अभिलेखको अन्तिम दुई हरफ नेपालभाषामा लेखिएको छ । नेपालमा अहिलेसम्म पाइएका वंशावलीहरूमा सबैभन्दा प्राचीन मानिएको गोपालराज वंशावलीमा पनि संस्कृत र नेपालभाषा दुवैको प्रयोग गरिएको छ । चौधौं शताव्दीतिर लेखिएको यो ग्रन्थ नेपालभाषा साहित्यको प्राचीनतम ग्रन्थ हो । राजा यक्षमल्लको राज्यकालमा रचना गरिएको ज्योतिषशास्त्र सम्बन्धि 'स्वरोदयदशा' नामक ग्रन्थमा पनि नेपालभाषा मिश्रित संस्कृत भाषा प्रयोग गरिएको पाइन्छ । अहिलेसम्मको खोजअनुसन्धानअनुसार नेपाल भाषाको प्रयोग सर्वप्रथम ने.सं. १२५ (ई.सं. १००४) को भक्तपुरको एक शिलालेखमा भएको पाइन्छ । त्यस्तै ललितपुरस्थित रुद्रवर्ण महाविहारमा सङ्ग्रहित ने.सं. २३५ को ताडपत्र तमसुकमा पनि नेपाल भाषाको प्रयोग भएको छ ।[८] यताबाट यो भाषा आदिमकालदेखि लोकव्यवहारमा प्रचलित रहे पनि त्यसलाई आफ्नै मौलिक नेपालभाषा लिपिमा लिपिबद्ध गर्ने परम्परा प्रचलनमा आएको भने लगभग एक हजार वर्षभन्दा बढी नभएको थाहा हुन्छ ।

## राजकीय भाषाको रूपमा

ई.सं. १४१० को भक्तपुर तौमढीटोलको अभिलेखमा सर्वप्रथम नेपाल भाषा भन्ने शब्द उल्लेख भएको पाइन्छ । ई.सं. १४७१ मा नारायण भट्टद्वारा स्थापित अभिलेखमा नेपाल भाषालाई देशभाषा भनी उल्लेख गरिएको पाइन्छ ।[९] यसपछि मल्लकालभरि नै नेपाल भाषाले राजकीय मान्यता प्राप्त गरिरह्यो । साहित्य सिर्जनाको माध्यम पनि यही भाषा बन्यो ।

मध्यकालीन नेपाल उपत्यकाको इतिहास दर्शाउने विभिन्न हस्तलिखित ग्रन्थहरू, थ्यासफूहरू, शिलालेख, ताम्रपत्र, स्वर्णपत्र, ताडपत्रहरू प्रशस्त पाइएका छन् । यी ऐतिहासिक दस्तावेजहरू उल्लिखित स्थानीय नेपालभाषाका लिपिहरूमा लेखिएका छन् । यसमा कतिपय संस्कृत मिश्रित नेपालभाषामा त कतिपय विशुद्ध नेपाल भाषामा लेखिएका छन् । यसबाट मल्लकालमा यहाँ यो भाषा राजकीय भाषाको रूपमा रहेको थाहा हुन्छ ।[१०] तर पछिल्लो मल्लकालमा आइपुग्दा यहाँ नेपालीभाषाले पनि जनभाषाकोरूपमा प्रवेश पाइसकेको कुरा मल्ल राजाहरूका धर्मकर्मविषयका अभिलेख अनि जग्गा दान गरिदिएका ताम्रपत्रबाट थाहा हुन्छ ।[११]

साहित्यिक विकासका दृष्टिकोणले नेपालभाषा (नेवार भाषा) निक्कै समृद्ध छ । यद्यपि यसमा पूर्वमध्यकालीन समयदेखिका मात्र साहित्यिक रचनाहरू भेटिन्छन्, त्यसभन्दा पहिलेका साहित्यिक रचनाहरू प्राप्त हुन सकेका छैनन् । यसको मुख्यकारण प्राचीनकालमा लोकव्यवहारमा नेपालभाषा प्रचलित रहे पनि लेखनकार्यतिर भने संस्कृत भाषाले राजकीय मान्यता पाएको थियो । तर मल्लकालमा आएर रामायण, महाभारत, पुराण, नीतिशास्त्र, धर्मशास्त्र, तीर्थव्रत, सामाजिक कर्मकाण्ड, तन्त्र, योगविज्ञान, आयुर्वेद, ज्योतिष, नक्षत्र, खगोल, गणित आदि विविध विषयका ग्रन्थहरू नेपालभाषामा नै लेखिने क्रम शुरु भयो । भानुभक्तले रामायण लेख्नुभन्दा धेरै समय अगाडि राजा भूपतिन्द्र मल्ल (वि.सं. १७५३–१७७९)को समयमा नै **'दुखीराम भारो'** भन्ने व्यक्तिले रामायण लेख्ने कार्य गरिसकेका थिए भन्ने कुरा जनकलाल वैद्यबाट जान्न सकिन्छ ।[१२] त्यस्तै महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रसिद्ध कृति मुनामदन वास्तवमा नेपाल भाषाको कृति हो, उनले त्यसलाई अनुवादमात्र गरेका हुन् भन्ने भनाइहरू पनि यदाकदा सुन्न पाईन्छ । वर्तमानमा नेपालीहरूका घरघरमा माघ महिनाभरि वाचन गर्ने स्वस्थानी व्रतकथाको मूल सार पनि स्थानीय नेपालभाषामै लिपिवद्ध रहेको तथ्य थाहा हुन्छ । यताबाट स्वस्थानी भन्ने चलन यहाँ मल्लकालदेखि नै प्रचलित रहेको बुझिन्छ ।[१३] मल्ल राजाहरू आफै नाटक रचना गर्थे । यस्ता नाटकहरू दरबारका नासल चोक, शहरका डबली (मण्डप) हरूमा मञ्चन गरिन्थ्यो । ती नेपाल भाषामा नै लेखिएका हुन्थे । यद्यपि मल्ल राजाहरू आफ्नो विद्वताको परिचय दिन नेपालभाषाका अतिरिक्त संस्कृत र मैथिली भाषामा पनि लेख्ने कार्य गर्थे । यसका अतिरिक्त असङ्ख्य गीत, गजल, भजन, कविताहरू यस भाषामा लेखिएका पाइन्छन् । साहित्य श्रृजनादेखि बाहेक शिक्षादीक्षा, धार्मिक अर्तिउपदेश, राज्यका नीतिनियम, प्रशासनिक कामकार्यवाही आदि सबैमा यही नेपाल भाषा प्रचलित थियो । यस परिप्रेक्षमा तत्कालीन इतिहासका सत्यतथ्य कुराहरू जान्न यस भाषाको अध्ययन कति महत्त्वपूर्ण छ भन्ने कुरा स्वतः स्पष्ट हुन्छ । वास्तवमा साहित्यिक श्रृजनाका दृष्टिले तिब्बतोबर्मन समूहका भाषाहरूमध्ये नेपालभाषाको स्थान अति उच्च रहेको देखिन्छ । इण्डोआर्यन समूहका भाषाहरू जस्तो हिन्दी, बंगाली, नेपाली भाषाको जतिकै करिब करिब नेपाल भाषाको पनि साहित्यिक स्थान रहेको पाइन्छ ।

दक्षिणाको सिम्रौनगढ राज्यको पतन पश्चात् मुस्लिमहरूको दबदबाबाट त्रसित भई त्यहाँका मैथिली विद्वानहरू आफूसँग रहेका प्राचीन ग्रन्थहरू साथै लिई नेपाल उपत्यका पसेका थिए । पछिबाट तिनले यहीं आश्रय लिए । यहीं बसेर तिनले प्राचीन धर्मशास्त्रसम्बन्धी थुप्रै ग्रन्थका टीका, अनुवाद र मौलिक रचनाहरू रचे । यसबाट तत्कालीन समयमा यहाँ मैथिली भाषाको पनि ज्यादै उन्नति हुन गयो ।[१४] प्रसिद्ध मल्लराजा जयस्थितिमल्लदेखि अन्तिम मल्लराजा रणजितमल्लका पालासम्म रचिएका असङ्ख्य साहित्यिक कृतिहरू जस्तो भैरवानन्द नाटक, रघुवंश महाकाव्य, राजा रणजितमल्लद्वारा रचित कोलासुर वधोपाख्यान नाटक, मुदितकुवलयाश्व नाटक, राजा जगज्योतिर्मल्ल रचित हरगौरी विवाह नाटक, गीतिकाव्यहरू मैथिली भाषामा रचिएका थिए । यसरी मैथिली भाषा र साहित्यको व्यापक प्रचारले मध्यकालमा यहाँ लोकभाषाको रूपमा रहेको नेपाल भाषाको उन्नतिमा प्रेरणा प्रदान गरेको अनुमान हुन्छ । त्यससमय नेपालअक्षर, नेपालभाषा साहित्यको व्यापक प्रचार भएकोलाई यहाँ यसै तथ्यको परिप्रेक्षमा लिन सकिन्छ । वास्तवमा त्यसबेला नेपालभाषा साहित्यको जेजति उन्नति प्रगति भएको थियो, त्यसलाई दृष्टिगत गर्दा उपर्युक्त अनुमान सत्य सावित भएको थाहा हुन आउँछ । यसबाट पनि स्थानीय नेपाल भाषा समृद्ध बन्नपुग्यो ।

वर्तमानमा भक्तपुर राजदरबारबाट पूर्वतिर जाने साकोठा टोल त्यो मल्लवंशका अन्तिम राजा रणजित मल्लको पुस्तकालय थियो भन्ने जनधारणा अद्यावधि छ । प्रचलित जनधारणाअनुसार साफूकोठा (पुस्तकालय) बाट नै यस टोलको नाम साकोठा रहन गएको हो । तात्कालीन रणजित मल्लकालीन यो पुस्तकालय नै हालको राष्ट्रिय अभिलेखालय हो भन्ने भनाइ पनि देखिएको छ ।[१५] यद्यपि यसमा थप शोधखोज हुनु जरुरी छ । यसप्रकार मध्यकालीन प्रसिद्ध राजा जयस्थितिमल्लभन्दा अघिदेखि लिएर वि.सं. १८२६ मा मल्लवंशको पतन नभएसम्म सबै मल्लराजाहरूले यस भाषालाई राजभाषाको रूपमा मान्यता दिएर दैनिक व्यवहारमा मात्र नभएर सबैजसो ऐतिहासिक दस्तावेज, प्रशासनिक कामकार्यवाही, साहित्य श्रृजना, दुई राज्यबीचको सन्धिसम्झौता, आर्थिक कारोबारका तमसुकहरू आदि सबैमा यही भाषाको प्रयोग गरेका थिए । साथै मल्लकालभरि नै जग्गा आदान प्रदान, सुक्रीविक्री गर्दा, कुशविर्ता दिंदा वा कसैलाई बकस दिंदा र छोरीचेलीलाई दाइजो दिंदा ताडपत्रमा नेपालभाषा लिपिमा लेखिदिने चलन ब्यापकरूपमा प्रचलित थियो ।[१६]

## उपसंहार

अठारौं शताब्दीको उतरार्द्धमा आएर मल्ल वंशको पतनसँगै यहाँको नेवार समाज र संस्कृतिको संरक्षण र सम्वर्द्धनमा जुन प्रकारले ह्रास आयो त्यस्तै प्रकारले यहाँको भाषिक क्षेत्रको विकासको क्रम पनि अवरुद्ध हुन पुग्यो । गोरखाको विजयपश्चात् नेवार मल्लराजाहरू समाप्त भएर गएसँगै नेवार भाषाको पनि अवनति शुरु भयो । चाँडै नै नेवारको ठाउँ विजयीहरूको

पर्वतीया भाषाले लियो ।[१७] शाहकाल, राणाकाल, पंचायतकाल आदि सबैकाल परिस्थितिमा राज्यस्तरबाट नेवार भाषाको उन्नति प्रगतिमा कुनै चासो दिइएन । जबकि मुलुकको इतिहास, कला, संस्कृतिसम्बन्धी अधिकांश दस्तावेजहरू यही भाषामा लिपिबद्ध थिए/छन् । तर यसलाई नेवारको भाषा भनेर हेप्न थालियो । नेपाली भाषालाई मात्र राज्यले पृष्ठपोषण गरिरह्यो । तर मुलुकको स्वतन्त्र अस्तित्वमाथि आँच आउँदा यही भाषाको रञ्जना लिपिले नेपाल पूर्ण सार्वभौम राष्ट्र भएको तथ्य प्रमाणित गरिदिएको थियो । हिन्दुस्थानका प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपाली भूभागलाई भारतमा पछि मिलान गर्न बाँकी रहेको आफ्नो भूभाग दाबी गरेको र यसमा नेपाली भाषाको आफ्नो छुट्टै लिपि नभएकोलाई प्रमुख आधार बनाएर नेपालको स्वतन्त्र अस्तित्व स्वीकार्न नहुने प्रस्ताव राखेपछि राजा महेन्द्रले यही नेपालभाषाको रञ्जना लिपि संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरेर नेपाललाई हिन्दुस्थानदेखि पृथक एउटा स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राष्ट्रको हैसियत दिलाउन सक्षम भएका थिए ।[१८] अतः एउटा राष्ट्रको स्वतन्त्र अस्तित्व जीवन्त राख्नको निम्ति भाषा, साहित्य, कला संस्कृतिको महत्त्व कतिसम्म हुने रहेछ भन्ने कुरा यताबाट प्रमाणित हुन्छ । यसैकारण जनस्तरबाट यस भाषाको संरक्षण र सम्बर्द्धनका निम्ति निक्कै प्रयासहरू हुँदै आएका छन् । व्यक्तिगत र संस्थागत रूपमा यस भाषाको विकासका लागि अनेक प्रयासहरू अहिले पनि भइरहेका छन् । तैपनि वर्तमान अवस्थामा नेपाली भाषा सरकारी कामकाजको भाषा भएको, बाहिरबाट आउने गैर नेवारहरूसँगको सम्पर्क भाषा अनि विद्यालयहरूमा दिइने शिक्षा पनि नेपाली भाषामै हुने भएकोले आफ्ना नानीहरूलाई सानै उमेरदेखि नेपाली भाषा बोल्न लगाउन यहाँका नेवारहरू बाध्य हुनुपरेको छ । यसले गर्दा नेपाल उपत्यकामै नेपालभाषाको प्रचलन लोप भएर जाने स्थिति निश्चित् रूपले देखिन्छ । अस्तु

## पाद टिपोट

१. धनवज्र वज्राचार्य, 'नेपालभाषाया ऐतिहासिक महत्त्व', 'भक्तपुर' वर्ष ३५, अङ्क १ (२०७४ मंसिर) पृ. ३३ ।

२. तुल्सीराम वैद्य र भद्ररत्न वज्राचार्य, नेपाल–पिपुल एण्ड कल्चर, न्यू दिल्ली : अनमोल पब्लिकेशन, ई.सं. १९९६, पृ. ६ ।

३. वज्राचार्य, पा.टि.नं. १, पृ. ३४ ।

४. ऐजन ।

५. डि. आर. रेग्मी, मेडियभल नेपाल, भाग १, कलकत्ता : के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ. ३३९ ।

६. जगदिशचन्द्र रेग्मी, नेवारी संस्कृतिको रूपरेखा, काठमाडौं : अफिस अफ नेपाल एन्टिक्वेरी, वि.सं. २०३५, पृ. ४८–४९ ।

७. ऐजन, पृ. ५८–६७ ।

८. हरिराम जोशी, प्रदीपअभिनव संस्कृति विश्वकोष, भक्तपुर : वर्कस पब्लिकेसन्स, वि.सं. २०७०, पृ. ३६९ ।

९. रेग्मी, पा.टि.नं. ६, पृ. ५१ ।

१०. बलराम कायस्थ, "नेवार समुदायका विविध पक्ष", 'भक्तपुर', वर्ष २०, अङ्क ६, (२०५९ वैशाख), पृ. २० ।

११. धनवज्र वज्राचार्य (सं.), इतिहास संशोधनको प्रमाणप्रमेय (पहिलो भाग), ललितपुर : जगदम्बा प्रकाशन, वि.सं. २०१९, पृ. ८० ।

१२. जनकलाल वैद्य, सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा, काठमाडौं : ने.रा.प्र.प्र, वि.सं. २०६१, पृ. ।

१३. जोशी, पा.टि.नं. ८, पृ. ९७० ।

१४. योगेशराज, 'मध्यकालीन नेपाली संस्कृतिमा कर्णाटकहरू', 'पासुका' वर्ष १, अङ्क ७ (२०५३ चैत्र) पृ. ५ ।

१५. पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुरमा तान्त्रिक शक्तिको युग, अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, वि.सं.२०५०, पृ. ७८ ।

१६. विनोदराज शर्मा, 'केही अप्रकाशित ताडपत्रहरू', 'खोपृङ', वर्ष २६, अङ्क २४, पृ. २९ ।

१७. सिल्भाँ लेभी (अनु. डिल्लीराज उप्रेती), नेपाल, ललितपुर : हिमाल किताव, ई.सं. २००५, पृ. १६० ।

१८. भारतको त्यस प्रस्तावको समर्थनमा तत्कालीन सोभियत संघले भिटो प्रयोग गरी भारतलाई साथ दिएको थियो । नेपालका पुरानो मित्र बेलायत तथा संयुक्त राज्य अमेरिकाले समेत केही गरिदिन नसकेको अवस्थामा नेपालले एउटा स्वतन्त्र राष्ट्रको पहिचान पाउन सकिरहेको थिएन । दोश्रो पटकको निवेदनमा नेपाल पहिलेदेखि स्वतन्त्र मुलुक रहेको प्रमाणस्वरूप नेपाल लिपि (रञ्जना लिपि) मा सुनको मसीले लेखिएको बौद्धग्रन्थका पानाहरू, यहाँका काष्ठकला, धातुकला, मूर्तिकला, वास्तुकला र मौलिक पहिरनका तस्बिरहरू पेश गरेपछि संयुक्त राष्ट्र संघले नेपाललाई स्वतन्त्र मुलुकको मान्यता प्रदान गरेको थियो ।




# लि–का–लिमा दुईतिहाइको कायरता

डी. श्रेष्ठ

दुईतिहाइको सरकार होस् वा एकमना संसदको निर्देशन पालना गर्नु उसको दायित्व हो, जननिर्वाचित सरकारको विशेषता हो, प्रजातान्त्रिक पद्धतिको चरित्र हो। स्वस्थ राजनीतिक आचरणको सांस्कृति हो। तर वर्तमान सरकारले दुईतिहाइको दम्भमा संसदको निर्देशनलाई अवज्ञा गरेको छ, सार्वभौमसत्तानिहित जनताको माग र भावनालाई लत्याएको छ, सरकारको अस्तित्व र औचित्यलाई अवमूल्यन गरेको छ। यसले सत्तामा बसेर कर्तव्य पालना नगरी केवल डुकुभातको जोहो गरिरहेको देखिएको छ।

भारतले नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक (लि–का–लि) लाई आफ्नो नक्साभित्र पारेकोमा देशभित्रमात्र होइन विदेशमा समेत विरोध भइरहेको छ, अतिक्रमित भूमि फिर्ता गराउन गतिविधि भइरहेको छ। तर सरकारले दुईतिहाइको औचित्य र सार्थकता प्रदर्शन गर्न सकिरहेको छैन। लि–का–लि को सन्दर्भमा दुईतिहाइको सरकारले आफ्नो अस्तित्व सावित गर्ने प्रयाससम्म गरेको दृष्टिगोचर भएको छैन।

प्रतिनिधिसभाको राज्य व्यवस्था समिति र अन्तर्राष्ट्रिय समितिले एक महिनाको फरकमा दुईवटा निर्देशन दिएको छ। राज्य व्यवस्था समितिले कार्तिकमा लिम्पियाधुरा, कालापानी र लिपुलेकको भू–भाग समेटेर नयाँ नक्सा सार्वजनिक गर्न, अन्य स्थानका सीमा विवाद समाधान गर्न तत्काल पहल गर्न निर्देशन दिएको थियो। त्यस्तै अन्तर्राष्ट्रिय सम्बन्ध समितिले मंसिरमा कालापानीबाट भारतीय सेना फिर्ता गराउन, लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्तालगायतका भारतले अतिक्रमण गरेको नेपाली भू–भागमा नेपालको सार्वभौम अधिकार र स्वामित्व सुदृढ गर्न, लिम्पियाधुरासमेत समेटेर नक्सा तत्काल सार्वजनिक गर्न निर्देशन दियो।

सरकारले उपयुक्त कदम चालिरहेको, दशकौं पुरानो मुद्दा रातारात हल नहुने, दुई सय वर्ष पुरानो विवाद सुल्झाउन **इतिहासमा पहिलो पटक** प्रोटोकल नोट पठाएको भन्दै झारा टार्दै 'गर्व' गरिरहेका छन्। तर पूर्वप्रम माधव नेपाललाई विशेष दूत बनाएर भारत पठाउने 'कुटनीतिक प्रयास' टाँयटाँयफिस भएको छ। ऐतिहासिक प्रोटोकल नोट रद्दीको टोकरीमा फालिएको छ। भारतले नयाँ नक्सामा नेपालको भू–भाग नगाभेको जवाफ दिएर दुईतिहाइ सरकारलाई लोप्पा ख्वाएको छ। तैपनि सरकार दुईतिहाइको बकम्फुसे धाकमा रमाइरहेको छ।

संसद प्रजातान्त्रिक व्यवस्थाको सर्वोच्च संस्था हो। सदन नबसेको अवस्थामा समितिले संसदको हैसियत राख्छ। तर सरकारको दुईतिहाइ त्यही संस्थाको निर्देशन अवज्ञा र संस्थाको अवमूल्यन गर्नमा उद्यत देखिएको छ।

देशमा आज मेचीदेखि महाकालीसम्मका सहर–गाउँमा विस्तारवादी भारतको दादागिरीको विरोध भइरहेको छ। भारतीय एकाधिकार पूँजी र विस्तारवादी नीतिको जन्मजात विरोधी नेपाल मजदुर किसान पार्टीले भारतद्वारा अतिक्रमित भूमि फिर्ता लिन शुरुदेखि नै अन्तर्राष्ट्रिय अदालतमा जान घच्घच्याइरहेको छ, जोडबल गरिरहेको छ। सम्बन्धित विषयका विज्ञ र ज्ञाताहरूले पनि अन्तर्राष्ट्रिय अदालतमा जानुको विकल्प नभएको बताएका छन्। यसरी भारतबाट गरिरहेको अतिक्रमणको विरोधमा जनता एक गठ छन्, एक पछि अर्को विद्यमान प्रमाणले पनि हामी बलिया छौं, जनप्रतिनिधिहरूको सर्वोच्च संस्थाबाट पनि निर्देशन दिइसकिएको अवस्था छ। तर सरकार किन मुन्टो निहुराएर बसेको छ ? जनताले नमानेको र प्रमाणले दिएको विषयमा दुईतिहाइको सरकार किन जुम्सो भइरहेको छ ?

लिम्पियाधुरा, कालापानी, लिपुलेकको ३९५ वर्ग किमि नेपाली भूमि हो, भारतले अतिक्रमण गर्‍यो हामी भनिरहेका छौं। भारतले होइन भनेको छ। यस्तो परिस्थितिमा छिनोफानो गरिदिने कुनै निकाय आवश्यक हुन्छ जसरी दुई व्यक्तिको बीचमा तेरो–मेरो हुँदा छिनोफानो गर्न अदालत जान्छन्। दुई देशबीचको सीमाको विषयमा अन्तर्राष्ट्रिय अदालतमा जानुको विकल्प हुँदैन। विकल्प भनेको संवादबाट सल्टाउने हो, तर भारतले दुईतिहाइको सरकारलाई टेरपुच्छर लगाएको देखिएन। कि त आइज भनी भिड्नु पर्‍यो। त्यो स्थितिबाट बच्न पनि अन्तर्राष्ट्रिय अदालतमा गुहार्न जानु पर्दछ, अथवा छ भने सार्थक र परिणाम आउने अर्को विकल्पको पहल गर्नुपर्थ्यो। सरकारले केवल झारा टार्ने काम गरिरहेको बाहेक केही गरेको देखिएको छैन। अर्को शब्दमा दुईतिहाइको सरकार डराइरहेको छ, कायरता प्रदर्शन गरिरहेको छ। किन ? के छ रहस्य ?

दुईतिहाइ सरकारलाई कुर्सी गुम्ने डर छ। तर पंक्तिकारलाई अर्को शङ्का पनि लागेको छ। भारतले आफ्नो

नक्सामा गाभेको भू-भाग कतै बेचिसकेको त छैन ? प्रकाशमा नआएको त्यस्तो कुनै गोप्य समझदारी या सम्झौता पो थियो कि ? हामीलाई थाहा छ विगतमा टनकपुर समझदारी भनेर सन्धि गरेको थियो । त्यस्तै देशभक्त जनता र दलहरूले सडकदेखि सदनसम्म चर्को विरोध गर्दा पनि संसदबाट उक्त सन्धि पारित गराएको थियो । पश्चिमबाट सूर्य उदाउने र बिजुलीबाट वार्षिक १ खर्ब २० अर्ब आम्दानी गर्ने भन्दै बुर्लुक बुर्लुक उफ्रने माधव नेपाल र केपी ओली नै थिए । अहिले भारतमा ज्वाइँ झैं बसेर नेपालमा कथित जनयुद्ध गर्ने सहितको दुईतिहाइ सरकार भएकै बेला भारतले नयाँ नक्सा जारी गर्नु के काकताली मात्र होला ? महाकाली सन्धिमा गोप्य कुनै प्रावधान थियो या अर्को कुनै 'समझदारी' गरेको कारण भारत उन्मत्त भएको र दुईतिहाइ सरकार नतमस्तक भएको हो ? दुई शताब्दीभन्दा अगाडिदेखिको प्रमाण छँदाछँदै भारतले यति हाकाहाकी नेपालीको भूमि हडप्नुको पछाडि केही कारण त हुनैपर्ने देखिन्छ ।

त्यस्तै कुनै गोप्य प्रावधान, समझदारी या सन्धिको बलमा नेपालको भूमि हडपेर भारतले वैध बनाउन खोजेको भए पनि त्यो नेपाली जनतालाई मान्य हुन सक्दैन । वैध भन्दैमा सबै मान्य र स्वीकार्य हुँदैन । त्यसो हुँदो हो त संयुक्त राष्ट्र संघले इजरायल स्थापना गरेर प्यालेष्टिनीहरूलाई विस्थापित गरेको पनि स्वीकार्य भन्नु पर्ने हुन्छ, क्युवा, प्रजग कोरिया विरुद्धको अमानवीय नाकाबन्दी वैध मान्नु पर्नेहुन्छ । ताइवानलाई सदस्यता दिएर जनवादी गणतन्त्र चीनलाई बाहिर राख्ने संरा संघको कार्यलाई शुरुमा अवैध मानिएको थिएन । भारतमाथि बेलायती उपनिवेश त्यसबेलाको राजनीतिमा अवैध थिएन तर भारतीय जनतालाई स्वीकार्य भएन र स्वतन्त्रता आन्दोलन गरे । प्यालेस्टिनीहरूले आफ्नो राज्य स्थापना गरे । चीनको अधिकार स्थापना गर्न ताइवानलाई निकाला गऱ्यो । क्युवा, प्रजग कोरियाविरुद्धको अमानवीय नाकाबन्दीको विरोध जारी छ । त्यसैले नेपाल र नेपालीको अहितमा र भारतको हितमा यदि शासक दलहरूले लि-का-लिको भूभाग भारतलाई बेचेको या त्यस्तो कुनै समझदारी या सन्धि गरेको भए पनि नेपाली जनतालाई मान्य हुन सक्दैन । 'अंशको मुद्दा वंश भएसम्म चल्छ' भने झैं नेपालको सार्वभौम अखण्डताको लागि देशभक्त नेपाली लडिरहनेछ, पुस्तौं पुस्तासम्म लडिरहने छ ।

भारत ठूलो छ, नेपाल सानो छ त्यसैले लड्न सक्दैन भन्ने गरेको पनि सुनिन्छ । त्यस्ता हुतिहाराहरूले दुईतिहाइ सरकारकै मनोभावनालाई प्रतिविम्वित गरेको छ । अन्यथा तिनीहरूले थाहा पाउनु पर्ने हो प्रजग कोरियाका जनताले सं.रा.अमेरिकामात्र होइन अन्य एक दर्जनभन्दा बढी देशका आक्रमणकारीहरूसँग लडेका थिए । प्यालेस्टिनीहरूले जीवनमरणको संघर्ष गरेका थिए । भियतनाम, कम्बोडिया, लाओसका जनताले एक पछि अर्को उपनिवेशवादी देशसँग लडेका थिए । भारतीय जनता पनि 'घाम नडुब्ने' साम्राज्यवादी देशसँग लडेर स्वतन्त्रता प्राप्त गरेका थिए । यदि तिनीहरूले पनि बेलायती साम्राज्यवाद, अमेरिकी साम्राज्यवाद, इजरायली जातिवादसँग लड्न नसकिने ठानेको भए के आज स्वतन्त्र देश हुने थिए ? स्वतन्त्रता प्राप्त गर्ने थिए ? तब के नेपाली जनता आफ्नो मातृभूमिको अखण्डताको लागि लड्न सक्दैनन् ? नेपालका लडाकु जातिको देशभक्ति मरेको छैन विस्तारवादीहरूले हेक्का राखून्, हुतिहाराहरूलाई पनि चेतना भया !

यसका साथै दुईतिहाइको फोस्रो धाक लगाएर बसिबियाँलो गर्नुभन्दा त्यसको औचित्य र सार्थकता सावित गर्न अन्तर्राष्ट्रिय अदालतमा जान विलम्व गर्नुहुँदैन । 'कुटनीतिक प्रयास' सफल नभएको, ऐतिहासिक नोटबाट परिणाम नआएको स्थितिमा संवादको वातावरण बनाउन पनि अन्तर्राष्ट्रिय अदालतमा जानु उपलब्धिमुलक हुनेछ । एक सार्वभौम देशको जननिर्वाचित सरकार निरीह भएर बस्दा अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा धूलोमा मिल्ने छ । के दुईतिहाइको औचित्य त्यसैको लागि हो ?

*(यो रचना प्राप्त भएपछि सरकारबाट समाजवादी पार्टी पुस ९ गते बाहिरिएपछि दुईतिहाइ नरही बहुमतको मात्र भएको, यद्यपि सरकार पुनः दुईतिहाइ पुऱ्याउने कसरतमा छ, अतिक्रमित भू-भागबारे सर्वोच्च अदालतमा परेको मुद्दामा प्रम ओलीले 'कुटनीतिक संवादबाटै सीमा समस्या सुल्झाउँछौं' भन्दै अदालतले कुनै भूमिका खेल्न आवश्यक नरहेको जवाफ दिएका छन् । उता भारतले कालापानी र सुस्तामा समस्या रहेको स्वीकार्दै सीमा वार्ताप्रति सकारात्मक रहेको खबर प्रकाशमा आएको छ- 'भक्तपुर')*

## काठमाडौंका प्रथम मेयरको निधन

काठमाडौं नगरपालिकाका जननिर्वाचित प्रथम मेयर जनकमान श्रेष्ठको मंसिर २७ गते ९२ वर्षको उमेरमा आफ्नै निवास टेकुमा निधन भएको छ ।

वि.सं. २०१० भदौ १० गते भएको निर्वाचनमा उहाँ नेपाल कम्युनिस्ट पार्टीको समर्थनमा विजयी हुनु भएको थियो ।

कानुन व्यवसायी र विशेष अदालतका न्यायाधीशसमेत रहनु भएका स्व.श्रेष्ठका श्रीमती, एक छोरा र एक छोरी हुनुहुन्छ ।

# नेपाल उपत्यका अन्तिम सूर्यवंशी मल्ल राजा रणजित मल्ल र मित छोरा पृथ्वीनारायण शाह



डा. वीरेन्द्रप्रसाद कायस्थ

राजा रणजित मल्ल भूपतीन्द्र मल्ल तथा रानी विश्वलक्ष्मी देवीका छोरा हुन् । विक्रम सम्वत १७५९ मार्ग १७ गते यिनको जन्म भएको थियो । राजा रणजित मल्लको जन्म कुण्डली यस प्रकारको छ–

*वि.स. १७५९ मार्ग १७ गते ॥ मार्ग शुक्ल नवमी पर दश्मी तिथि ॥ उतरभाद्र नक्षेत्र घडि ५८।३२॥ सिद्दि योग ॥ मंगलबार ॥ उदयघडि २५।२३ ॥ वृषलगन ॥ कुम्भ राशि ।*

यस जन्म कुन्डलीअनुसार राजा रणजित मल्लको जन्म नक्षत्र उतरभाद्र हो । यो नक्षत्रको दशारम्भ शनिबाट हुन्छ । र योगीनी दशाको आरम्भ भद्रिकाबाट हुन्छ ।

राजा रणजित मल्ल उपत्यकाका अन्तिम सूर्यवंशी मल्ल राजा हुन् । विक्रम सम्वत १७७८ सालमा बुधमहादशामा शुक्रको अन्तर दशा र राहुको प्रत्यन्तरमा अर्थात पंचम स्थानको मालिकको महादशामा लग्न र छैटौं स्थानको मालिकको अन्तर र राहुको प्रत्यन्तरमा राजा भूपतीन्द्र मल्लले रणजित मल्ललाई राजकाजमा लगाएका थिए । विक्रम सम्वत् १७७९ मा बुधको महादशा शुक्रको अन्तर शनिको प्रत्यन्तर अर्थात पंचम स्थानको मालिकको महादशामा लगनको अन्तर र राज्य स्थानको मालिकको प्रत्यन्तरमा वैशाख शुक्ल पूर्णिमाको दिन बाबु भूपतीन्द्र मल्ल्को मृत्युपछि यिनी भक्तपुरको राजगद्दीमा बसेका थिए । राजकाजमा भने बाबुकै समयदेखि सक्रिय थिए । किनभने राजा भूपतीन्द्र मल्लले रणजित मल्ललाई भविष्यमा योग्य राजा बनाउने प्रयास गरेको देखिन्छ ।

राजा रणजित मल्ल शान्त, सरल, प्रजातन्त्र प्रेमी र धर्मात्मा थिए । उहाँ गद्दीमा बसेदेखि विभिन्न वाधाहरूको सामना गर्नु परेको थियो । मल्ल राजाहरूको आपसी संघर्षको खेलमा उनी नराम्रोसँग फस्न पुगे । शान्त सरल स्वभावको राजा भएकाले भरसक लडाइँ (युद्ध) चाहन्दैनथे । तर आफन्तसँगको रिसीइवी साँध्न परचक्रीसँग सम्बन्ध गाँसे । गोरखा राज्यसँग उनको मित्रता रामायणमा रामसँग लंकाका विभिषण र सुग्रीवको मित्रता जस्तै थियो । आफ्नो राज्यको भेद परचक्री अर्थात शत्रु समक्ष खोलेर आफ्नै कुलको नाश अर्थात लंका दहन गराए जस्तै भयो । उनी युद्ध नचाहने भएता पनि गद्दीमा बसेदेखि युद्धमा संलग्न हुनुपर्‍यो । उनको राजनीतिक जीवन अति कष्टपूर्ण देखिन्छ । तत्कालीन भक्तपुर दरबारको आन्तरिक राजनीतिक घटनाक्रमले पनि उनले कहिले शान्ति पाएन ।

विक्रम सम्वत १७८८ मा बुधको महादशा शनिको अन्तर र शनिको प्रत्यन्तर अर्थात पंचम भावको मालिकको दशामा धर्मस्थानको मालिकको अन्तरमा र राज्यस्थानको मालिकको प्रत्यन्तरमा कान्तिपुर र ललितपुर मिली भक्तपुरको इलाकामा पर्ने ओबू किल्ला कब्जा गर्न हमला गर्दा राजा रणजित मल्लले सोमालिङ्गमा ती राज्यहरूलाई धपाएका थिए ।

राजा रणजित मल्ल विद्वान थिए । भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा पनि आफ्नै बाबु बाजेले जस्तै विशेष ध्यान दिएका थिए । उनको शासनकाल बाह्य आक्रमण आन्तरिक कलहमै व्यतित भएको थियो । यस बाबजुद पनि यिनले विभिन्न कला कृतिहरू निर्माण गराएका थिए । जुन कृतिहरू आद्यावधि भक्तपुरमा देख्न सकिन्छ । ती कीर्ति नेपाली संस्कृतिमा अमूल्य निधिका रूपमा रहेका छन् । ती मध्ये भक्तपुरको स्वर्णद्धार (न्यमिभल नबतभ) रहेको छ । यसमा कुँदिएका कला अनुपम् छन् ।

यी राजाले धेरै देव मन्दिर पनि जीर्णोद्धार गरेका थिए । भक्तपुर दरबारको अगाडिको ठूलो घण्टा वि.सं. १७९३ सालमा इष्ट देवीलाई चढाएका थिए । यस समय केतुको महादशामा चन्द्रको अन्तर र शनिको प्रत्यन्तर अर्थात धर्मस्थानमा स्थित केतुको दशामा पराक्रम मालिक अन्तरमा र धर्म स्थानको



/0flht dNnsf]hGds08nL

मालिकको प्रत्यन्तर दशा चलेको थियो ।

यी राजाले प्राचिनवस्तुहरू तथा विभिन्न पुस्तक सँग्रह गरेका थिए । यिनको आफ्नै पुस्तकालय थियो । उनले लेखेका नाटक इन्द्रविजय, उषाहरण, कृष्ण चरित्र, गोरक्षोपाख्न, कृष्ण कैलाश यात्रा, वाल्मिकिरामायण, षडदर्शन कथा, आदि प्रमुख रहेका छन् । उनको विरहका गीतहरू निकै मर्मस्पर्शी छन् । जस्तै विस्केट जात्रामा गाईने गीत (थ थीं जागु रस रंग तोल ताव हरि जि गन वने...) जुन गीत आजसम्म पनि जीवित छ ।

राजा रणजित मल्ल शास्त्रीय सँगीतमा पनि निपुर्ण देखिन्छ । उनले लेखेका विभिन्न विरहका गीतहरू सँगीत शास्त्रअनुसार रूपक ताल (७ मात्रा) मा छन् । जस्तै विस्केटका गीत । विरहका गीतहरू प्राय: रूपक तालमा नै लेख्ने गरिन्छ । काशीबास जाँदा चन्द्रागिरी पहाडमा पुगेपछि अन्तिम पल्ट उपत्यकातर्फ फर्केर तलेजु भवानीलाई नमस्कार गर्दै आँखामा बरबर आँसु झार्दै गाएका विरहका गीतहरू निक्कै मर्मस्पर्शी छन् । यसबाट पुष्टि हुन्छ उनी शास्त्रीय सँगीतमा पनि निपुर्ण थिए ।

विक्रम सम्वत १८१० मा शुक्रको महादशा वृहस्पतिको अन्तर अर्थात लग्नको मालिकको दशामा आयस्थानको मालिकको अन्तरमा रानी जयलक्ष्मीसहित भई कोटिहोम गरेका थिए । विक्रम सम्वत १८२६ मा चन्द्रको महादशामा राहुको अन्तर चन्द्रमाकै प्रत्यन्तर अर्थात पराक्रम स्थानको मालिकको दशामा राहुको अन्तरमा चन्द्रमाकै प्रत्यन्तर पर्दा गोरखाका राजा पृथ्वीनारायण शाहले भक्तपुर राज्यमा आक्रमण गरे । राजा रणजित मल्लको जन्म कुण्डलीमा राहु मृत अवस्थामा र चन्द्र वृद्धअवस्थामा रहेका थिए ।

राजा पृथ्वीनारायण शाहको कुण्डली विचार गर्दा उनी विक्रम सम्वत १७७९ पौष २७ गते । पौष कृष्ण अमावस्या घडी ४।२ उपरी प्रतिपदा तिथि । पूर्वषाढा नक्षत्र घडी २।५८ उप्रान्त उतरषाढा नक्षत्र । व्याघात योग २।२ उपरी हर्षण योग । बव करण । बृहस्पतिबार ॥ इष्ट २६। ५लग्न सिंहं ।



k[jLgf/fo0f zfxsf]s08nL

जन्म कुण्डली यस प्रकारको छ–

गोरखाका राजा पृथ्वीनारायण शाहले भक्तपुर राज्य कब्जा नगरेसम्म नेपाल उपत्यका आफ्नो पकडमा नहुने भएकाले ज्योतिष कुलानन्दले दिएको साइतमा नेपाल सम्वत ८९० अर्थात वि.सं. १८२६ कार्तिक शुक्ल द्वादशीका दिन राति भक्तपुरमा आक्रमण गरे । उनको कुण्डली विचार गर्दा त्यस समय वृहस्पतिको महादशा, शुक्रको अन्तर राहुको प्रत्यन्तर अर्थात पंचम स्थानको मालिकको महादशामा राज्य स्थानको मालिकको अन्तरमा, आयस्थान स्थित राहुको प्रत्यन्तर चलेको थियो । सो युद्धमा पृथ्वी नारायण शाहले सेनाको नेतृत्व आफ्नो कान्छा भाइ शुर प्रताप शाहलाई दिएका थिए । पृथ्वीनारायण शाहले भक्तपुर राज्य विजयको लागि आफ्नो सम्पूर्ण शक्ति लगाएको देखिन्छ । शुरप्रताप शाहको सहयोगका लागि गोरखाली योद्धाहरू खटाइएका थिए । जस्तै वंशराज पाण्डे, शिवराम सिंह बस्नेतका छोरा केहर सिंह बस्नेत र उनका भाइ स्वरूप सिंह कार्की, अमर सिंह थापा, रामकृष्ण कुवर आदि । भक्तपुर राज्यमा पनि अति वीर योद्धाहरू थिए ।

दुई दिनसम्म चलेको घमासान युद्धमा दुई हजार भन्दा बढी योद्धाहरूले आफ्नो प्राण आहुति गरेबाट यो युद्ध बहादुरीका साथ लडेको भन्ने कुरा स्पष्ट हुन्छ । भक्तपुरका देशवासीहरू राष्ट्रप्रेमी तथा अति बफादार छन् । तर इतिहास जहिले पनि जित्नेको मात्र हुन्छ । अर्थात इतिहास जित्नेको घोडा हो ।

नेपालमा कुनै पनि राजवंशको उदय हुनुको पछाडि भयानक षड्यन्त्रपूर्ण हत्या काण्ड वा सामूहिक नरसंहार रहेको कुरामा सबैजसो इतिहासकारहरू सहमत छन् । यो क्रममा देखिने पहिलो ठूलो नरसंहार च्यासलको नरसंहार मानिन्छ । जसमा लिच्छविहरूले किरातीहरूको सामूहिक हत्या गरेका थिए । भनिन्छ त्यतिबेला उक्त हत्याकाण्डमा ८ सयभन्दा बढी किरातीहरू मारिए । नेपाल एकीकरण पछि भएको सबैभन्दा ठूलो हत्याकाण्ड कोत पर्वलाई मानिन्छ । जंगबहादुरको उदय गराउने कोत पर्व विक्रम सम्वत १९०३ असोज २ गते मध्यरातमा भएको थियो । उक्त घटनामा ४०० सयभन्दा बढी शक्तिशाली भारदारको हत्या गरेका थिए । कोत पर्व भए लगत्तै जंगबहादुरलाई मार्न रचिएको षडयन्त्रपूर्ण घटनामा २३ जनाको हत्या भएको थियो । यो घटनापछि जंगबहादुर राणा निकै शक्तिशाली रूपमा देखापरे ।

गोरखालीसँगको युद्धमा भक्तपुरका जनतापनि एकजुट थिए । सँगठित जनताको अगाडि सैन्यशक्तिको केही जोड चल्दैन । यसको पुष्टि फ्रान्सका सम्राट नेपोलियन बोनापार्टको सन् १८१३ को मस्को अभियानको असफलताबाट स्पष्ट हुन्छ । भक्तपुर राज्यसँगको युद्ध पनि गोरखालीका लागि फलामको

# ‘कुहिरोभित्र लुकेको घर’–एक चर्चा



रत्नसुन्दर शाक्य

‘कुहिरोभित्र लुकेको घर’– अलका आत्रेय चूडालको दोस्रो कृति हो –‘मीना–पवन’ खण्ड काव्यको रूपमा ।

वि.सं. २०६३ सालको असार महिनामा पहिलो कृति ‘बाल्यकालसँग लोभिँदै बाल्यकालमा’ लेखी त्यसको ९ महिनापछि मीना–पवन खण्डकाव्य प्रकाशित भएको छ ।

उनले आफ्नो पछिल्लो कृति आफ्ना गुरुवर बुबा डा.विष्णुराज आत्रेयलाई समर्पण गरेकी छिन् । यस कृति खण्डकाव्यकै विषयवस्तु अनुरूप ती युवाहरूलाई समर्पण गरेकी छिन् । ‘जसले मातृभूमिको विछोडमा पिल्सिएर जीवन गुमाए ।’

महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं.१९६६–२०१६) को ‘मुना–मदन’ खण्ड काव्यलाई प्रेरणा स्रोत बनाई अलकाले यस मीना–पवन खण्डकाव्य (कुहिरोभित्र लुकेको घर) रचना गरेकी हुन् ।

अलका चूडालको यस खण्डकाव्यको भूमिका लेखिदिनु हुने साहित्यकार तुल्सी दिवसले कृतिको समालोचना अन्तर्गत उल्लेख गर्नुभएको छ–

‘मुना–मदनमा एकातिर उच्चहिमाली प्रकृति, अतिजाडो हावापानी, सदावहार वनस्पति साथै सामाजिक जीवन, विकट भौगोलिक अवस्थाको काव्यात्मक चित्रण बढी छ भने कुहिरोभित्र लुकेको घर (मीना–पवन खण्डकाव्य) मा मध्यपूर्वको विशेषगरि कतारको मरुभूमि, गर्मी, उष्ण हावापानी, भौतिक विकासको उत्कर्ष आदिको वर्णनका साथै मानिसको हृदयहीनता, अमानवीय व्यवहार, विकासको प्रतिफलको असन्तुलित वितरण, तेस्रो मुलुकबाट पैसा कमाएर आउने मीठो सपना बोकेर गएका असङ्ख्य युवा–युवतीको मानसिक पीडा र भत्काइ आदिको हृदयविदारक चित्रण र प्रस्तुति छ ।’

साहित्यकार एवं प्राध्यापक तुलसी दिवसले मुना–

---

➲➲ चिउरा चपाए सरह थियो । किनभने यो युद्ध सेनासँग मात्र नभई यहाँको जनतासँगको युद्ध थियो । जसले गर्दा गोरखालीलाई यो युद्ध जित्न अति मुस्कील पऱ्यो । र पृथ्वीनारायण शाहले त्यसपछि आतङ्कको शैली अपनाएका थिए । जुन युद्ध नियम विपरीत थियो । यो देखेर राजा रणजित मल्लले आफ्नो अन्तिम समय आएको बुझेर आफ्ना अङ्गरक्षक हेम नारायणको सल्लाहमा आत्मसमर्पण गर्ने निर्णय गरी आफूले लगाइराखेको पगडी फुकालेर झ्याल बाहिर झुण्ड्याई दिए ।

आत्मसमर्पण गरेको बुझेर गोरखाली फौजले युद्ध बन्द गरे । शुरप्रताप शाहले माथि गएर मल्ल राजाहरूलाई घेरेर नियन्त्रणमा लिए । विक्रम सम्वत १८२६ मार्ग १ गते आइतबार भक्तपुरमा पृथ्वीनारायण शाहको अधिकार कायम भयो ।

त्यसपछि पृथ्वीनारायण शाहले सशस्त्र सैनिक साथमा लिइ तीनजना राजालाई भेटे । साथमा गएका सैनीक दंग भई खिट्का छोडी हाँसेको देखेर रीसले चूर भई गोली लागेका राजा जयप्रकाश मल्लले कड्केर भने : गोरखाली हो ! आज आफ्नै मानिसले विश्वासघात गरेकोले तिमीहरू यसरी हाँस्न पाएका हौ नत्र भने हाँसो कहाँ कस्तो हुने हो तिमीहरूले थाहा पाउने थियौ । जयप्रकाश मल्ललाई उनकै इच्छाअनुसार पशुपति आर्यघात पठाइदिए । खुट्टाको घाउको पीडाको कारणले गर्दा वि.सं. १८२६ मार्ग १४ गते उनको मृत्यु भयो । राजा रणजित मल्ल काशीवास गए । उपत्यका छोडेको १८ महिनापछि उनको काशीमै मृत्यु भयो ।

अन्तमा ज्योतिष विज्ञानको ज्यादै सशक्त विद्या शकुन ज्योतिष हो । जस्को अध्ययन सुनेर, देखेर, साथै अध्ययन गरी यसलाई पुष्टि गर्न सकिन्छ ।

नेपाल लगायत विभिन्न मुलुकहरूमा प्रायः शकुन सम्बन्धी विचार आ–आफ्नै तरिकाले वर्णन गरेको पाइन्छ । नेपालमा प्रायः गरी प्राचीन ग्रन्थ र इतिहास तथा पुराणहरूमा समेत शकुनको चर्चा सुन्न र हेर्न पाइन्छ । सत्ययुगमा तारकासुर दैत्यसँग युद्ध गर्न प्रस्थानको लागि राखेको धनुषको ताँदो काटेको देखेर सम्पूर्ण देवताहरूले अपशकुन भयो भनी चिन्तित हुन थाले भने कुरा स्वस्थानीमा चर्चा छ ।

त्यस्तै भाषावंशावलीअनुसार दशैंमा कुमारी पूजा गरी भोजन गर्ने बेलामा कुमारीले राजालाई दिने नीलकमलको फूल राजालाई नदिई नजिकै बसेका मित छोरा पृथ्वीनारायण शाहलाई दिएका थिए । त्यसपछि राजा प्रजा सबैले अब नेपाल यिनैको हुने भयो भनी अनुमान गरे । यस घटनापछि राजा रणजित मल्ललाई ठूलो मानसिक असर पर्न गयो ।

मदन र यस खण्डकाव्यको तुलनात्मक प्रसङ्गबारे पुनःउल्लेख गर्नुहुन्छ–

मुना–मदनका मदन मुना र बुढी आमालाई घरमा छोडेर धन कमाउन ल्हासा (भोट–तिब्बत) जान्छन् भने प्रस्तुत कृतिमा मीना र दुइ छोरा छोरीलाई छाडी पवन आर्थिक उपार्जनका लागि मध्यपूर्वको कतार (मुग्लान) जान्छन् । मदन फर्कन्दा बाटोमा विरामी पर्छन् उनका साथीभाइ उनलाई बाटैमा अलपत्र छाड्छन् तर मदन लामाको निःस्वार्थ प्रेम, स्याहार र सुसारबाट निको भई घर फर्कन्छन् । उनको मृत्युको झूटो समाचारले छट्पटिएर यता मुनाको मृत्यु भैसकेको हुन्छ भने प्रस्तुत कृतिमा मीना र दुई छोराछोरीलाई छाडी कतार पुगेका पवन अनेक दुःख कष्ट, हण्डर, धोका तथा भौतिक तथा मानसिक वियोगले गर्दा त्यही मृत्युको मुखमा होमिन्छन् । उनको मृत शरीरमात्र स्वदेश फर्कन्छ ।

यस कुहिरोभित्र लुकेको घर खण्ड काव्य प्रस्तुत गर्ने आकांक्षा (मनोभाव) उठेको प्रसङ्गबारे अलका उल्लेख गर्छिन्–

'विभिन्न कारणले आफ्नो मुलुकमा बस्न नसकी नेपालीहरू कामको खोजीमा विदेशिएका छन् । मैले चिनेका धेरै नेपाली युवाहरू पनि विदेश गएका छन् । तिनमा कति नौजवानहरूले ज्यान पनि गुमाएका छन् । तिनका विधवा गाउँमा विचल्ली परेका छन् । यो घटनाले बारम्बार मलाई घच्घचायाइ रहन्थ्यो । मलाई चिमोटि रहन्थ्यो । ती एकला महिलाको पतिवियोगको पीडाले मलाई सताइ रहन्थ्यो ।

प्रेरणा कृति पाएको प्रसङ्गमा अलका पुनः उल्लेख गर्छिन् –

'एकदिन दराज खोल्दा मुनामदन देखें । अनि झट्ट मनमा लाग्यो मुनामदनको कथा पनि त नेपाली महिलाले अहिले भोगेको पति–विछोडको कथासँग मिल्दो छ । मैले मुना–मदन फेरि पढें । अनि कम्प्युटरको अगाडि बसेर लेख्न थालें– मेरो दोस्रो रचना । पवन र मीनाको कथा–'कुहिरोभित्र लुकेको घर' ।

अलका आत्रेय चूडालले यस खण्डकाव्य ११ खण्डमा दुइ–दुइ लहरहरूको ३१० वटा चरणमा प्रस्तुत गरेकी छिन् । मुनामदन खण्ड काव्य महाकवि लक्ष्मीप्रसाद देवकोटाको एक विशिष्ट कृति हो भने मीना पवन खण्डकाव्य पनि एक महिलाले आफै मीना बनी यथार्य दुःखलाई आत्मसात गरी प्रस्तुत गरिएकोमा बढी यथार्थता एवं हृदयग्राही भएको महसुस हुन्छ ।

साँच्चैनै आधा दशक अगाडि (सन् १९५९–६०) सम्म काठमाडौं उपत्यकाका नेवार व्यापारीहरूले सदियौंदेखि धन उपार्जनको निमित्त महिनादिनको बाटो पारगरि भोटपुग्ने र यता परिवार जनले जुन पीडा भोगेको हो त्यही स्थिति हाल धनउपार्जनको निमित्त विदेशिएका तमाम व्यक्तिहरूको सजीव कारुणिक वियोगान्त चित्रणको रूपरेखा अलका चूडालबाट आफ्नो खण्डकाव्यमा प्रस्तुत गरिएको छ ।

अन्तमा कवियत्री अलकाको चित्तसदा यसरी नै समस्त प्राणीहरूप्रति द्रविभूत भइरहोस् भने कामना छ । उनकै काका भरत चूडालको तर्फबाट प्रकाशित भएको यस कृतिमा ११ वटा खण्ड अनूरूप ११ वटै सान्दर्भिक चित्रहरू रहेका छन्–

यस कृतिको केही चरणहरू पनि याद गरौं–

लोग्ने र स्वास्नी रथका चक्र संसार हाँक्दछन् ।
बाझ्ने र ठग्ने गरेमा आफ्नै घरबार नास्दछन् ।
१।८

नगरौं सुर्ता पाइन्न बढता दैवले जे लेख्छ ।
अरुको राम्रो हुँदैन हाम्रो आँखाले जे देख्छ ।
२।२४

लोभले लाभ लाभले विलाप भनेको कसले ।
भोगेको होला यथार्थ यस्तै पहिला जसले ॥
३।४

सुख र दुःख मिलन र विछोड घुमि नै रहन्छन् ।
एकपछि अर्को जीवनभरि फेरि नै रहन्छन् ।
५।१५

कालको पाशो बलियो गाँठो कसैले देख्दैन ।
मानिस यही विवश हुन्छ, फुकाउन सक्दैन ॥
११।२६

धनले प्राण रोकिन्न यहाँ रोकिन्न बलले ।
क्यै थाहा दिन्न सुटुक्कै आई लैजान्छ छलले ।
११।३२

अलकाको आशिका–

हे दैव बरु जीवनभरि बिहे नै नहोओस् ।
गरेर बिहे कसैको यस्तो विछोड नहोओस ॥
११।४६

दुबैले मिली झिली र मिली घरआँगन बनाउन् ।
कसैको दिल तोडेर कोही विदेश नजाउन् ॥
११।४७


बसिबियाँलोको उत्तर

FEELING

# भक्तपुरमा मन्दिरजस्ता शौचालय, नि:शुल्क जिमखाना

उपत्यकाका धार्मिक तथा ऐतिहासिक क्षेत्रमा घुम्दा तिनको सुन्दरतामा नहराउने को होला ! तर घुम्दै जाँदा धेरैलाई एउटा चिन्ताले सताउने गर्छ, त्यो हो, शौचालयको अभाव। भक्तपुर नगरपालिका यो समस्या समाधान गर्न अघि बढेको छ।

भक्तपुरका धेरैजसो पर्यटकीय स्थलनजिक अहिले घर र मन्दिरजस्ता देखिने शौचालय बनाइएका छन्। ऐतिहासिक र पुरातात्त्विक सम्पदाको धनी भक्तपुरले पर्यटकीय हबको परिचय बनाएको छ। प्राचीनस्थल वरिपरि बनाइएका शौचालयले यस्ता ठाउँको सुन्दरता झनै बढाएको छ।

सिद्धपोखरीमा रहेको शौचालय अगाडिबाट हेर्दा मन्दिरजस्तो छ। बाहिर बस्ने पाटी पनि छ। पछाडिपट्टि भने महिला र पुरुषका लागि छुट्टा–छुट्टै शौचालय बनाइएका छन्।

पाँच तले मन्दिर रहेको टौमढीमा दुई तले शौचालय छ। बाहिरबाट हेर्दा परम्परागत शैलीमा निर्मित घरजस्तो, तर भित्र छिरेपछि शौचालय। त्यो पनि सुविधासम्पन्न। त्यस्तै, नगरपालिका कार्यालय छेउमा बन्दै गरेको शौचालयको माथिल्लो तलामा त मानिसहरू बस्न वा कार्यालय खोल्नसमेत सकिने खालको संरचना छ।

'भक्तपुर पर्यटकीय नगर हो। त्यसैले शौचालय सबैका लागि आवश्यक पर्छ' भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति भन्छन् 'यस क्षेत्रमा रहेका हाम्रा सम्पदाजस्तै बाहिरबाट हेर्दा घर, मन्दिर वा पाटीजस्ता देखिने यस्ता शौचालयले हाम्रो क्षेत्रलाई कुरूप हुन दिँदैनन्।'

यस्ता शौचालय भक्तपुरमा तीनदेखि पाँच मिनेटको अन्तरमा बनाउने योजना नगरपालिकाको छ। यसरी बनेका शौचालय वार्षिक ४० हजारदेखि दुई लाख ५० हजारसम्म तिर्नेगरी जिम्मा लिन पनि नगरपालिकाले टेन्डर आह्वान गरेको छ। कतिपयले टेन्डर पारेर शौचालयको रेखदेख गर्न थालिसकेका छन्।

शौचालयको प्रयोग गरेबापत नेपाली नागरिकबाट पैसा लिइन्छ। विदेशी नागरिकले भने पर्यटकीयस्थलको भ्रमण गर्दा नै पैसा तिर्ने भएकाले नि:शुल्क शौचालय प्रयोग गर्न पाउँछन्।

कतिपय शौचालयमा माथिल्लो तला विदेशी पर्यटकका निम्ति र तल्लो तला स्वदेशी पर्यटकका निम्ति छुट्याइएको छ।



तस्बिर: स्नेहा केसी

यसरी बनेका शौचालयको लागत ३०–३५ लाखसम्म हुन आउँछ। मौलिक लयमा निर्माण गरिएकाले लागत बढी पर्न गएको मेयर प्रजापति बताउँछन्। भन्छन्, 'कतिपय शौचालयको बाहिर पाटीमा बस्न सकिन्छ। कतिपयको माथिल्लो तलामा कार्यालय सञ्चालन गर्न सकिन्छ। हामीले फरक प्रयोग गरेका छौँ।'

टेन्डरमार्फत टौमढीमा रहेको शौचालयको जिम्मा पाएका शंकर पोडे शौचालयको आकर्षण दिनप्रतिदिन बढिरहेको बताउँछन्।

'शौचसँगै फोटो खिच्न र हेर्न आउनेहरूको सङ्ख्या पनि उत्तिकै छ। कतिपयले त शौचालय भन्ने नपत्याएर भित्रै आएर हेर्छन् पनि,' उनी भन्छन्।

### जिम गरेको पैसा लाग्दैन

भक्तपुर नगरपालिका क्षेत्रका घरघरमा सेतो कोट लगाएका नर्स दैनिकजसो आवातजावत गर्छन्। उनीहरू स्थानीयको स्वास्थ्य अवस्थाबारे जानकारी लिन्छन्। त्यहाँबाट आएको रिपोर्ट नगरपालिकामा पुऱ्याइन्छ।




रिपोर्ट हेरेर डाक्टरहरूले आवश्यक जाँच गर्न सल्लाह दिन्छन्। रिपोर्टमा क्यान्सर, मधुमेह, ब्लड प्रेसर, मस्तिस्कघात, मृगौला रोगजस्ता नसर्ने रोग बढी देखा परे। यस्ता रोगको कारणबारे छलफल गर्दा व्यायामको कमी एउटा कारण भएको निस्कर्ष निक्लियो।

### त्यसका लागि के गर्ने त ?

'यही प्रश्नको उत्तर खोज्दै जाँदा हामीले एउटा व्यायामशाला बनाउने विषयमा छलफल गऱ्यौँ र नगरपालिकाका केही वडामा जिमखाना खोल्यौँ' मेयर प्रजापति बताउँछन्।

जिमखानाको सकारात्मक प्रभाव देखिएको पनि उनको भनाइ छ। त्यसपछि नगरपालिकाले सबै वडा, दुई कलेज र सार्वजनिक स्थलमा पनि जिमखाना खोल्यो। यसरी हाल १३ वटा जिमखाना सञ्चालनमा छन्।

'जिम गर्न क्लबमा मासिक पाँच हजारसम्म खर्च गरिरहेको थिएँ, नगरपालिकाले जिमखाना खोलेपछि त्यो पैसा बचत भएको छ,' स्थानीय मोतीराज श्रेष्ठ बताउँछन्।

जिमखानामा स्थानीय नागरिकको चाप

# भक्तपुरका वडापिच्छे जिमखाना

वर्ष दिनअघि भक्तपुर नगरपालिकाले निःशुल्क व्यायाम गर्ने सामानको जोहो थाल्यो। सुरुमा केही वडामा परीक्षणका रूपमा व्यायामकेन्द्र खोलियो। तिनमा नगरवासी आकर्षित भएको देखेर वडापिच्छे विस्तार गरियो। भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिकाअनुसार सुरुमा वडाका लागि मात्र तोकिएका व्यायामकेन्द्र अहिले पायक पर्ने अन्य स्थानमा पनि राख्न थालिएको छ।

त्यसपछि नै हो, भक्तपुर डेकोचास्थित ख्वप उच्चमाविको खेल मैदाननजिक निःशुल्क व्यायामकेन्द्र खुलेको। केही महिनायता यस व्यायाम केन्द्रमा साँझबिहान शारीरिक अभ्यास गर्न स्थानीय बासिन्दाको जमघट हुने गरेको छ। ख्वप कलेजमा अंग्रेजी विषयमा स्नातकोत्तर अध्ययनरत पलिस्था रञ्जितकार 'क्लास ब्रेक' मा जिउ तन्काउँदै जिमका साधन चलाउँछिन्। 'साथीभाइसँग जिम गर्दा रमाइलो हुन्छ, शरीर पनि फुर्तिलो,' उनी भन्छिन्। उनीजस्तै ख्वप कलेजका विद्यार्थी 'क्लास ब्रेक'मा शारीरिक व्यायाम गरिरहेका भेटिन्छन्। ख्वप इन्जिनियरिङ कलेजमा पनि निःशुल्क व्यायामकेन्द्र स्थापना भएको छ।

कमलविनायक-१० का ६५ वर्षीय कृष्णलाल श्रेष्ठ स्थानीय कमलपोखरी छेउको व्यायामकेन्द्रमा नियमित पुग्छन्। 'मलाई खुट्टा दुख्ने समस्या छ। यहाँ आएर खुट्टाको व्यायाम गर्छु,' उनी भन्छन्, 'साथीभाइलाई पनि यहीं भेट्दा समय बिताउन सजिलो भएको छ।' पूर्वखेलाडी राजेन्द्रमान श्रेष्ठका अनुसार व्यायामकेन्द्रमा रहेका सबै उपकरण जोखिममुक्त छन्। तर, आफूखुसी गरिने व्यायामका क्रममा सतर्कता अपनाउनुपर्ने उनी बताउँछन्। विदेश भ्रमणका क्रममा देखेका जिमखानाबाट प्रभावित भएर नगरमा पनि त्यस्तै व्यवस्था मिलाएको मेयर प्रजापति बताउँछन्।

'विगतमा खेती किसानीका कारण प्रसस्त शारीरिक कसरत हुन्थ्यो र रोग पनि कमै लाग्थ्यो,' उनी भन्छन्, 'अहिले शारीरिकभन्दा मानसिक व्यायाम बढी हुनाले हाडजोर्नी, मधुमेह, मुटु, नसा र दमजस्ता रोग नगरवासीमा बढी देखिएको छ। त्यसैले नगरवासीलाई शारीरिक व्यायाममा आकर्षित गर्ने प्रयास थालेका हौं।' व्यस्त जीवनशैलीमा जंकफुडको अधिक उपभोग र शारीरिक अभ्यास कम हुने भएकाले नगरवासीमा रोग लाग्ने समस्या बढी देखिएको प्रजापतिको भनाइ छ। नगरवासीलाई



त्यस्ता रोगबाट मुक्त राख्न व्यायामकेन्द्र स्थापनाको गरेको उनी बताउँछन्।

हालसम्म भक्तपुर नगरपालिकाका १३ स्थानमा व्यायामकेन्द्र खुलिसकेका छन्। सुरुमा बालबालिका र वृद्धवृद्धा व्यायामकेन्द्रमा बढी देखिन्थे। अहिले गृहिणी पनि आउन थालेका छन्। व्यायामकेन्द्रमा बिहान केही समय बिताउँदा शरीर फुर्तिलो बनेको कमलविनायक-१० की सप्तलक्ष्मी लवजु बताउँछिन्। व्यायामकेन्द्र खुल्नुअघि उनी बिहान कमलपोखरी वरिपरि फेरो मार्थिन्। भन्छिन्, 'अहिले जिमखानातिर आफैं पाइला मोडिन्छन्।' युवायुवती र कलेजका विद्यार्थी पनि दैनिक व्यायामकेन्द्रमा आएर शारीरिक अभ्यास गर्छन्। बिहान र साँझ यस्ता केन्द्रमा नगरवासीको भिड लाग्छ।

*(प्रविता श्रेष्ठ– नयाँ पत्रिका, २०७६ मंसिर १०)*

---

दिनानुदिन बढ्दै गइरहेको छ। बिहान र दिउँसो गरी दुई समयमा खुल्ने जिमखानामा अहिले मानिसको भीड लाग्छ।

'हामीले एक वर्षभन्दा पहिलेदेखि यो अभ्यास गरेका थियौं,' प्रजापति भन्छन्, 'तर, पछिल्लो समय प्रचारमा आएर यसले अलि बढी चर्चा पायो। सिद्धपोखरीमा राखेपछि धेरैको ध्यान गयो।'

मेयर प्रजापति बिहान-बिहान नगर अवलोकनमा निस्कन्छन्। स्थानीय उनीसँग जिमखाना खोलेकोमा खुसी व्यक्त गर्छन्। आफ्नो कामबाट जनता खुसी भएकोमा प्रजापति पनि मख्ख छन्।

जिमखानामा भीड बढेपछि नगरपालिकाले अझै ८ ठाउँमा तत्काल थप गर्न लागिएको उनले बताए। जिमखानाको हेरचाह भने वडामा रहेका खेलकुद समितिले गर्छन्। मर्मत गर्नुपरे नगरपालिकाका डकर्मी छँदै छन्।

सामानअनुसार एक स्थानमा जिमखाना स्थापना गर्न दुईदेखि पाँच लाख लाग्ने मेयर प्रजापतिले बताए। ती सामान चीनबाट मगाइएका हुन्।

त्यसबाहेक नगरपालिकाले आफ्ना नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन तत्काल अस्पताल निर्माण गर्दै छ। त्यसका लागि सम्बन्धित निकायबाट स्वीकृति लिएर काम अघि बढिसकेको छ। ३१ जना डाक्टरको टोली बनिसकेको छ। जसमध्ये १७ जना विशेषज्ञ छन्।

एक सय बेडको अस्पताल बनाउने योजना भए पनि हाललाई २५ बेडका लागि स्वीकृति लिएर काम थालिएको छ।

'विशेषज्ञ सेवा ५० रूपैयाँ र फलोअप ३० रुपैयाँमा प्रदान गर्ने हाम्रो योजना छ,' मेयर प्रजापति भन्छन्। अस्पतालले दैनिक पाँच सय बिरामीलाई सेवा दिने छ। आँखाका सय र आयुर्वेदका ५० बिरामीलाई समेत दैनिक सेवा दिइने नगरपालिका बताउँछ।

*कृष्ण आचार्य– नेपालखबर, कार्तिक ३०, २०७६, शनिबार*

# भक्तपुरको रानीपोखरी : सेनाको कब्जाबाट मुक्त ३९० वर्ष पुरानो नासो

- कृष्ण आचार्य

नगरपालिकाको पहलमा झन्डै ३६ वर्षपछि भक्तपुरको रानीपोखरी सेनाको अधिग्रहणबाट मुक्त भएको छ। प्रधानसेनापति पूर्णचन्द्र थापासँग छलफल भएको दुई महिनामै रानीपोखरी नगरपालिकाको जिम्मामा आएको हो।

तर, वि.सं. २०४० सालपछि यसको अस्तित्व नै संकटमा पर्‍यो, जब सैन्य तालिम केन्द्रका लागि भन्दै तत्कालीन शाही सरकारले सल्लाघारीमा रहेको ३२ रोपनी क्षेत्रफल अधिग्रहण गर्‍यो।

नेपाल संवत ७५० अर्थात् आजभन्दा ३९० वर्ष पुरानो भक्तपुरको रानीपोखरीसँग भक्तपुरवासीको पनि विशेष सम्बन्ध



pTvggdf k]hf k/]sf]dlt{

छ। भक्तपुरका प्रजापति, अवाल, महर्जन, भुसिटु, मानन्धर, धौभडेल, जोन्छेलगायतका समुदायले यहाँ कुल देवताको पूजा गरी देवाली मनाउँथे। अन्य सांस्कृतिक पर्व–समारोह पनि हुन्थे तर, सेनाले कब्जा गरेर तारबार लगाएपछि कुल पूजाको दिन रानीपोखरी क्षेत्रमा प्रवेश गर्नसमेत अनुमति लिनुपर्ने भयो। अरू बेला प्रवेशको त कुरै छाडौँ।

सेनाको अधिग्रहणमा परेपछि पोखरीको चारैतिर रहेका कलात्मक मूर्ति र पाटी लोप भए। सेनाले आवासीय महाविद्यालय स्थापना गर्‍यो। आफ्ना भौतिक संरचनाहरू ठड्याउँदै गयो। रानीपोखरी ?

झन्झन् कुरूप बन्दै गयो। कुल देवताहरू माटोमा पुरिए। कतिलाई झाडीले ढाक्यो। सेनाले पोखरीको छेउमै आफ्नो चमेना गृह पनि बनायो।

'हाम्रो धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको पोखरी अतिक्रमण भएपछि स्थानीयमा देवालीको महत्त्व घट्दै गएको छ र सांस्कृतिक पर्वहरू त लोप नै भएका छन्,' स्थानीय कर्ण अवाल बताउँछन्।

झन्डै ३६ वर्षपछि (१ जेठ ०७६) मा सो पोखरी सेनाको अधिग्रहणबाट मुक्त भएको छ। र, यसको पहल गरेको थियो, भक्तपुर नगरपालिकाले।

रक्षा मन्त्रालय र सैनिक मुख्यालयलाई पत्र लेखेर नगरपालिकाको टोलीले प्रधानसेनापति पूर्णचन्द्र थापासँग ०७५ चैतमा यसबारे छलफल गर्‍यो।

छलफल भएको दुई महिनामै सेनाले पुरातात्त्विक तथा ऐतिहासिक महत्त्व बोकेको रानीपोखरीलाई नगरपालिकाको जिम्मा लगायो। आफ्नो स्वामित्वमा आएलगत्तै नगरपालिकाले पोखरीको उत्खनन तथा पुनर्निर्माणको काम अघि बढाएको छ।

**पुरानै शैलीमा पुनर्निर्माण**

भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापति रानीपोखरी पुरानै शैलीमा पुनर्निर्माण गर्न लागिएको बताउँछन् 'हामीले अहिले सो क्षेत्रमा उत्खननसँगै पुनर्निर्माण गरिरहेका छौँ,' मेयर प्रजापति भन्छन्, 'रानीपोखरीलाई सयौँ वर्ष पुरानो शैलीमा फर्काउने हाम्रो प्रयास छ।'




/fgLkf]v/L

## फर्किइन् हराएकी बहिनी

पोखरीमा भेटिएको शिलालेखलाई आधार मान्ने हो भने भक्तपुरका मल्ल राजा जगज्योतिले बीचभागमा नागको मूर्ति र शिवलिंग स्थापना गरेर न्हू पुखु: (नयाँ पोखरी) बनाएका थिए ।

तत्कालीन कान्तिपुरका राजा प्रताप मल्लले भक्तपुरमाथि आक्रमण गर्दा रानीपोखरी भत्काएका थिए । पछि उनले त्यसको नक्कल गर्दै काठमाडौंमा त्यस्तै स्वरूपको पोखरी बनाए ।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठका अनुसार राजा जगज्योतिले आफ्नी रानीलाई पोखरी समर्पण गरेपछि यसलाई रानीपोखरी भन्न थालिएको हो ।

'पौष कृष्ण एकादशीदेखि आरम्भ भएको पोखरी निर्माण वैशाख कृष्ण द्वादशी (चार महिना) मा सम्पन्न भएको शिलालेखमा उल्लेख छ,' श्रेष्ठ बताउँछन् ।

वि.सं. १७३५ मा जितामित्र मल्लले पोखरीको जीर्णोद्धार गरेर वास्तुशैली, नागनागिनी, देवीदेवताको मूर्ति स्थापना गरेका थिए ।

उत्खननका क्रममा शिलापत्रलगायतका महत्त्वपूर्ण परातात्त्विक वस्तु फेला परेका छन् । वि.सं. १९७५ देखि २००६ सालसम्मका ईंट्टा पनि भेटिएका छन् । जसको अनुसन्धान निम्ति विशेष समिति गठन भएको छ । त्यसैले नगरपालिका छिटो काम सक्नेभन्दा सबै कुरा मिलाएर रानीपोखरीलाई मौलिक शैलीमा ढाल्ने प्रयासमा छ ।

नगरपालिका अबको एक वर्षभित्र पुनर्निर्माण टुङ्ग्याउने हिसाबले काम गरिरहेको मेयर प्रजापति बताउँछन् । १२ रोपनी ९ आना क्षेत्रफलमा रहेको पोखरीको डिजाइनअनुसार धमाधम काम भइरहेको छ ।

वासुकिनार, दक्षिणपट्टिका शिवलिंग, भवानीशंकरलगायतका मूर्ति, पद्माकृति, सत्तलका अवशेष, विशेष सालिकको पनि उत्खनन गरी पहिलेकै स्थानमा ठड्याइनेछ ।

यसका लागि इन्जिनियर, प्राविधिक, पुरातत्त्वविद्, इतिहासविद्, जानकारहरूको विशेष टोली खटिएको छ ।

रानीपोखरी पुनर्निर्माणका लागि नगरपालिकाले पहिलो चरणमा एक करोड रूपैयाँ छुट्याएको छ । जसमध्ये ५० लाख खर्च भइसकेको छ ।

रानीपोखरीलाई तीन भागमा विभाजन गरी पुनर्निर्माण गरिने प्रजापति बताउँछन् । पहिलो भागमा पानी भरिने छ, दोस्रो भागमा कलात्मक मूर्ति राखिने छ र तेस्रो भागमा पोखरी घुम्न मिल्ने बाटो तथा चार दिशामा पाटीहरू निर्माण गरिने छ । छेउछाउमा रूखहरू रोपिने छ र पहिलेको पुतली बगैंचालाई जगाइने छ ।




gu/kflnsfn]tof/ kf/]sf] kf]v/L kg{lgdf{0fsf] 8hf0g

पोखरीमा रहेको ह्वाङ्ह्वाङ पाटीमा रहेको शिलापत्रमा रानीपोखरीमा वासुकी नागको टाउको, सिद्धपोखरीमा जीउ र न:पुखुमा पुच्छर रहेको उल्लेख छ ।

त्यसैले पनि स्थानीयहरू यी तीन पोखरीलाई तीन दिदीबहिनीको रूपमा लिन्छन् ।

ती तीनमध्ये लामो समयदेखि हराएकी एक बहिनीलाई भक्तपुर नगरपालिकाले फर्काउँदै छ । त्यसपछि स्थानीयले आफ्नो कुल देवता भेट्न कसैको अनुमति लिइरहनुपर्ने छैन ।

*(नेपालखबर, कार्तिक २८, २०७६)*

# 'हामी ठेकेदार होइन, उपभोक्ता समितिमा विश्वास गर्छौं': सुनिल प्रजापति

ऐतिहासिक र पुरातात्त्विक महत्त्वको प्राचीन शहर भक्तपुर। अहिले नेपाल मजदुर किसान पार्टीका नेता सुनिल प्रजापति भक्तपुर नगरपालिकाको प्रमुख (मेयर) हुनुहुन्छ। यो नगरपालिकामा नेमकिपाको सबैभन्दा बढी प्रभाव छ। संघीय संसदमा नेमकिपाकै प्रेम सुवाल निर्वाचित हुनु भएको छ। भक्तपुर नगरपालिका क्षेत्र भन्नासाथ नेमकिपालाई छुटाएर कुनै पनि विषयको वहस अघि बढ्न सक्तैन।

भक्तपुर नगरपालिकाले नगरवासीको हितका लागि गरिरहेका कामहरूलाई हेर्ने हो भने यहाँ जनताको दैनिक जीवनसँग जोडिएका विषयमा पर्याप्त ध्यान दिएको पाइन्छ। ३० जना विज्ञ चिकित्सकहरू रहेको अस्पताल संचालनदेखि प्रत्येक दिन घर घरमा नर्स पठाएर जनताको स्वास्थ्य परीक्षण गर्ने जस्ता जनहितका काम नगरपालिकाले गरिरहेको छ। अनि, आफ्नै नेतृत्वमा शिक्षण संस्था संचालनको दायित्वसमेत नगरपालिकाले उठाएको छ।

भक्तपुर क्षेत्रफलका हिसाबले देशकै सानो नगरपालिका हो। यहाँ प्राचीन समयदेखि तत्कालीन अवस्थामा इतिहास झल्कने संरचना छन्। अर्थात बाटो साँघुरो छ। ठाउँ ठाउँमा केही चोक र पोखरीहरू छन्। अनि हाम्रा पूर्वजहरूले कठिन मेहनतबाट खडा गरेका न्यातपोल देवल र पचपन्न झ्याले दरबार जस्ता संरचनाहरूले भक्तपुरको विशिष्ट परिचय स्थापित गरेका छन्।

आज हामीले भक्तपुरको सौन्दर्य होइन, त्यहाँ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा कस्ता कामहरू भइरहेका छन् र अबका योजना के छन् भन्नेबारे चर्चा गर्दैछौं। हालै ईमेज च्यानलबाट प्रसारण हुने कार्यक्रम 'टक अफ द टाउन' का लागि जगदीश खरेलले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयमा केन्द्रित रहेर कुराकानी गर्नुभएको छ।

नगरपालिकाका प्रमुख प्रजापतिकाअनुसार भक्तपुर नगरपालिकामा सबै काम उपभोक्ता समितिमार्फत हुने गरेको छ। 'भूकम्पपछिको पुनर्निमाणदेखि पोखरी र खुला क्षेत्रको संरक्षणमा समेत उपभोक्ता समितिहरू सक्रिय छन्, हामी ठेकेदारमा होइन, उपभोक्ता समितिमा विश्वास गर्छौं' नगर प्रमुख प्रजापतिले भन्नु भयो। त्यसो त भक्तपुर नगरपालिकाले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कानूनसमेत बनाइसकेको छ। अनि आफ्नो नगरमा कुन कुन क्षेत्र जोखिममा छन् भन्ने पहिचान गरी विपद्बाट जनतालाई सुरक्षित राख्न विभिन्न कार्यक्रम संचालन गरिएको छ। करिव दुई सय



जनाको स्वयंसेवक टोली समेत नगरपालिकाले तयार गरेको छ। यी स्वयं सेवकहरूले जनतालाई विपद्बाट बच्ने उपाय सिकाउनुका साथै, विपद् आइहालेको स्थितिमा तत्काल उद्धार र राहतका लागि भूमिका खेल्ने गरेको नगर प्रमुख प्रजापतिले बताउनुभयो।

अर्कोतिर नक्सा पासमा कडाइ गरिएको नगर प्रमुख प्रजापतिले जानकारी दिनुभयो, 'नक्सा पासको प्रक्रियामा सहजतासँगै कडाइ पनि गरेका छौं, कतिपय ठाउँमा मापदण्ड विपरीतका घर पर्खाल भत्काएका छौं' नगर प्रमुख प्रजापतिले भन्नुभयो। मापदण्ड विपरीतका संरचना बनाउने र त्यसलाई भत्काउन दिएको आदेश कार्यान्वयन नगर्नेहरू विरुद्ध नगरपालिका आफैले मुद्दा समेत चलाएको छ। भूकम्पपछिको पुनर्निमाणमा पनि स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरिएको छ। स्थानीय डकर्मी, सिकर्मीको प्रयोग र उपभोक्ता समितिमार्फत काम हुँदा भक्तपुरमा पुनर्निमाण अन्तिम चरणतिर पुगेको छ। नगरपालिकाले अघि सार्ने योजनामा जनताको उल्लेख्य साथ र सहयोग प्राप्त छ। अर्कोतिर नेपाली सेना र नेपाल प्रहरी, सशस्त्र प्रहरी बल जस्ता निकायहरूसँगको समन्वयमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि समय समयमा तालिम संचालन गर्ने गरिएको नगर प्रमुख प्रजापतिले बताउनुभयो, 'नगरपालिका भनेको जनताको सेवाका लागि, उनीहरूको हितका लागि स्थापित संस्था हो, यहीँ मान्यतालाई आत्मसात् गरेर हामीले काम गरिरहेका छौं' नगर प्रमुख प्रजापतिले भन्नु भयो। आशा गरौं ऐतिहासिक र पुरातात्त्विक महत्त्वको भक्तपुर नगरपालिकाले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा पनि ऐतिहासिक कामहरू गर्नेछ।

*(जगदीश खरेलले 'इमेज च्यानल' को कार्यक्रम 'टक अफ दि टाउन' मा मंसिर २२ गते गर्नुभएको कुराकानीको सम्पादित अंश)*

# जब सन्ध्या हुन्छ, सम्पदा सहर चम्किन्छ

- सौरभ ढकाल



योमरि पूर्णिमाको साँझ भक्तपुर दरबार क्षेत्र झकिझकाउ थियो । सन्ध्याकालीन सम्पदा यात्राको औपचारिक तयारी हुँदै थियो ।



म एक महिनाअघि पनि पूर्णिमाकै साँझ भक्तपुर पुगेको थिएँ । प्रत्येक वर्ष कार्तिक शुक्ल पक्ष पूर्णिमालाई नेपालभाषी समुदायले 'सकिमना पूर्णिमा' मान्छन् । त्यस दिन साँझ भक्तपुर नगर क्षेत्रका टोलटोलमा एक किसिमको प्रतिस्पर्धा नै चलेको थियो । भुटेका गेडागुडी र मिठाइ एवं रोटीका परिकारबाट कलाकारिता प्रदर्शन गर्ने अनौठो प्रतिस्पर्धा ।



हिन्दु धर्मावलम्बीहरूले मान्ने प्रमुख एकादशीमध्ये हरिबोधनी एकादशीको पाँच दिनपछिको पूर्णिमा नेपालभाषीहरूका लागि अतिमहत्त्वपूर्ण छ । यस पूर्णिमालाई नेपालभाषी समुदाय सकिमना पुन्ही (पिँडालु उसिन्ने पूर्णिमा) भन्छन् ।

हाम्रो यात्रा रोचक भइरहेको थियो, पथप्रदर्शक रिता सुवालले सुनाउँदै गरेका कथाहरूले ।

त्यस दिन राति नेपालभाषी समुदायको देवगुठी, दाफाभजनले आ–आफ्नो टोलमा रहेका देवदेवीको मन्दिरअगाडि भजनकीर्तन गर्छन् । त्यस क्रममा भुटेका गेडागुडी तथा मिठाइ र रोटीबाट उक्त देवदेवीको पूर्ण कदको मूर्ति वा प्रतीक चिह्न बनाउनु यस पर्वको प्रमुख विशेषता हो ।

भुटेका गेडागुडीमा यस दिन विशेषतः मकै, कालो भटमास, गहुँ, केराउ, चना, बकुला र मिठाइ तथा रोटीमा माल्पुवा र स्वारी प्रयोग गरेर स्थानीय कलाकारले आफ्नो कलाकारिता प्रदर्शन गर्छन् ।

भक्तपुर सहर मेरो लागि नियमित सम्पदा यात्राको सहर हो । तर, साँझको नौलो कथाले यात्रामा बेग्लै मजा थपेको छ ।

एक महिनापछिको योमरी पूर्णिमाको सम्पदा यात्रा थप विशेष थियो । दुवै यात्रा सकेपछि मलाई कोटेश्वर घर फर्कन भने अलि हम्मेहम्मे परेको थियो । बस पाउन हिँडेर सूर्यविनायक आउनुपर्यो । निकै समयपछि मात्र बस पाइयो ।

नेपालमा रात्रिकालीन पर्यटन प्रवर्द्धन गर्न हाम्रा सम्पदा सहरहरू उपयुक्त देखिन्छन् । नेपाल भ्रमणमा आउने पर्यटकलाई अहिले पनि विशेष चाडपर्वका उत्सवहरूमा सम्पदा सहरहरूले आकर्षण गरिरहेका छन् । पशुपति र जनकपुरमा हुने आरती, इन्द्रजात्रा, कात्तिक नाच यसका केही उदाहरण हुन् ।




अन्य सामान्य समयमा पनि साँझ सम्पदा सहरहरूमा हुने दैनिक जनजीवनले पर्यटकलाई आकर्षण गर्न सक्छ ।

पर्यटन वर्ष २०२० को मौका पारेर सन्ध्याकालीन सम्पदा यात्राको सुरूआत गर्न खोजिँदै छ । यसका लागि पर्यटन व्यवसायी र स्थानीयबीच सहकार्य जरुरी छ । साँझसम्म स्थानीय व्यवसाय खुल्ने वातावरण बनाउनुपर्छ । यात्राका बाटोहरू पैदल यात्रामैत्री बनाउनुपर्छ । बाटो र सम्पदा उज्यालो देखिने गरी बत्तीको व्यवस्था गर्ने र सुरक्षाको जिम्मेवारी स्थानीय नगरपालिकाहरूले लिन सक्नुपर्छ ।

साँझ पर्यटकहरूलाई आकर्षण गर्न सके स्थानीय परिकारको स्वाद चाखाउन पाइन्छ । स्थानीय उत्पादनको बिक्री



वितरणमा समेत टेवा पुग्नेछ । स्थानीय रोजगारी र अर्थतन्त्रमा योगदान हुन्छ ।

सम्पदा क्षेत्रबाट अबेर साँझ पनि घर र होटल फर्कन सक्ने गरी सार्वजनिक सवारी तथा साइकलको व्यवस्था गर्न सके मजस्ता आन्तरिक पर्यटकहरूले पनि साँझको सम्पदा यात्राको मजा लिन पाउने थिए ।

*(सेतोपाटी, मंसिर २९)*

# भक्तपुर

**- विकल प्रजापति**

नाचगानको शहर, संस्कृतिको धरोहर
विश्व चिनाउने, भक्तपुर नगर ।
सफासुग्घर, सदाचारीको शहर
विश्व सम्पदा, सभ्यताको शहर ।

९९ चोक हेर ५५ झ्याले दरबार
पाँचतलेको शान भैरवनाथ मन्दिर ।
कुम्हाले टोल दुई, दत्तात्रयको वैभव
यन्त्राकार ख्वप २४ टोलको संयोग ।

दशैं, तिहार, बिस्का, प्रसिद्ध गाईजात्रा
ढुंगेधारा, पोखरी, मौलिक ईन्द्रजात्रा
योमारी, जुजुधौ, बारा चतामारी
भक्तहरूको नवदुर्गा, जीवित कुमारी ।

आदर्श राजनीति, राष्ट्रियताको साधना
देशभक्ति भाकामा, अन्तर्राष्ट्रिय भावना ।
शान्ति समृद्धि, समानताको कामना
पर्यटकीय गन्तव्य, विकासको नमुना ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित



एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३ २००

# भक्तपुरमा शौचालय क्रान्ति:मौलिक शैलीमा सबैका लागि

- सहयोग रञ्जित

व्यस्त काठमाडौं उपत्यकामा मानिसहरू फुर्सदको समयमा रिक्रिएसन खोजिरहन्छन् । विदामा घुम्न जाने, साँझपख साथीभाइसँग गेट टुगेदर । धेरैजसोको जक्सन बन्छ उपत्यकाका दरबार क्षेत्रहरू । सम्पदा क्षेत्रहरू रेष्टुराँ र पसलहरूले भरिएका छन् । शहरीकरणसँगै ती स्थानहरूमा मानिसको चाप पनि बढेको छ । तर, शौचालयको अभावका कारण धेरैले समस्या भोग्छन् ।

दरबार क्षेत्र घुम्न जाँदा शौचालयको प्रयोग गर्न रेष्टुराँ धाउनुपर्छ । नभए चिनेजानेका र आफन्त घर खोज्दै हिँड्नुपर्छ । भएकै सार्वजनिक शौचालय प्रयोग गर्न पनि दशफेर सोच्नुपर्छ । स्मार्ट सिटीको परिकल्पना गरिरहँदा एउटा शौचालयको व्यवस्थापन गर्न नसक्नु स्थानीय सरकारलाई चुनौती बनेको छ ।

यस्तै व्यवस्थापनको चुनौती स्वीकार्दै भक्तपुर नगरपालिकाले भने नगरपालिका प्रवेश गर्ने प्रत्येक विन्दुमा शौचालय निर्माण गर्ने तयारी सुरु गरिसकेको छ । हाललाई भक्तपुरको सिद्धपोखरी र टौमढीसँगै रहेको भगवतीस्थानमा सुविधासम्पन्न शौचालय निर्माण भइसकेको छ ।

तर, पर्यटकहरू त्यहाँ पुगेर शौचालय देख्दा अचम्म पर्ने गरेका छन् । बाहिरबाट हेर्दा घर वा पाटी जस्तो देखिन्छन् यी शौचालयहरू । सांस्कृतिक रूपले धनी भक्तपुरले शौचालयलाई पनि मौलिक 'टच' दिन खोजेको छ ।

सिद्धपोखरीको पूर्वी प्रवेशद्वारको अगाडि बनाइएको शौचालय त्यसको उदाहरण हो । बाहिरबाट हेर्दा फल्चा (पाटी), त्यसको पछाडि बनाइएको छ घर जस्तै देखिने शौचालय । महिला र पुरुषका लागि छुट्टाछुट्टै । अहिले त्यसको रेखदेख गर्न




नगरपालिकाले कर्मचारी खटाएको छ । सिद्धपोखरी पुग्ने धेरैलाई नगरपालिकाको यो 'कन्सेप्ट' मन परेको छ ।

यता, भगवती स्थानमा पनि दुई तल्ले घरलाई शौचालयमा रूपान्तरण गरिएको छ । माथिल्लो तलामा स्थानीयका लागि शौचालय बनाइएको छ भने तल्लो तलामा पर्यटकका लागि । भक्तपुर दरबार क्षेत्र घुम्न आउने धेरै सिद्धपोखरी हुँदै टौमढी पुग्ने गर्छन् । स्थानीयहरूले पनि शौचालयको माग गरिरहेकै बेलामा टौमढीमा एकै घरमा दुईवटा सार्वजनिक शौचालय बनाइएको नगरपालिकाले जनाएको छ ।

दत्तात्रय क्षेत्रमा पनि एउटा घर निर्माण हुँदैछ । पर्यटक सूचना केन्द्र रहने सो घरमा सार्वजनिक शौचालय




बनाउने काम अन्तिम चरणमा पुगेको छ । तल्लो तलामा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय बन्दैछ भने माथिल्लो तलामा पर्यटक सूचना केन्द्र ।

शौचालयको डिजाइन नगरपालिकाकै आर्किटेक्ट र इन्जिनियरहरूको रेखदेखमा भएको हो । पर्यटकका साथै सर्वसाधारणका लागि मौलिक शैलीमा स्तरीय शौचालय बनाउने उद्देश्यका साथ निर्माणको काम भएको हो ।

भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापति नगर प्रवेश गर्ने सबैका लागि शौचालयको अभाव नहोस् भनेर नगरपालिका प्रवेश गर्नेका लागि तीन मिनेट भित्र शौचालयको व्यवस्था गर्ने योजना बनाइरहेको बताउँछन् ।

भने, 'यहाँ विदेशीलाई मात्रै राम्रो शौचालय भनेर विरोध गर्नेहरू पनि छन् । तर, हामी त्यस्तो सोच्दैनौं । भक्तपुर आउने सबैका लागि स्तरीय सेवा दिनु हाम्रो दायित्व हो । हामी नेपालीहरू पनि स्तरीय शौचालय प्रयोग गर्न पाउनुपर्छ भन्ने हेतुका साथ पर्यटक काउन्टर देखि तीनदेखि चार मिनेट भित्रमा

शौचालय पुग्ने वातावरण निर्माण गर्दैछौं । शौचालयका कारण कसैले दुःख नपाओस् भनेर हामीले यो काम सुरु गरेका हौं ।'

सरकारले केही अघि नेपाललाई खुल्ला दिसा मुक्त देश घोषणा गऱ्यो । तर, कागज र बोलीमा मात्रै सीमित घोषणा कार्यान्वयन गर्न सरकारले प्रयास गरेको देखिँदैन । यसैबीच भक्तपुरमा सुरु भएको शौचालय निर्माणको प्रयासका बारेमा भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापति भन्छन्, 'केन्द्र सरकारले पहिलो बन्ने होडमा नेपाललाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गऱ्यो । तर, उपत्यकामा नै शौचालयको अभावमा मानिसहरूले दुःख भोग्न बाध्य रहेको कुरा यथार्थ हो ।'

अहिले पनि सडकमा नै दिसा गर्ने प्रवृत्ति कम नभएको भन्दै बोली र शब्दमा नभइ काम गर्न सरकार सक्रिय हुनपर्ने बताउँछन् उनी । 'सरकारले गरेको काम नराम्रो होइन । तर, त्यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न पनि त पऱ्यो । जनतामा शौचालयको प्रयोगबारे चेतनास्तर वृद्धि गर्दै आवश्यकताअनुसार शौचालय बनाउने काम सरकारकै हो । त्यसपछि शौचालयको प्रयोग नगर्नेलाई जरिवाना गरौं । त्यसो नहुँदा जनताले प्रश्न उठाउनु स्वभाविक हो ।'

स्थानीय सरकार आइसकेपछि स्थानीय तहमा आधारभूत सेवा सुविधा उपलब्ध गराउन नसक्दा जनता निराश भइरहेको बताउँदै भक्तपुरमा आफूहरूले कुरा नभइ काम गरेर देखाउन शौचालय निर्माणलाई प्राथमिकतामा राखेको प्रजापति बताउँछन् ।

भक्तपुर नगरपालिका विदेशीको मात्रै नभइ आन्तरिक पर्यटकको हब बन्दै गएको छ । त्यसैले यहाँ आउने सबै पर्यटकहरूले शौचालय नभएको भन्ने गुनासो आएपछि स्थानीय सरकार बनेसँगै नगरपालिकाले पर्यटकहरूलाई सहज बनाउने भन्ने बारेमा नगरपालिकाले छलफल गर्दै सबै वडामा शौचालय निर्माण गर्नेका लागि स्थानहरू छनौट गरेको थियो । पहिलो चरणमा पर्यटकको धेरै आवतजावत हुने प्रमुख क्षेत्रका रूपमा टौमढी, दतात्रय र दरबार स्क्वायर छनौट गरिएको हो । दरबार स्क्वायरमा भएको पुरानो शौचालयलाई व्यवस्थित गरिएको थियो । दरबार क्षेत्रमा विदाका बेला पर्यटकहरूको निकै नै भिड लाग्ने गर्छ । अझै जात्रापर्वका बेला सबैभन्दा धेरै मानिस आउने स्थान यही हो । पर्यटकहरूलाई भक्तपुरको मौलिक पहिचानसँग अवगत गराउन शौचालयलाई मौलिक शैलीमा ढालिएको हो ।

प्रजापति भन्छन्, 'हाम्रो पहिचान भनेकै हाम्रो मौलिकता हो । हामीले यहाँ आउनेहरूलाई देखाउने भनेको हाम्रो संस्कृति हो । हामीले अहिले जस्तो शौचालय बनाएका छौं, त्यो शैली हाम्रो आफ्नै हो । हामीले घरको शौचालयलाई जसरी सफा राख्छौं । सबैको स्वास्थ्यसँग सम्बन्धित भएकोले सार्वजनिक शौचालयलाई सफा राख्ने कर्तव्य हाम्रै हो ।'

सार्वजनिक शौचालय बनाउने तर त्यसको रेखदेख नगर्ने कामले उपत्यकामा बनाइएका आधुनिक शौचालयको अवस्था सबैले देखेकै छ । स्मार्ट शौचालय बनाउने होडमा पुराना शौचालय व्यवस्थापन गर्न नसक्नु आफैमा चुनौती हो । अझै, ठूलठूला मलको शौचालयको अवस्था पनि दयनीय छ । कतै भक्तपुरमा यस्तै अवस्था त दोहोरिँदैन?

प्रमुख प्रजापति भन्छन्, 'पहिला यहाँ पनि त्यस्तै समस्या थियो । शौचालयमा फोहोर हुने, पानीको समस्या नभएको होइन । अब यहाँ त्यस्तो हुँदैन । शौचालयहरूको संचालनका लागि नगरपालिकाले टेन्डर आह्वान गरेको छ । केही समयपछि अरु स्तरीय शौचालय निर्माण हुनेछ । हामीले शौचालय संचालन गर्ने व्यक्तिलाई त्यसलाई सफा र दीगो प्रयोग हुने गरी व्यवस्थापन गर्न शर्त राखेर दिन्छौं । हामी ती स्थानमा नगरपालिकाबाट कर्मचारीहरू नै खटाउँछौं । शौचालय पनि हाम्रो सम्पत्ति हो । त्यसको संचालनमा लापरबाही गर्नेलाई हामी कारवाही गर्छौं ।'

*(पहिलोपोस्ट, मंसिर २८)*

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# बलियो बन्दै वत्सला

- उपेन्द्र लामिछाने

तीनवटा भूकम्पले लगातार भत्काएको भक्तपुर दरबार क्षेत्रको मुटुमा रहेको वत्सला मन्दिर पुनर्निर्माणको अन्तिम चरणमा पुगेको छ । नृत्य वत्सला मन्दिरको रूपमा चिनिने यो ढुंगाबाट निर्मित मन्दिरको भित्री संरचनामा केही परिवर्तन गरेसँगै झनै मजबुत बन्ने भएको हो ।



dlGb/leq /flvPsf]sf7sf]k|d

भक्तपुरका अन्य थुप्रै मन्दिर जोगिए पनि ढुंगाले बनेको यो मन्दिर १८९१, १९९० र २०७२ सालको भूकम्पले भत्काएको थियो । पछिल्लो भूकम्पमा पनि मन्दिरको भाग पूरै भत्किएपछि यसको बनावट वा जगबारे अध्ययन गरियो ।

भक्तपुरस्थित ख्वप इन्जिनियरिङ कलेज र भक्तपुर नगरपालिकाले गरेको अध्ययनले यसमा रहेको मूल कमजोरी पत्ता लगाएको हो । 'ढुंगैढुंगाबाट बनेको यो मन्दिरभित्र कुनै सपोर्ट नरहेको भेटियो,' वास्तुशास्त्रकी जानकारसमेत रहेकी उपमेयर रजनी जोशी भन्छिन्, 'मन्दिरभित्र काठको फ्रेम राखेसँगै यो बलियो बन्न पुगेको छ ।' काठको फ्रेम प्रयोग गर्दा यसको परम्परा र मौलिकपनमा कुनै असर नपुऱ्याइएको उनको भनाइ छ ।

'विगतका भूकम्पमा ढलेर पुनर्निर्माण हुँदा संरचनागत त्रुटि भएको हुन सक्छ,' उनले भनिन् 'काठको फ्रेम राखेसँगै सम्भवतः अब आउने भूकम्पमा यो मन्दिर विगतमा झैँ गल्र्यामगुर्लुम ढल्ने छैन ।' अहिले मन्दिर पुनर्निर्माणको अन्तिम चरणमा पुगेको छ ।

'नाचगानको यो सहरमा यो मन्दिरको ठूलो महत्त्व छ,' उनले भनिन्, 'यसको पुनर्निर्माण सम्पन्न भएसँगै सांस्कृतिक नगरीले थप जीवन्तता पाउनेछ ।' २०७३ कात्तिकबाट १ करोड २८ लाख रूपैयाँ लागतमा पुनर्निर्माण सुरु भएको यस मन्दिरको करिब ९० प्रतिशत कार्य सम्पन्न भएको छ ।

नगरपालिकाको पहलमा अन्य केही मन्दिरमा पनि विगतमा भएको संरचनागत त्रुटिलाई सच्याउँदै पुनर्निर्माण कार्य सम्पन्न गरिसकेको नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले बताए । 'हामीले पुनर्निर्माण मात्र होइन, मौलिक संरचनालाई खलल नपुऱ्याई थप कसरी बलियो पार्न सकिन्छ भन्नेतर्फ पनि ध्यान दिएका छौँ,' उनले भने, 'यसबाट पछिल्लो पिँढीका लागि पनि हाम्रा सम्पदा बलियो भएर उभिने विश्वास हामीले लिएका छौँ ।'

**के हो नृत्य वत्सला मन्दिर ?**

संस्कृतिविद् ओम धौभडेलका अनुसार, भक्तपुरका राजा जितामित्र मल्लले ने.सं. ७९८ मा यो मन्दिर बनाउन लगाउँदा पाटनको प्रसिद्ध कृष्ण मन्दिरको शैली अपनाइएको थियो । नौवटा सुनको गजुरसहितको यो मन्दिरको मूल गर्भगृहमा पूर्णकलशमाथि श्रीयन्त्र कुँदिएको धौभडेल बताउँछन् ।

मन्दिरमा ढुंगाका अत्यन्त राम्रा–राम्रा नवदुर्गा, अष्टमातृका एवं भैरवका मूर्ति चारैतिर देखिनुका साथै असल ढुंगाका खम्बा यस मन्दिरका आकर्षणका रूपमा रहेको उनले बताए ।



'तत्कालीन समयमा भक्तपुर अन्य कुरामा आत्मनिर्भर भए पनि ढुंगामा भने प्रायः पाटनकै भर पर्ने गर्थ्यो,' उनले भने, 'यसमा भने भक्तपुरको नगरकोट क्षेत्रमा रहेका ढुंगा प्रयोग भएको अभिलेखमा भेटिएको छ ।'

*(नागरिक, मंसिर २१)*

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (२)

२. परिभाषा :

(न) 'वडा समिति' भन्नाले संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्छ ।

(प) 'सदस्य' भन्नाले,

(१) गाउँपालिकाको सम्बन्धमा गाउँ सभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(२) नगरपालिकाको सम्बन्धमा नगर सभा वा नगर नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख सम्झनु पर्छ र सो शब्दले नगर सभा वा नगर कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(३) जिल्ला सभाको सम्बन्धमा जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले जिल्ला सभाको प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ ।

(फ) 'सभा' भन्नाले गाउँ सभा वा नगर सभा सम्झनु पर्छ ।

(ब) 'संविधान' भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(भ) 'स्थानीय कानून' भन्नाले गाउँ सभा वा नगर सभाले बनाएको कानून सम्झनु पर्छ ।

(म) 'स्थानीय तह' भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाउँछ ।

## परिच्छेद-२

### गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या, सिमाना तथा केन्द्र

**३. गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या र सिमाना** : (१) गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या र चारकिल्ला खुलेको सिमानाको निर्धारण संविधानको धारा २९५ को उपधारा (३) बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम निर्धारण भएको गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या वा सिमाना जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनौटको आधारमा उपदफा (३) र (४) को अधीनमा रही हेरफेर गर्न सक्नेछ । तर एक जिल्लाको गाउँपालिका वा नगरपालिकालाई अर्को जिल्लामा पर्ने गरी सङ्ख्या र सिमाना हेरफेर गरिने छैन ।

(३) गाउँपालिका वा नगरपालिकाको सङ्ख्या वा सिमाना हेरफेर गर्नु परेमा त्यस्तो हेरफेरबाट प्रभावित हुने गाउँपालिका तथा नगरपालिकाको सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव प्राप्त भएको पन्ध्र दिनभित्र प्रदेश सरकारले सो प्रस्ताव बमोजिम गाउँपालिका वा नगरपालिकाको सङ्ख्या वा सिमाना हेरफेर गर्न नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछ ।

(५) गाउँपालिका वा नगरपालिकाको सङ्ख्या र सिमाना हेरफेर गर्नु पर्ने भएमा गाउँपालिका तथा नगरपालिकाको निर्वाचन हुने मितिभन्दा कम्तीमा एक वर्ष अगावै गरी सक्नु पर्नेछ ।

**४. गाउँपालिका तथा नगरपालिकाको नाम र केन्द्र** : (१) नेपाल सरकारले प्रदेश सरकारको परामर्शमा गाउँपालिका तथा नगरपालिकाको नाम र केन्द्र तोक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाको केन्द्रको लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल, भौतिक पूर्वाधार र अन्य विषयको न्यूनतम मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्नु परेमा सम्बन्धित सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव कार्यपालिकाले प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव नेपाल सरकारले उपयुक्त देखेमा त्यस्तो गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका तथा नगरपालिकाको पहिलो निर्वाचन भएको मितिले छ महिनाभित्र सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतबाट प्रस्ताव पारित गरी एक पटकको लागि गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न नेपाल सरकारमा सिफारिस गरेमा नेपाल सरकारले सो सिफारिस बमोजिम नाम वा केन्द्र हेरफेर गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम केन्द्रको हेरफेरको सिफारिस गर्दा उपदफा (२) मा उल्लिखित मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(७) कुनै गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर भएमा सोको जानकारी प्रदेश सरकारलाई दिनु पर्नेछ ।(**क्रमशः**)



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 44

## CHAPTER XXIII
## AFTER THE NIPAL WAR

### BHIM SEN'S PACIFIC POLICY

The permanent political connection of the British with Nipal commenced in 1816, when, in accordance with the Treaty of Sugauli, the Hon. E. Gardiner was appointed Resident at the Court of Kathmandu. On his arrival Maharajah Garwan Jodh Bikram Sah was on the throne, and General Bhim Sen Thappa as sole and all-powerful Minister, ably supported by the Maharani, administered all the affairs of the State.

Six months after Mr. Gardiner’s arrival, the Maharajah died of small-pox, aged twenty-one, and was succeeded by his only son, Rajindra Bikram Sah, an infant of two years old. Bhim Sen retained his office of sole Minister, and strongly supported by his friend the Maharani, enjoyed, during the long minority* which ensued, uninterrupted and unlimited power. He always used all his influence in favour of peace with the British, “a Power,” as he said, “that crushed thrones like potsherds.” He had been forced into the war of 1815-16, against his own better judgment, by the eagerness of the army and the excited feelings of the nation. The war being over, it was owing to his skill in negotiation that two lakhs of rupees annually were first assigned by the British Government to the Nipalese chiefs as compensation for the loss of their jagirs in the Terai; and it was entirely due to his tact and skill in dissimulation that the British Government were subsequently cajoled into restoring to the Nipalese the whole of the Terai, in lieu of these two lakhs.

Although Bhim Sen was always averse to war with the British, his pacific policy was the result of no cordiality for us, but merely of a full appreciation of our superior strength. Nothing was nearer or dearer to his heart than the independence of his country; and he was too sagacious not to perceive that a second war with the British would almost certainly be followed by the reduction of Nipal, even under the most favourable circumstances, to the condition of one of the “protected states.” While, therefore, he studiously avoided every act that might lead to a rupture of the existing peace — which peace he looked upon as the best guarantee of Nipal’s independence — he has steadily resisted every overture on our part to render the connection between the two nations closer, and, with great foresight, most successfully prevented our ever having any pecuniary or other direct or indirect control over the internal affairs of the State.

### JEALOUSY OF BRITISH INTERFERENCE

Now, equally as in the days of Bhim Sen, the Nipalese Darbar wish to have nothing to do with us. At the point of the bayonet they were forced to yield to the establishment of a British Resident at their Court**; but they would be as delighted now as they would have been immediately after the war, if they could dispense with the presence of that functionary among them. They know? however, that the withdrawal of the Resident would be immediately followed by the resumption of the Terai lands, and the probable conquest and annexation of their country. They submit, therefore, without further complaint, to a state of things which they cannot alter. Although they are still as insuperably averse as ever to any kind of intimate connection with the British Government, yet this aversion does not depend on any actual feeling of hostility towards us. But they look on us as dangerous and encroaching neighbours, and judging from the experience and fate of other states throughout India, they are firmly convinced that if once the British gain a footing (even though it be of a friendly character) within the Valley of Nipal, from that time the knoll of their national independence will have struck. Acting on these principles, they distrust, and ever have distrusted, every friendly overture that is made to them; they throw obstacles in the way of anything like extensive intercourse between the two nations, and they carry their suspicions of our interested motives to such a degree, that they will not even allow a single European to travel through their hills for the purpose of collecting purely scientific information. Nothing will ever disabuse them of the belief that the British are anxious to conquer and annex Nipal. They acknowledge our supremacy in the plains, and they think that the only way to prevent that supremacy from being established in Nipal as well as in Hindustan is to keep us at a distance, and by isolating themselves from all intimate connection with us, avoid giving us the opportunity of gratifying, what they consider, the national love of foreign aggrandisement. These considerations form the real and only key to the very exclusive policy which Nipal has systematically adopted towards the British Government from the date of the

(* The long succession of minorities from 1775 until 1880 favoured the rise of eminent military ministers, such as Bahadur Sah, Damudor Pandi, and Bhim Sen Thappa. Ban Bahadur was an infant on his accession to the throne in 1775. Jodh Bikrarm Sah (1805) and Bajindra Bikram Sah (1816) were also infants on their accession to the throne.)

(** At Makwanpur, General Ochterlony, by Lord Hastings’ express commands, told the Gorkha Vakils that all other points of the treaty ware more or less open to subsequent discussion, but that “they must take either the Resident or war.” They yielded, ‘and Lieutenant Boileau was sent as locum tenens until the arrival of the Resident.)

last war up to the present time.

On Mr. Gardiner's assuming the position of Resident in Nipal he had rather a difficult duty to perform. Although the Nipalese had just been deprived of one- third of their dominions, they were far from being humiliated by their late defeat. On the contrary, they seemed as proud and overbearing, and as jealous of British interference, as they had been before the war.

Gardiner, however, combined in an eminent degree those qualities of firmness, courtesy, and temper which are indispensable to the success of any political officer among the natives of India. He personally won their respect; and by uniformly treating them as a perfectly independent state, he, to a certain extent, disarmed their suspicions of the policy of the British Government.

For several years after the peace of 1816 no events occurred of any importance either in the internal history or foreign policy of Nipal. Bhim Sen's family monopolised all the great offices of the State; the Rajah, being a minor, was entirely in the, hands of the Minister and of his ally, the Regent Maharani, the King's step-mother. Bhim Sen, who was possessed of great perseverance as well as determination, devoted almost exclusively his time and talents to the services of the State. During the minority of the King he raised Nipal, although deprived of nearly one-third of her dominions, to nearly as strong a military position on our frontier as she had occupied before the war. He nearly doubled her internal resources by careful attention to the state of her finances, and by a judicious readjustment of the national taxes. Among other changes, he resumed, on the part of Government, to a great extent the rent-free tenures of the Brahmans, as well as the grants of land which had been made at various times to the temples and other religious establishments. This system had been commenced during the war by Bhim Sen, who called on all Brahmans holding such lands to come forward and assist the State, promising, when the exigency was passed, to put them again in possession of their tenures. Some few, perhaps, of the holy orders were influenced by patriotic motives, and, of their own accord, poured the contents of theircoffers into the public treasury; the vast majority demurred, but were compelled by the strong drum of secular authority to disgorge their wealth, and to place the copyrights of their own and of the Church lands at the disposal of the State. These lands were never restored to the Church, but were devoted solely to defray the expenses of the army; and as a large portion of these were in the most fertile parts of the country, the addition to the State revenue was very considerable.

## BHIM SEN'S ADMINISTRATION

Bhim Sen also added a good deal to the public revenue by increasing the customs duties.* The long minority of the King, too, was favourable to the economy of the public money by enabling the State to avoid all the expenses of a Court. Among the other means by which Nipal was enabled to repair the heavy loss consequent on our taking Kumaon, and to recover from the pecuniary involvements necessary to the late war, may be mentioned the increased value of the Terai lands as restored by us after the war.

After the war, and when our Resident was fairly settled at Kathmandu, the British Government made over the western Terai lands to Oudh, and restored the eastern Terai to Nipal. By the treaty after the war we wore bound to pay two lakhs a year in pensions to the chiefs of Nipal as compensation for the loss of their jagirs in the Terai. This agreement was annulled on consideration of our giving back the Terai lands to Nipal.** Government distinctly and officially informed the Nipalese Darbar that the lands so restored were to be received by them "as a gratuitous boon from our Government, admitting of no discussion." In making this restoration, our Government were very much deceived as to the real value of the Terai lands. Our officers reported that the Terai only produced two lakhs a year ; whereas it has been computed subsequently that (independent of the large assignments in land as jagirs to the Sardars) the amount of Terai revenue cannot bring in less than ten or twelve lakhs annually to the Nipal treasury. In 1834 Mr. Hodgson estimated it as follows :

| | | |
|---|---|---|
| Net revenue of land | . . | Rs. 6,00,000 |
| Elephants and ivory | . . | Rs 71,000 |
| Timber | . . . | Rs 3,00,000 |
| Pasturage, and sundries, drugs, dyes, &c. | . . | Rs 20,000 |
| Total. | | Rs. 9,91,000 |

(* In 1816 the customs duties only produced eighty thousand rupees; in 1838 they produced two and a half lakhs of rupees. This was owing to the increased commerce resulting from the in creased intercourse held by tbc Nipalese, now that peace was established, with the plains. It especially affected the importation of English and European articles to the exclusion of those of China and Tibet. Bhim Seen, and the chiefs generally, showed a growing inclination for British luxuries and customs.)

(** From the Kali river to the Rapti river (on which is Gorakhpur) the lowlands constituting the western Terai were wholly exacted from Nipal, and were made over by treaty to Oudh in 1817.

Possession, however, was kept by Nipal under various pretences and evasions, and their final evacuation and the demarcation of the frontier line was not completed till 1820.

The Terai between the Rapti on the west and the Kosi on the east constitutes the eastern Terai, and was restored by us to the Nipalese.

In 1819 Government directed the Resident to demand from the Rajah the immediate recall of the Gorkha troops then occupying the disputed lands which ought to have been already ceded to Oudh, threatening, if the request were not complied with at once, that they would withdraw the Resident and resume the whole of the eastern Terai. The mere threat sufficed, and in 1820 the lands were ceded to Oudh.)

**(To be continued)**

## जाडोमा किन बढ्छ श्वास प्रणालीको समस्या ?

- जाडोमा मानिसहरू बन्द कोठामा एकअर्काको नजिक रहने भएकाले
- हावामा आर्द्रता (ह्युमिडिटी) कम भएर खोक्दा र हाँछ्यु गर्दा निस्केका थोपाहरू धेरैबेर हावामा रहने भएकाले
- चिसोमा भाइरसका गतिविधि बढ्ने भएकाले जाडोमा श्वास प्रणालीमा धेरै समस्या देखिन्छन् । जसमा सबैभन्दा जटिल समस्या हो, निमोनिया ।

निमोनिया भन्नाले श्वास प्रणालीको सबैभन्दा तल्लो भाग वायुकोष्ठिकाको संक्रमण बुझिन्छ । यो भाइरस, ब्याक्टेरिया, फङ्गस वा केही अनियमित किटाणुले हुनसक्छ । बालबालिकामा हुने निमोनिया धेरैजसो भाइरसको कारणले हुने गर्छ । केही भाइरल निमोनिया विस्तारै ब्याक्टेरियल निमोनियामा परिणत हुने जोखिम पनि उत्तिकै रहन्छ ।

**बालबालिकामा निमोनियाका लक्षण**

- रुघाखोकी लाग्ने, ज्वरो आउने
- छिटोछिटो श्वास फेर्ने
- छातीबाट घ्यार-घ्यार खालको आवाज आउने
- स्वास फेर्दा कोखा हान्ने
- दूध चुस्न नसक्ने
- सुस्ताउने र निलो हुने आदि ।

यदि यस्ता लक्षण देखिएमा छिट्टै अस्पतालमा लगेर जँचाउनु पर्छ । भाइरल निमोनिया आफैं हप्ता दिनमा निको हुनसक्ने भए तापनि ब्याक्टेरियल निमोनियालाई एन्टिबायोटिककै जरुरत पर्छ । साथसाथै निम्न तरिकाले उपचार झन् सहज बनाउन सकिन्छ -

- बच्चालाई प्रशस्त आराम गराउने
- धेरै मात्रामा पानी तथा झोलिलो खानेकुरा खुवाउने
- बाफ लिन लगाउने
- ज्वरो र खोकीको औषधि खुवाउने ।

यदि समयमै प्रभावकारी उपचार हुन नसकेमा गम्भीर जटिलताहरू निम्तिन सक्छन् जस्तै-

- फोक्सोमा पिप भरिने
- फोक्सोमा पानी जम्मा हुने
- संक्रमण रगत हुँदै शरीरभरि फैलिने
- फोक्सोले पूर्ण रुपमै काम गर्न छोड्ने ।

बालबालिकालाई निमोनियाबाट बचाउन निम्न विधि अपनाउन सकिन्छ -

- समय तालिकाअनुसार खोप लगाउने
- बालबालिकालाई खुवाउनु अघि राम्रोसँग हात धुने
- धुवाँ-धूलोबाट टाढा राख्ने
- रुघाखोकीबाट बचाउने
- आवश्यक पोषण तत्वहरूको कमी हुन नदिने
- संक्रमित व्यक्तिहरूबाट टाढा राख्ने

*- डा असीम महत, स्वास्थ्य खबर पत्रिका*

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७६ मंसिर महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | २५० | १३८ | ४३ | २७ | २२ | १३ | ४ | ९ | १० | ६ | ० | ० | ० | ४ | १ | ० | ६ | ० | ५ | ४ |
| २ | रजनी सुवाल जरेजू | १९० | ५६ | ११ | ८ | २ | ४ | १ | ३ | १ | १ | ० | ० | ० | ० | ० | ० | ४ | ० | ३ | ० |
| ३ | अनु गोसाई | ३६५ | ८६ | ५२ | २४ | ४५ | २० | ६ | १० | ० | ८ | १ | १ | ० | ० | २ | ० | ० | ४ | ५४ | १ |
| ४ | - | | | | | | | | | | | | | | | | | | | | |
| ५ | मञ्जु छुकां | २३५ | ४५ | १५ | ९ | २ | १ | ० | १ | ३ | १ | ० | १ | ० | २ | १ | ० | १ | १ | ३ | ६ |
| ६ | - | | | | | | | | | | | | | | | | | | | | |
| ७ | मञ्जु छुकां | १३५ | ५३ | १७ | ६ | ५ | २ | ३ | २ | ४ | ३ | ० | ० | ० | २ | ० | ० | ० | ० | २ | १ |
| ८ | सविना दुवाल | ३४० | १० | १० | २ | ८ | १० | ० | ० | ० | १ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० |
| ९ | सविना दुवाल | ४८० | ४० | २० | ५ | १० | ५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १० | मोनिका पही | ३५० | ३० | ३५ | १५ | १० | ० | ० | ० | १५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | २ |

संकलन - कमल केशरी राजचल

# आ.व. २०७६/७७ मंसीर महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ८१० | ६९६ | ६६४ | ७६५ | ७१६ | ६१९ | ६६२ | ५४३ | ५१६ | ५३८ | ५३७ | ४६२ | ५५१ | ५२९ | ४४९ | ३८१ | ३७७ | ३६२ | २३९ | ३३३ | ४०७ | २४६ | ३३५ | ३०५ | २८६ | ३५७ | १६५ | ४११ | २९६ | २१७ |
| ■ सार्क तथा चिनियाँ | २८६ | ३५० | ३०७ | ५२७ | ४४३ | २६५ | ४५६ | २७८ | ३९४ | ३९४ | ३५१ | ३२८ | ३७९ | ३५८ | २९७ | ३७४ | २८७ | २६६ | ३०३ | १८१ | ३९० | २०९ | २८३ | ३९२ | ३४८ | ३४० | २०२ | २९४ | ३१४ | २३८ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ मंसीर | १३,७७४ | ९,८३४ | २३,६०८ |
| २०७५ मंसीर | १४,११३ | ९,५२२ | २३,६३५ |
| प्रगति | – ३३९ (– २.४०%) | ३१२ (३.२८%) | – २७ (– ०.११%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# नेपाल भ्रमण वर्ष 'चाँदीको घेरा'

नेपाल भ्रमण वर्ष २०२० गएको जनवरी १ अर्थात पुस १६ गतेबाट प्रारम्भ भएको छ । यस अघि सन् १९९८ र २०११ मा नेपाल भ्रमण वर्ष आयोजना भएको थियो । २२ वर्ष अगाडि ५ लाख र ९ वर्ष अगाडि १० लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको थियो भने अहिले २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ । सन् २०१७ मा ९,४०,२१८ लाख र २०१८ मा ११,७३,०७२ लाख पर्यटकले नेपाल भ्रमण गरेको तथ्याङ्क छ ।

देशको पर्यटन उद्योगलाई टेवा दिन भक्तपुर नगरपालिकाले भक्तपुर महोत्सव र सडक महोत्सवको आयोजना गरिसकेको छ भने यसै वर्षको चैत ४ देखि ८ गतेसम्म भक्तपुर महोत्सवको आयोजना गर्दैछ । यसको निम्ति आवश्यक तयारी भइरहेको जानकारी नपाका जनप्रतिनिधिहरूले विभिन्न अवसरमा दिएका छन् ।

कृषि प्रधान देशमा वर्षेनी खर्बौंको खाद्यान्न आयात गर्न थालिसकेको छ, उद्योग विकासको साटो मित्र देशले उपहार दिएका उद्योगहरू समेत धराशायी बनाएको र कौडीको मूल्यमा निजीकरण गरेको छ, १२ खर्बका सामान आयात गर्ने देशले एक खर्बको निर्यात गर्न सकेको छ । सडक, विद्युतजस्ता पूर्वाधारको विकासमा नियोजित रूपमा अचाक्ली ढीलासुस्ती भइरहेको छ, सारमा देश गम्भीर र जटिल रूपमा परनिर्भरतामा बाँचिरहेको छ । तर आत्मनिर्भर हुनेतर्फ पाइला चालिएको छैन, चिन्तनसम्म देखिएको छैन ।

देश विकास गर्ने पाखुराहरू लाखौंको सङ्ख्यामा विदेशमा रोजगारमा गएका छन् र दिनहुँ ५-७ वटा लास फर्किरहेको छ । विभिन्न खाद्य र नगदे बाली उत्पादन गर्ने बहुमत किसानहरूले उत्पादनको उचित मूल्य पाएका छैनन्, कच्चा पदार्थ उपयोग हुने उद्योग स्थापना गर्ने तर्फ पहल नगरी तिनै कच्चा पदार्थबाट तयारी वस्तु महँगोमा आयात गरिरहेको छ, सारमा औद्योगिक विकास गर्नुभन्दा कमिसन खाएर आयात गर्नमा आफ्नो सफलता देखिरहेका छन् ।

यसरी देशको भविष्य उजिल्याउने काम सत्तामा जानेहरूबाट नगरेको र नभएको अवस्थामा नेपाल भ्रमण वर्ष २०२० कालो बादलमा चाँदीको घेरा हुने आशा-अपेक्षा सर्वत्र गरिएको छ ।

नेपालको भौगोलिक अवस्थिति, सांस्कृतिक सम्पदा, जनजीवन आदि पर्यटन उद्योगको लागि अनुकुल, उत्कृष्ट र कतिपय कोणबाट अद्वितीय पनि छन् । पर्यटन क्षेत्रको भाषामा हाम्रा 'प्रडक्ट' ठूलो मूल्यमा 'सेल' हुन्छ । तर नबोल्नेको चामल पनि बिक्दैन । विडम्वना के हो भने सिन्को नभाँची विकास र समृद्धीको गफ हाँक्नु, देश र जनताको व्यापक हीतको निम्ति सत्तामा जाने उद्देश्य र लक्ष्य नभएकोले भागवन्डामा दलीय झगडामै व्यस्त हुनु, स्वाभीमान र स्वाधिनताको छ्यान नभएकोले भ्रष्टाचार, अनियमितता र लम्पसार हाबी भएको छ र 'मागेको लुगाले लाज ढाकिन्न' भन्ने बुझ्न सकेका छैनन् ।

यस्तो अवस्थामा थालिएको नेपाल भ्रमण वर्ष देशको अर्थतन्त्रको आधारलाई सबल बनाउने दरो र महत्त्वपूर्ण माध्यम हुनसक्छ । यसलाई सफल बनाउनु देशलाई माया गर्ने प्रत्येक नेपालीको कर्तव्य हो । हरेक क्षेत्र र तप्काबाट भ्रमण वर्षलाई सहयोग पुऱ्याउने गतिविधिको आयोजना र निरन्तरता दिनेतर्फ सबैको गम्भीर ध्यानाकर्षण हुनेछ । यस्तो महत्त्वपूर्ण समयमा सत्तामा बस्ने र जानेहरू पनि भ्रमण वर्षलाई वाधा नपुऱ्याई सफल बनाउनेतर्फ गम्भीर हुने अपेक्षा छ ।

## नेमकिपाले भारतीय अतिक्रमणको विरोधमा विरोधपत्र दिन आयोजित जुलुस र धर्ना (२०७६ मंसिर २३ गते)











# भक्तपुर नगरका प्रसिद्ध चार पोखरी देखिनेगरी सन् १९७१ मा खिचिएको एउटा दुर्लभ चित्र




१) रानी पुखु, २) तः पुखु, ३) भाज्या पुखु र ४) नःपुखु

चित्र : इन्टरनेट/पर्यटक सूचना केन्द्र